पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

डोटी जिल्ला नेपालको सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला हो । सूचना विभाग सञ्चार मन्त्रालयले प्रकाशन गरेको पुस्तकमा उल्लेख भएअनुसार नेपाल एकीकरण हुनुभन्दा पहिले यो छुट्टै राज्य थियो । रणबहादुर शाहको पालामा नेपाल अधिराज्यभित्र समावेश भएपछि यो एक जिल्लाको रूपमा सीमित हुन पुग्यो । प्राकृतिक विविधतामा बाँधिएको डोटी राज्य आर्थिक विकासलगायत अन्य विकासको दृष्टिकोणमा पछाडि परेको भएपनि पुरातात्त्विक तथा सांस्कृतिक महत्त्वले भरिपूर्ण क्षेत्र हो । सुदूरपश्चिम प्रदेशअन्तर्गतका २ अञ्चल सेती र महाकालीमध्ये सेती अञ्चलको पहाडी जिल्ला डोटी नेपालको एकीकरण हुनुभन्दा पहिले यो एउटा छुट्टै राज्य थियो । रणबहादुर शाहको पालामा यसलाई नेपाल अधिराज्यभित्र समावेश गरिएको हो । हाल यस जिल्लाको पूर्वमा एकडीगाड, बुढीगङ्गा र सेती नदी, पश्चिममा सेतीगङ्गा, गडवाल, घनघोरको डाँडा र पूजारी खोला, उत्तरमा साकार ताम्वेश्वर लेक र खप्तडको लेक तथा दक्षिणमा कर्णाली नदी, ठूलीगाड चुरे पर्वतमालाका ठूलावन, डाँडा र चिरकट्टे डाँडा पर्दछन् । सूचना विभाग सञ्चार मन्त्रालयबाट प्रकाशित पुस्तकमा उल्लेख भएअनुसार डोटी जिल्ला २०२९ सालमा डोटी राज्यले अहिलेको डोटी जिल्लाको रूप धारण गरेको हो । हालको डोटी जिल्लाको सिमाना पूर्वमा एकडीगाड, बुढीगंगा र सेतीनदी, पश्चिममा सेतीगंगा, घनघोरडाँडा र पूजारी खोला, उत्तरमा साकार, ताम्वेश्वरलेक र खप्तडको लेक तथा दक्षिणमा कर्णाली नदी ठूली गाड चुरे पर्वतमालाका ठूलावन डाँडा र चिरकिट्टेडाँडा आदि पर्दछन् । यिनै साँध सीमानामा अवस्थित २०२५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको पहाडी र केही फराकिला फाँटहरू मिलेर बनेको क्षेत्र नै हालको डोटी हो । जिल्ला प्रशासन कार्यालय डोटीबाट प्राप्त जानकारीअनुसार हाल यस जिल्लाको जनसङ्ख्या करिब २,११,७४६ रहेको छ । डोटी जिल्ला शिक्षा, स्वास्थ्य, यातायात सञ्चार र अन्य विकासका पूर्वाधारका तुलनामा पनि अन्य पहाडी जिल्लाको तुलनामा विकसित नै रहेको पाइन्छ ।

डोटी जिल्ला धर्म र संस्कृतिका हिसाबले निकै सम्पन्न मानिन्छ । यहाँका मानिसहरू धर्मकर्म आफ्नो संस्कार र संस्कृतिमा निकै विश्वस्त रहेका छन् । पुरातात्त्विक सम्पदा र सांस्कृतिक सम्पदाको पुरानो इतिहास बोक्न सफल डोटी जिल्ला लोकसाहित्यको क्षेत्रमा निकै धनी रहेको छ । डोटी जिल्लामा लोकसाहित्यका विभिन्न विधाहरूलाई आआफ्नै तरिकाले प्रयोग गरिँदै आएका पाइन्छ । लोकसाहित्यका थुप्रै विधाहरूमध्येको आख्यान विधाअन्तर्गत पर्ने श्रव्य र कथ्यविधा लोककथा पनि हो ।

लोककथा ग्रामीण समुदायले दिनभरको कामको थकाइ मेटाउन, एक आपसमा भेटघाट गर्न, साँझको समयमा मनोरञ्जन लिन र दिन केटाकेटीहरूलाई फकाउन, सुताउन र उनीहरूको मनभित्रको उत्सुकतालाई मेटाउनको लागि दैनिक व्यवहारको रूपमा प्रयोग गर्दै आएको पाइन्छ । लोककथा भन्ने र सुन्ने परम्परा नभएको समुदाय सायद मानववस्ती भएको ठाउँमा विरलै भेटिन्छ होला तर पनि लोककथा भन्ने भाषाशैली, लोककथाको बनावट र लोककथाको कथानक विभिन्न ठाउँ, व्यक्ति , भाषा र परिवेशअनुसार फरकफरक रहेको पाइन्छ । मौखिक वा श्रुतिपरम्पराद्वारा सम्प्रेषित अज्ञात रचनाकार र रचनाकाल भएको विभिन्न समय, स्थान र समुदायअनुसार परिवर्तन हुनसक्ने लोकसाहित्यको विशिष्ट विधा लोककथा एक गद्य विधा हो ।

डोटी जिल्ला लोकसाहित्यमा निकै सम्पन्नशाली मानिन्छ । फाग, माङल, चैत, धमारी, ढुस्को, भुवा, डेउडा, सगुन, जाँत, मेला पर्व, त्यार, बात आदि यहाँका लोकसाहित्यका प्रकारहरू हुन् । यी सबै विधाहरू फरकफरक अवस्थामा फरकफरक प्रकारले प्रयोग हुँदै आएका पाइन्छन् । यिनै लोकसाहित्यको विधाहरूमध्येको लोककथा पनि डोटी जिल्लामा अत्यधिक प्रचलनमा रहेको पाइन्छ । फरकफरक स्थानमा फरकफरक तरिकाले पुकारिने लोककथालाई डोटेली समुदायमा बातै, बात, लामो कथा पनि भन्ने गरिन्छ ।

लोककथाको निर्माण गर्न आवश्यक पर्ने सामग्रीलाई नै लोककथाका तत्त्वहरू भनिन्छ । लोककथाका तत्त्वहरू विना कथा अपुरो, अधुरो र रोचकपूर्ण नहुने भएकाले हरेक लोककथालाई पूर्ण, रोचक, सन्देशमूलक र आवश्यक बनाउनको लागि अन्य विधाका तत्त्वहरू जस्तै लोककथाका तत्त्वहरू पनि महत्त्वपूर्ण मानिन्छ । तत्त्वलाई उपकरण, अवयव, संरचक, घटक आदि पनि भनिन्छ । यिनको आवश्यक संयोजन र व्यवस्थापन गरेपछि मात्र लोककथाको निर्माण हुन्छ । लोककथाको निर्माणमा आवश्यक हुने र यिनीहरूको अभावमा लोककथाको संरचना निर्मित नहुने हुँदा यस्ता तत्त्वलाई अनिवार्य तत्त्व मानिन्छ । आधुनिक कथा र लोककथा दुवैका तत्त्वहरू प्राय समान रहेका छन् । यस्तै लोककथा निर्माण हुनको लागि आवश्यक तत्त्व, अवयव, घटक, संरचकहरूका आधारमा प्रस्तुत शोधप्रबन्धमा डोटेली लोककथालाई विधाविधातात्त्विक अध्ययन गरिएको छ :

## १.२ समस्याकथन

प्रस्तुत शोधकार्यको मुख्य समस्या डोटेली लोककथाको सङ्कलन गरी तिनका विधातत्त्वको अध्ययन गर्नु हो । हरेक क्षेत्रमा फरकफरक किसिमले लोककथाहरू प्रस्तुत भए पनि यिनीहरूको बनावट प्रायः एकै प्रकारको रहेको हुन्छ । विधातत्त्वका आधारमा डोटेली लोककथाको विशेषताको अध्ययन गर्नु नै यस शोधप्रबन्धको मुख्य समस्या रहेको छ । यसका समस्याहरूलाई निम्नअनुसार बुँदामा उल्लेख गरिएको छ :

(१) डोटेली सामाजिक लोककथामा केकस्ता विधातात्त्विक विशेषता पाइन्छन् ?

(२) डोटेली किंवदन्तीमूलक लोककथामा केकस्ता विधातात्त्विक विशेषता भेटिन्छन् ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य माथि समस्याकथनमा उल्लेख भएका समस्याहरूलाई समाधान गर्नु रहेको छ । शोधका मुख्य उद्देश्यलाई निम्नअनुसार बुँदामा उल्लेख गरिएको छ :

(क) डोटेली सामाजिक लोककथाको विधातात्त्विक विशेषताको अध्ययन गर्नु ,

(ख) डोटेली किंवदन्तीमूलक लोककथाको विधातात्त्विक विशेषताको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

विधातात्त्विक अध्ययनका निमित्त आवश्यक पर्ने सिद्धान्त तथा शोधकार्यसँग सम्बन्धित पुस्तकाकार कृतिहरू, शैक्षिक संस्थाका शोधप्रबन्धहरू, लेख र कार्यपत्रको आदिमा हालसम्म केही मात्रामा अध्ययन भएको पाइन्छ । डोटेली लोककथाको विधातात्विक अध्ययन छुट्टै भएको नदेखिए पनि समग्रमा लोककथाको बारेमा भएका उल्लेख्य पूर्वकार्यहरूको समीक्षा तल प्रस्तुत गरिएको छ :

देवकान्त पन्तको **डोटेली लोकसाहित्य** (२०३२) नामक पुस्तकमा डोटेली लोकगीत तथा गाथाहरूलाई बढी प्राथमिकता दिइएको छ । उनको यस पुस्तकमा डोटेली लोकसाहित्यको परिचय दिदै डोटेली संस्कार गीतलाई बढी मात्रामा उल्लेख गरिएको छ । यस पुस्तकमा उनले डोटेली संस्कार गीतका केही नमुना र तिनको प्रयोग कहिले कहाँ गरिन्छ भनेर पनि उल्लेख गरेका छन् । यसमा लेखकले डोटेली संस्कारगीतको साथै अन्य डोटेली साहित्य, संस्कार र संस्कृतिको परिचय दिएको भए पनि डोटेली लोककथाका सङ्कलन र विश्लेषण गरेका छैनन् । डोटेली लोककथाको अध्ययन नभएको भए पनि डोटेली भाषा तथा लोकसंस्कृतिको अध्ययन अनुसन्धानका लागि भने यो महत्त्वपूर्ण सामग्री हो ।

मोतीलाल पराजुलीले **नेपाली लोककथाको अभिप्रायको अध्ययन** (२०५४) शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा नेपाली लोककथामा पाइने अभिप्रायको सङ्कलन गरी तिनको तुलनात्मक अध्ययन र विश्लेषण गरी अभिप्रायको अनुक्रमणिका तयार गर्ने कार्य गरेका छन् । उनको यस अध्ययनमा लोकथामा आउँनें अभिप्राय भनेको के हो ? लोककथामा यो कसरी र के सँङ्ग सम्वन्धित भएर आउछ ?लोककथामा पाइने अभिप्राय कति प्रकारका छन् भनेर ती अभिप्प्रयका पनि उल्लेख गरेका छन् । उक्त अध्ययन अभिप्राय पहिल्याउनमा मात्र केन्द्रित भएकाले लोककथाको विधातत्त्वको विस्तृत विश्लेषण हुन नसके पनि लोककथाको सङ्कलन र विश्लेषणको लागि यो उपयुक्त कार्य हो ।

जयराज पन्तले **अँजुलीभरि सगुन पोल्टाभरि फाग** (२०५५) पुस्तकमा लोकगीतअन्तर्गतको संस्कारगीत फाग र सगुनको बारेमा विस्तृत व्याख्या गरेका छन् । जसमा उनले एकसय पचास फाग र तीन ओटा सगुनको उल्लेख गरेका छन् । उनले यस

पुस्तकमा डोटेली लोकसाहित्यअन्तर्गत पर्ने संस्कारगीत फागको प्रयोग कुन कुन समयमा र कहाँ कहाँ गरिन्छ त्यसको बारेमा उल्लेख गर्दै मानवले जन्मदेखि मृत्युसम्ममा अपनाइने सम्पूर्ण संस्कारका फागहरू र सगुनको उल्लेख गरेका छन् । उनको यस पुस्तकमा लोककथाका बारेमा उल्लेख नभएको भए पनि डोटेली लोकसाहित्यको परिचय विकास र बिस्तार सम्वन्धी केही सामग्री रहेकाले यो कार्य डोटेली लोकसाहित्यिका अध्ययनका लागि उपयोगी छ ।

चूडामणि बन्धुको **नेपाली लोकसाहित्य** (२०५८) नामक ग्रन्थमा नेपाली लोकसाहित्यका विभिन्न विधाहरूको लोककथा, लोकगीत, लोकगाथा, उखान, टुक्का, पहेली आदिको चर्चा गरेका छन् । यस पुस्तकमा उनले नेपाली लोककथाको अध्ययनको पद्धतिहरू उल्लेख गरेका छन् । लोककथाको वर्गीकरण केही लोककथाका नमुना पनि लोककथामा अभिप्रायको अध्ययन पद्धति लगायत अन्य थुप्रै अध्ययन पद्धतिको बारेमा चर्चा गरेका छन् । यस पुस्तकमा डोटेली लोककथाहरूको चर्चा नभए पनि लोककथा अध्ययन परम्परा र त्यसको संरचनाबारे जानकारी दिइएकोले यो पुस्तक प्रस्तुत शोधका लागि आवश्यक सामग्री बन्नेछ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले **लोकवार्ताविज्ञान र लोकसाहित्य** (२०६३) नामक पुस्तकमा लोकसाहित्यका उत्पत्ति र अर्थ, परिभाषा, स्वरूप, विशेषता, लोकसाहित्यको अध्ययन अनुसन्धान पद्धति र प्रक्रिया र लोकसाहित्यका प्रायः सबै विधाको बारेमा उल्लेख गरेका छन् । उनले यस पुस्तकमा लोककथाको उत्पत्तिसम्बन्धी दृष्टिकोण, लोककथाको वर्गीकरण, लोककथाको वर्गीकरणका आधारहरू, लोककथाको तत्त्वहरूको बारेमा उल्लेख गर्नुका साथै १६ वटा नेपाली लोककथाहरूको नमुना पनि उल्लेख गरेका छन् । यस पुस्तकमा डोटेली लोककथाको बारेमा लेखिएको नभए पनि लोककथाको अध्ययन र विश्लेषणका लागि यो महत्त्वपूर्ण सामग्री हो ।

खगेन्द्रप्रसाद लुइटेलले **लोकसाहित्य परिचय** (२०६८) नामक पुस्तकमा लोकसाहित्यको परिचय, संरचना, सैद्धान्तिक स्वरूप, लोकसाहित्यको अन्य ज्ञानका शाखाहरू बीचको सम्बन्धको बारेमा उल्लेख गरेका छन् । उक्त पुस्तकमा लेखकले लोकसाहित्यको विशेषता, महत्त्व र स्वरूपको उल्लेख गर्नुका साथै लोकसाहित्यको अनुसन्धान पद्धति, प्रक्रियाको उल्लेख गरेका छन् । प्रस्तुत शोधकार्य पनि लोकसाहित्यसँग सम्बन्धित भएकाले उक्त कार्य/पुस्तक सम्बन्धित शोधको लागि अत्यन्तै उपयोगी रहेको छ ।

यसरी हालसम्म विभिन्न लेखक, विद्वान्, बुद्धिजीवीहरूले डोटेली संस्कृतिको र डोटेली लोकसाहित्यको बारेमा जानकारी दिने उद्देश्यले विभिन्न लेख रचना पुस्तक शोधप्रबन्ध आदिमा तत्सम्बन्धी प्रशस्त जानकारी दिने प्रयास गरेका छन् र यिनले डोटेली

लोकसाहित्यलाई टेवा पुऱ्याउने काम अवश्य नै भएको पाइन्छ, तर आआफ्नै उद्देश्य र क्षेत्रभित्र सीमित रहेर अध्ययन, सङ्कलन र विश्लेषण भएको हुँदा लोकसाहित्यभित्रको लोककथा र त्यसमा पनि डोटेली लोककथाहरूको विधातात्त्विक अध्ययनको बारेमा छुट्टै अध्ययन विश्लेषण गरिएको पाइँदैन । लोककथाको विधातात्त्विक अध्ययन कहीँकतै भएको भए पनि डोटेली लोककथाको विधातात्त्विक अध्ययन भएको छैन ।

## १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता

लोकसाहित्य लिखित साहित्यको आदि रूप हो । लोकसाहित्य कुनै एक व्यक्तिको निजी सम्पत्ति नभएर सामाजिक सम्पत्ति हो । राज्यको सांस्कृतिक र राष्ट्रिय सम्पत्तिको रूपमा चिनिने यो लोकसाहित्यको अध्ययन अनुसन्धान गर्नु अहिलेको मानिसको लागि आवश्यकता हो । डोटी जिल्लामा प्रचलित लोककथाको तत्त्वगत अध्ययनका लागि गरिएको यो शोधकार्यले डोटेली जनजीवन परिवेश त्यस क्षेत्रका सामाजिक सांस्कृतिक विविध पक्षको चित्रण गर्ने काम गरेको छ । डोटेली लोककथाको विधातत्त्वहरूका आधारमा गरिने यस शोधकार्यले डोटेली जनजीवन, परिवेश र भाषा/भाषिकालाई आधार बनाइने हुनाले प्रस्तुत शोधकार्य डोटेली लोकसाहित्यका क्षेत्रमा महत्त्वपूर्ण र औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला डोटीमा प्रचलित लोककथा ( बातै) को सङ्कलन तिनको विधातात्विक अध्ययनमा केन्द्रित भएर तयार पारिएको छ । यी लोककथाहरू डोटी जिल्लाको हालको शिखर नगरपालिका, आदर्श गाउँपालिका र जोरायल गाउँपालिकाका विभिन्न गाउँमा गएर त्यहाँका स्थानीय बासिन्दासँग प्रत्यक्ष रूपमा भेटेर सङ्कलन गरिएको छ । डोटी जिल्लाको यी ठाउँबाट सङ्कलित लोककथाहरूलाई विषयवस्तुको आधारमा वर्गीकरण गर्दा दुई प्रकारका कथाहरू मात्र रहेकाले यी दुवै प्रकारका लोककथाको विषयवस्तु हेर्दा 'केशलणीकी बात', 'ढुट्यामुलेकी बात', 'दिदीभाइकी बात', 'देवाया जशाया रानीकी बात', 'प्याउली फूलको बात', 'भट्टेमुलेकी बात', 'लाटामुलेकी बात', 'सातभाइकी एकै बैनाकी बात', 'सातलाटाको बात' सामाजिक लोककथाको रूपमा रहेका छन् भने 'इजाचेलाकी बात', 'तीनचिन्डे भुतकी बात', 'भाविनीको होरोकी बात', 'राजकुमारीकी बात', 'सत्तलसिँहे राजाकी बात' किंवदन्तीमूलक लोककथा रहेका छन् । यस शोधप्रबन्धमा डोटेली लोककथाको विधातात्विक अध्ययन मात्र गरिएको छ । प्रस्तुत शोधकार्य लोककथाका निर्माणमा मुख्य भूमिका खेल्ने आवश्यक तत्त्वहरूको अध्ययनमा सीमित रहेको छ ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलनविधि

यस अध्ययनका निम्ति आवश्यक सामग्रीको सङ्कलन मूलतः क्षेत्रीय कार्यका आधारमा गरिएको छ । यस क्रममा डोटी जिल्लाको हालको शिखर नगरपालिका, आदर्श गाउँपालिका र जोरायल गाउँपालिकाको केही गाउँमा गएर त्यहाँ प्रचलनमा रहेका अथवा त्यहाँ भनिँदै आएका लोककथा (बातै) सुनेर त्यस कार्यमा आफैँ प्रत्यक्ष सहभागी भई शोधकार्यको सीमाङ्कनमा उल्लेख गरिएका लोककथालाई उनीहरूले भनेकै ढङ्गमा सङ्कलन गरिएको छ । यसक्रममा वाचकले जसरी भनेका छन् त्यसरी केही टिपोट गर्ने र धेरैजसो स्वराङ्कन गर्ने काम गरिएको छ र ती स्वराङ्कन गरिएका लोककथाहरू टिपोट गरी यसै शोधप्रबन्धको परिशिष्टमा राखिएको छ । परिशिष्टमा राखिएका चौध लोककथालाई सामाजिक लोककथा र किंवदन्तीमूलक लोककथा गरी वर्गीकरण गरेर तिनको विधातात्त्विक अध्ययन गरिएको छ । यस शोधप्रबन्धको सैद्धान्तिक सामग्रीको सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

प्रस्तुत शोधकार्यको विश्लेषण तथा निष्कर्षका लागि कथाका तत्त्वलाई आधार बनाइएको छ । विधातत्त्व भन्नाले कुनै पनि विधा पूर्ण हुनका लागि आवश्यक पर्ने घटक, अवयव तथा संरचक तथा मुख्य अङ्ग हुन् भन्ने बुझिन्छ । लोकसाहित्यका प्रत्येक विधाहरूलाई निर्माण हुन निश्चित तत्त्वको आवश्यकता परेजस्तै लोककथाका पनि निश्चित संरचक तत्त्वहरू छन् । यीमध्ये कथानक, सहभागी, परिवेश, उद्देश्य, भाषाशैली मुख्य हुन् र तिनैलाई आधार बनाई डोटेली लोककथाको विश्लेषण गरिएको छ । डोटेली लोककथालाई विषयवस्तुको आधारमा दुई भागमा वर्गीकरण गरेर सामाजिक लोककथा र किंवदन्तीमूलक लोककथा गरी यिनीहरूको तत्त्वगत अध्ययन गरिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धको संरचनालाई सङ्गठित र सुव्यवस्थित रूपमा तयार गर्नका लागि निम्नानुसार परिच्छेदहरूमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : डोटेली सामाजिक लोककथाको विधातात्त्विक अध्ययन

तेस्रो परिच्छेद : डोटेली किंवदन्तीमूलक लोककथाको विधातात्त्विक अध्ययन

चौथो परिच्छेद : सारांश र निष्कर्ष

परिशिष्ट खण्ड

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# डोटेली सामाजिक लोककथाको विधातात्त्विक अध्ययन

## २.१ विषयपरिचय

नेपाली लोकसंस्कृतिको उद्‌गमस्थल भनेर चिनिने डोटी नेपालको सुदूरपश्चिम प्रदेशमा पर्ने सेती अञ्चलको एक शक्तिशाली र लोकसाहित्यको सम्पन्नशाली जिल्ला हो । डोटी जिल्लामा प्रचलित भाषा अथवा डोटीका स्थानीय बासिन्दाले बोल्ने भाषा डोटेली भाषिका हो र त्यहाँ बसोबास गर्ने लोक/जनसमुदाय डोटेली समुदाय हुन् । त्यहाँका लोकको मौखिक परम्परामा रहेको साहित्यलाई नै डोटेली लोकसाहित्य भनिन्छ । डोटेली लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा पनि महत्त्वपूर्ण विधा हो । अन्य लोककथामा जस्तै डोटेली लोकजीवनमा मौखिक परम्परामा जीवित रहँदै आएका कथाहरू नै डोटेली लोककथा हुन् । नेपाली भाषाको लोक कथा शब्द विभिन्न स्थानअनुसार फरकफरक नामल चिनिन्छ । "नेपाली भाषाको लोककथा अङ्ग्रेजी फोकटेलको समानार्थी शब्द हो । नेपालमा लोककथा, कथाकुथुङ्ग्री, दन्त्यकथा भन्नेकथा, हिन्दीमा कहानी पाश्चात्य जगत्‌मा मिक्स ( पौराणिक कथा), लिजेन्डस (दन्त्यकथा), फेयरीटेल्स (परिकथा), फेब्लेस (नीतिकथा) अनि जर्मनमा मार्खे, साजे आदि नामले चिनिन्छ ।" (बन्धु, २८४) । यी लोककथाहरूलाई डोटेली शब्दमा बातै अथवा बात पनि भन्ने गरिन्छ । एकले भन्ने र अर्काले सुन्ने अनि हुकार थप्दै भन्ने वा बात मार्नुपर्ने भएकाले पनि यसलाई डोटेलीमा बातै भनिएको हो ।

डोटेली लोककथाहरू मुख्य गरी दुई किसिमका पाइन्छन् : गाउँन्यै बातै (गाउँने कथा) र राउन्यै बातै (गाउँखाने कथा), पौराणिक प्रसङ्गसित सृष्टिसम्बन्धी, प्राचीन डोटेली परम्परासँग सम्बन्धित वीरचरित्रसँग सम्बन्धित, असाधारण शक्ति भएका देवीदेवता, राजा, वीरपुरुष, राक्षस, भूत, पिशाच, पशुपक्षी आदिका प्रसङ्गसित सम्बन्धित कथावस्तु भएका गाउँने मौखिक कथाहरू नै गाउँने कथा (गाउँन्यै बातै) हुन् । यस्ता कथाका केही प्रसङ्गहरू गाएर सुनाइन्छन् । यी कथाहरूमध्ये पौराणिक र सृष्टिसँग सम्बन्धित कथाहरूलाई मिथकीय कथा डोटेली परम्परा तथा इतिहास र वीर चरित्रसँग सम्बन्धित कथाहरू अनुश्रुतिमूलक कथाहरूका रूपमा र पशुपक्षी भूतपिशाच, बोक्सी आदिसँग सम्बन्धित कथाहरू अन्य कथाका रूपमा त्यहाँ प्रचलित छन् । यसैगरी एकले प्रश्न सोध्ने र अरूले उत्तर भन्ने, नसके कुनै गाउँको नाम दिनुपर्ने अनि वक्ताले भनिदिने स साना प्रश्नोत्तर शैलीका कथा राउने ( गाउँखाने) कथा हुन् । यस्ता कथाहरू त्यहाँ प्रायः जसो पुस पन्ध्रदेखि माघ महिना अथवा जाडो हुने महिनाभरि राती अगेनाको वरिपरि गाउँका अथवा टोलका सबै भेलाभई आगो ताप्दै, फर्सि, तरुल, पकाएर खादै कथा (बातै) सुन्ने र सुनाउने प्रचलन छ । यस्ता लोककथाहरूको सङ्कलन तथा विधातात्त्विक रूपमा विश्लेषण प्रस्तुत शोधमा गरिएको छ ।

लोकसाहित्यको एक विधा आख्यान विधाअन्तर्गतको लोककथा पनि हो । डोटेली लोककथाहरूको विधातात्त्विक अध्ययन प्रस्तुत शोधमा गरिएको छ ।

लोक+साहित्य मिलेर बनेको लोकसाहित्य शब्दभित्र रहेको लोक शब्द विशिष्ट महत्त्वको छ । लोक शब्दले लोकसाहित्यलाई सिर्जित साहित्यबाट छुट्याएर पृथक् अस्तित्त्व प्रदान गरेको छ । लोकसाहित्यको मूल पहिचान लोक शब्दमा निहित रहेको हुँदा यसको उत्पत्ति र अर्थ केलाउनु आवश्यक छ । "लोक शब्दको निर्माण लोकदर्शने धातुमा घञ् (अ) प्रत्यय लागेर भएको हो । लोकदर्शने धातुको अर्थ हेर्नु देख्नु हुन्छ । यसै धातुबाट निर्मित लोकते शब्दका सन्दर्भबाट लोकको अर्थ हेर्नेवाला देख्नेवाला भन्ने हुन्छ । यस परिप्रेक्ष्यबाट लोक शब्दको सामान्य अर्थ हेर्ने वा देख्ने कार्य सम्पन्न गर्ने समस्त जनसमुदाय हुन आउँछ । साहित्यका सन्दर्भबाट हेर्दा लोकशब्दको व्युत्पत्तिमूलक अर्थले हेर्ने वा भोग्ने जनसमुदायको साहित्य नै लोकसाहित्य बुझाउँछ ।" (शर्मा र लुइटेल, १२) । लोककथा लोकसाहित्यको आख्यान विधाअन्तर्गत पर्ने स्थूल विधा हो । "लोककथा अङ्ग्रेजी Folktale को नेपाली रूपान्तरण हो । लोकसाहित्यको सबैभन्दा लोकप्रिय विधा लोककथा परम्पराकालदेखि नै लोक समुदायमा मौखिक रूपमा प्रचलित साहित्य हो ।"(शर्मा र लुइटेल, ३७१) । लिखित साहित्यमा विभिन्न विधाहरू प्रचलनमा रहेजस्तै लोकसाहित्यमा पनि विभिन्न विधाहरू प्रचलनमा रहेका छन् । जसमध्ये लोककथा लोकसाहित्यको आख्यानयुक्त गद्य विधा हो । परम्परादेखि जनसमुदाय वा लोक समुदायमा प्रचलनमा रहेको मौखिक कथा नै लोककथा हो ।

लोकसाहित्य लोक र साहित्यको समागमबाट बनेको शब्द हो । यसको अर्थ हो- लोकको साहित्य यहाँ दुई शब्द छन् - 'लोक' र 'साहित्य' । लालित्ययुक्त तथा भावपूर्ण भाषिक कलाका रूपमा साहित्यलाई पारिभाषिक गरिएको छ । संस्कृत वाङ्मयमा लोकशब्दको प्रयोग खासगरी दुई अर्थमा भएको पाइन्छ : १. स्थानका रूपमा र २. सामान्य जनताका रूपमा । स्थानवाचक शब्दका रूपमा स्वर्गलोक मृतलोक शब्द प्रचलित छन् । जन शब्दको अर्थ पनि सामान्य जनता हो । यसैकारण केही नेपाली र भारतीय विद्वान्हरूले जनसाहित्य शब्दको प्रयोग गरेका छन् ।

लोककथा सार्वदेशिक विधा भएकाले यो जुनसुकै क्षेत्र र ठाउँमा भन्ने र सुन्ने चलन रहेको पाइन्छ । लोकसंस्कृतिको धनी मानिने सुदूरपश्चिमको पहाडी जिल्ला मध्येको डोटी पनि एक हो । लोकसाहित्यको उद्गमस्थल भनेर चिनिने डोटीमा प्रचलित भाषा डोटेली भाषिका हो र यहाँ बसोबास गर्ने समुदाय डोटेली हुन् । त्यहाँका लोकसाहित्यलाई डोटेली लोकसाहित्य भनिन्छ । डोटेली लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा महत्त्वपूर्ण विधा हो । अन्य लोककथा जस्तै डोटेली लोकजीवनमा मौखिक परम्परामा जीवित रहँदै आएका कथाहरू नै डोटेली लोककथा हुन् । नेपाली भाषाको लोककथा शब्द अङ्ग्रेजीको फोकटेल्सको नेपाली रूपान्तरण हो । नेपालीमा लोककथा, कथाकुथुङ्ग्री, दन्त्यकथा,

भन्नेकथा, हिन्दीमा कहानी, पाश्चात्य जगत्मा मिथ्स् (पौराणिक कथा), लिजेन्ड्स ( दन्त्यकथा), फेयरी टेल्स् (परिकथा), फेव्लेस (नीतिकथा) अनि जर्मनमा मार्खे, साँजे आदि नामले चिनिने यी लोककथालाई डोटेली शब्दमा 'बातै' बात अथवा लामीकथा पनि भन्ने गरिन्छ। एकले भन्ने र अर्कोले सुन्ने अनि हँ मा हँ अथवा हुँकार थप्दै भन्ने वा बात मार्नुपर्ने भएकाले यसलाई डोटेलीमा 'बातै' भनिएको हो ।

लोककथा लोकसाहित्यको कथ्य र श्रव्य परम्परामा आधारित हुने भएकाले यो मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुन्छ। यो लिखित साहित्य जस्तो विभिन्न नीति नियममा नबाँधिएर स्वतन्त्र हुन्छ । लोककथा भन्न र सुन्न बालकदेखि वृद्धसम्म सबैले एकनास रुचाउने हुनाले यसको लोकप्रियता प्रमाणित हुन्छ । लोककथा सर्वकालिक र सार्वदेशिक विधा पनि हो । कथा भन्ने र सुन्ने प्रचलन आदिम मानिसको आदिम प्रवृत्तिका रूपमा देखापर्छ। यसरी लोककथा आदिम प्रवृत्तिसँग गाँसिएर संरक्षित र संवद्धित हुँदै व्यापक हुँदै आएको प्राचीन विधाका रूपमा देखिन्छ। भन्ने र सुन्नेका बीचमा अवोध सम्बन्ध रहने परिस्थितिका कारण यसको गतिशीलतामा कुनै बाधा नभई निरन्तरता रहेको पाइन्छ ।(शर्मा र लुइटेल, ३७१) ।

"लोकसाहित्यको कथ्य र श्रव्य विधा लोककथा भन्न र सुन्न कुनै औपचारिक अवसर चाहिँदैन । यो जुनसुकै समयमा पनि भन्न र सुन्न सकिन्छ । तर पनि लोककथा भन्ने उपयुक्त समय बेलुकाको समयलाई मान्न सकिन्छ। दिनभरिको थकाइ मेटाउन, मनोरञ्जन दिन/लिन, बालबालिकाहरूलाई फकाउन युवायुवतीहरूलाई संस्कार सिकाउन संस्कृतिको महत्त्व बुझाउन, एक आपसमा भेटघाट गर्न पनि कथा भन्ने र सुन्ने गरेको पाइन्छ।"(शर्मा र लुइटेल, ३७१) ।

डोटेली लोककथाहरू मुख्य गरी दुई किसिमका पाइन्छन् : (१) गाउँन्यै बातै (गाएर भनिने कथा) (२) राउन्यै बातै (गाउँखाने कथा/उत्तर दिनुपर्ने कथा) । एकादेश, एउटा गाउँमा, एकराज्यमा बाट सुरुभएर सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा बैकुण्ठ जाला भन्ने लोक सूत्रका बीचमा लोककथा भन्ने गरेको पाइन्छ । लोककथाका घटनाक्रमहरू सम्भाव्य असम्भाव्य, लौकिक, अलौकिक आदि किसिमबाट वर्णन गरिन्छन् । यो लिखित नभएर अलिखित परम्परागत श्रुति परम्परामा आश्रित हुन्छ। यसै क्रममा कहीँ घटनाक्रम थपिने र कहीँ केही हराउने, थपिने हुँदा स्थान र समुदायपिच्छे एउटै लोककथालाई पनि फरकफरक तरिकबाट भन्ने र सुन्ने गरेको पाइन्छ।

लोककथा परापूर्वकालदेखि एक व्यक्तिबाट अर्को व्यक्तिमा एक पुस्ताबाट अर्को पुस्तामा, एक समुदायबाट अर्को समुदायमा एक स्थानबाट अर्को स्थानमा श्रुतिस्मृति परम्परामा जीवित लोकसाहित्यको एक प्रमुख विधा हो । पछिल्लो समयमा आएर यसको खोज अनुसन्धान गरी लेखन, प्रकाशन, अध्ययन विश्लेषण हुन थालेको छ । लोककथामा निहित विषयवस्तुलाई आधार मानेर लोककथाको परिचय दिने काम भयो तर अझै पनि धेरै

मात्रामा लोककथाहरू लोकसमुदायमा मौखिक परम्परामै जीवित रहेका छन् । लोककथाको खोज अनुसन्धान गरेर विभिन्न विद्वान्हरूले आआफ्नै ढङ्गले परिभाषित गरेको पनि पाइन्छ । विभिन्न विद्वान्हरूले दिएको परिभाषालाई अध्ययन गर्दा लोककथालाई लोकमानसका हृदयमा रहेका सुखदु:ख, आस्था, विश्वास, ज्ञान, आदिलाई अभिव्यक्त गर्ने उपदेशमूलक, नीतिमूलक एवम् मनोरञ्जनपूर्ण लोकआख्यानलाई लोककथाको रूप दिन सकिन्छ । लोककथा आधुनिकता र बनावटीपनबाट टाढा रहन्छ । मनोभावले भरिएको यो विधा काल्पनिकता र वास्तविकताले आफैँमा पूर्ण र स्वतन्त्र विधा हो ।

लोककथाले परम्परादेखि लोकजीवनमा मौखिक रूपले चलिआएको कथा वा दन्त्यकथालाई बुझाउँछ । लोककथा कथा र लोक दुई शब्दका योगबाट बनेको हुन्छ । कथा शब्दलाई कहानीको पर्यायवाचीको रूपमा लिइन्छ । कथा शब्दको प्रयोग विशेष प्रकारको कहानीको लागि गरिन्छ । लोककथालाई विभिन्न आधारमा वर्गीकरण गरेको पाइन्छ । लोककथा विभिन्न स्थान परिवेशअनुसार फरकफरक हुने भएकाले लोककथाको वर्गीकरण पूर्णतः वैज्ञानिक र उचित किसिमले भएको भनेर ठोकुवा गर्न अलि गाह्रो नै पर्छ । नेपाली लोकजीवनमा प्रचलित लोककथाहरू अभिनयात्मक र वर्णनात्मक गरी दुई प्रकारका पाइन्छन् । प्रस्तुत शोधप्रबन्धमा मुख्य गरेर वर्णनात्मक लोककथालाई आधार मानेर तिनैको वर्गीकरण गरिएको छ ।

## २.२ लोककथाको वर्गीकरण

आधुनिक कथाको वर्गीकरण गरे जस्तै लोककथाको पनि वर्गीकरण गर्न सकिन्छ । लोककथाको वर्गीकरण गर्ने विभिन्न आधारहरू रहेका छन् । विशेष गरेर लोककथालाई आकार, शिल्पविधान, भाव, उद्देश्य, विषयवस्तु आदिको आधारमा छुट्याउन सकिन्छ । लोककथाहरू बृहत् नभएर अधिकांशतः लघु आकारका हुने भएकाले यसको आकारगत वर्गीकरण गर्नु त्यति आवश्यक छैन । वर्गीकरणका शिल्पविधान, भाव र उद्देश्य महत्त्वपूर्ण आधार भएपनि महत्त्वपूर्ण आधार विषयवस्तु हो । लोककथालाई विभिन्न आधारमा वर्गीकरण गरे पनि विषयवस्तु अथवा लोककथाको कथ्यको आधारमा पनि छुट्याइएको पाइन्छ । लोककथाको वर्गीकरण विभिन्न व्यक्तिले विना आधार फरकफरक तरिकाले वर्गीकरण गरेको पाइन्छ । लोककथाको वर्गीकरण मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले लेखेको **लोकवार्ताविज्ञान र लोकसाहित्य** पुस्तकमा जस्तो अन्य लेखकका पुस्तकमा व्यवस्थित, स्पष्ट र उपयुक्त नपाइएको र नभएकोले यस पुस्तकलाई मुख्य आधार बनाएर विषयगत आधारमा लोककथाको वर्गीकरण तल गरिएको छ :

### २.२.१ पौराणिक लोककथा

पुराणहरूबाट विषयवस्तु लिई सिर्जिएका कथालाई पौराणिक लोककथा भनिन्छ । पुराणबाट लिइने विषयवस्तु कुनै महत्त्वपूर्ण चरित्र अथवा घटना हुन सक्छ । यस्ता

लोककथाहरूमा देवीदेवता, धर्म, व्रत, सृष्टी, ब्रह्माण्ड महापुरुष, प्रलय वा त्यस्ता घटना, प्राकृतिक नियम आदि पौराणिक विषयवस्तुलाई आधार बनाएको हुन्छ । यस्ता कथाहरू विशेष गरेर धार्मिक प्रवृत्तिका हुन्छन् (शर्मा र लुइटेल, ३८५) ।

### २.२.२ सामाजिक लोककथा

सामाजिक जीवनबाट लिएका पात्र वा घटनालाई आधार मानेर रचिएका लोककथालाई सामाजिक लोककथा भनिन्छ । यसमा समाजका जीवन भोगाइ र समस्याहरू प्रतिविम्बित भएका हुन्छन् । यस्ता कथाहरू धुत्याई चलाखी, ईर्ष्या, डाहा, विश्वासघात, प्रतिशोध, न्याय, अन्याय, बालविवाह, बहुविवह, झगडा, गरिबी, सामाजिक मूल्य मान्यता आचार, व्यवहार आदि विषयवस्तुमा आधारित हुन्छन् । सामाजिक लोककथामा मानवीय स्वभावको विशेष चित्रण हुन्छ (शर्मा र लुइटेल, ३८६) ।

### २.२.३ किंवदन्तीमूलक लोककथा

लोकमा प्रचलित असत्य वा अर्धसत्य पूरा कथालाई किंवदन्तीमूलक लोककथा भनिन्छ । किंवदन्तीलाई, दन्त्यकथा, जनश्रुति, अनुश्रुति आदि पनि भनिन्छ । किंवदन्तीहरूलाई प्राचीनता तथा पारम्परिकताका कारण इतिहास जस्तै हो भन्ने पनि ठानिएको पाइन्छ । पूराकथा, दन्त्यकथा, जनश्रुति आदि विषयवस्तुमा आधारित कथालाई किंवदन्तीमूलक लोककथा भनिन्छ । यो लोककथामा स्थानीय वीर, पराक्रम, राजा, महाराजा, महात्मा आदिको वर्णन गरिएको हुन्छ । किंवदन्तीमूलक लोककथामा देवीदेवताको नभई मानवीय विशिष्ट व्यक्तित्त्व वा नायकको कथा हुन्छ (शर्मा र लुइटेल, ३८६) ।

### २.२.४ अप्राकृतिक लोककथा

अलौकिक विषयवस्तु भएका कथालाई अप्राकृतिक लोककथा भनिन्छ । यस्ता कथाहरूमा अप्राकृतिक अद्‌भुत र अलौकिक व्यक्ति वस्तु वा वनस्पतिको वर्णन गरिएको हुन्छ । भूत, प्रेत राक्षस, दानव, पिशास, मृतात्मा, निशाचर तथा परी, अप्सरा, आदिका कथा, यस वर्गमा पर्दछन् । जादुटुना, बोक्सी, रहस्य, तिलस्मी र भयानक परिवेशका कथाहरू पनि यसैअन्तर्गत आउँछन् । अप्राकृतिक कथाहरू मुख्यतः मानवेतर विषयवस्तुमा आधारित हुन्छन् । (शर्मा र लुइटेल, ३८६) ।

### २.२.५ पशुपक्षीका लोककथा

जल, थल र नभका जनावरलाई विषय बनाएर सिर्जिएको कथालाई पशुपक्षीका लोककथा भनिन्छ । यस्ता लोककथाहरूमा पशुपक्षी आदि जनावरहरूको मानवीकरण गरिएको हुन्छ । मानवीकरणका कारण जनावरका रूपमा रहेका पात्रहरूको पनि मानिसको जस्तैः व्यवहार, क्रियाकलाप र बोलीचाली गर्छन् । यस्ता कथाहरू अत्यन्त चखिला हुनुका साथै उपदेशात्मक पनि हुन्छन् । यस्ता कथाका पात्रहरू जङ्गली वा घरपालुवा जनावर

घस्रिने उड्ने वा हिँड्ने जीवजन्तु वा यिनीहरूसँग सम्पर्कमा आएका मानिस हुन्छन् । यस्ता कथामा पशुपक्षीका निहुँबाट मानिसकै कथा भनिएको हुन्छ । (शर्मा र लुइटेल, ३८६)

लोककथाले परम्परादेखि लोकजीवनमा मौखिक रूपले चलिआएको कथा वा दन्त्यकथालाई बुझाउँछ । लोककथा कथा र लोक दुई शब्दका योगबाट बनेको हुन्छ । कथा शब्दलाई कहानीको पर्यायवाचीको रूपमा लिइन्छ । कथा शब्दको प्रयोग विशेष प्रकारको कहानीको लागि गरिन्छ । लोककथालाई विभिन्न आधारमा वर्गीकरण गरेको पाइन्छ । लोककथा विभिन्न स्थान परिवेशअनुसार फरकफरक  हुने भएकाले लोककथाको वर्गीकरण पूर्णतः वैज्ञानिक र उचित किसिमले भएको भनेर ठोकुवा गर्न अलि गाह्रो नै पर्छ । नेपाली लोकजीवनमा प्रचलित लोककथाहरू अभिनयात्मक र वर्णनात्मक गरी दुई प्रकारका पाइन्छन् । प्रस्तुत शोधप्रबन्धमा मुख्य गरेर वर्णनात्मक लोककथालाई आधार मानेर तिनैको विधातात्त्विक अध्ययन गरिएको छ ।

नेपाली लोककथाहरूको वर्गीकरण गरिएजस्तै डोटेली लोककथाको पनि वर्गीकरण गर्न सकिन्छ । डोटेली लोककथाको मात्रै छुट्टै वर्गीकरण लिखित रूपमा गरिएको नभएपनि विषयवस्तु लोककथाको भाव, लोककथाको आकार आदि प्रवृत्तिलाई हेर्दा डोटेली लोककथा पनि विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । डोटेली लोककथालाई विषयवस्तुको आधारमा धेरै प्रकारमा बाँड्न सकिए पनि प्रस्तुत शोधप्रबन्धमा सामाजिक र किंवदन्तीमूलक लोककथाहरूको मात्र विधातात्त्विक रूपमा अध्ययन गरिएको छ । डोटी जिल्लाका विभिन्न ठाउँमा गएर लोककथाहरूको सङ्कलनगर्ने क्रममा त्यस क्षेत्रमा बढी मात्रामा सामाजिक र किंवदन्तीमूलक लोककथा प्रयोग भएको पाइएको छ । डोटी जिल्लामा प्रचलनमा रहेका यिनै विभिन्न लोककथाहरूलाई दुई भागमा विभाजन गरेर प्रस्तुत शोधप्रबन्ध तयार पारिएको छ । सङ्कलन गरिएका दुई प्रकारका डोटेली लोककथाहरूमध्ये सामाजिक र किंवदन्तीमूलक लोककथालाई निम्नअनुसार विभाजन गरेर अध्ययन गरिएको छ :

(क) **सामाजिक लोककथा** : (१) केशलणीकी बात (२) ढुट्यामुलेकी बात (३) दिदीभाइकी बात (४) देवाया जशाया रानीकी बात (५)प्याउली फूलकी बात (६) भट्टेमुलेकी बात (७) लाटामुलेकी बात (८) सात भाइकी एकै बैनाकी बात (९) सातलाटाकी बात रहेका छन् ।

(ख) **किंवदन्तीमूलक लोककथा** : (१) इजाचेलाकी व्याकी बात (२) तीनचिन्डे भूतकी बात (३) भाविनीको होरोकी बात (४)राजकुमारीकी बात (५) सतलसिंहे राजाकी बात रहेका छन् ।

यहाँ लोकसाहित्यका विभिन्न विधाहरू विभिन्न समय, अवसर, पर्व, मेला, जात्रा, संस्कार, संस्कृतिअनुसार प्रयोगमा ल्याइन्छन् । यी र यस्तै लोकसाहित्यको एक विधा लोककथा पनि रहेको छ । लोककथा डोटी जिल्लाका प्रायः सम्पूर्ण ठाउँमा भनिँदै र सुनिँदै

आएको छ । प्रस्तुत दर्शनाचार्य तहको शोधप्रबन्धको मुख्य शीर्षक डोटेली लोककथाको विधातात्त्विक अध्ययन रहेको छ । यस शोधप्रबन्धमा डोटी जिल्लामा भनिँदै आएका केही लोककथाहरू सङ्कलन गरेर ती लोककथाको विधातात्त्विक अध्ययन गरिएको छ । विधातत्त्वका आधारमा अध्ययनका यी तत्त्वलाई आधार मानिएको छ : (१) कथानक (२) सहभागी (३) परिवेश (४) उद्देश्य (५) भाषाशैली आदि ।

## २.३ लोककथाका तत्त्वहरूको परिचय

डोटी जिल्ला नेपाली लोकसाहित्यको क्षेत्रमा आफ्नो छुट्टै इतिहास बोक्न सफल रहेको जिल्ला हो । यहाँ लोकसाहित्यका विभिन्न विधाहरू विभिन्न समय, अवसर, पर्व, मेला, जात्रा, संस्कार, संस्कृतिअनुसार प्रयोगमा ल्याइन्छन् । यी र यस्तै लोकसाहित्यको एक विधा लोककथा पनि रहेको छ । लोककथा डोटी जिल्लाका प्रायः सम्पूर्ण ठाउँमा भनिँदै र सुनिँदै आएको छ । प्रस्तुत दर्शनाचार्य तहको शोधप्रबन्धको मुख्य शीर्षक डोटेली लोककथाको विधातात्त्विक अध्ययन रहेको छ । यस शोधप्रबन्धमा डोटी जिल्लामा भनिँदै आएका केही लोककथाहरू सङ्कलन गरेर ती लोककथाको विधातात्त्विक अध्ययन गरिएको छ ।

कुनै पनि एउटा विधा वा संरचना तयार हुनका लागि आवश्यक पर्ने विभिन्न अवयव वा संरचक घटकहरू यसका तत्त्वहरू हुन् । लोककथाको निर्माण गर्न आवश्यक सामग्रीलाई लोककथाका तत्त्व भनिन्छ । तत्त्वलाई उपकरण अवयव संरचक, घटक आदि पनि भनिन्छ । यिनको आवश्यक संयोजन र व्यवस्थापन गरेपछि मात्र लोककथाको निर्माण हुन्छ । लोककथाको निर्माणमा आवश्यक हुने र अभावमा लोककथाको संरचना निर्मित नहुने हुँदा यस्ता तत्त्वहरू अनिवार्य तत्त्व मानिन्छ । आधुनिक कथा र लोककथा दुवैका अनिवार्य तत्त्वहरू समान रहेका छन् । कथानक सहभागी, परिवेश, उद्देश्य, भाषाशैली आदि लोककथाका तत्त्वहरू हुन् (शर्मा र लुइटेल, : ३७५) । कुनै पनि एउटा विधा तयार हुनका लागि आवश्यक पर्ने विभिन्न अवयव वा संरचक घटकहरू नै त्यसका तत्त्वहरू हुन् । लोककथाका तत्त्वहरूलाई अवयव, घटक, संरचक, उपकरण, स्रोत, साधन आदि फरकफरक नामबाट चिनिन्छ ।

लोककथाका तत्त्वहरूलाई विभिन्न व्यक्तिले विना आधार फरकफरक तरिकाले प्रस्तुत गरेको पाइन्छ । लोककथाका तत्त्वहरूलाई मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले लेखेको **लोकवार्ताविज्ञान र लोकसाहित्य** पुस्तकमा जस्तो अन्य लेखकका पुस्तकमा व्यवस्थित, स्पष्ट र उपयुक्त नपाइएको र नभएकोले यस पुस्तकलाई मुख्य आधार बनाएर तल प्रस्तुत गरिएको छ ।

### २.३.१ कथानक

कथानक भन्नाले कथामा घटना अथवा कथामा पात्रहरूद्वारा गरिने क्रियाकलापको विन्यास हो । कथानकमा घटनाहरूको व्यवस्थापन वा विन्यास उत्सुकता र संशय जगाउँने

ढङ्गबाट गरिएको हुन्छ । लोककथामा कथानकको सर्वोपरि महत्त्व रहेको हुन्छ भने आधुनिक कथामा चरित्रलाई सर्वोपरि महत्त्व दिइएको हुन्छ (शर्मा र लुइटेल, ३७५) । लोककथाको कथानकमा घटनाहरू कालक्रमिक सम्बन्धबाट परस्पर गाँसिएका हुन्छन् । अनि, के, त्यसपछि भन्ने सन्दर्भबाट कथानक अगि बढ्दै जाने हुँदा यसमा घटनाको कालक्रमिक विन्यासले बढी महत्त्व पाएको हुन्छ । कथानकको विषयवस्तु जे पनि हुन सक्छ । लोककथामा मुख्यतः पौराणिक किंवदन्तीमूलक, काल्पनिक, स्वैरकाल्पनिक, अतिप्राकृतिक, सामाजिक, मानव मानवेतर आदि जुन श्रोतबाट पनि कथावस्तु ग्रहण गरिएको हुन्छ । यसमा प्रायः आदि, मध्य, अन्त्य, सबै अङ्ग पुगको पूर्ण कथानक रहन्छ । यसको विकास व्यतिक्रमिक नभई क्रमिक र रेखीय ढङ्गबाट अघि बढ्छ । (शर्मा र लुइटेल, ३७५)

अधिकांश कथानक शाखा प्रशाखा नभएका सरल कथानक हुन्छन् भने केही कथानक शाखा प्रशाखा भएका शृङ्खलित कथानक पनि हुन्छन् । कथानकको टुङ्ग्याउनीमा मिलन, संयोग र सुखान्तताको वर्चश्व अधिक रहे तापनि केही कथानक विछोड बियोग र दुःखान्तमा टुङ्गिएको पनि पाइन्छन् । मूलतः लोककथाको कथानक छोटोछरितो र प्रभावकारी हुनुका साथै रोचक र मार्मिक पनि हुन्छ । चरित्र भन्दा कथानकलाई बढी महत्त्व दिएर सिर्जिएका लोककथालाई घटना प्रधान लोककथा भनिन्छ ।

लोककथा पनि आख्यानयुक्त विधा भएकाले कथावस्तु यसको प्रमुख तत्त्व हो । लोककथाको विषयवस्तु यतिमात्र छ भनेर किटान गर्न सकिँदैन । लोककथाको विषयवस्तु पौराणिक, ऐतिहासिक, सांस्कृतिक, कल्पनात्मक, स्वैरकल्पनात्मक, प्राकृतिक आदि विषयसँग सम्बन्धित हुन्छन् । लोककथाको विषयवस्तु यथार्थभन्दा कल्पना र विश्वाससँग बढी नजिक रहेको हुन्छ । काल्पनिक विषयसँग सम्बन्धित विषयवस्तुले लोककथालाई बढी मार्मिक र रोमाञ्चक बनाएको हुन्छ । लोककथाको विषयवस्तु विस्तृत र ब्यापक हुने गर्छ । कुनै कथामा घटनाको शृङ्खला सरासर आदि मध्ये र अनत्यको क्रममा टुङ्गिएर जान्छ भने कुने कथा पहिलेको कथानक अगाडि अगाडिको पछाडि भएर शृङ्खला भङ्ग भएर आएको पनि हुन सक्छ । यसरी कथामा घटेका घटनाका आधारमा यसको विषयवस्तु निर्धारण हुन्छ । कथामा कथानकको उचित व्यवस्थापनले विषयवस्तु रोचक र उत्साहित हुने गर्दछ । त्यसैले कथानक अनिवार्य तत्त्व मानिन्छ ।

### २.३.२ सहभागी

लोककथामा घटनाक्रमलाई अगाडि बढाउन प्रयोग हुने मानव र मानवेतर जुनसुकै पात्र नै सहभागी हुन् । प्रत्येक पात्रको आफ्नै विशिष्ट स्वभाव, प्रकृति र गुण हुन्छ । पात्रहरूको घनिष्ठ सम्बन्ध कथानकका घटनाहरूसँग हुन्छ । घटनाहरूलाई घटित गराउने माध्यम पात्रहरू भएकाले कथानक र पात्रमा अन्योन्याश्रित सम्बन्ध रहन्छ । घटनाले पात्रको परिचय दिई सङ्घर्षरत पात्रको चरित्रचित्रण गर्छ भने पात्रले घटनालाई साकार रूप दिई कथानकलाई गतिशील तुल्याउँछ (शर्मा र लुइटेल, ३७५) ।

लोककथामा पाइने पात्रहरू विभिन्न प्रकारका हुन्छन् । यिनीहरू नारी वा पुरुष पात्र, प्रमुख, सहायक वा गौण पात्र, अनुकूल र प्रतिकूल पात्र, गतिशील वा गतिहीन पात्र, वर्गगत वा व्यक्तिगत पात्र हुन्छन् । यी विविध प्रकारहरूमध्ये जुनसुकै प्रकारको भएपनि चरित्र प्रस्तुत गर्ने ढङ्गलाई चरित्र चित्रण भनिन्छ । चरित्रलाई प्रस्तुत गर्ने वा देखाउने कार्य कथामा मुख्यतः उसले गर्ने कार्यव्यापार, उसका कुराकानी समाख्याताको टिप्पणी आदिका माध्यमबाट गरिन्छ (शर्मा र लुइटेल, ३७५) । चरित्र चित्रण जीवन्त र स्वाभाविक ढङ्गमा गरिएको हुन्छ । कतिपय सहभागी/चरित्रको चित्रण यथार्थसँग मिल्दोजुल्दो हुन्छ भने कतिपयको अलौकिक र अद्भुत प्रकारको हुन्छ । पशु पात्र छन् भने यिनको चरित्रचित्रण मानवीकरणका युक्तिबाट गरिन्छ । लोककथामा वस्तुहरू पनि पात्र/सहभागी भएर देखापरेका हुन्छन् । यस्ता वस्तुको चरित्रचित्रण पनि मानवीकरणका आधारमा गरिन्छ । घटना र सहभागीमा स्वभाविक सम्बन्ध भएका लोककथामा चरित्रहरू जीवन्त र सशक्त भएर देखापर्दछन् । कथानकभन्दा सहभागीलाई प्रधानता दिएर सिर्जिएका लोककथालाई शिल्पका दृष्टिले चरित्रप्रधान लोककथा भनिन्छ (शर्मा र लुइटेल, ३७६) ।

लोककथाको संरचनाको लागि आवश्यक र अनिवार्य तत्त्व सहभागी/चरित्र/पात्र पनि हो । कुनै पनि सहभागीको उपस्थिति विना लोककथाको पूर्णताको कल्पना गर्न पनि सकिँदैन । लोककथामा घटेका घटनाक्रमलाई अगाडि बढाएर लैजाने कार्य सहभागीले गर्दछ । लोककथामा उपस्थित हुने पात्रहरू मानव र मानवेतर दुवै हुनुका साथै देवीदेवता, भूतपिशाच, यक्ष, गन्धर्व, किन्नर, किन्नरी, सजीव,निर्जीव आदि विभिन्न किसिमका हुने गर्दछन् । कथामा आएका भिन्न भिन्न चरित्रले नै कथानकको पनि रूप, आकार परिवर्तन गराउँछ, कथालाई एक निश्चित गति प्रदान गर्ने काम गर्दछ । लोककथामा प्रयोग भएका पात्र/सहभागीहरू आधुनिक लोककथाको जस्तो साधारण शक्ति र क्षमता भएका भन्दा बढी असाधारण, जादुमयी शक्ति, दिव्यशक्ति भएका, बलवान, साहसी, बुद्धिमानी हुने गर्दछन् । लोककथामा संलग्न सहभागीले कथामा चमत्कारपूर्ण कार्य गरेका, मानवले गर्ननसक्ने र हामीले कल्पना गरेभन्दा बढी चमत्कारीपूर्ण कार्य गरेका हुन्छन् जसले गर्दा लोककथा गतिशील बनेको हुन्छ । यस्ता विभिन्न कार्यहरूमा र कथानकलाई अगाडि बढ्न सहभागीको महत्त्वपूर्ण भूमिका हुने हुनाले लोककथालाई सहभागी पनि महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

### २.३.३ परिवेश

लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व परिवेश पनि हो । लोककथामा पात्रले क्रियाकलाप गर्ने र घटनाहरू घटित हुने ठाउँ समय र वातावरण नै परिवेश हो । ठाउँ र समयका साथै स्थान विशेषको वा समय विशेषको रीतिथिति, आचरण, व्यवहार, रहनसहन, विश्वास, मान्यता, प्राकृतिक, पृष्ठभूमि, भौगोलिक अवस्थिति, जीवन र सोचाइ आदि पनि परिवेशभित्रै आउँछन् । लोककथामा प्रायः स्थानीय परिवेशको विशेष महत्त्व रहेको हुन्छ ( शर्मा र लुइटेल, ३७६) । परिवेशले कथानक र पात्रलाई आधार स्थल प्रदान गर्छ र तिनलाई

सक्रिय तुल्याउँछ । कथानक र पात्रका तुलनामा परिवेशलाई बढी महत्त्व दिएर सिर्जिएका लोककथा शिल्पको दृष्टिले परिवेश प्रधान हुन्छन् । लोककथाको परिवेशअन्तर्गत सामान्य र विशिष्ट दुवै प्रकारका कथा स्थल र कथा समयको प्रयोग गरिएको हुन्छ । एकादेशमा घर, खेत, दैलो, आँगन, आदि सामान्य कथास्थल हुन् भने बाङ्गेसाल डाँडो (तेरथुम), रानी पोखरी (काठमाडौँ) अयोध्या आदि विशिष्ट स्थान हुन् । परापूर्वकाल, बिहान, दिउँसो, राती, आदिलाई सामान्य कथा समय मानिन्छ भने नब्बे साल, रातको बाह्र बजे आदि विशिष्ट कथा समय हुन् परिवेशले लोककथालाई विश्वसनीय तुल्याउँछ (शर्मा र लुइटेल, ३७६) ।

परिवेश भन्नाले लोककथाको घटना घटेको ठाउँ, पात्रको क्रियाकलापले सिर्जना गरेको परिस्थिति, घटनाको समय तथा त्यहाँको बातावरणको झलक दिने स्थान समय र वातावरणलाई जनाउँछ । परिवेश लोककथामा लोकसमाजको रीतिरिवाज, चालचलन, भौगोलिक अवस्थिति, रहनसहन, परम्परा, संस्कृति रूपमा आएको हुन्छ । कथामा घट्ने घटनाको स्थल वनजङ्गल, गाउँघर, बाटोघाटो, बिहान बेलुका आदि त्यसको बाह्य परिवेश हुन्छन्, त्यस्तै पात्रका क्रियाकलापको लागि सिर्जना हुन आएको परिस्थिति, व्यवहार, पात्रले गर्ने कार्य, पात्रको विचार आदि बाह्य परिवेश हुन आउँछन् । लोककथामा लौकिक र अलौकिक दुवै थरी परिवेश समावेश भएका हुन्छन् । परिवेश विना कथाका सहभागी र कथानकको सिलसिला अगाडि बढाउन कठिन हुने हुँदा परिवेश पनि लोककथाको अनिवार्य तत्त्व हो ।

### २.३.४ उद्देश्य

लोककथाका तत्त्वहरूमध्ये उद्देश्य पनि एक हो । लोककथाको प्रयोजन नै त्यसको उद्देश्य हो । प्रयोगात्मक अभावमा जुनसुकै वस्तु पनि निरर्थक हुन्छ । लोककथा पनि प्रयोजनरहीत हुँदा त्यसको सार्थकता रहँदैन । लोककथालाई सार्थक तुल्याउने अनिवार्य तत्त्व नै उद्देश्य हो । लोककथाहरू मुख्यतः मनोरञ्जनको प्रयोजनले सिर्जिएका हुन्छन् । लोककथाले बालकदेखि वृद्धसम्म सबै उमेर समूहका मान्छेलाई मनोविनोद प्रदान गरी सोद्देश्य पूरा गर्दछ । मनोरञ्जनका अतिरिक्त लोककथाले नीति उपदेश शिक्षा दिने उद्देश्य पनि पूरा गरेको पाइन्छ । शिक्षा दिएर पनि मनोरञ्जन प्रदान गर्ने लोककथालाई सबैले ज्यादै रुचाउँछन् । खासगरी पशुपक्षीका कथाहरू शिक्षा र मनोरञ्जन दुवै दिने खालका हुन्छन् । सामाजिक प्रकारका केही लोककथाले जीवनका यथार्थ पक्षको परिचय दिएको पनि पाइन्छ । यो तत्त्व कथानक पात्र परिवेशझैँ स्थूल रूपमा देखिने नभएर कथामा अन्तर्निहित भइरहने सूक्ष्म तत्त्व हो (शर्मा र लुइटेल, ३७७) ।

लोककथाको अनिवार्य तत्त्वमध्येको उद्देश्य पनि एक रहेको छ । कुनैपनि बस्तुको एउटा उपयोगी दृष्टि रहन्छ । त्यही उपयोगी दृष्टि केका लागि उपयोग छ अथवा कुन प्रयोजन भन्ने हुन्छ । लोककथाहरूको पनि आफ्नो छुट्टै उद्देश्य रहेको हुन्छ । यी कथाहरू कुनै न कुनै उद्देश्य सहित नै भनिएका हुन्छन् । लोककथाको कथन र श्रवणको उद्देश्य

एउटा मात्र नभएर विषय सन्दर्भअनुसार मनोारञ्जन अर्ति उपदेश, शिक्षा दिक्षा आदि प्रदान गर्ने रहेको हुन्छ । लोककथाहरू विभिन्न प्रयोजन र उद्देश्यका लागि भनिएका हुन्छन् तर पनि यसको मुख्य उद्देश्य गाउँघरमा दिनभरिको मेलोपात सकेर कामको थकान मेटाउन, मनोरञ्जन प्रदान गर्न रहेको हुन्छ । यसका अतिरिक्त विषयअनुसार सामाजिक लोककथाले सामाजिक रहनसहन, समाजका चालचलन, जीवनपद्धति, सामाजिक संस्कार, सामाजिक क्रियाकलाप आदिको जानकारी दिने उद्देश्य पनि रहेको हुन्छ । यस्तै पौराणिक लोककथाहरू पुराणमा आधारित भएर भनिएका हुन्छन् । यस लोककथाले पौराणिक, धार्मिक पशुपक्षीका नैतिक तथा धार्मिक अति उपदेश दिने उद्देश्यले पनि रचिएका वा सुनाइएका हुन्छन् । लोककथा पनि आआफ्नो क्षेत्रअनुसार फरकफरक विषयवस्तुमा भनिने हुनाले यिनको पनि सोहीअनुसारको उद्देश्य रहेको हुन्छ ।

### २.३.५ भाषाशैली

कुनै पनि सन्देश व्यक्त गर्ने माध्यम भाषा हो र त्यसलाई व्यक्त गर्ने तरिका शैली हो । भाषा लोककथाको पनि अनिवार्य माध्यम हो । लोककथामा प्रयुक्त भाषा सरल, सहज र बोधगम्य हुन्छ । अर्थको दुरुहता हुँदैन । सानादेखि ठूलासम्म सबैले सहजै बुझ्न सक्छन् वाक्यहरू छोटाछोटा अजटिल र अनलङ्कृत हुन्छन् । यसमा मुख्यतः भाषाको गद्य रूपलाई अगालिएको हुन्छ । लोककथाको पाठैपिच्छे भाषा परिवर्तन भइरहन्छ । उही कथा पटकपटक सुनाउँदा भाषामा केही परिवर्तन हुन्छ भने विभिन्न ठाउँमा सुनाउँदा पनि भाषागत परिवर्तन भइरहन्छ । समय र स्थानका भेदले भाषामा परिवर्तन भएझैँ लोककथाका पाठकमा पनि परिवर्तनको क्रम चलिरहन्छ । लोककथाको भाषामा स्थानीय भाषिकाको प्रबलता रहने हुँदा सोहीअनुरूप परिवर्तन भइरहन्छ (शर्मा र लुइटेल, ३७७) ।

कुनै पनि सन्देश व्यक्त गर्ने माध्यम भाषा हो । भाषा सञ्चारको माध्यम पनि हो । यस्तै लोककथामा कथनको माध्यम पनि भाषा हो । लोककथाको भाषा मौखिक, मौलिक, आञ्चलिक र स्थानीय रहेको पाइन्छ । सरल, सहज र सम्प्रेष्य भाषामा अभिव्यक्त हुने लोककथाका वाक्यहरू छोटा र छरिता, बोधगम्य हुन्छन् । लामो, संयुक्त र मिश्र वाक्यको प्रयोग कमै मात्रामा गरिन्छ । यसमा प्रयोग गरिने भाषा औपचारिक सामान्य दैनिक बोलीचालीको रहेको हुन्छ । लोककथाको भाषा लोककथा भन्ने अथवा रचना गर्ने व्यक्ति, स्थान र समयअनुसार फरकफरक पाइन्छ । लोककथामा बढी भन्दा बढी स्थानीय भाषिकाको प्रयोग गरिने भएकाले सबै उमेर समूह र सबै प्रकारका व्यक्तिले सजिलै बुझ्न सक्ने हुन्छ ।

कथा प्रस्तुत गर्ने शैलीलाई ढङ्ग भनिन्छ । लोककथामा विषयवस्तु भन्ने व्यक्तिअनुसार शैली फरकफरक हुनपुगे पनि यसमा मुख्यतः वर्णनात्मक शैली अगालिन्छ । सरल र प्रवाहपूर्ण शैलीमा लोककथाको कथन रोचक र कुतूहलवर्द्धन ढङ्गले गरिन्छ । लोककथाको शैलीमा अर्थको जटिलता तथा विम्ब प्रतीकको प्रधानता हुँदैन । यसको शैली

सादा हुन्छ । यसको प्रारम्भ र अन्त्य गर्ने आफ्नै रूप र ढाँचा भएको विशिष्ट शैली हुन्छ । यसमा संवादात्मकताको खासै महत्त्व नभएपनि घटनाहरूको आकस्मिक मोडका कारण नाटकीय शैलीको प्रयाप्तता रहन्छ । श्रोतामा निरन्तर अनि के हुन्छ .... भन्ने उत्सुकता र संशय जगाइराख्नु यसको शैलीको महत्त्वपूर्ण पक्ष हो (शर्मा र लुइटेल, ३७७) ।

लोककथाको शैली भन्नाले कथा प्रस्तुत गर्ने ढङ्ग, तरिका, ढाँचा भन्ने बुझिन्छ । लोककथाकको शैली स्थानीय परम्परित सामान्य बोलीचालीको दैनिक व्यवहारमा कुराकानी गर्दा अपनाइने ढाँचा नै लोककथाको शैली हो । लोककथाको कथन वर्णनात्मक शैलीमा गरिन्छ । कथनियताले कथनका समयमा हाउभाउसहित प्रस्तुत गर्ने तथा पात्रका कथोपकथलाई जस्ताको त्यस्तै भन्न कोशिस गर्ने हुँदा यसमा संवादको पनि प्रयोग भएको पाइन्छ । कतिपय लोककथाका कथाहरू चम्फू शैलीमा प्रयोग भएका पनि हुन्छन् । लोककथाको शैली कुनै सरसरती वर्णन गर्ने र कुनै गाएर सुनाउने शैलीमा पनि रहेका हुन्छन् । लोककथाको प्रस्तुत गर्ने शैली स्थान, समय र व्यक्तिअनुसार फरकफरक हुन्छ । लोककथाको शैली कुनै एकादेशबाट सुरु हुन्छ भने कुनै परापूर्वकालमा धेरै पहिले, कुनै गाउँमा भन्नेबाट सुरु भएर सन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठ जाला .... भन्ने शैलीमा अन्त्य गरिन्छ । लोककथामा शैलीले मिठासता थपेको हुन्छ ।

लोककथाले परम्परादेखि लोकजीवनमा मौखिक रूपले चलिआएको कथा वा दन्त्यकथालाई बुझाउँछ । लोककथा कथा र लोक दुई शब्दको योगबाट बनेको हुन्छ । कथा शब्दलाई कहानीको पर्यायवाचीको रूपमा लिइन्छ । कथा शब्दको प्रयोग विशेष प्रकारको कहानीको लागि गरिन्छ । लोककथालाई विभिन्न आधारमा वर्गीकरण गरेको पाइन्छ । लोककथा विभिन्न स्थान परिवेशअनुसार फरकफरक हुने भएकाले लोककथाको वर्गीकरण पूर्णतः वैज्ञानिक र उचित किसिमले भएको भनेर ठोकुवा गर्न अलि गाह्रो नै पर्छ । नेपाली लोकजीवनमा प्रचलित लोककथाहरू अभिनयात्मक र वर्णनात्मक गरी दुई प्रकारका पाइन्छन् । प्रस्तुत शोधप्रबन्धमा मुख्य गरेर वर्णनात्मक लोककथालाई आधार मानेर तिनैको विधातात्त्विक अध्ययन गरिएको छ । यस शोधप्रबन्धमा विशेषतः विषयवस्तुका आधारमा वर्गीकरण गर्न सकिने केही सामाजिक लोककथा र किंवदन्तीमूलक लोककथाको अध्ययन गरिएको भयपनि यस परिच्छेदमा सामाजिक लोककथाहरूको विधातात्त्विक अध्ययन गरिएको छ ।

## २.४ डोटेली सामाजिक लोककथाको विश्लेषण

डोटेली लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा पनि महत्त्वपूर्ण विधा हो । अन्य लोककथाजस्तै मौखिक परम्परामा जीवित रहेको डोटेली लोककथालाई डोटी जिल्लाको विभिन्न ठाउँबाट सङ्कलन गरेर ती लोककथालाई सामाजिक र किंवदन्तीमूलक लोककथामा

वर्गीकरण गरी विधातत्त्वका आधारमा अध्ययन गरिएको भएपनि यस परिच्छेदमा सामाजिक लोककथाको मात्र अध्ययन गरिएको छ ।

विषयवस्तुको आधारमा गरिएको लोककथाको वर्गीकरणमध्येको सामाजिक लोककथा पनि एक प्रकार हो । सामाजिक लोककथा भन्नाले समाजमा घटेका घटना र समाजमा रहेका व्यक्तिहरूलाई पात्र बनाएर वर्णन गरिने लोककथा हो । यस्ता प्रकारका लोककथामा समाजको भोगाइ र समस्याहरू प्रतिविम्बित भएको हुन्छन् । यस्ता प्रकारका कथामा धुर्त्याइँ, चलाखी, डाहा, विश्वासघात, न्याय, प्रतिशोध, अन्याय, बालविवाह, बहुविवाह, अनमेल विवाह पारिवारिक झैझगडा, अन्धविश्वास, रीतिथिति, मूल्यमान्यता आचार, व्यवहार आदि विषयमा आधारित हुन्छ । प्रस्तुत शोधप्रबन्धमा निम्नलिखित डोटेली लोककथालाई आधार बनाएर तिनैको विधातात्त्विक अध्ययन गरिएको छ : (१) केशलणीको बात (२) ढुटयामुलेकी बात, (३) दिदीभाइकी बात (४) देवान जशाया रानीकी बात (५) प्याउली फूलकी बात (६) भट्टेमुलेकी बात (७) लाटामुलेकी बात (८) सातभाइकी एकै वैनाकी बात (९) सातलाटाकी बात बात आदि सामाजिक लोककथाहरू रहेका छन् ।

### २.४.१ केशलणीकी बातको विश्लेषण

डोटी जिल्लाका प्रायः सबै ठाउँमा प्रचलित अत्यन्तै लोकप्रिय र सबैले रुचाइएको कथा केशलणी पनि हो । यस कथालाई डोटेली समुदायमा दुई नामले पुकारिए पनि कथावस्तु भने उही हो । यस कथालाई डोटीको सेतीनदीभन्दा पारिपट्टीका मानिसहरूले ‘सुनकेशरी रानी’ भन्छन् भने सेती नदी वारीका मानिसले ‘केशलणी’ भनेर भन्छन् । कथा सुन्दा र सुनाउँदा डोटेली समुदायका मानिसको पहिलो रोजाइ हुन आउँछ । कथावस्तु र भन्ने शैली भने कहीँ कतै फरक पाइँदैन । यस लोककथालाई पनि निम्नलिखित तत्त्वका रूपमा अध्ययन गरिएको छ ।

#### २.४.१.१ कथानक

धेरै पहिले एक गाउँमा एक परिवार वस्नु, त्यसका दुई छोरा र दुई छोरी हुनु एक छोरा र एक छोरीको बिहे गरिसकेको र एक छोरा एक छोरी बिहे गर्न बाँकी हुनु, एक दिन कान्छो भाइ र बहिनी बिहे गरेकी दिदीको घर जानु, दिदीको घर नजिकैको खोलामा नुहाउन जानु, भाइ तलतिर माछा मार्न थाल्नु, भाइ अलि लाटो हुनु, माछा मार्दा मार्दै उसको जालमा केशलणीको कपाल पर्नु, त्यो कपाल सुनको हुनु लाटोले म यो कपाल भएकी सँगै बिहे गर्छु भनेर जिद्दी गर्नु, केशलणीलाई थाह नदिई बिहेको तयारी गर्न थाल्नु, तेल पेल्ने ठाउँमा कागले भनेपछि उसले आफ्नो र लाटो भाइको बिहे भइरहेको कुरा थाहा पाउनु, सबै तेल एक रुखमा पोखेर त्यही रुखको टुप्पोमा गएर वस्नु घर परिवारका सबै मान्छे पालैपालो केशलणीलाई खोज्न आउँनु, उसले कसैको भनेको नमान्नु अन्त्यमा सानो भाइ आएर रुनु उसलाई आफ्नो कपाल तल झारेर आफूसँगै बसाल्नु एक दिन राजाका सिपाइ आएर

उसलाई रानी बनाउँछौ भनेर लैजानु, धेरै समयपछि, भाइ दिदीलाई खोज्दै एउटा कागको सहयोगले दिदीको दरबारसम्म पुग्नु, भाइलाई भित्र लुकाएर राजालाई भाइ खोज्न आग्रह गर्नु, राजाले खोजेर ल्याउँ म यो राज्यको आधा अङ्स दिएर राख्छु भन्नु, राजा सिकार खेल्न गएको बेला भाइलाई निकालेर राख्नु, राजालाई खुसी पार्नु र आफ्नो भाइलाई दरबार मै राखेर बस्नु घटनाले लोककथा भएको छ ।

केशलणी लोककथाको कथानक डोटेली लोकजीवनबाट आएको हो । यसको कथानक सामाजिक विषयमा आधारित रहेको छ । यस लोककथाको कथानक शृङ्खलाबद्ध रूपमा आएको छ । यसको कथानकलाई आदि मध्ये र अन्त्यको शृङ्खलामा देखाउन सकिन्छ ।

### (१) आदिभाग

लाटोभाइ र बहिनी, दिदीको घर गएर जानु त्यहाँ गएर बहिनी नुहाउन र भाइ माछा मार्न खोलामा जानु र लाटोले माछा मार्ने जाल खेल्दा उसको जालमा केशलणीको कपाल परेपछि यसै कपाल भएकी केटीसँग बिहे गर्छु भन्नु लाटोको जिद्दीको अगाडि कसैले पनि नसक्नु र बिहेको तयारी गर्नु, लोककथाको आदि भाग हो ।

### (२) मध्यभाग

बिहेको लागि केशलणी कोलमा तेल पेल्न गएको बेला एउटा कागले एक चोक्टो पिनाको दिए तेरो कुरा भन्छु भन्नु र उ कसैले नदेख्ने गरेर एउटा ठूलो रूखमा बस्नु , यसलाई खोज्न घरका सबै सदस्य आएर केशलणीलाई रुखबाट ओर्लिन आग्रह गर्नु र उसले सबैलाई गाली गरेर पठाउनु र कान्छोभाइलाई आफैसगँ राखेर जङ्गलको बिचमा एउटा ठूलो रूखमा घर बनाएर बस्नु सम्मका घटनालाई पनि कथानकको मध्य भागमा नै राख्न सकिन्छ ।

### (३) अन्त्यभाग

एकदिन राजाका सिपाइहरू आएर राजाले रानी बनाउनको लागि राम्री केटी लिएर आउँनु भनेर पठाएको भनेर भन्दा उसले जान्न भन्दा भन्दै जबरजस्ती लिएर जानु त्यहाँ गएर केशलणीले आफ्नो भाइलाई जसरी हुन्छ खोजेर ल्याउन नत्र म पनि बस्दैन भन्नु र भाइलाई खोज्न आग्रह गर्नु अनि भाइलाई सँगै राखेर बस्नु सम्मका घटनाहरू कथानकका अन्त्य भाग हुन् ।

यस लोककथाको कथानक निकै कसिलो ढङ्गबाट अगाडि बढेको छ । यसको कथानक रैखिक ढाँचामा अगाडि बढेको छ । केशलणीको जीवनमा घटेका र देखापरेका अनेक मोडहरूलाई रोचक ढङ्गले सिलसिलाबद्ध ढङ्गले अगाडि बढाइएको छ । आकारको

हिसाबमा यसको कथानक मध्यम खालको रहेको छ । यसको कथानक सुख र हर्षमा अन्त्य भएकाले यसलाई सुखान्त लोककथाको रूपमा लिइन्छ ।

### २.४.१.२ सहभागी

लोककथाको घटनाक्रमलाई अगाडि बढाउनको लागि भूमिका खेल्ने अथवा कथामा उपस्थित मानव अथवा गैरमानव जुनसुकै वर्ग पनि कथाका सहभागी हुन् । डोटेली समुदायमा प्रचलनमा रहेका कथाहरूमध्ये केशलणी पनि एक लोककथा हो । यस लोककथामा मानव र मानवेतरलगायत थुप्रै पात्रहरूको प्रयोग भएको छ । यसका प्रमुख पात्रहरूको विश्लेषण निम्नअनुसार गरिएको छ ।

**(१) केशलणी**

केशलणी 'केशलणी' कथाकी प्रमुख पात्र यस कथाकी नायिका हो । कथामा प्रमुख भूमिका निर्वाह गर्ने पात्र हो । यो लामा सुनका सुन्दर कपाल भएकी सुन्दर पात्र हो । घर परिवारमा कान्छी छोरीको रूपमा रहेकी पात्र आफ्नो लाटो दाईसँग विवाह गर्नुपर्ने बाध्यताले घर छोडेर जङ्गलमा बस्न बाध्य भएकी पात्र हो । यस कथामा देखिएका अनेक मोडअनुसार आफ्नो व्यवहार परिवर्तन गर्न सक्ने, जस्तोसुकै अवस्थामा पनि समायोजन हुन सक्ने भएकाले यो कथामा गतिशील पात्रको रूपमा देखिन्छ । लोककथाको सुरुमा विभिन्न कठिनाइहरू भोग्नु परेपनि लोककथाको अन्त्यमा भने राजासँग विवाह गरेर सुखमय जीवन बिताइरहेकी हुन्छ । यो कान्छो लाटो भाइकी दिदी आमाबुवाकी कान्छी छोरी जेठो दाजुकी बहिनी र राजाकी श्रीमतीको भूमिकामा देखापरेकी नारी पात्र हो । यो लोककथाको सुरुदेखि अन्त्यसम्मका हरेक क्रियाकलापलाई सकारात्मक सोच राख्ने सबैको भलाइको लागि सोच्ने समाजमा चलिआएको सम्बन्ध बिग्रिन्छ दाजु बहिनीको विवाह भए हाडनाता पर्छ भन्ने डरले घर छोडेर जङ्गलमा बस्न पुगेकी एक अनुकूल पात्र हो । यसलाई सम्पूर्ण सङ्घर्षी नारी पात्रको प्रतिनिधिको रूपमा पनि हेर्न सकिन्छ । त्यसैले यो वर्गीय पात्र हो । कथानकलाई अगाडि बढाउने हरेक क्रियाकलापमा भूमिका रहेकोले बद्ध पात्र पनि हो ।

**(२) लाटोदाइ**

केशलणी लोककथाको एक प्रमुख पात्र हो । यो घरपरिवारको कान्छो छोरो आमाबुवा र दाजुबौजुले लाटो भनेर केही नभन्ने हुँदा सबैको माया र सहानुभूति पाएर बिग्रिएको दाजुको कान्छो भाइ, आमाबुवाको लाटो छोरा दुई दिदी बहिनीको लाटो भाइको रूपमा देखिएको पुरुष पात्र हो । यो कथामा आफ्नी दिदी केशलणीसँग बिहे गर्छु भनेर जिद्दी गर्ने पात्र हो । लोककथाको सुरुदेखि अन्त्यसम्म एउटै कुरामा जिद्दी गरिरहने समय र परिस्थितिसँगचल्न नसक्ने स्थिर पात्रको रूपमा रहेको छ । कथामा सबै पात्रको इच्छा विपरित कार्य गर्ने अझ भन्नुपर्दा दिदीको चित्त दुखाएर घर छोड्न बाध्य बनाएका लगायतका थुप्रै समाजलाई नपच्ने कार्य गर्न तयार हुने कथामा देखिएको चरित्रअनुसार

प्रतिकूल पात्रको रूपमा रहेको छ । कथामा व्यक्तिगत पात्रको रूपमा देखिएको छ । लोककथाको सुरुदेखि मध्य भागसम्म मात्र सम्बन्धित हुन आएको र अन्त्य भागमा नदेखिएको हुनाले यसलाई मुक्त पात्र पनि भनिन्छ ।

(३) **राजा**

राजा यस कथामा केशलणीको श्रीमान उसको भाइको भिनाजु यो राज्यको राजा यस कथामा एक असल पुरुष पात्रको रूपमा रहेको छ । यस कथामा केशलणीसँग आफ्ना सिपाइ मार्फत् जबरजस्ती विवाह गरे पनि अन्य सबै तरिकाले ऊ समय र परिस्थितिअनुसार चल्न सक्ने एक गतिशील पात्रको रूपमा रहेको छ । यस कथामा सहायक पात्रको रूपमा देखापरेको राजा रानीले मेरो भाइ एक्लै छ खोजेर ल्याउनपऱ्यो भन्दा सजिलै हुन्छ खोज्नु र आधा अंश दिएर यतै राखुला भन्ने, सबैको भलो चाहने चरित्र भएको एक अनुकूल पात्रको रूपमा देखापरेको छ । राजा यस कथामा वर्गीय पात्र र मुक्त पात्रको रूपमा देखापरेको एक असल चरित्रको पात्र हो ।

यी मानव पात्र बाहेक कथामा अन्य थुप्रै मानव पात्र र कागलगायत अरू मानवेतर पात्रको रूपमा पनि थुप्रै देखापरेका छन् । यी पात्रहरूमा केशलणीका घरपरिवार आामबुवा, काकाकाकी, दाजु, । भाउजु, भाइ, दिदी, राजाका सिपाइ, गाउँका अन्य थुप्रै पात्रहरू सहायक पात्रको रूपमा रहेका छन् । यी सहायक पात्रले कथालाई अगाडि बढाउन कथालाई रोचक बनाउन कथालाई पूर्णता दिन निकै सहयोग पुऱ्याएको पाइएकोले कथामा यिनीहरूको भूमिका पनि निकै महत्त्वपूर्ण रहेको छ ।

### २.४.१.३ परिवेश

डोटी जिल्लाको प्रायः सबै ठाउँमा एकदमै लोकप्रिय लोककथा केशलणी शिखर नगरपालिकाबाट सङ्कलित लोककथा हो । यस कथाको स्थानीय परिवेशको रूपमा केशलणीको घर, गाउँ, वनजङ्गल, खोलानाला, उसकी दिदीको गाउँघर, त्यहाँ जाँदा प्रयोग भएको बाटो घाटो, पानी पधेरो, केशलणीले नुहाएको र लाटाले माछा मारेको खोला, केशलणी तेलपेल्न गएको कोल, रहेको ठाउँ, केशलणी लुकेर बसेको वनजङ्गल, राजदरवार अर्को राज्य राजाले सिकार खेल्न जाने वनजङ्गल आदि रहेका छन् । यस कथामा सामान्य स्थानको रूपमा घर परिवार गाउँघर, वनजङ्गल रहेका छन् भने विशिष्ट स्थानको रूपमा केशलणी लुकेर बसेको रुखमाथि बनेको घर रहेको छ । यस कथामा बिहान, साँझ, दिउँसो रातीको समयको प्रयोग भएको छ भने विशिष्ट समयको रूपमा केशलणीलाई राजाका सिपाइले जबरजस्ती लगेर गएको मध्य दिनको समय रहेको छ । यो कथाको सुरु र अन्त्यमा सुखद वातावरणरहेको छ भने मध्य भागमा दुःखद वातावरणसिर्जना भएको छ त्यसैले यस कथामा दुःखत क्षणले सुखद समय निम्त्याएकोले यसको अन्त्य सुखमा भएको छ । यस कथामा कुराकानी गर्ने गोप्य सूचना दिने काग अलौकिक पात्रको रूपमा रहेको छ भने यस्तै

एकैचोटीमा कल्पना गरेभन्दा बढी अग्लो भएर रुख बढ्नु र त्यसमा केशलणी र उसको भाइमात्र बस्न सकेको स्थान पनि अलौकिक रहेको छ । समग्रमा यो कथा सुखान्त कथा हो ।

### २.४.१.४ उद्देश्य

लोकजीवनमा प्रचलन रहेका हरेक कुराहरूको आ-आफ्नै विशेष उद्देश्य रहेको पाइन्छ । यहाँ प्रस्तुत लोककथा केशलणीको पनि विभिन्न उद्देश्य रहेका छन् । यस लोककथाको उद्देश्य धार्मिक, सांस्कृतिक, नैतिक र उपदेशात्मक रूपमा आएको छ । केशलणीको जीवन कालमा आएका ओराली, उकाली, दुःख, सुखको चित्रण गर्नु र रोचक ढङ्गले कथामा ढाल्नु पनि एक उद्देश्य हो । एउटा मानिसको बाल्यकालदेखि युवा अवस्थामा आइपुग्दा कस्ता कस्ता परिवेशहरू आइपुग्छन् र यिनीहरूलाई कसरी सामना गर्नुपर्छ यस क्रममा के कस्ता अप्ठ्यारो मोडहरूसँग सामना गर्नुपर्ने हुन्छ भन्ने भाव विचार पनि यस कथामा देखाइएको छ । नारी जाति माथि पुरुष वर्गले जे गरेपनि हुने उनीहरूले गरेका हरेक काम समाजले स्वीकार्ने र महिलाले जसरी पनि त्यसको सजाय भोग्नुपर्ने परम्परावादी सोचलाई देखाउनु पनि अर्को उद्देश्य रहेको छ । विवाहको प्रसङ्गलाई पनि यहाँ नेपाली रीतिरिवाजसँग जोड्न खोजिएको छ । एउटा छोरी कसैको घरमा एकपटक बुहारी भएर जानु कुनै नौलो कुरा होइन तर यहाँ एउटा छोरीलाई त्यसै घरको बुहारीको रूपमा अपनाउन खोज्नु त्यो नेपाली समाजमा लागु हुन नसक्ने विचारको खण्डनमण्डन पनि यस कथामा भएको छ । यस कथामा सत्यको विजय हुन्छ । सत्य कहिले पनि हार्दैन भन्ने कुरा केशलणीले घर छोडेको निर्णयलाई लिन सकिन्छ । यस्तै एउटा दिदीले भाइलाई कति माया गर्छ भन्ने कुरा पनि केशलणीको व्यवहारबाट पाउन सकिन्छ । यसरी यस कथामा मुख्य उद्देश्यको रूपमा नेपाली समाजमा नारीमाथि कतिसम्म अन्याय हुँदोरहेछ भनेर देखाउनु र नेपाली विवाह संस्कारलाई देखाउनु रहेको छ ।

### २.४.१.५ भाषाशैली

प्रस्तुत केशलणी डोटेली लोककथा भएकाले यसमा स्थानीय डोटेली समुदायमा प्रचलित सरल सभ्य, ग्रामीण भाषाका ठेट शब्दहरूको प्रयोग भएको छ । यस कथाको कथ्य भाषा डोटेली रहेको छ । यसमा डोटेली समाजका 'उइलै', 'निको', 'नअरेकी', 'मुन्टो', 'रुँ', 'इस्सैसु', 'अद्देहु', 'चोइलो', 'कौवो', 'ढिपी', 'कोलु', 'ढोल्यो', 'बाड्डेहो', 'सर्कपुग्दे', 'ढोला', 'दुमाउ', 'दुवोहल्दो', 'डिठ', 'गोसी', 'ओलिजा', 'रामणी', 'नानो', 'तुइले', 'लोणोसिलौटो', 'मन्तर', 'च्वाइवर', 'मुखम्भो', 'हउ', 'वुदी', 'विसाइराख्यो', 'अगाश' जस्ता मौलिक शब्दहरूको प्रयोगले कथा बोधगम्य र श्रुतिमधुर बनेको छ । डोटेली भाषाका छोटा छोटा सरल शब्दको प्रयोगले कथा चोटिलो र रोचक बनेको छ । यस कथामा वर्णनात्मक शैली अपनाइएको छ भने संवादात्मक र गीतात्मक शैली पनि कथामा रहेको छ । कथामा घरपरिवारका सदस्यहरू र केशलणीको बिचको कुराकानी गीतिलयमा व्यक्त भएकाले यतिबेला गीतिशैली पाइन्छ भने राजा र केशलणी, राजाकासिपाइ र केशलणी, काग र

केशलणी, काग र भाइ बिचको कुराकानीमा दोहोरो संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ । यस कथामा औपचारिक शैली एकादेशबाट सुरु भएर सुन्नेलाई सुनको माला .... मा टुङ्गिएको छ । यस कथामा विशेष गरेर डोटेली भाषाको प्रयोग भएको छ ।

### २.४.२ ढुटेमुलेकी बातको विश्लेषण

प्रस्तुत लोककथाहरू डोटी जिल्लाका विभिन्न ठाउँमा गएर त्यहाँका स्थानीयहरूबाट सङ्कलन गरिएका छन् । दर्शनाचार्य तहको शोधप्रबन्ध तयार पार्नको लागि सङ्कलन गरिएका यस्ता लोककथाहरूको डोटेली समुदायमा निकै महत्त्व रहेको छ । डोटेली समुदायमा लोककथा भन्न र सुन्नको लागि कुनै विशेष अवसर कुरिरहन पर्दैन तर पनि यसको लागि उचित समय भनेको साँझको बेला दिनभरिको कामको थकान मेटाउँदै मनोरञ्जन प्रदान गर्न बुढा पाकाले आफूभन्दा सानालाई सुनाउने गर्दछन् । यस्तै लोककथाहरूमध्येको एक लोककथा ढुटेमुलेको कथा पनि रहेको छ । यस शोधप्रबन्धमा प्रस्तुत लोककथालाई निम्नलिखित तत्त्वहरूका आधारमा अध्ययन गरिएको छ ।

#### २.४.२.१ कथानक

धेरै पहिले एउटा गाउँमा एक बुढा दम्पत्ती बस्नु तिनीहरूको एउटा छोरा हुनु र छोरी सानैमा विवाह गरेर गइसकेकी हुन् । एकदिन बुढाबुढी मर्नु, ढुटेमुले एक्लै हुनु, केही समय गाउँलेको घरमा काम गर्दै कहिलेकाहीँ छाक टार्नु, एकदिन दिदीले यस्तो खबर पाउनु र भाइलाई आफ्नो घर बोलाउनु, सुरुसुरुमा त दिदीले भाइलाई राम्रै व्यवहार गर्नु पछि विस्तारै भाइलाई दुःख दिन थाल्नु, एकदिन भाइले रोटी खाउँ दिदी भन्दा पख अहिले यसलाई, अहिले यसलाई पाक्न दे भन्दै सबै घर परिवारलाई भाग लगाइसकेपछि अन्तमा जा गाउँभरिबाट धान कुटेको धानको बाहिरको खेर जाने बोक्रा खोजेर ल्या भन्नु दिदीले भने बमोजिम सबै गर्नु र आटा (ढुटो) को रोटी पकाएर ले खा भन्दै फाल्नु, त्यो रोटी लडेर जानु ढुटेमुले रोटी छोप्न जानु रोटी धेरै टाढा एउटा जङ्गलको बिचमा भएको भैंसीको बथानको दुधको तलाउमा पर्नु, त्यो रोटी खान त्यस केटाले त्यो सबै दुध खानु, खान नसकेको यताउता फालेर रोटी खोज्नु, अनि राती त्यही वरपरको एउटा ठूलो रुखमा बस्नु, त्यसपछि तिनै भैसीको गोबर सोहर्ने सरसफाइ गर्ने र दुध खाएर रुखमा बस्ने गर्नु, एकदिन भैंसीले थाहा पाएर सबै कुरा सोध्नु, र आफू ढुटेमुले बुवा आमा नभएको दुःखी व्यक्ति बताउनु र भैंसीले अब कतै जानुपर्दैन र लुकेर पनि बस्नु पर्दैन भन्दै घर बनाइदिनु, एकदिन दिदी, माइत आउँनु, सबैभन्दा दुधालु भैसी दाइजो माग्नु, भाइले पनि त्यही भैसी दिनु, भैसीको घाटीमा एक घण्टी झुण्ड्याउनु र त्यसमा दिदीले गरेका सबै व्यवहार बज्नु, दिदी यो सुनेर भिरबाट हाम फालेर मर्नु जस्ता घटनाहरू यस कथाका कथानक हुन् ।

यस ढुटेमुलेको लोककथाको कथानक लमाइको हिसाबले मध्यम खालको रहेको छ। यस लोककथाको कथानक आदि, मध्य र अन्त्यको ढाँचामा अगाडि बढेको छ । यस कथानकका घटनाहरू एकपछि अर्को गर्दै शृङ्खलाबद्ध रूपमा आएको छ।

### (१) आदिभाग

लोककथाको सुरुवात ढलेमुलेका आमाबुवाको मृत्युपछि ढुटेमुले एक्लो भएर गाउँमा अरूको घरमा काम गर्ने खाने गरेको अवस्थामा दिदीले आफ्नो घर लैजानु जस्ता घटनाबाट भएको छ। ढुटेमुले दिदीको घर जानु, सुरुसुरुमा दिदीले माया गर्नु खान लाउन पनि राम्रैसँग दिनु पछि विस्तारै दिदीको मायामा कमी हुँदै जानु र खाना पनि पेटभरि नदिनु जस्ता घटना यस लोककथाको आदि भाग हो।

### (२) मध्यभाग

ढुटेमुलेले दिदीको घरमा पनि दुःख पाउनु पेटभरि खान नपाउनु एकदिन दिदीले सबै परिवारलाई मिठो रोटी पकाएर उसलाई आटोको रोटी लौ खा भनेर फाल्नु त्यो रोटी छोप्न लढ्दै गरेको रोटीको पछि ढुटेमुले दगुर्नु रोटी समात्न नसक्नु रोटी जङ्गलमा रहेका बथान भैसीको दुधको तलाउमा पर्नु, त्यहाँ उसले त्यो रोटी खोज्न खान सकेजति दुध खान खान नसकेको यताउता फालेर त्यो रोटी खोज्नु, यसो गर्दा भैसीले देख्नु र उसको बारेमा सोध्नु सबै कुरा थाहा पाइसकेपछि भैंसीले घर बनाइदिनु र उसले भैसीबाट राम्रो कमाइ गर्नु र दिदीले यो सबै कुरा थाहा पाउनु जस्ता घटना यस लोककथाको मध्य भागमा पर्दछन् । यी सबै घटनालाई कथानकको मध्य भाग मानिन्छ।

### (३) अन्त्यभाग

यस्तै दिदीले सबै कुरा थाहा पाएपछि भाइबाट केही पाउने आशाले दिदी माइत आउँनु, माइत आएपछि भाइसँग त सँग भएको सबैभन्दा दुधालु भैसी दाइजो दे भन्नु भाइले पनि भैसीको घाँटीमा घण्टी झुण्ड्याएर दिदीले रोजेको भैंसी दिनु निकै पर पुगेर भैंसीको घण्टीमा रहेको धुन सुनेर आफूले गरेका सबै नराम्रा काम सम्झेर भिरबाट हाम फालेर दिदीले पनि आत्महत्या गर्नुजस्ता घटनाहरू कथानकको अन्त्य भाग हुन्।

यसरी लोककथाको बनोट कतै कसिएको र कतै खुकुलो जस्तो देखिन्छ । यस लोककथाको कथानक लोककथाको मुख्य पात्र ढुटेमुलेको जीवनका सुख दुःख उकाली ओरालीहरूसँगै अल्झिएको पाइन्छ । डोटेली जनजीवनका वास्तविक घटना जस्तै लाग्ने घटनालाई लोककथाको रूपमा प्रस्तुत भएको छ।

## २.४.२.२ सहभागी

प्रस्तुत लोककथा ढुटेमुले डोटेली लोकजीवनको वास्तविकतालाई कल्पनात्मक र कलात्मक रूपले विभिन्न सहभागीलाई उपस्थित गराएर सृजना गरेको एक लोकप्रिय

लोककथा हो । यस कथामा मानव र मानवेतर दुवै पात्रको सशक्त प्रयोग गरिएको छ जसले गर्दा कथा अझ चोटिलो होस् भन्ने उद्देश्य पनि राखिएको छ । यस कथामा थुप्रै पात्रहरू रहे पनि यस शोधप्रबन्धमा केही प्रमुख पात्रहरूको मात्र अध्ययन गरिएको छ। जुन निम्नप्रकार रहेका छन् :

(१) **ढुटेमुले**

यस लोककथाको प्रमुख पात्रको रूपमा रहेको ढुटेमुले यस लोककथाको नायक हो । ढुटेमुले यस कथामा आमाबुवाको मृत्युपछि एक्लो भएको गरिब, अनाथ बन्न पुगेको उसकी दिदीको भाइ गाउँघरको ढुटेमुलेको रूपमा देखापरेको एक पुरुष पात्र हो । लोककथाको प्रमुख पात्रको रूपमा रहेको ढुटेमुलेको केन्द्रविन्दुमा नै रहेर कथा अगाडि बढेकोले यस लोककथाको नाम पनि ढुटेमुले रहेको हो । जस्तोसुकै दुःख भोग्नुपरे पनि जीवनदेखि हार नमान्ने एक साहसी पात्रको रूपमा देखापरेको ढुटेमुले समय र परिस्थितिअनुसार चल्न सक्ने गतिशील पात्रको रूपमा रहेको छ । वैगुणीलाई गुणले मार्नुपर्छ भन्ने मान्यता राख्ने ढुटेमुले दिदीले जस्तोसुकै दुःख दिएपनि आफूलाई सम्झेर वा जुनसुकै आशाले आफ्नो घरमा आएकी दिदीलाई हाँसीखुसी स्वागत गर्ने अनुकूल पात्र हो । यस लोककथाको सुरुदेखि अन्त्यसम्म सबै घटनासँग सम्बन्धित ढुटेमुले यस कथामा बद्ध पात्रको रूपमा रहेको छ । ढुटेमुले यस कथामा दुःख र पीडा सहेपछि एकदिन पालो आउँछ भन्दै सङ्घर्ष गर्ने इमान्दार र सङ्घर्षी वर्गहरूको प्रतिनिधि पात्रको रूपमा एक वर्गीय पात्र हो । ढुटेमुले एक सुख र दुःखको अनुभव प्राप्त गरेको साहसी पात्र हो ।

(२) **दिदी**

यस ढुटेमुले कथामा ढुटेमुलेकी दिदी, उसको भिनाजुको श्रीमती बुवाआमाले सानैमा बिहे गरेर पठाएकी छोरी एक घरपरिवार चलाएर बसेकी असल गृहिणी तथा कथाकी नारी पात्र हो । यस लोककथाको चरित्रमा देखिएअनुसार यस कथाकी खलनायिकाको रूपमा रहेकी छ । यस कथाकी सहायक पात्रको पात्र हो । प्रस्तुत कथाकी पात्र दिदी आफ्नो भाइलाई भाइको जस्तो व्यवहार नगरेर नोकरको जस्तो व्यवहार गर्ने खानपनि पेटभरि नदिने दिएपनि तल्लो स्तरको खाने कुरा दिने, जस्तो व्यवहार गर्ने कथामा प्रतिकूल पात्रको रूपमा रहेकी छ । यस कथामा ऊ कहिले गरिब छोरी कहिले हुने खाने दिदी, समय र परिस्थितिअनुसार आफ्नो व्यवहार पनि परिवर्तन गर्ने एक गतिशील पात्र हो । कथामा आफ्नो भाइप्रति दया माया नदेखाउने मै खाऊँ मै लाऊँ सुखसयल मोज म गरु ..... भन्ने भाव राख्ने एक व्यक्ति पात्र हो । लोककथाको सबै घटनासँग सम्बन्धित भएकी हुनाले ऊ एक बद्ध पात्र पनि हो । लोककथाको सुरुमा भाइप्रति जे जस्तो व्यवहार गरेपनि भैंसीको घण्टीको धुन सुनेर आफूले गरेका गल्तीको महसुस गर्ने र गल्तीको अनुभूति गरी पश्चातापको भूमरीमा आफ्नो ज्यान अर्पण गर्ने कमलो हृदयकी नारी पात्र हो ।

(३) **भैसीहरू**

ढुटेमुले लोककथामा विभिन्न पात्रहरू उपस्थित भएका छन् । यिनै पात्रहरूमध्ये भैसीहरू पनि लोककथाको सहायक पात्र हो । भैसी, पसु भएर पनि मानव सरह काम गर्ने पात्रको रूपमा रहेको छ । भैसीले यस कथामा टुहुरो र दिदीबाट हेला र घृणा खेप्नु परेको ढुटेमुलेलाई वस्न र खानको व्यवस्था मिलाउन सहयोग गर्ने, जीवनमा केही गर्न सक्दैन भन्ने खालको सबैबाट घृणित ढुटेमुलेको अन्धकार जीवनलाई उज्यालोको बाटो देखाइदिने एक सफल र सहयोगी पात्र हुन् ।

यसरी यी पात्रहरू बाहेक गौण पात्रको रूपमा गाउँले, गोरुबाखा, ढुटेमुलेकी दिदीका घर परिवार, घण्टी बनाउने टमटा, भैंसीले लगाउँको घण्टी आदि पात्रहरू रहेका छन् जसको सहयोगले कथानक अगाडि बढ्न सफल भएको छ ।

## २.४.२.३ परिवेश

डोटेली लोककथाको विधातात्त्विक अध्ययन शीर्षकको शोधप्रबन्ध तयार पार्नको लागि डोटी जिल्लाका विभिन्न ठाउँमा गएर सङ्कलन गरिएका डोटेली लोककथाहरूमध्ये ढुटेमुलेकी बात पनि हो । यस कथाको कालिक परिवेशको रूपमा डोटेली लोकजीवन रहेको छ । यस कथामा स्थानीय परिवेशमा ढुटेमुलेको घर गाउँ, छरछिमेक, गाइवस्तु चराउँदा प्रयोग भएको वनजङ्गल, बाटोघाटो, खोलानाला, दिदीको गाउँघर दिदीको गाईवस्तु चराउँदा प्रयोग भएको वनजङ्गल, ढुटो खोज्न गएको ओखल, दिदीले ढुटोको रोटी फाल्दा रोटी लडेको डाँडा, रोटी डुबेको दुधको तलाउ, भैंसीको बसोबास रहेको वनजङ्गल आदि रहेका छन् । यस कथामा गाउँघर, वनजङ्गल, छरछिमेकी सामान्य परिवेशको रूपमा देखापरेका छन् भने ढुटोको रोटी लडेर डुबेको दुधको तलाउ विशिष्ट स्थानको रूपमा रहेको छ । कथामा बिहान, बेलुका, राती, दिउँसो जस्ता सामान्य समयको प्रयोग भएको छ भने विशिष्ट समयको रूपमा ढुटेमुलेलाई बुढो भैंसीले समातेको मध्य दिन रहेको छ । कथाको सुरुमा दुःखद वातावरण आएको कथाको मध्य भागमा पनि दुःख नै भएको कथाको अन्त्यमा भैंसीको सहयोगले ढुटेमुलेको जीवन सुखी भएपनि दिदीले आफूले गरेका क्रियाकलाप भैंसीको घाँटीमा झुन्ड्याइएको घण्टीमा बजेको धुन सुनेर आत्महत्या गरेको हुनाले दिदीको लागि दुःखद वातावरण भएको छ । समग्रमा यस कथामा सुख भन्दा दुःख बढी रहेकोले यो कथा दुःखद वातावरण सिर्जना गर्ने कथा हो ।

## २.४.२.४ उद्देश्य

लोककथाहरू भन्दा अथवा ग्रामीण समुदायमा लोककथाहरू सुन्दा कुनै न कुनै उद्देश्य राखिएका हुन्छन् । यो ढुटेमुले लोककथा एक सामाजिक लोककथा हो । यस लोककथाले ग्रामीण समुदायमा एक टुहुरो केटोको जीवनमा आएका उतारचढावलाई प्रस्तुत गरेको छ । यस लोककथाको मुख्य उद्देश्य हरेक मानिसको जीवनमा दुःख आउँछ त्यसलाई

सामना गर्न सक्नुपर्छ । व्यक्तिले हेला गरेपनि कर्म गऱ्यो र भाग्यमा लेखेर आएको छ भने अवश्य पनि सफलता प्राप्त गर्न सकिन्छ भन्ने नैतिक सन्देश दिनु हो । एउटा दिदीले आफ्नै भाइलाई गरेको व्यवहारबाट मानिसले सम्पत्तिमा मात्र आफ्नो ठान्छ दुःख परेको बेला पनि सहयोग गर्नुपर्छ भन्ने सन्देश दिएको छ । यस कथाले मानिसले दुःखमा नआत्तिएर सच्चा मनले इमान्दार भएर काम गऱ्यो भने एकदिन मानवले घृणा गऱ्यो भने पनि अन्य मानवेतर पात्रले सहयोग गर्छन् भन्ने भाव पनि पाइन्छ । यस कथामा मानव भएर मानवको दुःख बुझ्दैनन् तर जसलाई पशु भनिन्छ उसले मानवको दुःख बुझ्छ र पशु भनिनेहरू नै आफन्त बन्न सक्छन् भन्ने सन्देश दिन खोजेको छ ।

## २.४.२.५ भाषाशैली

प्रस्तुत ढुटेमेलेको लोककथा डोटी जिल्लाबाट सङ्कलन गरिएकोले मुख्यत यसको भाषा डोटेली रहेको छ । डोटेली भाषाका मौलिक ग्रामीण जीवनका दैनिक व्यवहारमा सामान्य बोलीचालीका रूपमा प्रयोगमा आउँने 'नानी', 'छन्ज्या', 'नइआएथी' तैका 'अराउनेइ', 'मुले', 'गलिवर', 'पकाउन्नारेइ', 'रोटो', 'हैसाइवर', 'मुखी', 'विना चिल्लाको', 'घुर्कियो', 'काट्टो', 'ड्वाङड्वाङ', 'छोप्दोइ', 'खालि', 'धेक्यारैछ', 'अद्दुपण्यो', 'सिग्यारैछ', 'थोरो', 'सियाभेष', 'हामरो', 'अद्दछु', 'अद्वैसे', 'अववटाहै', 'निक्कोइ', 'बकाल', 'प्रभातकै', 'घरलग्गै', 'हर्काइली', 'घाडामी', 'स्याउन्थी', 'दारकुन्टा', 'वाजोवज्यो', 'फट्टक' जस्ता रमाइला सरल सहज छोटा मिठा शब्दको प्रयोगले कथा श्रुतिमधुर र बोधगम्य बनेको छ । यस कथामा ग्रामीण समुदायको झझल्को पाइने मौलिक र ग्रामीण शब्दहरू रहेका छन् । कथा वर्णनात्मक शैलीमा कथिएको भएपनि दिदी भाइको भैँसीको र ढुटेमुलेको कुराकानी हुँदा संवादात्मक शैली पाइएको छ । यस्तै कथामा रोटी लडेर दुधको तलाउमा पुग्दा र दिदी माइतबाट भैँसी दाइजो लगेर घर जाँदा गीतात्मक शैली पनि रहेको छ । यस कथामा स्थानीय लोकशैली एकादेशबाट सुरु भएर सुन्नेलाई सुनको माला ...... जस्तो मौलिक र अनौपचारिक शैलीको पनि प्रयोग गरिएको छ । जसले गर्दा कथा एकदमै रोचक बनेको छ ।

## २.४.३ दिदी भाइकी बातको विश्लेषण

प्रस्तुत दिदीभाइको कथा डोटेली समुदायमा चर्चित एक सामाजिक कथा हो । यस कथालाई डोटी जिल्लामा निकै मार्मिक दुःखान्त लोककथाको रूपमा लिइन्छ । हुन त डोटेली लोककथाहरूमध्ये धेरै लोककथा दुःखान्त नै हुन्छन् तर पनि यो लोककथा अलि बढी दुःखान्त हो भन्न सकिन्छ । यहाँ शोधप्रबन्धमा प्रस्तुत कथालाई निम्नलिखित तत्त्वका आधारमा अध्ययन गरिएको छ ।

## २.४.३.१ कथानक

धेरै पहिले एउटा गाउँमा एक परिवार वस्नु परिवारमा छोरी जन्मेपछि दोस्रो सन्तान धेरै वर्षसम्म नहुनु, छोरी बिहे गरेर गएपछि छोरा जन्मनु, परिवारको मुख्य व्यक्ति अथवा

त्यस केटाको बुवा मर्नु, छोरो गाईबाख्रा चराउन जाँदा साथीभाइले भाइबैनी नहुने अलग अलग बस्न एउटै समूहमा नबस्न भन्नु जङ्गलमा साथीहरूले अलग गराउनु, घर आएर आमालाई दिदीबहिनीको बारेमा बुझ्न खोज्नु आमाले दिदी नराम्रो घरमा भएकाले छोरालाई सबै कुरा भन्न नचाहनु, छोराले जिद्दी गर्दा दिदी कालिपार भएको थाहा पाउनु र दिदी लिन जानु, जाँदा दिदीले सानुमा खेल्ने गरेको फर्सीको बिड लगेर जानु, दिदीको घर पत्ता लगाएर भेटघाट गर्नु, दोस्रो दिन भिनाजुसँग सिकार खेल्न जाँदा भिनाजुले सङ्काले आफ्नी बहिनीको कुरा सुनेर एउटा पानी खाने कुवामा निहुरेको बेलामा आफ्नो खुकुरीले काटेर बाटोभन्दा तल जीउ बाटोभन्दा माथि शिर फाल्नु र घर गएर भाइ घर गइसक्यो भन्नु राती सपनामा भाइले आफू मारिएको र यसरी बाटो तल र माथि फालिएको कुरा सुनाउनु दोस्रो दिन दिदी पनि त्यही गएर आत्महत्या गर्नु जस्ता घटना रहेका छन् ।

यस दिदीभाइको लोककथाको कथानक लमाइको हिसाबले छोटो रहेको भए पनि कथानक रैखिक ढाँचामा आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको छ । यस लोककथाको कथानकका घटनाहरू एकपछि अर्को गर्दै शृङ्खलाबद्ध रूपमा आएका छन् ।

(१) **आदिभाग**

यस लोककथाको प्रमुख पात्र गोठालो जाँदा साथीभाइहरूले बहिनी नहुने दिदी नहुने अलग्गै बस् आफुसँग नआउँनु र नखेल्न भनेपछि घरमा आएर आफ्नी आमालाई आफ्नी दिदी बहिनीको बारेमा जान्न बुझ्न खोजेको घटनासँगै सुरुबात भएको कथामा आमाले तेरो पनि दिदी त छ बाबु तर तेरो जन्मभन्दा धेरै अगाडि बिहे गरेर गइसकी त्यहाँ पनि उसको घरपरिवार राम्रो छैन त्यसैले आउदिन भन्नु दिदी भएको थाहा पाएपछि जसरी पनि म दिदीलाई भेट्छु भनेर तयार हुनु र दिदीलाई चिन्नको लागि उसले सानोमा खेल्ने फर्सीको विड लगेर दिदी खोज्न जानुसम्मका घटना कथामा आदि भागको रूपमा आएका छन् ।

(२) **मध्यभाग**

एकदिन भाइ दिदी खोज्न जानु दिदीको गाउँमै गएर दिदीको घरसम्म पुग्दा पनि आफ्नी दिदी नचिन्नु र फर्सीको बिँड देखेपछि दिदीले भाइलाई को हो ? कसरी आयौं ? भनेर सोध्दा उसको भाइ भएको थाहा पाउनु र घरको हालखबर सोध्नु, साँझ भिनाजु घर आएर खाना खाएर सुतेपछि दोस्रो दिन भिनाजुले सिकार खेल्न लैजानुसम्मको घटना कथानकको मध्य भागमा देखिन्छन् ।

(३) **अन्त्यभाग**

जङ्गलमा सिकार खेल्दा एकठाउँमा पानी तिर्खा लाग्दा पनि भिनाजुले एक छिनपछि अलि पर खानु भनेर निकैवेरपछि एकठाउँमा पानी खान लाग्दा काटेर टाउको बाटो भन्दा माथि जीउ बाटोभन्दा तल फालेर घर आउँनु, घरमा दिदीले सोध्दा भाइ घर गईसकेको बताउनु राती दिदीलाई सपनामा आफूमाथि भिनाजुले गरेका क्रियाकलाप सुनाउनु र दिदी

पनि त्यही ठाउँमा गएर आत्महत्या गरेर मर्नु आदि घटना कथानकमा अन्त्य भागको रूपमा आएका छन् ।

यसरी यस लोककथाको कथानक आदि, मध्य र अन्त्यको ढाँचामा निकै कसिलो रूपमा अगाडि बढेको छ । यस कथामा ग्रामीण लोकजीवनको वास्तविकतालाई देखाइएको छ । यस कथामा चेली र माइती भाइ बहिनीको माया पनि देखाउन खोजिएको छ ।

## २.४.३.२ सहभागी

प्रस्तुत दिदीभाइको कथा डोटी जिल्लाको र त्यहाँको लोकजीवनको वास्तविकता बोकेको कथा हो । यस कथामा मानव पात्रको प्रयोग एकदमै राम्रो ढङ्गले गरिएको छ । कथामा थोरै मात्र पात्रको प्रयोग गरिएको तर रोचक ढङ्गले कथानकलाई प्रस्तुत गरिएको छ । यस कथामा अदृश्य/गौण/अप्रत्यक्ष थुप्रै पात्रहरू रहे पनि यस शोधप्रबन्धमा मुख्य मुख्य पात्रको मात्र अध्ययन गरिएको छ ।

### (१) भाइ

लोककथाको मुख्य पात्र पराइघर गएकी दिदीको सानो भाइ, आमाको एक्लो छोरो उसको भिनाजुको सालो एक पुरुष पात्र हो । कथामा लोककथाको सुरुदेखि अन्त्यसम्म एउटै चरित्र देखाउने आफ्नो व्यवहार परिवर्तन गर्न नसक्ने समय र मानिसलाई चिन्न नसक्ने एक स्थिर पात्रको रूपमा रहेको छ । यस कथाकी अर्की पात्र दिदीलाई, औधि माया गर्ने, जस्तो सुकै अवस्थामा पनि दिदीलाई खोजेर भेटेर आउँछु भनेर दिदी खोज्न गएको भिनाजुको मन दुःखाउन नसकेर अथवा जान्न भन्न नसकेर दिदीसँग बस्न मन हुँदाहुँदै पनि गएर मारिन पुगेको अरूको कहिले कुभलो नचिताउने, साथीहरूले जति हेला गर्दा र अलग्याउँदा पनि कहिले नरिसाउने एक अनुकूल पात्र हो । लोककथाको सुरुबातबाटै लोककथाको अन्त्यसम्म सहभागिता जनाउने उसकै सेरोफेरोमा कथा घुमेको हुनाले कथामा बद्ध पात्रको रूपमा पनि देखापरेको छ । यस कथामा भाइ कुनै वर्ग विशेषको प्रतिनिधित्त्व गर्ने पात्र नभएर व्यक्ति पात्रको रूपमा रहेको छ ।

### (२) दिदी

प्रस्तुत कथा दिदीभाइमा एक सानो भाइकी पराइ घर गएकी दिदी आमाको जेठी छोरी, आफ्नो श्रमिानकी असल श्रमिती र नन्दको भाउजुको रूपमा देखापरेकी एक असल नारी पात्र हो । दिदी यस लोककथाको मध्य भागमा देखापरेकी र लोककथाको अन्त्यसँगै आफ्नो देह त्याग गर्ने भाइलाई साह्रै माया गर्ने सधैँ भाइसँगै हुन चाहने एक स्थिर पात्र हो । यस कथामा यो कसैको कुभलो नचाहने सधैँ सबैलाई खुसी र सुखी राख्ने प्रयत्न गर्दा गर्दै आफ्नै माइतीको आँगन टेक्न नपाएकी एक असल चरित्रको प्रतिकूल पात्रको रूपमा देखापरेकी छ । कथानकको मध्ये भागबाट प्रत्यक्ष सहभागी भएपनि कथानकको सुरुबात नै चर्चा परिचर्चामा आएकी उसकै सन्दर्भबाट कथा सुरु भएको हुँदा कथाकी बद्ध पात्र पनि

हो । यस कथामा ऊ कुनै वर्ग विशेषको भूमिका निर्वाह गर्ने नभएर व्यक्ति पात्रको रूपमा रहेकी छ ।

(३) **आमा**

डोटेली सामाजिक लोककथा दिदीभाइ समाजको यथार्थता दर्साउने लोककथा हो । यस कथामा थोरै मात्र मानव पात्रको प्रयोग गरिएको छ । यिनै मानव पात्रहरूमध्ये सहायक पात्रको रूपमा रहेकी दुवै दिदी भाइकी आमा एक गरिब विधवा नारी पात्रको रूपमा रहेकी छ । कथामा एक सहनशील, गरिब आफ्नो दुःख नदेखाउने, छोरीको घरमा अप्ठ्यारो पर्ला भन्ने डरले आफ्नै छोरासँग कुरा लुकाउन सक्ने सधै छोराछोरीको खुसीको लागि लागिपर्ने एक अनुकूल पात्र हो । समय सँगै चल्न नसक्ने परिस्थितिको सामना गर्न आफू नै अगाडि सर्ने एक स्थिर पात्र हो । लोककथाको आदि भागमा आएर आदि भागमा नै हराएकी मुक्त पात्र हो । यो कुनै वर्ग विशेषको प्रतिनिधि पात्र नभएर व्यक्ति पात्र हो ।

(४) **भिनाजु**

प्रस्तुत कथा दिदीभाइमा पुरुष पात्रको रूपमा देखापरेको छ । लोककथाको मुख्यपात्र भाइलाई फकाएर सिकार खेल्न जाँदा आफ्नी बैनीको कुरा सुनेर उसको हत्या गर्ने आफ्नो बुद्धिले काम गर्न नसक्ने अरूको विश्वास गर्ने जता पनि ठिक्क हुने एक गतिशील पात्र हो । आफ्नी श्रीमतीको विश्वास नगर्ने भाइ भेट्न आउँदा वैनीको कुरा सुनेर आफ्नो श्रीमती र उसको भाइप्रति शंका गरेर आफ्नै सालाको हत्या गर्ने प्रतिकूल पात्र हो । कथाको अन्त्य भागमा देखापरेको मुक्त पात्र हो भने पुरुषको शंका गर्ने प्रवृत्तिलाई देखाएकोले उ वर्गीय पात्र हो ।

यसरी यस कथामा प्रमुख भूमिकामा रहेर कथानक अगाडि बढाउने चार जना पात्र मात्र भएपनि सहायक गौण पात्रको रूपमा रहेका र कथानकलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने अप्रत्यक्ष पात्रको रूपमा केटा/भाइका साथीहरू, छरछिमेकी, दिदीका घरपरिवार दिदीका गाउँले र दिदीकी नन्द रहेका छन् । यिनीहरूको भूमिका कथानक अगाडि बढाउन महत्त्वपूर्ण रहेको छ ।

### २.४.३.३ परिवेश

डोटेली लोककथाहरूको सङ्कलन गर्ने क्रममा डोटी जिल्लाको जोरायल गाउँपालिकाबाट सङ्कलन गरिएको सामाजिक लोककथा दिदीभाइको कथा पनि हो । यस कथाको कालिक परिवेशको रूपमा डोटेली लोकजीवन रहेको छ । यस कथाको स्थानिक परिवेशको रूपमा भाइको गाउँघर, उसले गाइबाख्रा चराउँदा प्रयोग गरेको वनजङ्गल, बाटोघाटो खोलानाला, दिदी लिन जाँदा प्रयोग भएको बाटो डाँडाकाँडा, खोलानाला, दिदीको गाउँघर छरछिमेक, भिनाजुले सिकार खेल्न प्रयोग गर्ने वनजङ्गल आदि रहेका छन् । कथामा सामान्य स्थानको रूपमा गाउँघर, बाटोघाटो, वनजङ्गल रहेका छन् भने विशिष्ट परिवेशको

रूपमा, भाइलाई पानी पिउँदा भिनाजुले मारेर फालेको स्थान रहेको छ । कथामा साँझ, बिहान, दिउँसो, राती जस्ता समय आएको छ । कथामा सामान्य समयको रूपमा राती, बिहान, दिउँसो आएको छ भने विशिष्ट समयको रूपमा मध्यरात दिदीले भाइलाई सपनामा देखेको समय आएको छ । यस कथाको सुरुदेखि नै दुःखद वातावरणउत्पन्न भएको छ भने मध्य भागमा दिदी भाइको भेट हुँदा क्षणिक खुसी मिलेर सुखद वातावरणसिर्जना भएपनि फेरी पछि भिनाजुले भाइ मारेर फालेको र दिदीले थाहा पाउँदा दिदी पनि त्यही ठाउँमा गएर आत्महत्या गरेपछि दुःखद र कारूणिक वातावरण आएको र कथाको अन्त्य एकदमै दुःखान्त परिवेशमा भएकाले यो कथा दुःखान्त कथा हो ।

### २.४.३.४ उद्देश्य

कुनै पनि कुराको आ-आफ्नै उद्देश्य रहेको हुन्छ । यस्तै लोककथा निर्माण गर्नु र लोककथाको प्रयोग गर्नुको पनि आफ्नै उद्देश्य रहेसँगै डोटेली जनजीवनमा यस लोककथाले साँझपखको फुर्सदिलो समयको सदुपयोग गर्नु, दिनभरि काममा व्यस्त हुँदा एक अर्कासँग भेटघाट र कुराकानी गर्न नसकिने हुँदा भेटघाट गर्नु र मनोरञ्जन आदानप्रदान गर्नु रहेको छ । यस्तै यस लोककथाले चेली र माइती बिचको सम्बन्ध दिदीविना भाइले दुःखी हुनुपर्ने अवस्था देखाउनु पनि अर्को उद्देश्य हो । यस कथामा भिनाजुले आफ्नी बहिनीको कुरा सुनेर कुरै नबुझी आफ्नै सालाको हत्या गरेकोबाट पुरुषहरूको सङ्कालु र घमण्डी प्रवृत्तिले घटना निम्त्याउँछ । त्यसैले सोचविचार गरेर माात्रै कदम अगाडि बढाउनुपर्छ भन्ने नैतिक शिक्षा दिनु यस लोककथाको प्रमुख उद्देश्य हो । कथामा गोठालो जाँदा उसका भाइलाई साथीहरूले जिस्क्याउने आफूहरूसँग खेल्न नदिने, आमाले छोरासँग कुरा लुकाउनुबाट सामाजिक प्रवृत्ति पनि झल्किएको पाइन्छ । विशेषतः दिदी र भाइको माया र सम्बन्ध दर्साउनु नै मुख्य उद्देश्य हो ।

### २.४.३.५ भाषाशैली

प्रस्तुत कथा डोटेली लोककथा डोटी जिल्लाको जोरायल गाउँपालिका बाट सङ्कलन गरिएको सामाजिक लोककथा हो । डोटेली लोक समुदायले दैनिक व्यवहारमा साधारण बोलीचालीको रूपमा प्रयोग गर्ने डोटेली भाषाका सरल, सहज र रमाइला शब्दको प्रयोगले कथा मिठासपूर्ण बनेको छ । कथामा डोटेली समुदायले सामान्य बोलीचालीमा प्रयोग गर्ने 'इजाचेला', 'अर्खाका', 'खोइवर', 'मुले', 'प्रभातकै', 'मुलेमुलीसु', 'भउत', 'विनान', 'निरधार', 'एकहण', 'न्याराइ', 'वसाइतक', 'निसुरो', 'महातारी', 'ग्वालासु', 'ढिपी', 'चिलासु', 'कुरणी', 'कालिपार', 'सोत्तलागि', 'भुजो', 'ढाउकुती', 'तल्लाइ', 'धरियो', 'दिनतक', 'वौजुखी', 'चुस्की', 'तिसलागी', 'घोप्टोपाण्यो', 'स्वाहानीले', 'सुइना', 'उइखी', 'बटातली', 'बटामथी', 'हण', 'मुन्टो', 'दन्तजीव' जस्ता ग्रामीण परिवेशका मौलिक लोकशब्दहरूको प्रयोगले त्यस क्षेत्रका मान्छेको लागि कथा रोचक र बोधगम्य बन्न पुगेको छ । यस कथामा वर्णनात्मक लोकशैलीको प्रयोग गरिएको छ भने कहिँकतै अथवा जङ्गलमा साथीभाइले दिदीबैनी नहुने

अलग्गै बस भन्दा दिदीलाई खोज्न जाँदा लगेको फर्सीको विडसँग एक्लै बोल्दा गीतात्मक शैलीको प्रयोग भएको छ भने आमा छोरा, दिदीभाई, भिनाजु साला, दाइ बहिनी, उसका दिदी भिनाजुको कुराकानी हुँदा दोहेरो संवादात्मक शैलीको प्रयोग गरिएको छ । यसरी यस कथामा सुरुमा एकादेशबाट सुरु भएर सुन्नेलाई सुनको मालामा टुङ्ग्याइएको लोकशैलीको प्रयोग गरिएको छ ।

### २.४.४ देवाया जशाया रानीकी बातको विश्लेषण

डोटेली समुदायमा लोककथा भन्ने र सुन्ने परम्परा धेरै पहिलदेखि अझ भन्नुपर्दा समुदायमा मानिसको बसोबास हुन थालेदेखि नै रहिआएको पाइन्छ । यस्ता लोककथाहरू डोटेली समुदायमा कुनै विशेष अवसर नकुरेर साँझको समय अँगेनाको वरिपरि अथवा आँगनको डिलमा बसेर मनोरञ्जनको लागि सुन्ने र सुनाउने गरिन्छ । यस्तै लोककथाहरू मध्येको देवाया जशाया रानीको कथा पनि प्रचलित रहेको छ । प्रस्तुत शोधापत्रमा यस लोककथाको विधातत्त्वको आधारमा अध्ययन गरिएको छ ।

#### २.४.४.१ कथानक

धेरै पहिले एउटा गाउँमा दुई दिदीबहिनी हुनु, उनीहरूको बिहे सानैमा भएको र माइतीमा सौतेनी आमा भएकोले बिहेपछि एकैसाथ माइती आउँनु नपाउनु, धेरै समयसम्म दिदीबहिनीको भेटघाट नहुनु एकदिन दिदी माइत आएर दुईचार दिन बस्दा पनि बहिनी नआउँनु र त्यसबेला पनि निरास हुँदै घर फर्किनु र राती एक्लै गीत गाउँनु हामी दुई बहिनीको भेट नभएको धेरै समय भइसक्यो कसरी ? काँ ? भेट होला भन्दै भन्नु र उताबाट बहिनीले कुनै एक जात्रालाई देखाउँदै त्यहाँ होला भन्नु दिदीले फेरी, त्यहाँ धेरै मान्छे हुन्छन् सुखदुःखको कुरा हुँदैन भन्नु, फेरी दिदीले त्यसरी नै अब भेट कहिले का होला भन्दा बहिनीले त्यहाँका देवीदेवताको जात्रा पर्व मेलामा आउँनु र त्यही भेट होला भन्दा त्यहाँ पनि मान्छे धेरै हुन्छन् । भेट हुँदैन भन्दा बहिनीले त्यसो भए माइतीमा अथवा बुवाको घरमा आउँनु त्यही भेटुला भन्दा त्यहाँ पनि सानीमा छ दुःख पोख्न पाइँदैन भन्नु बहिनीले फेरि त्यसो भए माथिको नदीको पानी माथि नै रोकियोस् तलको नदीको पानी तल नै रोकियोस् पारीको रुख निहुरेर वारी आओस् वारीको रुख निहुरेर पारी जाओस् त्यसरी हामी भेटुला भन्नु ।

दोस्रोदिन जङ्गलमा गएर खोला र रूखसँग आग्रह गर्दा त्यसै गरेर नदी पनि बग्न रोकिनु, रुख पनि वारी र पारी निहुरिएर पुग्नु र त्यसैको माँध्यमबाट दिदी बहिनी भेट्नु र कुराकानी गर्दा बहिनीका पाँच छोरा र दिदीका सन्तान नभएको एक अर्कालाई थाहा हुनु, दिदीले बहिनीलाई एक छोरा मलाई देउ र म मेरो सम्पत्ति उसैको नाममा गर्छु भन्दा बहिनीले अन्नपात पैचो मागे दिउँला, धनपैसा पैचो मागे दिउँला, सन्तान छोराछोरी कसरी दिउँला दिदी यो त हुँदैन भनेर जवाफ फर्काउनु, दिदीले पनि आफू निःसन्तान भएकोले

आफ्नै बहिनीले हेला गरिन् भन्दै मन दुखाउनु र अबदेखि तेरो र मेरो नाता सकियो ढोगभेट पनि रहेन म मरेपछि तेरो छोरा तँ सँगै रहने थियो त्यति पनि सम्झिनस् भन्दै दिदी रुँदै फर्किनु र फेरि कहिले पनि बहिनीलाई नभेट्नु जस्ता घटनाहरू यस देवाया जशाया रानीको लोककथाका कथानक हुन् ।

प्रस्तुत देवाया जशाया रानीको कथा एक सामाजिक लोककथा हो लमाईका हिसाबले छोटो रहेको यस कथामा थोरै पात्रको प्रयोग गरिएको तर विषयवस्तुलाई एकदम कसिलो बनाइएको छ । आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको कथानक रैखिक ढाँचामा प्रस्तुत भएको पाइन्छ । कथानकमा दुई दिदीबहिनी रहेको र उनकै दैनिकीमा आधारित घटनालाई विषयवस्तु बनाइएको छ ।

### (१) आदिभाग

यस कथामा दुई दिदीबहिनी बिहेपछि धेरै समय भेट नहुनु एकदिन जेठी दिदी बहिनीसँग भेट हुने आशले माइती आउँनु, माइतीमा धेरै प्रतिक्षा गर्दा पनि बहिनीसँग भेट नभएपछि फर्केर घर जानु र घरमा पनि बहिनीसँग भेट हुने आशमा बस्नु र गीत गाउँनु सम्मका घटनाहरू कथानकका आदि भागमा आएका छन् ।

### (२) मध्यभाग

माइतीमा बहिनीसँग भेट नभएपछि निरास भएर घर फर्किनु घर फर्किएर राती एक्लै गीत गाउँनु, उता बहिनीलाई पनि दिदी भेट्न नपाएर विरहमा एक्लै बसेको बेला अचानक दिदीले आएको गीत सुन्नु र आफूसँग भेट हुन कहिले कतै कहिले कतै जात्रामा भेटुला भन्नु, दिदीले त्यहाँ धेरै मान्छे भएर कुरा गर्न मिल्दैन भन्नु र अन्त्यमा खोलासँग बग्न छोड र हामी वारिपारी गर्छौं भनेर विन्ती बिसाउँदा त्यसै हुनु र रुखले पनि झुकेर वारपार गर्न सहयोग गर्नु जस्ता घटना यस कथाका मध्यभाग हुन् ।

### (३) अन्त्यभाग

कथामा अन्त्य भागको रूपमा दिदीबहिनीको भेट हुनु, भेटमा एक अर्काको सन्चो विसन्चो घर परिवार छोराछोरीको बारेमा सोध्नु, दिदीका सन्तान नहुँदा बहिनीका पाँच छोरामध्ये एक छोरा माग्नु बहिनीले धनम्पत्ति र अन्नपात दिउँला दिदी सन्तान कसरी दिउँ भन्ने जवाफ फर्काउनु, दिदीले मन दुःखाएर कहिल्यै नभेट्ने नाता सम्बन्ध नै सकियो भनेर हिड्नु जस्ता घटना कथानकको अन्त्य भाग हुन् ।

यसरी कथा आदि, मध्य र अन्त्यको ढाँचामा रैखिक रूपमा एकपछि अर्को घटनाक्रमबद्ध रूपमा अगाडि बढेको छ । कथानकमा कुतुहलतासिर्जना गर्ने शैलीमा घटनालाई विस्तार गरिएको रोचक र सन्देशमूलक भाव रहेको छ ।

### २.४.४.२ सहभागी

डोटेली सामाजिक लोककथा देवाया जशाया रानी एक दुःखान्त लोककथा हो । यस कथामा एकदमै कम पात्रको प्रयोग भएको छ । कथामा दुईजना मात्र मानव पात्रको प्रत्यक्ष उपस्थिति रहेको पाइन्छ । अन्य मानवेतर पात्र रहेका भएपनि उनीहरूको भूमिका भने प्रत्यक्ष देखिँदैन । त्यसैले यस शोधप्रबन्धमा दुई दिदी बहिनीको मात्र चित्रण गरिएको छ ।

**(१) देवाया रानी/दिदी**

देवाया जशाया रानीकी बातको प्रमुख पात्रको रूपमा देवाया अर्थात् दिदी रहेकी छ । यस कथामा देवाया रानी जशायाको दिदी निःसन्तान सधैँ सन्तानको अभावमा तड्पिएकी एक नारी पात्र हो । लोककथाको सुरु भागमा माइतीघर आएर बहिनीसँग भेट हुने आशा राखेर रुँदै घर फर्केकी बहिनीसँग एउटै मात्र आश राखेर सधैँ त्यसैको लागि निरास बनिरहने आफ्नो मनलाई सम्हाल्न नसक्ने स्थिर पात्र हो । यस कथामा आफ्नो सम्पत्ति खाने कोही नहुँदा बहिनीसँग छोरा मागेर उसैको नाममा सम्पत्ति गरिदिने सोच बनाएकी एक अनुकूल पात्र पनि देवाया दिदी देखापरेकी छ । लोककथाको सुरुमा देखापरेर अन्त्यसम्म उपस्थित भएकी अथवा उसैको घटनामा कथानक घुमेको हुनाले ऊ यस कथाकी बद्ध पात्र पनि हो । यस कथामा देवाया रानी एक व्यक्तिपात्रको रूपमा आएकी छ ।

**(२) जशाया/बहिनी**

सामाजिक लोककथा देवाया जशाया रानीको कथामा सहभागी अर्को पात्र जशाया अथवा देवाया रानीकी बहिनी पाँच छोराकी आमाको रूपमा देखापरेकी नारी पात्र हो । लोककथाको सुरुदेखि अन्त्यसम्म प्रत्यक्ष सहभागी देखिएको र उसकै वरिपरी कथानक घुमेकोले कथाकी बद्ध पात्र हुन् । यस कथामा आफ्नो मात्र खुसी हेर्ने दिदीले भेट्न आउँभन्दा कहिले कतै कहिले कतै भेट्न भन्ने दिदीले एक छोरा मलाइ देउ म पनि खुसी हुन्छु भन्दा धन सम्पत्ति अन्न सापट मागे दिन्छु, छोरा त दिँदैन भनेर दिदीको मन दुःखाउने प्रतिकुल पात्रको रूपमा यस कथामा देखापरेकी छन् । अरूको दुःख नबुझ्ने समय र परिस्थितिअनुसार आफ्नो व्यवहार परिवर्तन गर्ने एक गतिशील पात्र पनि रहेकी छ । देवाया जशाया रानी कथामा एक व्यक्ति पात्रको रूपमा देखापरेकी जशाया रानी अथवा बहिनी पनि रहेकी छन् ।

यसरी यस कथामा मुख्य पात्रको रूपमा दुईजना मात्र देखिए पनि कथालाई अगाडि बढाउन सहायक पात्रको रूपमा खोला, रुख, सौतेली आमा, छोराहरू आदि अदृश्य पात्र अथवा गौण पात्रको रूपमा देखिएका छन् । यस कथामा मुख्य पात्र अथवा प्रत्यक्ष उपस्थित पात्र नभएपनि कथानकलाई पूर्ण बनाउन र अगाडि बढाउन यिनीहरूको भूमिका महत्त्वपूर्ण रहेको छ ।

### २.४.४.३ परिवेश

डोटेली लोककथाहरूमध्ये देवाया जशाया रानी पनि एक सामाजिक लोककथाको रूपमा लिइन्छ । यो कथा डोटी जिल्लामा मौखिक परम्परामा रहिआएकोले यसको कालिक परिवेशको रूपमा डोटेली लोकजीवन नै रहेको छ । यस कथामा स्थानिक परिवेशको रूपमा देवाया जशाया रानीको माइतीघर, माइतीगाउँ, वनपाखा, देवाया रानीको घर गाउँ, जशाया रानीको घरगाउँ, देवाया जशाया रानीले भेट गरेको वन जङ्गल खोला नाला, कथामा भनिएका डडेल्धुरा जिल्लाको वणाल जात्रा, देइ (उग्रतारा) जात्रा, डोटीको केदार जात्रा, शैलेश्वरी जात्रा आदि ठाउँहरू अप्रत्यक्ष परिवेश हुन् । यस कथामा दिउँसो, बिहान, साँझ राती जस्ता समयहरू आएका छन् । कथामा सामान्य समयको रूपमा साँझ, बिहान, दिउँसो आएका छन् भने विशिष्ट समयको रूपमा मध्यराती देवाया रानीले उठेर गीत गाउँको समय र उनीहरूले खोलालाई बग्न रोकेर भेटेको समय आएको छ । कथामा सामान्य स्थानको रूपमा गाउँघर, वनपाखा, खोलानाला आएका छन् भने विशिष्ट स्थानको रूपमा पानीको बग्ने गति रोकेर र खोलाको बारी र पारीका बोटविरुवा एक अर्कोतिर निहुरेर ती दुईको भेट गराउने खोलो रहेको छ । यस्तै यस कथामा सुखद र दुःखद दुवै खालको वातावरणआएको छ । कथामा सुरुको र अन्त्यको वातावरणदुःखद देखिएको छ भने मध्य भागमा दुई दिदीबहिनीको भेट हुँदा सुखद वातावरण केही क्षणको लागि मात्र भएपनि अन्त्यमा दिदीले आशा निराशामा बदलिनु पर्दा र दुई दिदी बहिनीको सम्बन्ध सकिँदा दुःखद वातावरण सिर्जना हुँदा कथा दुःखान्त वन्न पुगेको छ । समग्रमा यस कथाको परिवेश डोटेली जनजीवन रहेको छ ।

### २.४.४.४ उद्देश्य

हरेक डोटेली लोकसाहित्यको केही न केही उद्देश्य रहेसँगै यस देवाया जशाया रानीको कथाले पनि विविध उद्देश्य बोकेको छ । यस लोककथाको मुख्य उद्देश्य नारीहरू सन्तानको लागि कति तड्पिन्छन् । आफ्नो सन्तान नभएपनि अरूसँग मागेर भएपनि खुसी हुन सक्छन् भन्ने देखाउनु रहेको छ । यस्तै यस कथामा दिदीबहिनीले एकअर्काप्रति गरेको आश कस्तोसम्म रहेको हुन्छ । त्यो प्रस्ट पार्न र आफ्ना दिदीबहिनी पनि पराइघर गएपछि फरक हुने कुरा देखाउनु पनि यस लोककथाको अर्को उद्देश्य हो । यस लोककथामा समाजमा रहेको यथार्थता देखाउनु, आफ्ना सन्तानलाई आमाबुवाले कति माया गर्छन् भन्ने दर्शाउनु साँझपखको समयमा रमाइलो गर्दै समय विताउनु, एक अर्कामा भेटघाट गर्नुपनि यस लोककथाको उद्देश्य हो ।

### २.४.४.५ भाषाशैली

प्रस्तुत देवाया जशाया रानीको कथा डोटेली लोककथाहरूमध्ये सामाजिक लोककथा भएकाले यस कथामा प्रयोग भएको भाषा डोटेली रहेको छ । कथामा डोटीका सर्वसाधारण

ग्रामीण परिवेशका मानिसले आफ्नो दैनिक व्यवहारमा प्रयोग गर्ने सरल, भाषाको प्रयोग गरेका छन् । कथामा डोटेली स्थानिय भाषाका 'उइलै', 'भउत', 'दुरदुर', 'पयल', 'वैनीसु', 'भिट', 'माग्देइथे', 'कारेहोली', 'देइजाँत', 'लोगाली', 'कसेरी', 'कुरणीकानी', 'कित', 'उनि', 'उवि', 'रैजाउँ', आशाराले, 'पैलारे', 'वाचिरइ', 'पुत', 'मलइ', 'पैचो', 'मुन्टाइनी', 'तुइलेइन ढोकाभिट' जस्ता छोटा मिठा रमाइला डोटेली भाषाका ठेट शब्दको प्रयोगले कथा बढी रोचक बोधगम्य बनेको छ । यस कथाको शैली क्रमिक वर्णनात्मक रहेको छ । कथामा दिदी बहिनीको भेट भएर कुराकानी हुँदा संवादात्मक शैली पनि आएको छ भने दिदी बहिनी एक्ला एक्लै भेट कसरी गर्ने भन्ने सन्दर्भमा गीतात्मक शैली प्रयोग भएको छ । यस कथामा डोटेली कथा भन्दा एकादेशमा बाट सुरु भएर सुन्नेलाई सुनको मालामा ..... टुङ्गिएको स्थानिय लोकशैली शैलीको प्रयोग भएको छ । कथामा ग्रामीण अनौपचारिक भाषाको प्रयोग भएको पाइन्छ ।

### २.४.५ प्याउली फूलकी बातको विश्लेषण

प्रस्तुत प्याउली फूलकी बात डोटेली लोककथामध्येको एक रोचक र मर्मस्पर्शी सामाजिक कथा हो । यस शोधप्रबन्धका लागि डोटी जिल्लाका विभिन्न ठाउँमा गएर लोककथा सङ्कलन गर्ने क्रममा सङ्कलित एक कथा प्याउली फूलको कथा पनि गरिएको हो । प्रस्तुत शोाधपत्रमा यस कथालाई विधातात्त्विक आधारमा अध्ययन गरिएको छ ।

#### २.४.५.१ कथानक

कुनै एक गाउँमा टुहुरा तीन दिदी भाइ वस्नु, उनीहरूको एक बहिनी र दुई भाई हुनु, तिनीहरू साह्रै गरिब हुनु, साँझ बिहान खान पनि धौ धौ पुग्ने हुनु, एकदिन गाउँमा एक जना मानिसको मृत्यु हुनु, दुई दाजुभाइ मलामी जानु, उनीहरूलार्य मासु खान मन लाग्नु घरमा मासु किन्ने पैसा नहुनु, मलामी जाँदा जलाएर बाँकी रहेको मानिसलााई निकालेर मासु बनाई घर लिएर आउँनु मासु पकाएर खानु, अर्को दिन फेरि मासु खान मन लाग्नु, दुवै दाजुभाइले सल्लाह गर्नु र बहिनीलाई मारेर त्यसैको मासु खाने विचार गरेर घर नजिकैको तलाउमा लगेर मार्ने योजना बनाउँनु, बहिनीलाई एक तलाउमा प्याउलीको फूल फुलेको छ त्यो टिपेर ल्याउन आग्रह गर्नु र तलाउमा पठाउनु, बैनीले यहाँ त प्याउली फूल छैन भन्दा तलतल जाउँ अनि पाइन्छ भन्नु, दाजुले भने बमोजिम बहिनी पनि तलाउको तलतल जानु त्यसैमा डुबेर मर्नु, बहिनी निकाल्न जाँदा दाजु पनि त्यसै तलाउमा डुबेर मर्नु आदि यस लोककथाको कथानक हो ।

प्रस्तुत प्याउली फूलको लोककथाको कथानक रैखिक ढाँचामा यसको कथानक वास्तविकतामा कम र कल्पनामा बढी घुमेको छ । प्रस्तुत कथामा असम्भव कुरालाई पनि सम्भव जस्तै गरेर देखाइएको छ । यो लोककथाको कथानक रचनात्मक रूपमा आदि मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको छ । प्याउली फूलको लोककथाको कथानक वास्तविक

भन्दा पनि अवास्तविक जस्तो कल्पना बढी गरिएको विषयवस्तुसँग सम्बन्धित छ । यस लोककथामा कल्पना पक्षलाई बढी महत्त्व दिएर रचना गरिएको छ । यस लोककथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको देखिन्छ ।

(१) **आदिभाग**

कथामा सहभागी दुई भाइ गाउँमा एक जना मानिसको मृत्यु हुँदा मलामी बनेर घाटसम्म पुग्नु, गरिब भएका कारण घरमा मासु खान नपाएकोले मासु खाने अत्यधिक मन लागेर लासको दाहसंस्कार गरिसकेपछि दुवै भाइ पछि बसेर बाँकी रहेको लासबाट मासु निकालेर घर ल्याउनु कथानकको आदि भागमा आएको देखिन्छ भने घरमा आएर बहिनीलाई मासु पकाउन लगाएर खानु पनि कथानकको आदि भाग नै भन्नुपर्छ ।

(२) **मध्यभाग**

यसरी कथानकमा ती दाजुभाइलाई मान्छेको मासु खाएको केही दिनपछि फेरी मासु खान मन लाग्नु त्यसैमा पनि मान्छेको मासु मिठो मान्नु र केही उपाय नलागेपछि मान्छेको मासु खान आफ्नै बहिनीलाई मार्ने योजना बनाउँनु र बहिनीलाई घरभन्दा टाढाको एक ठूलो तलाउमा प्याउलीको फूल फुलेको छ त्यो टिपेर ल्याउ र हामी तेरो शिरमा लगाइदिउँला भनेर झुक्याएर त्यो ठूलो तलाउ भएको ठाउँसम्म पुऱ्याउनु कथानकको मध्य भागमा आएका घटनाहरू हुन् ।

(३) **अन्त्यभाग**

यस्तै बहिनी दाजुको भनेको मानेर ठूलो तलाउसम्म जानु फूल खोज्न तलाउ भित्र गएर नपाएपछि दाजु यहाँ त फूल छैन् भन्दा दाजुहरूले अझै तल जाउँ पाइन्छ, अझै तल जाउँ पाइन्छ भन्दा भन्दै तलाउ मै डुबेर बहिनी मर्नु र बहिनीलाई निकाल्न जाँदा दुवै दाजुहरू पनि त्यसै तलाउमा डुबेर मर्नु कथानकको अन्त्य भागमा आएका घटना हुन् ।

यसरी एकपछि अर्को घटना उनिएर आएकाले यो लोककथाको कथानक रैखिक रूपमा अगाडि बढेको पाइन्छ ।

### २.४.५.२ सहभागी

प्रस्तुत लोककथा प्याउली फूल डोटेली लोककथाहरूमध्येको एक प्रसिद्ध लोककथा हो । यस कथामा थोरै सहभागी भए पनि कथा पूर्ण र रोचक सन्देशमूलक बनेको छ । यस कथामा मुख्य गरेर तीनजना पात्रको मात्र प्रत्यक्ष सहभागिता रहेको र प्रमुख पात्रको रूपमा दुई दाजुभाइ रहेकाछन् । उनीहरू कथामा समयसँगै आफ्नो व्यवहार परिवर्तन गर्न सक्ने गतिशील र प्रतिकूल पात्र र बद्ध पात्रको रूपमा रहेका छन् भने यस लोककथाकी अर्की पात्र अनुकूल, बद्ध र स्थिर पात्रको रूपमा देखापरेकी छ ।

(१) **दाजुहरू**

प्रस्तुत प्याउली फूलको कथामा रहेका थोरै मात्र मानव पात्रहरू मध्येको दाजुहरू प्रमुख पात्रको रूपमा रहेका छन् । यस कथामा एउटी बहिनीको अभिभावक दाजु र नेपाली हिन्दु परम्परामा केटा मान्छे मात्र अन्तिम संस्कार मलामीमा सहभागी हुनेबाट उनीहरू कथामा पुरुष सहभागीको रूपमा रहेका छन् । आफ्नो आवश्यकता र इच्छा, चाहना मेटाउनको लागि मरेको लासलााई समेत नछोड्ने त्यस्तै घरमा भएकी एउटी बहिनीलाई मार्नसम्म पछि नपर्ने एक प्रतिकूल पात्रको रूपमा देखापरेका छन् । कथामा उपस्थित दाजुभाइ समयअनुसार आफ्नो व्यवहार परिवर्तन गर्न सक्ने एक गतिशील पात्र पनि हो भन्न सकिन्छ । यस्तै लोककथाको आदि भागबाट अन्त्य भागसम्मको कथानक यी दाजुभाइकै चरित्र र क्रियाकलापमा घुमेको हुँदा यस कथामा यिनीहरू बद्ध पात्रको रूपमा पनि देखिन्छन् । कुनै वर्ग विशेषको प्रतिनिधित्व नगरेकाले यिनीहरू व्यक्तिपात्रको रूपमा कथामा प्रस्तुत भएका देखिन्छन् ।

(२) **बहिनी**

डोटेली लोककथाहरूमध्ये सामाजिक लोककथाहरूमा प्याउली फूलको लोककथा पनि एक हो । यस लोककथामा कम पात्रको प्रयोग भएको भएपनि कथा एकदमै चोटिलो र मार्मिक रहेको छ । यस कथामा प्रत्यक्ष सहभागी तीन जना मात्र रहेका छन् । यिनै पात्रहरूमध्ये लोककथाको आदि भागदेखि नै देखापरेकी दुई दाजुभाइकी बहिनी एक नारी पात्र हो । यस कथामा दाजुको मन दुःखाउन नसक्ने दाजुको भनेको जस्तो सुकै कुरालाई पनि सजिलै स्वीकार्ने अनुकूल पात्रको रूपमा देखापरेकी छ । समय र परिस्थितिअनुसार आफ्नो व्यवहार परिवर्तन गर्न नसक्ने दाइहरूले तलाउमा प्याउलीको फूल फुलेको छ लिएर आउँ भन्दा के ? कस्तो ? कुनै प्रश्न नगरी दाजुहरूको आज्ञा पालन गर्ने एक स्थिर पात्रको रूपमा देखापरेकी छ । लोककथामा कथानकको आदि भागदेखि अन्त्य भागसम्म देखापरेकी र यस लोककथाको कथानक यसैको घटनासँग सम्बन्धित भएकाले कथामा बहिनी पनि एक बद्ध सहभागीको रूपमा देखापरेकी छ । यस कथामा बहिनी अथवा प्याउली फूल टिप्न जाने नारी एक व्यक्ति पात्र हो ।

यस्तै यस कथामा प्रत्यक्ष सहभागीको रूपमा तीन जना दाजुबहिनी मात्रै भएपनि अप्रत्यक्ष अथवा गौण पात्रको रूपमा अन्य व्यक्तिहरू पनि आएका छन् । कथामा गाउँलेहरू, मलामीहरू आदि, गौण पात्रको रूपमा रहेका छन् । यसरी थोरै पात्रको कुशल संयोजनबाट कथा पूर्ण बनेको देखिन्छ ।

### २.४.५.३ परिवेश

डोटेली लोककथाहरूमा प्याउली फूलको कथा एक सामाजिक लोककथा हो । यस कथामा डोटेली जीवनको यथार्थता अर्थात् कुनै पनि ग्रामीण परिवेशको वास्तविकता

झल्किएको पाइन्छ । कथामा डोटेली स्थानीय भाषाका रमाइला छोटा र मौलिक शब्दहरूको प्रयोगले अझ बढी मिठासता थपेको छ । यस कथामा स्थानीय परिवेशको रूपमा दाजुभाइ बसेको घर गाउँ, छरछिमेक, मलामी गएको मसानघाट, बाटोघाटो, वनजङ्गल, बहिनी डुवाउन लगेको तलाउ आदि रहेका छन् । यस कथामा बिहान, दिउँसो र साँझको समयको प्रयोग भएको छ । साँझ, बिहान, दिउँसोको समय सामान्य समयको रूपमा आएको छ भने बहिनीलाई तलाउमा प्याउली फूल फुलेको छ टिप्न जाउँ भनेर लगेको मध्य दिनको समय चाहिँ विशिष्ट समयको रूपमा आएको छ । यस कथामा वन जङ्गल, खोलानाला, गाउँघर, बाटोघाटो सामान्य स्थानको रूपमा आएका छन् भने बहिनीलाई डुवाइएको तलाउ र दाजुभाइ मलामी गएको मसानघाट चाहिँ विशिष्ट स्थानको रूपमा आएका छन् । यो कथामा सुखद वातावरणखासै कतै देखिँदैन । जतिबेला पनि दु:ख, कष्ट, पीडा, अभाव मात्र देखिएकोले यो कथाको आदि, मध्य र अन्त्य भागका सबै घटना दु:खद बातावरणमा सिर्जना भएकाले यो कथाको वातावरणदु:खद हो भन्न सकिन्छ ।

### २.४.५.४ उद्देश्य

प्रस्तुत प्याउली फूलको लोककथा डोटेली समुदायमा प्रचलित लोककथा हो । कुनै पनि कुरा निर्माण गर्दा त्यसको केही न केही उद्देश्य राखिएको हुन्छ । यस्तै डोटेली समुदायमा प्रचलनमा आएका लोककथाहरू पनि केही उद्देश्यले कथिदै आएका हुन्छन् । यस लोककथाको मुख्य उद्देश्य समाजमा घटेका घटना देखाउनु, समाजमा रहेको अभावलाई दर्शाउनु समाजमा मानिसहरू अभाव, भोक र आफ्ना इच्छा चाहनालाई पूर्ति गर्नको लागि कसैको ज्यान लिन पनि पछि पर्दैनन् भन्ने कुरा दर्शाउनु यस लोककथाको उद्देश्य रहेको छ । यस्तै यस कथाले पुरुष जाति कति कठोर हृदयका हुन्छन् र महिलाहरू पुरुष अथवा आफ्ना दाजुभाइलाई कसरी आँखा चिम्लेर विश्वास गर्छन् भन्ने कुरा पनि बहिनीलाई भाइहरूले गरेको व्यवहारबाट देखाउन खोजेको छ । यस्तै यस कथामा ग्रामीण समुदायमा गरिब जनता त्यसैमाथि टुहुरा भाइबहिनीहरू समाजमा कस्तो दृष्टिले हेरिदारैछन् र उनीहरूले आफ्ना आवश्यकतालाई कति हदसम्म दवाएर राख्न सक्ने रहेछन् भन्ने देखाउनु पनि लोककथाको उद्देश्य हो । यस्तै मानिसले आफ्नो क्षणिक सन्तुष्टिको लागि तुरुन्तै निर्णय लिन हुँदैन । धेरै सोचविचार पछि लिएको निर्णय राम्रो हुन्छ भन्ने नैतिक सन्देश दिने उद्देश्य पनि कथाले राखेको पाइन्छ । यस लोककथाको मुख्य उद्देश्य भनेको डोटेली समुदायका व्यक्तिको साँझपखको समयलाई सदुपयोग गर्दै एक अर्कासँगको भेटघाट, थकाइ मार्न र मनोरञ्जन दिनु र लिनु रहेको छ ।

### २.४.५.५ भाषाशैली

प्रस्तुत प्याउली फूलको कथा डोटेली समुदायमा प्रचलित एक सामाजिक दु:खान्त कथा हो । यो डोटेली समुदायमा बढी प्रचलित भएकाले यसको भाषा डोटेली रहेको हो । डोटेली समुदायमा सामान्य व्यवहार सञ्चालन गर्न र आफ्नो घर परिवार छरछिमेकमा

प्रयोग गरिने ग्रामीण भाषाका छोटा, सरल र रोचक शब्दहरूको अत्यधिक प्रयोग गरिएको पाइन्छ । यस कथामा डोटेली भाषाका ठेट शब्दहरू 'तिनरा', 'मुलेमुली', 'नानाछन्ज्या', 'विचाराखी', 'लाउनाखानाइ', 'मुलाइ', 'खाता', 'नजाणाइवर', 'धो हुन्ज्या', 'सोत्तलाग्यो', 'अर्खाले', 'पारे वा', 'लाल्ली', 'उदीउदी', 'पैपाली', 'उइहैलै', 'पिणरा', 'घुणा', 'जाङणा', 'कण्ड', 'नैपाए', 'लादा', 'नाउटा', 'भाटा', 'नर', 'चिउडी', 'चन्नी', 'मुन्टो', 'वैना', 'डुविबर', 'ताइनाइ' जस्ता रोचक र मौलिक शब्दहरूको प्रयोगले कथा रोचक बनेको छ । यस कथामा वर्णनात्मक शैली अपनाइए पनि गीतात्मक शैली पनि त्यत्तिकै रहेको पाइन्छ । दाजुभाइको मलामीबाट फर्किंदा भएको कुराकानीमा र बहिनीलाई मार्ने योजना बनाउँदा संवादात्मक शैलीको प्रयोग भएको छ भने बहिनी प्याउलीको फूल टिप्न तलाउमा गइसकेपछि आफ्ना दाइलाई यहाँ प्याउली फूल छैन दाइ भनेर भन्दा गीतात्मक शैलीको प्रयोग भएको छ । ग्रामीण लोकशैली एकादेशबाट सुरु भएर सुन्नेलाई सुनको माला .... जस्तो मौलिक शैलीको प्रयोग पनि यस कथामा पाइन्छ । समग्रमा भन्नुपर्दा डोटेली भाषा र त्यहाँको मौलिक लोकशैलीको प्रयोग यस कथामा गरिएको पाइन्छ ।

### २.४.६ भट्टेमुलेकी बातको विश्लेषण

प्रस्तुत भट्टेमुलेकी बात डोटेली लोककथाहरूएक रोचक र मर्मस्पर्शी सामाजिक कथा हो । यस शोधप्रबन्धका लागि डोटी जिल्लाका विभिन्न ठाउँमा गएर लोककथा सङ्कलनगर्ने क्रममा सङ्कलितएक कथा भट्टेमुलेको कथा पनि रहेको छ । प्रस्तुत शोाधपत्रमा यस कथालाई कथाका विधातात्त्विक आधारमा अध्ययन गरिएको छ

### २.४.६.१ कथानक

धेरै पहिले एक गाउँमा एक जोडी बुढाबुढी र उसको एक छोरा हुनु, छोरा दिनदिनै बाख्रा चराउन जङ्गल जानु, जङ्गलमा एक ठूलो दाउराको थुप्रोमा बसेर लगेको खाजा खानु एक दिन भटमास खाइरहेको बेला एक दाना भटमास खस्नु, त्यो भट्टेमुलेले भटमास सकेजति प्रयास गरेर खोज्नु, नपाएपछि त्यति ठूलो दाउराको थुप्रोमा आगो लगाउँनु, त्यो दाउरा जलेर डाँडामा आगो लाग्दा डाँडामा चरिरहेका सबै बाख्रा पनि सखाप हुनु, अनि त्यो केटो घर जानु घर गएपछि बुवा दाम्लो बाटिरहेको बेला मनमनै बुवा दाम्लो बाट्‌दै छन् मलाई अचम्म लाग्दैछ भन्नु, साँझपख आमाले बाख्रा अहिलेसम्म किन आउँनुन् भनेर भन्दा बढी चरेर उठ्न नसक्ने भएर जङ्गलमै सुतिराछन् भन्नु, बाख्रा मरिसकेपछि घरमा लगेर काटकुट पारेर मासु बनाउँनु, गाउँलेलाई मासु लिन आउँ भन्न पठाउँदा मेरो घरमा कोही नआउँनु भनेर आउँनु, फेरि उसको आमा आफै गाउँले बोलाउन गएर मासु दिएर पठाउनु, फेरि अर्को दिन त्यो केटोलाई मासु खान मन लाग्नु र उसले घरमा आमा नभएको मौका पारेर बुवालाई काटेर मासु बनाइराख्नु, साँझ आमा घरमा पुग्दा घरमा मान्छेको भिडसँगै आफ्नो लोग्ने मारेको देखेर आमा पनि आत्महत्या गरेर मर्नु ।

यसरी भट्टेमुलेको कथामा कथानक छोटो भएपनि घटनाक्रम निकै रोचक र मार्मिक रहेको छ । यो कथा रचनात्मक ढङ्गले आदि, मध्ये र अन्त्यको ढाँचामा अगाडि बढेको छ ।

(१) **आदिभाग**

यस कथामा भट्टेमुले बाख्रा चराउन जङ्गल जानु र त्यहाँ खाजाको रूपमा लगेको भट्टमासको एक दाना खस्दा सबै दाउराको थुप्रोमा नै आगो लगाउँनु जस्ता घटना कथानकको आदि भाग हुन् । यसमा भट्टेमुलेको एक दाना भट्टमासको लागि बाख्राको सम्पूर्ण वथान नै नष्ट पारिएको छ ।

(२) **मध्यभाग**

दाउराको थुप्रोबाट सुरुभएको आगोले बाख्रा जलेर नष्ट भएपछि त्यो केटो घरमा गई आफ्ना बुवालाई बाख्राको दाम्लो बाटिरहेको देखेर छक्क पर्नुबाट लोककथाको मध्य भाग सुरु भएको छ । कथामा बुवा दाम्लो बाट्दै हुनुहुन्छ, मलाई अचम्म लाग्दैछ भन्नु, आमाले बाख्रा खै भनेर सोध्दा दिनभरि राम्रो र धेरै घाँस चरेर अघाएर डाँडामै पल्टिएका छन्, उग्र्याउँदै छन् भन्नु आफू घर आएर आनन्दले वस्नु जस्ता घटना पनि यस लोककथाको मध्य भागमा नै घटेका छन् ।

जलेर मरिसकेका बाख्रा घर ल्याएर गाउँलेलाई मासु खान बोलाउन पठाउँदा हाम्रो घरमा कोही नआउँनु भनेर आउँनु र पछि आमा आफै गएर गाउँले बोलाएर मासु लैजान लगाउँनु पनि कथानकको मध्य भाग नै हो ।

(३) **अन्त्यभाग**

यस्तै कथानकमा अन्त्य भागको घटनाको रूपमा एकदिन आफ्नै बुवालाई काटेर मासु बनाउँनु र गाउँलेलाई मेरो घरमा बुवा काटेका छौ मासुखान आउँनु भनेर बोलाउनु कथानकको अन्त्य भाग हो । त्यस्तै आफ्नो छोराले आफ्नै लोग्ने मारेर मासु खान बोलाएको थाहा पाउँदा आमाले पनि त्यतिबेला नै आत्महत्या गर्नु कथानकको अन्त्य भाग हो । यस सँगै कथानकको अन्त्य दुःखान्त भएको छ ।

यस कथाका कतिपय घटना वास्तविक जस्ता पनि छन् भने कतिपय कुराहरू कल्पना गर्न नसकिने असम्भव पनि रहेका छन् । वास्तविक भन्दा पनि विश्बासगर्न नसकिने असम्भव कुराहरू बढिरहेको यस लोककथाको कथानक कौतुहल उत्पन्न गर्ने खालको रहेको छ ।

### २.४.६.२ सहभागी

डोटेली लोककथाहरूलोककथा भट्टेमुलेमा मानव पात्रको प्रयोग मात्र बढी गरिएको छ । यस कथामा मुख्य पात्रको रूपमा भट्टेमुले र सहायक पात्रको रूपमा उसका बुवा आमा रहेका छन् । यस्तै गौण पात्रको रूपमा छरछिमेकीहरू रहेका छन् । यस लोककथाको भट्टेमुले

प्रतिकूल र स्थिर पात्र हो । ऊ एक बद्ध र व्यक्ति पात्र हो । यस कथामा देखिएका आमा बुवा अनुकूल र स्थिर पात्र हुन् । उनीहरू यस कथामा मुक्त पात्रको रूपमा देखिएका छन् भने उनीहरू ग्रामीण समुदायको प्रतिनिधित्व गर्ने वर्गीय पात्रहरू हुन् ।

(१) **भट्टेमुले**

यस लोककथाको मुख्य पात्र भट्टेमुले हो । डोटेली समाजमा चलिरहेका यस्तै यस्तै नामहरूमध्ये भट्ट खाजा बोकेर, गाइबाखा चराउन जाने भएकाले त्यसको नाम नै भट्टेमुले राखिएको हुन सक्छ । यस लोककथाको नायकको रूपमा देखिएको पात्र हो । भट्टेमुले सुरुदेखि लोककथाको अनत्यसम्म पनि आफूले जानेको काम मात्र गर्ने अरूले भनेको नसुन्ने समय र परिस्थितिअनुसार चल्न नसक्ने एक स्थिर पात्र हो । कथामा देखिए अनुरूप उसले अरूलाई भलो र राम्रो हुने कुनै पनि काम गरेको छैन । जहिले पनि आमा बुवालाई दु:ख र पीडा हुने काममात्र गरेकोले ऊ यस कथामा प्रतिकूल पात्रको रूपमा देखिन्छ । यस लोककथाको सुरुदेखि अन्त्यसम्मका हरेक घटनासँग सम्बन्धित देखिएकोले ऊ यस कथामा बद्ध पात्रको रूपमा देखिएको छ । यस कथामा ऊ कुनै वर्ग विशेषको प्रतिनिधित्व गर्ने पात्र नभएर व्यक्ति पात्रको रूपमा रहेको छ ।

(२) **आमाबुवा**

यस भट्टेमुले कथामा थोरै पात्रहरू उपस्थित छन् । यी पात्रहरूमा मानव पात्र मात्र देखिन्छन् । मानवेतरपात्र देखिँदैन । यिनै मानव पात्र हरूमा कथालाई अगाडि बढाउन सहयोग गर्ने पात्रहरूमध्येका भट्टेमुलेका आमाबुवा पनि कथामा सहायक पात्रको रूपमा देखापरेका छन् । यिनीहरू ग्रामीण परिवेशका सोझासाझा र अनपढ गाइवस्तु पालेर जीवन चलाउने वर्गीय पात्रको रूपमा देखापर्दछन् । समय र परिस्थितिअनुसार आफ्नो जीवन चलाउन प्रयत्न गर्ने गतिशील पात्रको रूपमा पनि यिनीहरूलाई लिन सकिन्छ । कथामा प्राय: घटनाहरूमा सुरुदेखि अन्त्यसम्म थोरै भएपनि भूमिका निर्वाह गरेका हुनाले यिनीहरू बद्ध पात्रको रूपमा रहेका छन् ।

(३) **अन्य पात्रहरू**

यस कथामा गौण पात्रको रूपमा पनि मानव पात्र नै रहेका छन् । कथानकलाई अगाडि बढाउन अप्रत्यक्ष रूपमा सहयोग गर्ने भट्टेमुलेका छिमेकी/गाउँलेहरू यस कथाका गौण पात्र हुन् । उनीहरू कथामा अनुकूल, स्थिर र मुक्त पात्रको रूपमा देखापरेका छन् । यसरी यस भट्टेमुलेको कथामा थोरै पात्र तर मानव पात्रको मात्र उपस्थिति देखिन्छ ।

### २.४.६.३ परिवेश

डोटेली लोककथाको विधातात्त्विक अध्ययन शीर्षकको शोधप्रबन्धको लागि डोटी जिल्लाको विभिन्न ठाउँमा गएर लोककथाहरू सङ्कलन गर्ने क्रममा शिखर नगरपालिकाबाट

सङ्कलित भट्टेमुलेको बातमा स्थानिक परिवेशको रूपमा भट्टेमुलेको गाउँघर, छरछिमेक, गोठ, भट्टेमुलेले दिनहुँ बाख्रा चराउन लैजाने वनजङ्गल, बाटोघाटो, मसानघाट आदि रहेका छन् । यस कथामा सामान्य स्थानको रूपमा वनजङ्गल, बाटोघाटो गाउँघर आएका छन् भने विशिष्ट स्थानको रूपमा मसानघाट भट्टेमुले बसेर खाजा खाने ठूलो दाउराको थुप्रो रहेका छन् । यस कथामा बिहान दिउँसो, राती, साँझ जस्ता सामान्य समयको प्रयोग भएको छ भने, मध्यदिन भट्टेमुलेले खाजा खाँदाको समय विशिष्ट समयको रूपमा आएको छ । कथाको आदि भाग सुखसँगै अगाडि बढेको मध्य भागमा पनि सुख अलिकति रहेको भएपनि कथाको अन्त्य भागमा दुःख प्रकट भएकोले यो दुःखान्त कथा हो । यस कथामा सुखद र दुःखद दुवै वातावरणसिर्जना भएको पाइन्छ ।

### २.४.६.४ उद्देश्य

प्रस्तुत भट्टेमुलेको लोककथाको उद्देश्य पनि अन्य डोटेली लोककथाहरूको जस्तै कुतुहलता प्रदान गर्नु मनोरञ्जन प्राप्त गर्नु, वच्चाले देखेको र सुनेको कुरा सत्य ठान्छ र गरिछाड्छ भन्ने कुरा देखाउनु बच्चाको अगाडि हत्या हिंसा र काटमार गर्नु हुँदैन भन्ने सन्देश पनि यस कथाले दिन्छ । भट्टेमुले बाख्रा चराउन सदाझैं भटमासको खाजा बोकेर जानु, बाख्रा जङ्गलमा छोडेर दाउराको थुप्रोमा बसेर भट्टमास खान थाल्नु, एक दानो खस्नु र त्यो खोज्नको लागि ठूलो दाउराको थुप्रोमा आगो लगाउँनु जस्ता घटनाहरू कौतुहल जगाउँने खालका घटना हुन् । ग्रामीण समाजमा अनपढ मान्छेको आफ्नो फरकै सुर हुन्छ । उनीहरू आफ्नो मनमा लागेको कुरा गर्छन् । यो गलत यो सही भनेर छुट्याउन सक्ने शक्ति कमजोर हुन्छ जे देख्यो त्यो गरिहाल्छन्, यसको परिणाम के हुने हो भन्ने चेतनाको कमी हुन्छ भन्ने सन्देशात्मक उद्देश्य यस लोककथाको रहेको छ । अन्य मनोरञ्जन दिने र साँझपख बसिबियालो गर्ने उद्देश्यले पनि यो कथा रचना भएको हो ।

### २.४.६.५ भाषाशैली

डोटी जिल्लाबाट सङ्कलित भट्टेमुलेकी बातमा डोटेली लोकजीवनमा दैनिक प्रयोगमा आउँनु सामान्य बोलीचालीमा प्रयोग गर्ने डोटेली भाषाका 'दरुङोकी खात', 'बाखरा', 'कुटुरो', 'भट्ट', 'गेणो', 'निको', 'गल्याउँ', 'बाट्टाऱ्या', 'वाद्दरैछन्', 'ओगार', 'भुटिकुटी', 'जर्म्या', 'खन्टा', 'उतना', 'भ्या', 'खाल्ला', 'दोसऱ्या', 'सक्किग्यो', 'पाणिवर', 'उपद्दर', 'उसैतक', 'इजा', 'आइवर हेद्दथी', 'वैकान' जस्ता ठेट शब्दको प्रयोगले कथा वढी श्रुतिमधुर र स्थानिक सम्पूर्ण स्तरका व्यक्तिहरूका लागि बोधगम्य बनेको छ । यस कथामा विशेषतः वर्णनात्मक शैलकिो प्रयोग गरिएको भएपछि आमाछोरा, आमा र गाउँले बिच भएको कुराकानीको सन्दर्भमा दोहोरो संवादात्मक शैलीको पनि प्रयोग भएको पाइन्छ । कथामा दैनिक व्यवहारमा आफ्नो घर परिवारका व्यक्तिसँग गरिने र बोलिने जस्तै औपचारिक भाषाको प्रयोग भएको छ । कथाको कथनशैली एकादेशमा बाट सुरु भएर सुन्नेलाई सुनको माला जस्तो मौलिक शैलीको प्रयोग भएको छ ।

## २.४.७ लाटा मुलेकी बातको विश्लेषण

डोटी जिल्लाको विभिन्न ठाउँमा सङ्कलन गरिएका डोटेली समुदायका मानिसहरूले विभिन्न उद्देश्य राखेर फुर्सदको समय अर्थात् दिन भरिको काम सकेपछि साँझपखको समयमा कुनै एक स्थानमा बसेर आफूले जानेका लोककथाहरूलाई यहाँ लिखित भाषामा उतारिएका छन् । तिनै कथाहरूमध्येका लाटा मुलेकी बात पनि एक हो यसलाई निम्नलिखित कथाका तत्त्वका आधारमा अध्ययन गरिएको छ । कथानक, सहभागी, परिवेश उद्देश्य भाषाशैली आदि ।

### २.४.७ १ कथानक

धेरै पहिले एक गाउँमा दुई बुढाबुढी र उनीहरूका दुई छोरा हुनु, छोराहरूमध्ये एक राम्रो र एक अलि कमजोर (लाटो) हुनु जेठा छोराको बिहे गरेर पैशा कमाउन परदेश जानु, एकदिन बौजु, बोलाउन भनेर लाटो, डालो भरि सेल कोसेली बोकेर दाइको ससुराली जानु, बाटोमा आफ्नै छायालाई नचिनेर कोइ मान्छे सेल माग्दैछ भन्ने ठानेर आफूले बोकेको सबै सेल त्यो बोकेको भाँडो र अन्त्यमा आफूले लगाएका लुगा समेत छायासँगै फाल्दै जानु, दाइको ससुराली पुगेपछि त्यहाँ एक प्रकारको रोटी खानु, घर आएर आमालाई पनि त्यस्तै रोटी पकाउन जिद्दी गर्नु, सके जति घरमा पनि पकाएर खुवाउनु, एकदिन घरमा भएको सामग्री सकेपछि पनि पकाउन भनेर जिद्दी गर्नु, त्यसपछि आफ्नी भाउजु लाई काटेर घरको भान्छा माथि झुन्ड्याउनु, गाउँमा गएर मेरो घरमा कोही नआउँनु भनेर गाली गरेर आउँनु, एक्लै गएर भाउजु घाटसम्म पुर्‍याउनु, फेरि त्यहाँबाट पनि भाउजु काटेर, मासु बनाएर लास फाल्न लगेकै डोकोमा बोकेर घर ल्याउनु र गाउँमा गएर मेरो घरमा भाउजुको मासु खान आउँनु भनेर छरछिमेकलाई बोलाउनु जस्ता घटनाहरू यस कथामा कथानकको रूपमा आएका छन् । यस लाटा मुलेकी बातको कथानक रचनात्मक रूपमा अगाडि बढेको छ । यस कथामा आदि मध्ये र अन्त्यको शृङ्खला मिलेको पाइन्छ ।

#### (१) आदिभाग

एउटा लाटो व्यक्ति आफ्नी भाउजु लिन दाइको ससुराली जानु र बाटोमा घामसँगै देखिएको आफ्नो छायालाई कोही मसँग आफूले लगेको सेल माग्दैछ भनेर बाटोभरि सेल र अन्य आफूसँग भएका सामग्री बाढ्दै दाइको ससुराली पुग्नुलाई लोककथाको आदि भाग मान्न सकिन्छ । यस कथामा भाउजु माइती घरमा खाएको खाने कुरा मिठो लाग्नु र घरमा आएर आफ्नी आमालाई पनि त्यस्तै खानेकुरा पकाउन जिद्दी गर्नु पनि लोककथाको आदि भागमा नै आउँछन् ।

#### (२) मध्यभाग

लाटोले घरमा आएर भाउजुसँग तपााईको माइतीमा पकाएको जस्तै खानेकुरा पकाउनु भनेर भाउजुसँग भन्दा रिसाएर भाउजुले अब नभएको कुरा काँबाट ल्याएर पकाउनु

मलाइ नै काटेर खानु भन्दा लाटो केटाले साच्चिकै आफ्नै भाउजु काटेर खाना पकाउने भान्छाको माथि झुण्ड्याउनु र गाउँलेसँग हामीले आफ्नो भाउजु मासु खानको लागि काटेको कोही नआउँनु भनेर भन्न जानु सम्मका घटनालाई लोककथाको मध्य भागमा राखिएको हो ।

(३) **अन्त्यभाग**

यस्तै घरमा लास उठाउने मान्छे कोही नआउँनु र लाटो केटोलाई एक्लै मसानघाट पठाएर भाउजु दाहसंस्कार गर्न लगाउँनुबाट कथानकको अन्त्य भाग सुरु भएको छ । यसरी कथामा मसानघाटमा अन्त्येष्टी गर्न लगिएको लासको मासु बनाएर घरमा ल्याई गाउँलेलाई भाउजुको मासु खान आऊँ भन्नु जस्ता घटना कथाको अन्त्य भागमा रहेका छन् ।

यसरी यो कथा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको रैखिक ढाँचामा रहेको कथा हो ।

## २.४.७.२ सहभागी

यस लाटा मुलेको कथामा मानव पात्र तर थोरै पात्र प्रयोग भएका छन् । यस कथामा मानवेतर पात्रको त्यस्तो खासै प्रयोग भएको पाइँदैन र पात्र संख्या पनि एकदम कम रहेको पाइन्छ । यस कथामा प्रत्यक्ष पात्र भनेका लाटोकेटो, भाउजु र आमाबुवा रहेका छन् । यसमा लाटोकेटोको भूमिका मात्रै बढी रहेको छ । लाटो केटो एक स्थिर प्रतिकूल, पात्रको रूपमा रहेको छ । यस्तै भाउजु स्थिर र अनुकूल पात्र हो भने आमाबुवा अनुकूल र स्थिर पात्रको रूपमा आएका छन् ।

(१) **लाटो केटो**

यस लोककथाको प्रमुख पात्र कथामा नायकको भूमिका निर्वाह गर्ने पात्र लाटो केटो हो । ऊ यस कथामा समय र परिस्थितिअनुसार चल्न सकेको छैन । भाउजुको माइतमा पकाएको जस्तै पकाउनु भनेर सधैं एकै कुरामा अल्झिने र भााउजुलाई मारेर मासु खानुपर्छ भने मनस्थिति रहेको केटो कथामा स्थिर पात्रको रूपमा रहेको छ । उसले कथामा कसैलाई पनि राम्रो हुने काम गरेको छैन । आफ्नो मात्र इच्छा पूरा गर्नुपर्ने व्यक्तिको रूपमा क्रियाकलाप गर्दै आएकोले ऊ कथामा प्रतिकूल पात्र पनि हो । लोककथाको हरेक घटनाका प्रसङ्गसँग सम्बन्धित भएकाले ऊ बद्ध पात्र हो । यस्तै कथामा कुनै वर्गको भूमिकामा नदेखिएको र व्यक्तिगत कार्य गर्ने भएकाले ऊ व्यक्ति पात्र हो ।

(२) **अन्य पात्रहरू**

यस कथामा मुख्य र सक्रिय पात्र एउटै लाटो केटो मात्र रहेको छ । ऊ बाहेकका अन्य कथाका पात्रहरू भाउजु, केटाका आमाबुवा र बौजुकी आमा यस कथामा आएका सहयोगी पात्रहरू हुन् । भाउजुको भूमिका अरूको भन्दा अलि बढी देखिए पनि त्यति धेरै छैन । भाउजु यस कथाकी स्थिर पात्र हो । ऊ यस कथामा कहिले कसैको कुभलो नहोस्

भन्ने चाहने देवरले भनेको कुरा सकेसम्म पुऱ्याउने र घरमा सासुससुराको सेवा गरेर बसेकी एक अनुकूल नारी पात्र हो । ऊ कथाका घटनासँग जोडिने भएकाले बद्ध पात्र पनि हो ।। भाउजु कथामा एक व्यक्ति पात्रको रूपमा देखापरेकी हो भने केटाका आमाबुवा र भाउजु आमा यस कथामा देखिएका गौण पात्र हुन् । यिनीहरू विना कथाले पूर्णता पाउन पनि नसक्ने र भूमिका पनि प्रमुख नभएका गौण पात्र हुन् र यस्तै लाटो केटाका छिमेकीहरू पनि गौण पात्रको रूपमा रहेका छन् ।

### २.४.७.३ परिवेश

प्रस्तुत कथा डोटी जिल्लाको शिखर नगरपालिकाबाट सङ्कलन गरिएकोले यस कथामा कालिक परिवेशको रूपमा त्यहाँको लोकजीवन रहेको छ । यस कथामा स्थानीय परिवेशको रूपमा लाटो मुलेको घर, घरछिमेक र गाउँ, लाटाको । भाउजु को माइतीघर, माइती गाउँले, लाटोको । भाउजु लिन प्रयोग गरेको वनजङ्गल, बाटोघाटो, उसको । भाउजु र आमा जाने पानीपधँरो, मसानघाट रहेका छन् । यस कथामा सुरुमा अलिकति सुखद वातावरण भएपनि कथाको अन्त्यमा दुःखद वातावरण रहेको छ । त्यसैले यस कथालाई दुःखान्त कथा भन्न सकिन्छ । कथामा, बिहान, साँझ, दिउँसो, रातीको समय प्रयोग भएका छन् भने यी सबै सामान्य समयको रूपमा नै रहेका छन् । यस कथामा घर आँगन, वनजङ्गल सामान्य स्थान हुन् भने मसानघाट विशिष्ट स्थान हो । कथामा डोटेली लोकजीवनका सामान्य घटनाक्रमहरूलाई एकदमै रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

### २.४.७.४ उद्देश्य

हरेक लोककथाहरू केही न केही उद्देश्य राखिएका रचना गरिएका हुन्छन् । प्रस्तुत लाटो मुलेको कथामा पनि समाजमा रहेका परम्परा रीतिरिवाज र संस्कार बाहिर ल्याउनु, समाजमा रहेका यथार्थलाँई देखाउनु, मनोरञ्जन दिनु जस्ता थुप्रै उद्देश्य रहेका छन् ।

यस लाटो मुलेको कथामा मानिसको दिमाग सही भएन भने ठूलो समस्या देखापर्छ त्यसैले व्यक्तिको दिमाग उसको क्रियाकलाप र स्वभाव हेरेर बोल्नु पर्छ । कुनै पनि व्यक्ति भित्रको इच्छालाई बुझ्न सकिएन र उसको इच्छा पूरा भएन भने परिणाम नराम्रो हुन्छ भन्ने सन्देशात्मक उद्देश्य यस कथामा पाउन सकिन्छ । यस कथामा कमजोर दिमाग र स्मरणशक्ति कम भएका व्यक्ति एकोहोरो जिद्दी गर्ने स्वभावका हुन्छन् । उनीहरूलाई त्यो जिद्दीबाट पार लाउन सकेन भने त्यो मानिसमा समस्या जटिल बन्दै जान्छ भन्ने सन्देश दिने उद्देश्य र समाजमा बसिबियालो गरेर मनोरञ्जन प्रदान गर्दै एक अर्कामा भेटघाट गर्ने उद्देश्य पनि रहेको छ ।

### २.४.७.५ भाषाशैली

प्रस्तुत लाटामुलेकी बात डोटेली समुदायबाट सङ्कलित सामाजिक लोककथा हो । यस कथामा डोटेली दैनिक जीवनमा सामान्य बोलीचालीमा प्रयोग गरिएका छोटा, सहज र सरल

शब्दहरू, 'देश', 'अउरु', 'गैवर', 'धेक्दाइन', 'तेरी', 'बौजु', 'बावर', 'वटीयो', 'मकमकानु', 'कटुरो', छाइल, 'छापरो', 'फेटा', 'इजा', 'जस्साइ', 'ब्वारी', 'धुलो', 'कुन्टाइनी', 'हापल्लु', 'लैवर', 'भ्या', 'आस' जस्ता स्थानीय शब्दको प्रयोगले लोककथा श्रुतिमधुर र रोचक बनेको छ । यस कथामा वर्णनात्मक शैलीको प्रयोग धेरै भएको छ भने आमा छोरा, देवर भाउजुको कुरा हुँदा संवादात्मक शैलीको प्रयोग भएको छ । कथामा अनौपचारिक भाषाको प्रयोग हुनुका साथै स्थानीय कथन एकादेशबाट सुरु भएर सुन्नेलाई सुनको माला ..... जस्तो मौलिक शैलीको प्रयोग भएको छ ।

## २.४.८ सात भाइकी एकै बैना बातको विश्लेषण

डोटेली समुदायमा डोटेली लोकजीवनमा परम्परादेखि चल्दै आएको एक कथा सात भाइकी एकै बैना पनि सामाजिक जीवनशैलीमा आधारित कथा हो । यस कथालाई लोककथाका निम्नलिखित तत्त्वका आधारमा अध्ययन गरिएको छ ।

### २.४.८.१ कथानक

एक गाउँमा एकजोडी बुढाबुढी हुनु, बुढाबुढीका सात छोरा र एक छोरी हुनु, बुवाको मृत्यु हुनु, त्यसको केही समयपछि बुढीको पनि मृत्यु हुनु, त्यसपछि घर खर्च चलाउन सातै भाइ परदेश जानु, बहिनीले घर कुरेर बस्नु, परदेशबाट आएर बिहे गर्नु बहिनीलाई धेरै माया गर्नु, उसको बिहे पनि नगर्नु, केही समयपछि फेरि सातै भाइ तीर्थ गर्न जानु, घरमा सात भाउजु र एक नन्द मात्र रहनु, विस्तारै विस्तारै । भाउजु नन्दलाई दुःख दिन थाल्नु, एक दिन कपाल कोरिदिने वहानामा एक शर्त राख्नु र भिरबाट खसालेर मारिदिनु, एउटा चिलले त्यसको हड्डी बटुलेर आफ्नो गुडमा लगेर पुनजन्म दिनु, दाजुभाइ घर फर्किनु बहिनीको खोजी गर्नु, बहिनीलाई एउटा चिलको गुडमा चिलको बच्चा खोलाइ रहेको देख्नु, बहिनीले । भाउजु ले गरेका सबै काम दाइलाई भन्नु, दाइले आआफ्नी श्रीमती मार्नु, बहिनी र सातै भाइ पनि आत्महत्या गरेर मर्नु, यस कथाका घटनाहरू हुन् ।

प्रस्तुत सात भाएकी एकै बैना लोककथाको कथानक रचनात्मक ढङ्गले अगाडि बढेको छ । यो कथा आदि, मध्य र अन्त्यको ढाँचामा अगाडि बढेको छ ।

### (१) आदिभाग

यो कथामा बुढाबुढी मरेर छोरा कमाउन परदेश जानुबाट लोककथाको आदि भाग सुरु हुन्छ भने कथामा सात भाइले परदेशबाट आएर विवाह गरेर फेरि तीर्थव्रत गर्न जानुसम्म बहिनीले घर कुरेर बस्नु, बहिनीलाई धेरै माया गर्नु, उसको बिहे पनि नगर्नु, केही समयपछि फेरि सातै भाइ तीर्थ गर्न जानु, घरमा सात । भाउजु र एक नन्द मात्र रहनु, लोककथाको आदि भाग नै हो ।

(२) **मध्यभाग**

कथामा बहिनीलाई । भाउजुसँग छोडेर गएपछि भाउजुले अनेक दुःख दिनु र एक मसिनो धागोमा पिङ खेल्न लगाएर बहिनीलाई मार्नु अनि परदेशबाट दाजु आएपछि कसैले कतै कसैले कतै गएको छ भनेर झुट बोल्नु दाजुहरू बहिनीको खोजीमा लाग्नुसम्मका घटनाहरू कथानकको मध्य भागमा पर्दछन् ।

(३) **अन्त्यभाग**

यसरी हाम्री बहिनीलाई देखौं भनेर चिललाई सोध्दा चिलले ठाउँ बताउनु र चिलको गुँडमा बहिनीलाँइ भेट्नु बहिनीले भाउजु ले गरेका सबै काम दाइलाई भन्नु, सातैदाइले सातै भााउजुलाई त्यही भिरबाट खसालेर मार्नु र बहिनीसँग आफू पनि आत्महत्या गर्नु यस लोककथाको अन्त्य भाग हो ।

यस कथामा कति कुरा कल्पना गर्न सकिने हुन सक्ने सम्भव कुरा छन् भने कति कुरा असम्भव पनि रहेका छन् । यस कथामा सम्भव भन्दा पनि असम्भव कुराहरू बढि रहेका छन् । यसको कथानक भने कुतुहलता सिर्जना गर्ने खालको रहेको छ । यो कथा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको एक रैखिक रचना हो ।

### २.४.८.२ सहभागी

प्रस्तुत सात भाइकी एकै बैना कथामा सात भाइ, बहिनी सात । भाउजु चिल, चिलका बच्चा, खोला, रुख, पधेरो, वन, जङ्गल, खेत, बाली आदि जस्ता मानव र मानवेतरपात्र पनि यस कथामा सहभागी छन् । यस कथामा सात भाइ प्रमुख पात्र, अनुकूल, स्थिर, व्यक्ति पात्र र बद्ध पात्रको रूपमा रहेका छन् भने सात । भाउजु प्रतिकूल, गतिशील मुक्त पात्रको रूपमा भेटाउन सकिन्छ । यसमा बहिनी समय अनुकूल चल्ने गतिशील, बद्ध, वर्गीय र अनुकूल पात्रको रूपमा देखापरेको छ भने चिल पनि एक अनुकूल, गतिशील पात्रको रूपमा रहेको छ ।

(१) **सातभाइ**

प्रस्तुत सात भाइकी एकै बैना लोककथाको नायकको रूपमा सात भाइ रहेका छन् । यी सातै भाइ परदेश गएदेखि लोककथाको आदि भाग सुरु भइ सातै भाइको सेरोफेरो सात भाइको जीवन काल उनीहरूको क्रियाकलापबाट कथानक अगाडि बढेकोले सात भाइ नै प्रमुख पात्र हुन् । सात भाइले तिर्थ जाँदा बहिनीलाई कुनै कुराको कमी हुन नदिनु, बहिनीको मन नदुखाउनु भनेर चिलले आफ्नो गुडमा लगेर फेरि जीवित तुल्याएको र चिलको बच्चा खेलाइरहेको अवस्थामा भेटेका सुरुदेखि अन्त्यसम्म बहिनीलाई त्यत्तिकै माया गर्ने एक स्थिर पात्र हुन् । उनीहरू अरूको कुभलो नचिताउने, सद्गुणले युक्त आफ्नी बहिनीलाई औधि माया गर्ने अनुकूल पात्रको रूपमा देखापरेका छन् । यी सात भाइ कुनै वर्ग विशेषको

प्रतिनिधित्व गर्ने नभई व्यक्ति पात्र हुन् । लोककथाको घटनाका धेरै प्रसङ्गसँग सम्बन्धित वद्ध पात्रको रूपमा पनि सात भाइ रहेका छन् ।

(२) **बहिनी**

बहिनी यस सात भाइकी एकै बैना कथाकी प्रमुख पात्र अथवा नायिकाको रूपमा देखापरेकी नारी पात्र हो । ऊ सातभाइले माया गरेर राखेकी एक्ली बहिनी सात । भाउजु ले अनेक दुःख दिँदा पनि हार नमान्ने साहसी पात्र हो । । भाउजलु जाल रचेर मारेपछि पनि चिलले हड्डी बटुलेर अर्को जन्म पाएकी, समय र परिस्थितिअनुसार चल्न सक्ने गतिशील पात्र हो । ऊ कसैको कुभलो नचिताउने भाउजुले नराम्रो गरेपनि कहिले दुःखी नहुने, चिलको बच्चालाई पनि आफ्नै दाइ जस्तै माया गर्ने अनुकूल पात्र हो । बद्ध पात्रको रूपमा देखिएकी बहिनी एउटा बहिनी माात्र नभएर सम्पूर्ण साहसी र दुःख पाएका । भाउजु बाट हेपिने नारी वर्गको प्रतिनिधित्त्व गर्ने वर्गीय पात्र हो ।

(३) **बौजुहरू**

यस सात भाइकी एकै बैना लोककथामा सात भाउजु हरू पनि सहभागी रहेका छन् सात भाउजुहरू कथामा सहायक पात्रका रूपमा देखापर्छन् सात भाउजुहरू एक नन्दलाई, अन्याय गरेर दुःख दिएर अनेक जालझेल गरेर मारेका हुनाले उनीहरू खराब हुन आउँछन । अरूको सधैं कुभलो चिताउने नराम्रो चाहने रिस डाह गर्ने प्रतिकूल पात्रको रूपमा सात भाउजुहरू देखापरेका छन् । यिनीहरू कुनै वर्ग विशेषको प्रतिनिधित्व गर्ने नभएर व्यक्ति पात्रको रूपमा देखापरेका छन् । सात । भाउजुहरू विभिन्न अवस्थामा आफ्नो व्यवहार परिवर्तन गर्ने कहिले कुनै कहिले कुनै रूपधारण गर्ने गतिशील पात्रको रूपमा रहेका छन् । यिनीहरू कथामा प्रसङ्गसँग सम्बन्ध राखेर हरेक प्रसङ्गसँग जोडिने भएकाले बद्ध पात्रको रूपमा पनि रहेका छन् ।

यसरी यस कथामा यी मानव बाहेक मानवेतर पात्रहरू पनि रहेका छन् । यस कथामा चिल, वनजङ्गलका अन्य चराचुरुङ्गी र निर्जीव प्राणीहरू पनि सहभागी भएका छन् । जस्तैः खेत, बाली, खोला, पधेरो आदि पनि पात्रको रूपमा देखिएका छन् । यिनीहरूमध्ये कुनै सहयोगी र कुनै गौण पात्रहरू हुन् ।

## २.४.८.३ परिवेश

प्रस्तुत सात भाइकी एकै वैना कथाको स्थानिक परिवेशको रूपमा डोटेली ग्रामीण समुदायको एउटा गाउँ, कथामा भनिएको सात भाइ बसेको ठाउँ, सात भाइ गएको परदेश, तीर्थस्थल, चिलका छाउरा बसेको वनजङ्गल, बहिनी खसेको भिर, दाइहरू खोज्न गएको खेत, पानी पधेरो, खोला नाला आदि आएका छन् । यस्तै यस कथामा साँझ बिहान, दिउँसो, रातीको समय उल्लेख भएको छ भने यस कथामा दाजुभाइसँगै बहिनी हुँदा सुखद र रमाइलो वातावरण रहेको छ भने दाजुभाइ परदेश गएपछि । भाउजुहरूले बहिनीलाई दुःख

दिँदा दु:खद वातावरण रहेको छ । कथा केही क्षणका लागि सुखद भएपनि सम्पूर्ण कथा अर्थात् अन्त्यमा दु:खमा पीडामा र पछुतोमा टुङ्गिएकोले यो दु:खान्त वातावरण सिर्जना गर्ने कथा हो । यस कथामा सामान्य स्थानको रूपमा घर, बाटोघाटो, वनजङ्गल छन् भने विशिष्ट स्थानको रूपमा बहिनी खसेको भीर र चिलको गुड रहेका छन् ।

### २.४.८.४ उद्देश्य

प्रस्तुत सातभाइकी एक बैना लोककथा डोटेली लोक समुदायमा भनिँदै आएको सामाजिक लोककथा भएकाले यसको मुख्य उद्देश्य भनेको समाजमा चलिरहेका चालचलन, रीतिरिवाज, परम्परा दर्शाउनु, मनोरञ्जन प्रदान गर्नु, नीति नियमहरू सिकाउनु हो । आफूले जानेका कुरा पुरानो पुस्ताले साँझपखको समयमा बसिबियालो गर्दै आगो ताप्दा थकाइ मार्दै आनन्द प्रदान गर्नु पनि यसको उद्देश्य हो ।

यस सात भाइकी एकै बैना कथाले एउटा बहिनीलाई दाजुले जति माया गर्छन्, । भाउजु पनि त्यति नै माया गर्न जान्नुपर्छ । मानव भएर मानवजस्तो व्यवहार गर्नुपर्छ, मानवेतरपात्रहरूले पनि मानवको जस्तै सहयोगी भाव देखाउँछन् भन्ने सन्देश दिनु, कर्मअनुसारको फल प्राप्त हुन्छ । पाप गर्दा दु:ख र धर्म गर्दा सुख मिल्छ भन्ने कुरा पनि यस कथामा देखाउन खोजेको छ । त्यसैले यस लोककथाको मुख्य उद्देश्य भनेको माया ममता, मान सम्मान, आदर सत्कार एक अर्काप्रतिको अपनत्वको भाव सिकाउनु हो ।

### २.४.८.५ भाषाशैली

सात भाइकी एकै बैना कथामा डोटी जिल्लामा बोलिने स्थानिय भाषाको प्रयोग भएको छ । यस कथामा डोटेली भाषाका ‘देउधाम,’ ‘रोवासी,’ ‘फुचेरो,’ ‘वौजु,’ ‘मुन्टो,’ ‘पुएली,’ ‘हाँडखोड,’ ‘वसाइतक’ ‘रुवस,’ ‘लणेली,’ ‘घोचायो,’ ‘धेकिवर’’ जस्ता मौलिक शब्दहरूको प्रयोग गरेर, कथालाई श्रुतिमधुर र बोधगम्य बनाइएको छ । यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिनुका साथै संवादात्मक र गितात्मक शैलीको पनि प्रयोग गरिएको छ । यस कथामा संवादात्मक शैलीको रूपमा नन्द भाउजुको, दाइ भाउजुको, चिल र दाजुको र भाइ बहिनीको कुरा हुँदा आएको छ भने गितात्मक शैली वहिनी चिलको गुडमा बसेर चिलको बच्चा खेलाइरहेको बेलामा गाएको गीतमा उल्लेख भएको छ ।

## २.४.९ सातलाटाकी बातको विश्लेषण

डोटेली समुदायमा प्रचलित विभिन्न उद्देश्यले लोकजीवनमा कथिँदै आएका केही सङ्कलित लोककथाहरूमध्ये सातलाटाकी बात एक सामीजक कथाअन्तर्गतको डोटी जिल्लामा धेरैजसो सुनिँदै र भनिँदै आएको लोककथा हो । प्रस्तुत शोधप्रबन्धमा यस कथालाई निम्नलिखित तत्त्वका आधारमा अध्ययन गरिएको छ ।

### २.४.९.१ कथानक

धेरै पहिले एउटा गाउँमा एउटा बुढो मान्छे वस्नु, त्यसका सात छोरा हुनु, छोरा केही काम राम्रोसँग गर्न नजान्ने भएकाले बिहे पनि नहुनु, एकदिन बुढाले सातै छोरालाई बिहे गर्नको लागि पैसा कमाउन परदेश जाउँ भनेर पठाउनु, छोराहरू जानु र बाटोमा एक ठाउँमा पिन बेच्न राखेको देख्नु र किन्नु अर्को ठाउँमा खरानी किन्नु, राती बास बस्नु र किनारामा कोही सुत्न नमान्नु र रातभरि ब्युउभ्रै रहनु, बिहान एक खोला तर्दा आफ्नो एक भाइ हराएको भनेर खोला किनारको डाँडामा बसेर रुनु र एकजना मान्छेलाई तपाइले भनेको जे काम पनि गर्छौं हाम्रो भाइ खोजिदिनु भन्ने वाचा गर्नु, त्यसले सात लट्ठी काटेर सबैलाई दिनु र मैले खोजे ल अब मेरो घरको काठ बोक्न जाउँ भन्नु, सिङ्गो काठ काटेर टुक्रा टुक्रा गरेर विगार्नु, फेरि ढुङ्गा बोक्न लाउनु ढुङ्गाले किचेर उसकी आमा मार्नु र त्यो मान्छेलाई थाहा नदिई घाटमा फाल्न लैजाँदा लास बाटोमै खस्नु चितामा राखेको मान्छे भाग्यो भन्दै खेतमा काम गरिरहेकी अर्की आमालाई ल्याउनु र जलाउनु बाटोमा खसेको लास भेट्नु र त्यसको दाहसंस्कार गर्नु, त्यसपछि घर फर्किन तयार हुनु, घरजाँदा बाकी रहेका पैशाले आमालाई लुगा लैजानु, लुगा काम नलाग्ने हुनु घर गएर बुवाले गाली गर्नु जस्ता घटनाहरू यस कथामा कथानकको रूपमा आएका छन् ।

प्रस्तुत सातलाटाको लोककथाको कथानक काल्पनिक कुरामा बढी घुमेको देखिन्छ । यस कथामा वास्तविकताभन्दा कल्पना पक्षलाई बढी महत्त्व दिएको पाइन्छ । यस सातलाटाको कथामा कथानक रचनात्मक रूपमा अगाडि बढेको छ । यस लोककथाको कथानकमा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको पाइन्छ ।

#### (१) आदिभाग

एक गाउँमा एकजोडी बुढाबुढी बस्नु बुढाका सातलाटा छोराहरू हुनु एकदिन बुढाले सातैलाई पैसा कमाउन पठाउनु, पैशा कमाउन भनेर परदेश अथवा घर छोडेर जानु र बाटोमा पिन, खरानी किन्नु, घरबाट लगेको आधा पैशा खर्च गर्नु काम केही नपाएर घर फर्किने बिचार गर्नु जस्ता घटनाहरू लोककथाको आदि भागमा घटेका घटना हुन ।

#### (२) मध्यभाग

यस सातलाटाको कथामा परदेशमा काम नपाएपछि सातैभाइ घर फर्किदा बाटोमा रहेको खोला पार गर्नु त्यसै क्रममा एक भाइ बग्यो भनेर सातैभाइ डराउनु सबैले एक एक गरेर आफ्नो भाइहरू गन्नु गन्दा आफूलाई गन्न बिर्सनु र एक भाइ हरायो भनेर रुनु जस्ता घटना लोककथाको मध्य भागमा रहेका छन् । यस्तै कथामा एक जना मान्छेले भाइ खोजिदिए बापत मेरो घरको काम गर्नुपर्छ भन्दै भ्रुक्याउनु र घरको काममा लगाउँनु जस्ता घटना पनि लोककथाको मध्य भागमा नै रहेका छन् ।

(३) **अन्त्यभाग**

सातैलाटाले उसको घरमा काम गर्दा सुरुमा घरको काठ काटेर बिगार्नु पछि अर्को काम लगाउँदा ढुङ्गाले च्यापेर आमालाई मारेर कसैले थाहा नपाउने गरी घाटमा लगेर दाहसंस्कार गर्नु र त्यही बाटो नै आफ्नो घर जानु कथानकको अनत्य भाग हो । बारीमा साग टिपिरहेकी बुढी आमालाई आफूले मारेकी आमा हो भनेर घाटमा लगेर जलाउनु, घर फर्किंदा आफ्नी आमालाई सिमलको रुखसँग तुलना गरेर त्यस्तै कपडा किनेर घर जानु पनि लोककथाको अन्त्य भाग मा नै रहेको छ ।

यसरी यी विभिन्न घटना एकपछि अर्को क्रमिक रूपमा घटेका हुनाले कथा रैखिक ढाँचामा रहेको छ भन्न सकिन्छ ।

## २.४.९.२ सहभागी

प्रस्तुत सातलाटाको कथामा सातलाटा र उनीहरूका आमाबुवा, परदेशमा उनीहरूलाई काम लगाउँने मान्छे, त्यसकी आमा र बारीमा साग टिपिरहेकी बुढी आमा मानव पात्र र अन्य गौण पात्रको भूमिका रहेको भएपनि मुख्य सहभागीको रूपमा सातलाटा रहेका छन् । उनीहरू समयअनुसार आफूलाई बदल्न नसक्ने सधैँ एउटै सोचाइ राख्ने स्थिर पात्र, प्रतिकूल पात्र र बद्ध पात्रको रूपमा छन् भने काम लगाउँने मान्छे एक गतिशील, प्रतिकूल मुक्त पात्रको रूपमा देखापरेको छ ।

(१) **सातलाटाहरू**

प्रस्तुत सातलाटाको कथामा प्रमुख पात्रको रूपमा सातलाटा रहेका छन् । उनीहरू आमाबुवाका लाटा काम खासै गर्न नजान्ने छोरा र पुरुष पात्रको रूपमा छन् । सातलाटाहरू सधैँ एकै प्रकारको सोचाइ र विचार राख्ने र त्यसैमा अल्झिरहने स्थिर पात्रको रूपमा छन् भने उनीहरू आमालाई ढुङ्गाले थिचेर मार्ने, बारीमा तरकारी टिपिरहेकी जिउदै र सत्य मान्छेलाई मरेकी मान्छे चिताबाट उठेर आइ भन्दै जिउँदै जलाउने कुनै पनि काम सपार्न नसक्ने यस कथामा प्रतिकूल पात्रको रूपमा रहेका छन् । लोककथाको सुरुबातमा देखापरेर लोककथाको अनत्यसम्म सहभागी भएकाले र पूरै कथा उनीहरूकै व्यवहार र क्रियाकलापको वरपर घुमिरहेकाले प्रस्तुत कथामा उनीहरू वद्ध पात्र हुन् । कथामा उनीहरूले कुनै वर्ग विशेषको भूमिका निर्वाह नगरेकाले उनीहरू व्यक्ति पात्रको रूपमा देखापरेका छन् ।

(२) **परदेशमा भेटेको मान्छे**

सातलाटाको कथामा सहभागी मध्येको परदेशमा लाटालाई भेटेर म तिमीहरूको हराएको भाइ खोजिदिन्छु त्यसबापत मेरो घरमा काम गर्नुपर्छ भन्ने एक अर्को पात्र सहयोगीको रूपमा देखापरेको छ । लोककथाको मध्य भागमा मात्र देखापरेको यो मुक्त पात्र हो । यस कथामा यो पात्र अरूसँगै आफ्नो पनि भलो होस् भन्ने सोचाइ भएको अनुकूल

पात्रको रूपमा र समय र परिस्थितिसँगै आफ्नो व्यवहार र क्रियाकलाप परिवर्तन गर्न सक्ने लाटाहरू रोइरहेको बेलामा उनीहरूको दु:ख बुझ्नेजस्तो दयालु बनेको घरपुगेर लाटाहरूले काम बिगार्दा रिसाउने गाली गर्ने एक कठोर हृदय भएको मालिकको जस्तो व्यवहार देखाउने गतिशील पात्रको रूपमा देखापरेको छ ।

(३) **अन्य पात्रहरू**

डोटेली समाजमा प्रचलित 'साललाटाकी बात' एक सामाजिक लोककथा हो । यस कथामा प्रमुख पात्रको रूपमा सातलाटाहरू मात्र देखिए पनि कथालाई सार्थक तुल्याउन र कथालाई पूर्ण रूप दिन यसमा अन्य थुप्रै सहभागी रहेका छन् । यस कथामा अन्य पात्रहरूमा लाटाका आमाबुवा, बाटोमा पिन र खरानी बेच्ने मानिसहरू, परदेशमा भेटिएको अथवा लाटोको भाइ खोजिदिने मान्छेकी आमा मसानघाटको नजिकै बारीमा काम गरिरहेकी बुढी आमा आदि रहेका छन् । यिनीहरू एक स्थिर र अनुकूल पात्रको रूपमा मुक्त पात्र भएर कथामा गौण पात्रको रूपमा देखापरेका छन् । कथामा प्रत्यक्ष सहभागी नभएपनि कथालाई गति प्रदान गर्न र कथालाई अगाडि बढाउन यिनीहरूको भूमिका महत्त्वपूर्ण रहेको छ ।

## २.४.९.३ परिवेश

सातलाटाकी बात डोटेली सामाजिक लोककथा हो । यस कथाको परिवेश विशेषत: डोटेली लोकजीवन हो । कथामा स्थानिक परिवेशको रूपमा सातलाटाको गाउँघर, सातलाटा परदेश जाँदा प्रयोग भएको बाटोघाटो, उनीहरू बास बसेको ठाउँ, लाटाले पार गरेको खोला नाला, खोला पार गरिसकेपछि बसेको डाँडा, बाटोमा तिमीहरूको भाइ खोजिदिन्छु भन्दै भेटिएको मान्छेको घर, उसको घरको लागि काठ लिन गएको जङ्गल, त्यो बुढी आमालाई पुयाइएको मसानघाट, घाट नजिकै बारीमा काम गरिरहेकी आमा भेटिएको ठाउँ जस्ता स्थानहरू स्थानीय परिवेशको रूपमा आएका छन् । यस कथामा सामान्य स्थानको रूपमा गाउँघर बाटोघाटो रहेका छन् भने विशिष्ट स्थानको रूपमा मसानघाट आएको छ । लोककथामा बिहान, दिउँसो, राती, साँझको समय पनि प्रयोग गरिएको छ । कथामा सामान्य समय साँझ बिहान भएपनि विशिष्ट समय चाहिँ बाटोमा बास बस्दा मध्य राती एक एक गर्दै छेउमा सुत्दैन भन्दै उठ्दै गरेको समय आउँछ ।

यस कथामा सुखद र दु:खद दुवै किसिमको बातावरणको मिश्रण पाइन्छ । कथाको सुरुमा बुवाले पैशा कमाउन जाउँ भनेर पठाउँदा सुखद वातावरण रहेको छ भने मध्यभागमा भाइ खोलाले बगायो भन्दै डाँडामा बसेर रुदा अलिकति दु:खद वातावरण सिर्जना भयो फेरी भाइ भेटियो भन्दै खुसी हुँदा सुखद क्षण उत्पन्न भयो । त्यसपछि बाटोमा भेटिएको मान्छेको घरमा काम गर्दा उसको आमाको ढुगाले च्यापेर मृत्यु हुँदा पनि दु:खद वातावरणनै रहेको पाइन्छ । यसरी यो कथामा कुनै सुख र कुनै दु:खका घटनाको मिश्रण पाइन्छ । कथाको अन्त्य दु:खको वातावरणसँगै भएकाले यो कथा दु:खान्त कथा हो भन्न सकिन्छ । यस

कथामा ग्रामीण परिवेशका सुखदुःख हासो, आँशु गाउँघर, बाटोघाटो साँझ बिहान दिउँसो जस्तो परिवेश स्पष्ट पाउन सकिन्छ ।

### २.४.९.४ उद्देश्य

प्रस्तुत सातलाटाको कथा डोटेली समुदायमा प्रचलित एक सामाजिक कथा हो । कुनै पनि रचना निर्माण गर्नुको केही न केही उद्देश्य रहेको हुन्छ । यस्तै ग्रामीण समुदायमा कथिँदै आएका यस्ता लोककथाहरूको पनि आफ्नै उद्देश्य रहेको हुन्छ । यस्तै यो कथा पनि एक सामाजिक कथा भएकाले यसमा समाजको जीवनपद्धति, समाजमा रहेका सर्वसाधारणको क्रियाकलाप, बाबुआमाले सन्तानप्रति राखेको आशा, के कस्तो रहेको हुन्छ भनेर देखाउनु रहेको छ । यस कथाले मानिसको बुद्धि नै सबैभन्दा ठूलो कुरो हो । बलभन्दा बुद्धि ठूलो हुन्छ । मानिसले आफ्नो बुद्धिले भ्याएजति मात्र काम गर्नसक्छ भन्ने कुरा देखाउनु यस लोककथाको प्रमुख उद्देश्य हो । यस्तै ग्रामीण समुदायमा पैशा कमाउन परदेश जाने, परदेश जाँदा बाटो खर्च दिएर पठाउने परम्परा झल्काउनु पनि यस लोककथाको अर्को उद्देश्य हो भने परदेशबाट घर फर्किंदा खाली हात आमालाई ढोग्नु हुँदैन भन्ने परम्परा देखाउनु अर्को उद्देश्य हो । यसका साथसाथै ग्रामीण समुदायमा मनोरञ्जन दिलाउनु, खाली समय विताउनु, एक आपसमा भेटघाट गर्नु पनि यस लोककथाको उद्देश्य हो ।

### २.४.९.५ भाषाशैली

प्रस्तुत सातलाटाको कथा डोटी जिल्लामा सङ्कलन गरिएकोले यो कथा डोटेली मानवको वास्तविकता बोकेको कथा हो । यस कथामा डोटेली स्थानीय ग्रामीण बोलीचालीको भाषाका ‘अदलाटा’, ‘पाल्योताल्यो’, ‘अराएलै’, ‘तुमरी’, ‘इजा’, ‘घरमणा’, ‘कमाइवर’, ‘बटिए’, ‘नैसिनो’, ‘छिङ्गालिवर’, ‘पर्भातक’, ‘विन’, ‘उपरेका’, ‘तत्ती’, ‘एकधडो’, ‘गावन’, ‘तद्दु’, ‘लम्मार’, ‘घरको बासो’, ‘हातवेत हातवेत’, ‘खणाइदिया’, ‘ठौर’, ‘पात्थर’, ‘वसाइतक’, ‘मरेभेष’, ‘टाङ्देजसो’, ‘गाबन’ जस्ता डोटेली भाषाका ठेट शब्दको प्रयोगले कथाको भाषा रोचक र श्रुतिमधुर जुनसुकै स्तरका व्यक्तिका लागि बोधगम्य बनेको छ । यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । एक ठाउँमा थोरै मात्रामा गीतिशैलीको प्रयोग भएको पनि पाइन्छ । लोककथामा बुवा छोरा, बाटोमा भेटिएको मान्छे र लाटाहरू, त्यो मान्छेको आमा र लाटाहरू कुराकानी गर्दा संवादात्मक शैलीको पनि प्रयोग भएको पाइन्छ । यस कथामा डोटेली अनौपचारिक भाषाको प्रयोग गरेर मौलिक लोकशैली एक गाउँबाट सुरु भएर सुन्नेलाई सुनको माला जस्तो शैलीको प्रयोगले गर्दा कथा अझ बढी रोचक रहेको छ । यो कथा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको रेखीय ढाँचामा अगाडि बढेको छ ।

## २.५ निष्कर्ष

प्रस्तुते दोस्रो परिच्छेदमा सामाजिक लोककथाअन्तर्गतका जम्मा नौ वटा लोककथाहरूको विधातत्त्वका आधारमा अध्ययन गरिएको छ । सामाजिक लोककथाहरूमा डोटेली वास्तविक जीवन झल्किएको पाइन्छ । यस परिच्छेदका लोककथामा समाजमा रहेका सामाजिक चालचलन, मूल्यमान्यता धार्मिक, सास्कृतिक, आर्थिक अवस्थालाई झल्काउने खालका कथानकलाई प्रश्रय दिएको पाइन्छ । यहाँ समाजमा घटेका र घट्न सक्ने घटनाहरूको प्रतिविम्वलाई जस्ताको त्यस्तै काल्पनिक सहभागीका माध्यमबाट देखाइएको छ । यस परिच्छेदका कतिपय लोककथाहरूमा मानव मानव जस्तो नभएर पशु जस्तो भएको र पशु मानव जस्तो भएको परिवेश पनि उल्लेख गरिएको छ । माव जीवनमा दुःख र सुख भइरहन्छ समयअनुसार चल्नसक्नुपर्छ बलभन्दा बुद्धी ठूलो हुन्छ त्यसैले जुनसुकै काम गर्दा पनि सोचर गर्नुपर्छ भन्ने भावविचार प्रस्तुत गरिएको छ । समाजमा घट्ने घटना, समाजका चालचलन, रीतिरिवाज, रहनसहन, भेषभूषा आदिलाई देखाएको छ । यी लोककथाहरूमा समाजमा घट्ने घटना र समाजको वास्तविक भोगाइको प्रतिविम्बित गरेको छ । सामाजिक जीवनका धुर्त्याइँ, चलाखी, मुर्खता, विश्वासघात, डाहा, इर्ष्या, पारिवारिक झैझगडा सामाजिक मूल्य मान्यता, आचार व्यवहार आदि प्रत्यक्ष रूपमा देखाइएको छ ।

सामाजिक लोककथामा ग्रामीण परिवेशका सोझा मानिसहरूको यथार्थता र उनीहरूको बुद्धि विवेक कस्तो हुँदोरहेछ आफ्नो आवश्यकता परिपूर्ति गर्नको लागि यस्ता व्यक्तिले जस्तोसुकै कार्य गर्न पनि पछि पर्दैनन्, हतारमा गरिएको अपरिपक्व निर्णयले पछि पछुताउनुपर्छ भन्ने देखाउन खोजिएको छ । यस परिच्छेदका लोककथाहरूबाट डोटेली जीवनको वास्तविकता हरेक लोककथाका सहभागी र तिनले गर्ने क्रियाकलापबाट झल्किन्छ । यी लोककथाहरूमा डोटेली भाषिकाको प्रयोग गरेर मनोरञ्जन दिनु र लिनुकासाथै संस्कार र सस्कृतिको हस्तान्तरण गर्ने उद्देश्य रहेको पाइन्छ ।

# तेस्रो परिच्छेद

# डोटेली किंवदन्तीमूलक लोककथाको विधातात्त्विक अध्ययन

## ३.१ विषयपरिचय

विषयवस्तुका आधारमा लोककथाको वर्गीकरण गर्दा किंवदन्तीमूलक लोककथा पनि लोक समुदायमा प्रचलित एक प्रमुख लोककथा हो । डोटी जिल्लाको आदर्श नगरपालिकामा गएर सङ्कलन गरेका चौधओटा लोककथाहरूको विषयवस्तु हेर्दा पाँचओटा किंवदन्तीमूलक लोककथाको कथानक भेटिएकोले यस खण्डमा पाँचओटा कथाहरूको मात्र विश्लेषण गरिएको हो । लोकमा प्रचलित असत्य वा अर्धसत्य पुरा कथालाई किंवदन्ती भनिन्छ । किंवदन्तीलाई दन्त्यकथा, जनश्रुति, अनुश्रुति आदि पनि भनिन्छ । किंवदन्तीलाई प्राचीनता तथा पारम्परिकताका कारण इतिहास जस्तै हो भन्ने पनि ठानिएको पाइन्छ । पुराकथा, दन्त्यकथा, जनश्रुति आदि विषयवस्तुमा आधारित लोककथालाई किंवदन्तीमूलक लोककथा मानिन्छ । यस्ता लोककथाहरूमा स्थानीय, वीर, पराक्रमी राजा, महापुरुष, सिद्ध महात्मा आदिको वर्णन गरिएको हुन्छ । किंवदन्तीमूलक लोककथामा देवी देवताको नभई मानवीय विशिष्ट व्यक्तित्व वा नायकको कथा हुन्छ । यस शोधप्रबन्धमा पनि निम्नलिखित डोटेली किंवदन्तीमूलक लोककथाको विधातात्त्विक अध्ययन गरिएको छ । (१) इजा चेलाकी ब्याकी बात, (२) तीनचिन्डे भूतकी बात (३) भाविनीको होरोकी बात (४)राजकुमारीकी बात (५)सतलसिंहे राजाकीबात किंवदन्तीमूलक लोककथाहरू रहेका छन् ।

## ३.२ इजा चेलाकी ब्याकी बातको विश्लेषण

प्रस्तुत इजा चेलाकी ब्याकी बात डोटेली समुदायको किंम्वदन्तीमूलक लोककथा हो । यस कथामा मानवले गर्न नसक्ने काम मानवबाट भएको देखाइएको छ । मानिस जन्मेको छैठौं दिनमा विधाताले लेखेको कुरा जतिगरे पनि टर्दैन, मानिसले देखेको कुरा भन्दा लेखेको कुरा उसको जीवनमा भएरै छोड्छ भन्ने किंम्वदन्तीलाई यसकथाका माध्यमबाट बुझ्न सकिनेछ । प्रस्तुत शोधप्रबन्धमा इजा चेलाकी बात लोककथालाई यसका मुख्य तत्त्व कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा अध्ययन गरिएको छ।

### ३.२.१ कथानक

एकादेशमा एक राजा हुनु, राजाको एक छोरा हुनु, पछि राजाको छोरा जन्मनु, छोराको षष्ठीपूजामा भाविनीले होरो हाल्ने बेलामा बालखले म सोह्र वर्षको हुँदा आफ्नी आमासँग बिहे गर्छु भन्ने लेख्न जिद्दी गरेपछि भाविनीले त्यस्तै लेखिदिनु, राजाले सानो बच्चालाई लगेर एक जङ्गलमा फालिदिनु, जोगिले भेटेर आफ्नो कुटीमा लगेर पाल्नु, पछि राजाले अर्को देशको दरबारमा जोगीले त्यसलाई दिनु, आमा पनि तिर्थब्रर्त गर्न भनेर त्यही दरबार नजिकैको मन्दिरमा बस्नु, विस्तारै तिनीहरूको भिटहुनु, राजाका चेलाले त्यस

जोगिनीलाई देख्ने बित्तिकै मेरो यसैसँग बिहे गरिदिनु नत्र आत्महत्या गर्छु भनेर जिद्दी गर्नु, त्यो राजाको छोरा र जोगिनीको बिहे हुनु दुवैले आमा छोरा भएको थाहा नपाउनु, राती सुत्ने बेलामा एक अर्काको बारेमा सोध्दै जाँदा आमा छोरा भएको थाहा पाउनु र पत्र लेखेर छोडेर दुवैले आत्महत्या गर्नु, पछि पत्रमा लेखिए जस्तै दुवैको चिहानमा उखु र तमाखुको बोट रोपेर त्यसको रस खुवाएर पाप नास गराउनु जस्ता घटनाहरू कथानकको रूपमा आएका छन् ।

यस इजाचेलाको ब्या को कथामा असम्भव कुरा भएको छ । कतै समाजमा घट्ने सामाजिक घटना र कतै काल्पनिक कुराको प्रचुरता बढी पाइएको छ । यस लोककथामा पनि लोककथाको संरचना आदि, मध्य र अन्त्यको ढाँचामा अगाडि बढेको छ ।

(१) **आदिभाग**

एकादेशका राजाको छोरोको षष्ठी पूजामा छोराले १६ वर्षको हुँदा आफ्नी आमासँग बिहे गर्छु भन्ने, होरो लेख्न लगाउँनु, भाविनीले होरो हाल्नु, राजाले छोरालाई जङ्गलमा फाल्नु जोगीले भेटेर पाल्न लैजानु जस्ता घटनाहरू आदि भागमा नै रहेका छन् ।

(२) **मध्यभाग**

यसमा जोगीले त्यस केटालाई लगेर नजिकैको अर्को राज्यको दरबारमा चढाउनु, उता रानी अर्को बच्चा नभएपछि तिर्थव्रर्तको लागि हिड्नु र आफ्नो छोरा चढाइएको दरवार नजिकको मन्दिरमा पुग्नु जस्ता घटनाहरू कथामा मध्यभागको घटना बनेर देखिएका छन् ।

(३) **अन्त्यभाग**

एकदिन यी दुवै आमा छोराको भेटहुनु, दुवैले एक अर्कालाई नचिन्नु, फेरि त्यो केटाले म यसैसँग बिहे गर्छु भन्ने जिद्दी गर्नु, दुवैको बिहे हुनु, बिहेको रातिमा नै दुवै आमाछोरा भएको थाहा पाउनु र दुवैले आत्महत्या गर्नु नै यसको अन्त्य भागका घटनाहरू हुन् ।

यस कथामा घटनाहरू एकपछि अर्को गर्दै अगाडि बढेका छन् । लोककथाको घटनाक्रम रैखिक ढाँचामा अगाडि बढेको छ । यस कथामा लोकजीवनमा घट्ने घटनालाई अलिकति कल्पनाको प्रयोग गरेर अगाडि बढाइएको छ ।

### ३.२.२ सहभागी

यस इजाचेलाकी ब्याकी बातमा जम्मा पाँचजना मात्र सहभागी रहेका छन् । यस कथामा सबै मानव पात्र मात्र रहेका छन् । मानवेतर पात्रको प्रयोग यसमा भएको पाइँदैन । मुख्य पात्र राजाको छोरा रहेको छ भने अर्को मुख्य पात्रको रूपमा उसकी आमा रहेकी छ । यस कथामा सबै पात्रको प्रत्यक्ष सहभागिता रहेको छ । अदृश्य पात्रको रूपमा अर्को राज्यका राजपरिवारलाई लिन सकिन्छ । यस कथामा राजाको छोरा र रानी गतिशील पात्र हुन् भने

राजा जोगी स्थिर पात्र हुन् । यस कथामा जोगी अनुकूल पात्रको रूपमा देख्न सकिन्छ भने राजा, राजाको छोरा प्रतिकूल पात्र भन्न सकिन्छ ।

(१) **राजाको छोरा**

प्रस्तुत इजा चेलाकी ब्याकी बातमा मुख्य पात्रको भूमिका निर्वाह गर्ने पात्र राजाको छोरो रहेको छ । यो कथामा एक गतिशील र प्रतिकूल पात्रको रूपमा देखिन्छ । यस कथामा राजाको छोरा बद्ध पात्रको रूपमा पनि रहेको छ । यस कथामा आफ्नो खुसीको लागि र आफ्नो आवश्यकता पूर्तिको लागि अरूको कुरा नसुन्ने एकदमै जिद्दी पात्रको रूपमा रहेको छ । समाजमा अस्विकार गरिने सम्बन्धलाई सम्भव बनाउन अटेर गर्ने एक प्रतिकूल पात्रको रूपमा यसलाई लिन सकिन्छ ।

(२) **रानी**

प्रस्तुत इजा चेलाकी ब्याकी बातमा अर्की प्रमुख पात्रको रूपमा रानी उपस्थित भएको छ । कथामा घटेका प्रायः सबै घटनाहरू रानीकै वरिपरि रहेर घटेका हुनाले यसलाई प्रमुख पात्र भन्न सकिन्छ । यसैका क्रियाकलापले कथानकलाई गति दिन र पूर्णता दिन सहयोग पुगेको छ । यस कथामा रानी एक मानव पात्र, गतिशील पात्र, बद्धपात्रको रूपमा देखिएकी छ ।

(३) **जोगी**

यस इजाचेलाकी ब्याकी बातमा अर्को सहायक पात्रको रूपमा जोगी रहेको छ । जोगी जङ्गलमा फालिएको बालखलाई आफ्नो कुटीमा लगेर पालनपोषण गर्ने अनुकूल पात्रको रूपमा रहेको छ । समयअनुसार आफ्ना क्रियाकलाप परिवर्तन नगरी आफ्नो कर्ममा लाग्ने स्थिर पात्र र कथामा मुक्त पात्रको रूपमा देखापरेको छ ।

(४) **राजा**

यस कथामा राजा पनि सहायक पात्रको रूपमा कम उपस्थिति जनाउने प्रतिकूल पात्र, यसलाई पनि मुक्त पात्र र स्थिर पात्रको रूपमा लिन सकिन्छ । यस कथामा सहभागी भएका भाविनी अर्को राज्यका राजपरिवार, अर्को राज्यकी रानी अप्रत्यक्ष पात्र हुन् । यिनीहरूको कथामा प्रत्यक्ष सहभागिता नरहेपनि कथानकलाई अगाडि बढाउन सहयोग गरेकाले यिनीहरू पनि सहयोगी पात्रको रूपमा स्थिर रूपमा देखापरेका छन् ।

### ३.२.३ परिवेश

डोटी जिल्लाबाट सङ्कलित इजाचेलाकी ब्याकी बात एक किंवदन्तीमूलक लोककथा हो । यस कथाको कालिक परिवेश भाग्य, विधाता र ईश्वरमा आस्था राख्ने डोटेली लोकजीवन रहेको छ । यस कथाको स्थानिक परिवेश अलि व्यापक नै रहेको छ । यस कथामा राजा रानी बस्ने घर, गाउँघर, छरछिमेक, राजाको छोरा जन्मेको घर, त्यो गाउँ,

छिरछिमेक, बाटोघाटो, वनजङ्गल, पानीपधँरो बच्चालाई फालिएको जङ्गल, रानीले तिर्थग्रत गर्न हिँडेको तिर्थस्थल, वच्चाको आमा बसेको मन्दिर, राजाको छोरा चढाइएको अर्को दरबार, उनीहरूको बिहे भएको ठाउँ आदि ठाउँ रहेका छन् । कथामा सामान्य स्थलको रूपमा वनजङ्गल, बाटोघाटो, गाउँघर, छरछिमेक आदि रहेका छन् भने विशिष्ट स्थलको रूपमा राजा बस्ने दरबार र राजा र उसैकी आमासँग विवाह भएको मन्दिर आदि रहेका छन् । कथामा राती, बिहान, दिउँसो, साँझको समय रहेको छ । सामान्य समयको रूपमा साझ बिहान दिउँसोको समय आएपनि विशिष्ट समयको रूपमा वच्चाको षष्ठीपूजा भएको राती अथवा विधाताले भाग्य लेखेको मध्य रातीको समय र आमा छोरा भएको थाहा पाएको र आफ्नो पाप नास गर्न दुवैको चितामाथि तमाखु र उखुको बोट लगाइदिनु भनेर आत्महत्या गरेको समय रहेको छ । कथामा सुरुमा र अन्त्यमा दुःखद वातावरणसिर्जना भएपनि कथाको मध्य भागमा भने सुखद वातावरणरहेको छ । यस कथामा सुखद भन्दा दुःखद वातावरण बढि भएको र कथाको अन्त्य पनि दुःखद वातावरणमा भएकाले यो दुःखान्त कथा हो ।

## ३.२.४ उद्देश्य

प्रस्तुत इजाचेलाकी ब्या किम्बदन्तीमूलक लोककथा भएकाले यसको मुख्य उद्देश्य भनेको समाजमा रहिआएका चलिरहेका परम्परा, रीतिरिवाज, चालचलन, दर्शाउनु, मनोरञ्जन प्रदान गर्नु, सामाजिक नीतिनियमका कुरा एक पुस्ताबाट अर्को पुस्तामा सार्नु रहेको छ । आफूले जानेका कुराहरू आफूभन्दा सानालाई सिकाउनु, राती बालबालिकाको उत्सुकता मेटाउनु बालबालिकालाई सुताउनु र आगो ताप्दै दिनभरिको थकान मेटाउन मनोरञ्जन दिनु पनि यसको उद्देश्य हुन जान्छ ।

यस इलाचेलाको ब्या कथामा मानवले मानवता कसरी देखाउनुपर्छ भन्ने कुरा जोगीले जङ्गलमा फालिएको बच्चालाई गरिएको पालनपोषणबाट देख्न सकिन्छ भने सामाजिक परम्परा र आफ्नो धर्म संस्कृति अनि आस्था र विश्वासमा मानिस कति अन्धो भएको हुन्छ भन्ने कुरा राजाले एक दुधेबालकलाई जङ्गलमा फाल्न लगाएको घटनाबाट देख्न सकिन्छ । यस कथामा डोटेली समाजमा चलनचल्तीको रूपमा रहेको एक उखान 'हुने हार दैव नटार' लाई पनि सार्थक तुल्याइएको छ । यस कथामा लोककथाको प्रमुख पात्रले षष्ठीपुजामा भाग्य लेख्ने विधातासँग मेरो यही नै लेखिदे भनेको र लेखेको कुरा टर्दैन, देखेको कुरा पुग्दैन भन्ने सन्देश पनि यस कथाले दिएको छ ।

## ३.२.५ भाषाशैली

प्रस्तुत इजाचेलाकी व्याकी बात डोटेली किंवदन्तीमूलक लोककथा हो । यस कथामा डोटेली लोकजीवनमा दैनिक व्यवहारमा प्रयोगमा आउँने सामान्य व्यक्तिहरूले सजिलै बुझ्न सक्ने डोटेली भाषाका छोटामिठा, रोचक र रमाइला शब्दहरूको प्रयोग गरिएको छ । डोटी

जिल्लामा बोलिने भाषाका ‘भउत’, ‘हेराउनी कुराउनी’, ‘रौतेलो’, ‘हुन्ज्या’, ‘इजासु’, ‘अद्देहु’, ‘थोक्काइ’, ‘वेरपछि’, ‘कचहरी’, ‘जोगी’, ‘माग्दाखी’, ‘रुवसको खात’, ‘निक्कोइ’, ‘कुटीमी’, ‘लगै’, ‘अर्खा’, ‘बस्ताबस्ता’, ‘जोगेनी’, ‘दोसन्या’, ‘जर्म्येइन’, ‘जोगेनीसु’, ‘मद्दुभन्ना’, ‘भरकरकी’, ‘पासो’, ‘टाड्दाखिलाइ’, ‘जात्क’, ‘जाणियो’, ‘वल्तिरपल्तिर’, ‘खातामी’, ‘लिखु’, ‘छिट्टाइ’, ‘काट्यारैछ’ जस्ता ठेट शब्दहरूको प्रयोगले कथा श्रुतिमधुर र बोधगम्य बन्न पुगेको छ । यस कथामा डोटेली समुदायले कथाभन्दा अपनाउने वर्णनात्मक शैलीको प्रयोग गरेर अब के होला? के गर्ला ? भन्ने प्रश्न उब्जाउँने कुतूहलपूर्ण शैलीको प्रयोग भएको पाइन्छ । यस कथामा राजकुमार र भाविनी, राजा र अन्य सिपाइ, जोगेनी र राजकुमारले कुरा गर्दा दोहरो संवादात्मक शैलीको प्रयोग पनि भएको पाइन्छ । कथामा लोककथा भन्दा प्रयोग हुने मौलिक र अनौपचारिक भाषाको प्रयोग गरेर एकादेशबाट सुरु गरेर सुन्नेलाई सुनको माला …….. जस्तो रेखीय शैलीको प्रयोग गरेर अगाडि बढाइएको छ जसले गर्दा कथा सुन्दा आनन्द आउँनेु हुन्छ । समग्रमा यस कथामा डोटेली भाषाको प्रयोग गरेर लोकशैलीलाई अपनाइएको छ ।

## ३.३ तीनचिन्डे भुतकी बातको विश्लेषण

प्रस्तुत तीनचिन्डे भुतकी बात डोटेली समुदायको किंम्वदन्तीमूलक लोककथा हो । यस कथामा मानवले गर्न नसक्ने काम मानवबाट भएको देखाइएको छ । पहिले भुतप्रेतहरू मानिसले देख्ने र कुराकानी गर्न सक्ने अवस्थामा हुन्थे भन्ने किंम्वदन्तीलाई यसकथाका माध्यमबाट बुझ्न सकिनेछ । प्रस्तुत शोधप्रबन्धमा तीनचिन्डे भुतकी बात लोककथालाई यसका मुख्य तत्त्व कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा अध्ययन गरिएको छ ।

### ३.३.१ कथानक

एक ठाउँमा एक महिला गर्भवती हुनु, पानी लिन जाँदा एक काफलको फल पाकेको देखेर खाने इच्छा पूरा गरिदिनेलाई आफ्नो पेटमा भएको बच्चा दिने भाव व्यक्त गर्नु पर बसेको राक्षसले त्यो कुरा सुनेर त्यस महिलालाई फल टिपेर दिँदै बच्चा जन्मेपछि लैजाने वाचा गर्नु, बच्चा जन्मनु राक्षस बच्चा लिन आउँनु, महिलाले बच्चाको मायाले दिन नसकेर न्वारन, पास्नी, सात वर्षपछि आउँनु भन्ने वाहानाले कुरा टार्नु, राक्षस आएर जबरजस्ती त्यो केटीलाई लगेर जानु, एउटा जङ्गलमा समुद्र बनाएर ठूलो महल स्थापना गर्नु र भुतले त्यसै महलमा त्यो केटीसँग बिहे गर्नु, एकदिन त्यो केटीको भाइ दिदी खोज्न जानु, दिदीलाई भेट्नु र दिदीलाई लैजाने कुरा गर्नु राक्षस आफूसँग भएका तीनचिन्डाको विशेषता बताउनु त्यसको भाइले तिनै चिन्डाको प्रयोग गरी दिदीलाई घर लैजानु राक्षसलाई तिनैको प्रयोगले कमजोर पार्नु घर पुग्नु तातो तावाले पोलेर राक्षस भगाउँनु र आमा, छोरा, छोरी सबै जना भेटिएर रमाउनु जस्ता घटना यस कथामा कथानकको रूपमा देखाइएको छन् ।

(१) **आदिभाग**

महिला गर्भवती हुनु, पानी लिन जाँदा एक काफलको फल पाकेको देखेर खाने इच्छा गर्नु, राक्षसले त्यो कुरा सुनेर त्यस महिलालाई फल टिपेर दिँदै बच्चा जन्मेपछि लैजाने वाचा गर्नु, बच्चा जन्मनु राक्षस बच्चा लिन आउँनु,आमाले दिन नसक्नु , राक्षस आएर जबरजस्ती त्यो केटीलाई लगेर जानु, एउटा जङ्गलमा समुद्र बनाएर ठूलो महल स्थापना गर्नु र भुतले त्यसै महलमा त्यो केटीसँग बिहे गर्नु,आदि घटना सुरुका भागमा रहेका छन् ।

(२) **मध्यभाग**

एकदिन आमाबाट दिदीको बारेमा जान्नु, भाइ दिदी खोज्न जानु, दिदीलाई भेट्नु र दिदीलाई लैजाने कुरा गर्नु राक्षस आफूसँग भएका तीनचिन्डाको विशेषता बताउनु त्यसको भाइले तिनै चिन्डाको प्रयोग गरी दिदीलाई घर लैजानु राक्षसलाई तिनैको प्रयोगले कमजोर पार्नु घर पुग्नु जस्ता घटना कथाको मध्यभागमा रहेका छन् ।

(३) **अन्त्यभाग**

घर पुगेपछि दुई ठूला फलामका तावा तताएर राख्नु तातो तावाले पोलेर राक्षस भगाउँनु राक्षसले अबदेखि तेरो सन्तानलाई नराम्रो नजरले पनि हेर्दैन भनेर भाग्नु र आमा, छोरा, छोरी सबै जना भेटिएर रमाउनु जस्ता घटना अन्त्यमा देखापरेका छन् ।

यस तीनचिन्डे भुतको लोककथाको कथानक छोटो भएपनि निकै रोचक र सामाजिक परम्परा भुत प्रेत र दैवीय शक्तिको विश्वाससम्बन्धी रहेको छ । यो कथा आदि, मध्य र अन्त्यको ढाँचामा अघि बढेको छ । यसमा चमत्कारिक शक्ति र भुत प्रेत, देवीदेवताको शक्तिको बारेमा सुनिदै आएको किंम्वदन्तीलाई देखाउन खोजिएको छ । यस कथामा दिदी र भाइप्रतिको माया पनि देखाउन खोजेको छ ।

### ३.३.२ सहभागी

यस कथामा सुरुदेखि अन्त्यसम्म कथामा प्रयोग हुन आउँने मानव र मानवेतर जुनसुकै पात्र जसले कथालाई अगाडि बढाउन सहयोग पुऱ्याएका छन् यी नै यस लोककथाका सहभागी हुन् । प्रस्तुत तीनचिन्डे भुतको कथामा पनि यस्ता सहभागीको रूपमा गर्भवती महिला, राक्षस, उक्त महिलाकी छोरी, उसको छोरा र राक्षसको महल वरपरका छिमेकी रहेका छन् । यस कथामा मानव पात्र ३ र मानवेतरपात्र एक राक्षस र उसका अन्य सेनाहरू रहेका छन्

(१) **राक्षस**

यस कथामा राक्षस एक प्रतिकूल, गतिशील, नेपथ्य र बद्ध पात्रको रूपमा रहेको छ । यस कथामा राक्षस प्रमुख पात्रको रूपमा देखिएको छ । सुरुदेखि नै राक्षस र उसको

क्रियाकलाप वरिपरि नै लोककथाको कथानक घुमेकोले यो प्रमुख पात्र हो । यस कथामा राक्षसले सुरुमा ती गर्भवती महिलालाई काफल टिपेर असल काम गरेको भूमिकामा आफूलाई देखाएको र पछि एउटा सन्तानलाई उसको आमाबाट खोसेर जबरजस्ती बिहे गरेर उसैमाथि शासन चलाएर बसेको पछि फेरि उसको भाइसँग आफन्तको व्यवहार गरेको दिदीलाई लैजान खोज्दा लडाइ झगडा गरेर घरसम्मै पुगेको बाटोमा अनेक, बाधा अड्चन थापेको जस्ता क्रियाकलापबाट ऊ प्रतिकूल र गतिशील पात्र हो । यस्तै उसले एउटा व्यक्ति विशेषको भूमिकामा कार्य गरेकोले ऊ व्यक्ति पात्र हो । कथामा प्रत्यक्ष उपस्थित भएको र कथाका विभिन्न सन्दर्भ र प्रसङ्गमा आवद्ध भएर कथालाई अगाडि बढाइएकोले ऊ नेपथ्य र बद्ध पात्रको रूपमा देखापर्दछ ।

### (२) केटो

यस तीनचिन्डे भुतको लोककथाको प्रमुख पात्र केटो अर्थात् त्यस महिलाको छोरो पनि हो । लोककथाको मध्य भागमा देखापरेको यो पात्र कथामा एक अनुकूल र गतिशील पात्रको रूपमा रहेको छ । आफ्नी आमासँग दिदीको अवस्था बुझेर जस्तो सुकै अप्ठ्यारो सहेर पनि दिदीलाई फर्काएर घर ल्याउन सफल भएको, एउटा राक्षसको पञ्जाबाट दिदीलाई बचाउन सफल भएको अनुकूल पात्र हो । यसले समय र परिस्थितिअनुसार आफ्नो क्रियाकलाप र स्वभाव परिवर्तन गरेर राक्षसलाई जित्न सफल भएकोले ऊ यस लोककथाको एक गतिशील पात्र हो । यस कथामा पुरुष जातिको साहसलाई प्रस्तुत गर्न सफल भएकाले ऊ एक वर्ग पात्र हो भने ऊ कथाका विभिन्न प्रसङ्ग र घटनासँग जोडिएकोले नेपथ्य र बद्ध पात्र पनि हो ।

### (३) केटाकी दिदी

कथाकी सहायक पात्र सुरुदेखि आफूलाई भएको अन्याय सहेर बस्ने कुनै प्रतिकार गर्न नसक्ने अनुकूल र स्थिर पात्रको रूपमा देखिएकी छ । केटाकी दिदी कथामा एक व्यक्ति पात्र हो । तीनचिन्डे भुतको कथामा केटाकी दिदी मञ्च पात्र र मुक्त पात्रको रूपमा देखिएकी छ । यस कथामा त्यसको भूमिका प्रत्यक्ष रूपमा त्यति धेरै पाइँदैन ।

### (४) केटाकी आमा

लोककथाको सुरुमा देखापरेकी एक सहायक पात्र हो । यो आफ्नो इच्छापूर्तिको लागि अरूको दुःख नदेख्ने खालको व्यवहार देखाउने एक प्रतिकूल नारी पात्रको रूपमा देखापरेकी छ । यस कथामा एक स्थिर पात्रको रूपमा देखापरेकी नारी पात्र जसले एक नारीको प्रतिनिधित्त्व गरेकोले यो व्यक्ति पात्र हो । कथाका हरेक प्रसङ्ग र कथामा घटेका घटनाको कारण भएकाले यो नेपथ्य र बद्ध पात्र हो ।

यस कथामा अप्रत्यक्ष पात्रको भूमिका त्यति धेरै छैन । तर पनि राक्षसका सेना, राक्षसको महल वरपरका गाउँले आदि यस कथाका अदृश्य पात्र हुन् । तिनीहरूको भूमिका कथामा पाइँदैन भन्दा पनि हुन्छ । त्यसैले यी सबै गौण पात्र हुन् ।

### ३.३.३ परिवेश

तीनचिन्डे भुतकी बातको परिवेश डोटेली लोक समुदाय हो । यस कथामा स्थानिक परिवेशको रूपमा डोटी जिल्लाको ग्रामीण समुदायको कथामा उपस्थित महिलाको घर, उसले पानी लिन जाँदा प्रयोग गरेको बाटो पानीको धारो, काफलको रुख रहेको जङ्गल राक्षस बस्ने ठूलो घर र समुद्र, राक्षसको सिकार गर्ने वनजङ्गल रहेका छन् भने सामान्य समयको रूपमा बिहान, साँझ, राती, दिउँसो काफल पाक्ने मौसम अर्थात् वसन्त ऋतु आएका छन् भने विशिष्ट समयको रूपमा मध्यरात आएको छ । यस्तै यस कथामा ठूलो समुद्रको बिचमा राक्षसको महल पनि विशिष्ट स्थानको रूपमा आएको छ । यस लोककथामा दुःखद बातावरणको नै वर्णन भएको छ । कथामा राक्षसले बाँचेको जीवन उसको लागि मात्र सुखद भएपनि समग्रमा दुःखद कथानक रहेको हुनाले यस कथालाई दुःखान्त कथा भनिन्छ । यस कथामा अलौकिक परिवेशको रूपमा ठूलो तलाउको बिचमा जाने बाटो नभएको ठूलो महल आएको छ ।

### ३.३.४ उद्देश्य

यस तीनचिन्डे भुतको कथामा विविध उद्देश्यहरू भेटाउन सकिन्छ । यो कथा किंवदन्तीमूलक कथा भएकाले यसमा सामाजिक जीवन पद्धति देखाउनु मनोरञ्जन पैदा गर्नु हो । परम्परादेखि नै राक्षस र दैविक शक्तिमा कति विश्बासगरिँदै आएको रहेछ भन्ने सन्देशात्मक उद्देश्यहरू यहाँ पाउन सकिन्छ ।

यस तीनचिन्डे भुतको कथामा दिदी भाइमा देखिएको प्रेम परम्परादेखि अहिलेसम्म रहिआएको छ भन्ने कुरा दर्शाउने उद्देश्य यसको रहेको छ । आफ्ना छोरी चेलीहरू दुःखमा परेको माइतीले सहन सक्दैनन् भन्ने सन्देश पनि यस कथामा पाइन्छ । मनोरञ्जन प्रदान गर्नको लागि राक्षसले त्यस केटाको घरमा त्यो तातो रोटी म पहिला खान्छु भन्नु, मानिससँग झगडा गरेर त्यस केटीलाई खोसेर लैजानु आदि जस्ता कार्यबाट मनोरञ्जनातमक उद्देश्य प्राप्त हुन्छ । तीनचिन्डाले हावा, पानी र हिउँ फाल्छ भन्ने कुरा लोकले जादु र चमत्कारमा विश्बास गर्छन् भन्ने अर्को उद्देश्य हो । यस लोककथाको मूल उद्देश्य भनेको मानिसले दुःखमा आत्तिनु हुँदैन र सुखमा मात्तिनु हुँदैन । एकचोटी सुखपछि दुःख सबैको जीवनमा आउँछ भन्ने भाव प्रकट गर्नु हो भने लोकजीवनमा घटेका घटनाहरूबाट केही न केही नैतिक सन्देश पाउन सकिन्छ भन्नु यसको अर्को उद्देश्य हो ।

### ३.३.५ भाषाशैली

तीनचिन्डे भुतको कथा डोटेली किंवदन्तीमूलक कथा भएकाले यस कथामा व्यक्त भएको भाषा स्थानीय ग्रामीण परिवेशका मानिसले दैनिक सामान्य व्यवहारमा प्रयोग गर्ने डोटेली भाषाका 'स्वाहानी, 'जत्काली,' 'जर्म्या,' 'भैवर,' 'भातचोखाई,' 'कुनाखी,' 'फट्टक,' 'म्वालखी,' 'मान्तर,' 'तौवा,' 'कण्न,' जस्ता मौलिक शब्दको प्रयोग गरेर त्यस क्षेत्रका मान्छेलाई सहजै बुझ्न सकिने गरी भनिएको छ । यस कथामा क्रमिक, वर्णनात्मक शैलीको प्रयोग भएको छ । यस कथामा कतिपय ठाउँमा दोहोरो संवादात्मक शैली पनि आएको छ । जस्तै दिदी र भाइको भेट हुँदा दिदी खोज्न जान्छु भनेर आमासँग सल्लाह गर्दा संवादात्मक शैली आएको छ । यस्तै दिदीलाई उसैको घर अगाडि गएर बाहिर हेर भन्दा भाइले गितात्मक शैलीको प्रयोग गरेका छन् । यस कथामा अनौपचारिक भाषाका साथै एकादेशबाट सुरु भएर भन्नेलाई फुलको माला .... को मौलिक शैलीको प्रयोग भएको छ ।

## ३.४ भाविनीको होरो बातको विश्लेषण

प्रस्तुत भाविनीको होरो बात बात डोटेली समुदायको किंम्वदन्तीमूलक लोककथा हो । यस कथामा मानवले गर्न नसक्ने काम मानवबाट भएको देखाइएको छ । मानिस जन्मेको छैठौं दिनमा विधाताले लेखेको कुरा जतिगरे पनि टर्दैन, मानिसले देखेको कुरा भन्दा लेखेको कुरा उसको जीवनमा भएरै छोड्छ भन्ने किंम्वदन्तीलाई यसकथाका माध्यमबाट बुझ्न सकिनेछ । प्रस्तुत शोधप्रबन्धमा भाविनीको होरो बात बात लोककथालाई यसका मुख्य तत्त्व कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ

### ३.४.१ कथानक

यस भाविनीको होरो कथामा एउटा गाउँमा एक राजा हुनु, राजा सधैँ जङ्गल सिकार खेल्न जानु, एक दिन सिकार खेल्दा खेल्दै रात पर्नु, राजा नजिकैको गाउँमा बास बस्न जानु, बास बसेको घरमा एउटा बच्चाको षष्ठीपूजा हुनु, त्यसदिन त्यस बच्चाको भाग्यमा भाविनीले यो देशको राजा हुनु भनेर लेख्नु, त्यो सुनेर आफ्नो राज्य खाने भयो भनेर राजा डराएर बच्चाको बुवाआमालाई धेरै पैसा दिई बच्चा लगेर एक ठूलो जङ्गलको बिचमा फालिदिनु, जोगीले बच्चा भेट्टाएर आफूले पालनपोषण गर्नु, एकदिन त्यो बच्चाले राजाको दरवारमा सिपाइ हुनु, राजाले त्यसलाई चिनेर मार्ने उपाय खोज्नु, आफू भ्रमण जानु त्यसको हातमा यसलाई मार्नु भन्ने आदेश दिएर पत्र पठाउनु, बिच बाटोमा राजाकी छोरीले पत्र साटेर यो केटासँग कान्छी राजकुमारीको बिहे गराइदिनु भनेर लेखिदिनु, राजकुमारी र सिपाइको विवाह हुनु, राजाले फेरि अर्को षडयन्त्र रच्नु, जुत्ता सिलाउन पठाउनु र उता जुत्ता सिलाउने मान्छेसँग जुत्ता लिएर आउँने मान्छेलाई मार्नु भन्ने हुकुम दिनु, जुत्ता राजाका छोराले लिएर जानु राजाको छोरा मारिनु, राजा पनि चिन्ताले मर्नु, अन्तमा त्यही सिपाइ देशको राजा हुनु आदि जस्ता घटनाहरू कथानकमा आएका छन् ।

प्रस्तुत भाविनीको होरो लोककथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको देखिन्छ । राजा र राजाको कुटनीतिको बारेमा नै यो सम्पूर्ण कथा निर्माण भएको छ ।

(१) **आदि भाग**

राजा सिकार खेल्न जानु, राति भएर घर फर्किन ढिला हुनु र गाउँमा एक किसानको घरमा बास बस्नुबाट सुरु भएको त्यहा बालखको षष्ठीपुजा हुनु, भाविनीले पछि यो देशको राजा हुने योग लेखिदिनु र राजालाई चिन्ता पर्नु र बालखको बुवाआमालाई पैशा दिएर बच्चालगेर जङ्गलमा फालिदिनु बाटोमा हिडिरहेको जोगीले बच्चा भेटेर आफुसँगै लैजानु र पालनपोषण गर्नु आदि घटना रहेका छन् ।

(२) **मध्य भाग**

जागीले त्यो बालखलाई राजाको दरवारमा पठाउनु, बालक राजाको दरवारमा जागिरखान जानु, बालकलाई दरवारमा राजाले चिन्नु र त्यसलाई मार्ने अनेक प्रयास गर्नु, राजकुमारीलाई सिपाइ मनपर्नु राजकुमारीको त्यसै सिपाइसँग विवाह हुनु आदि रहेको छ ।

(३) **अन्त्य भाग**

राजाले सिपाइलाई मार्नु भन्ने आदेशमा आफ्नै छोरा पर्नु, राजकुमार मरेपछि राजापनि मर्नु र त्यो राज्य सिपाइले पाउनु जस्ता घटना रहेका छन् ।

यस कथामा कथानक क्रमिक ढाँचामा अगाडि बढेको छ । कथामा घटनाक्रम एकपछि अर्को हुँदै आएको छ । यस कथामा राजाले जनतालाई गर्ने व्यवहार र राजाको राजनीतिक चलखेलको घटनालाई देखाइएको छ ।

### ३.४.२ सहभागी

यस भाविनीको होरो लोककथामा जम्मा मानव पात्र आठ जना रहेका छन् । यस कथामा खासै मानवेतर पात्र रहेका देखिँदैनन् । अदृश्य पात्रको रूपमा एउटा होरो हाल्ने ( कर्म लेख्ने) भाविनी (विधाता) मात्र रहेकी छ ।

भाविनीको होरो कथामा अनुकूल पात्रको रूपमा सिपाइलाई पालनपोषण गर्ने जोगी, राजाकी छोरी, राजाको छोरा रहेका छन् । प्रतिकूल पात्रको रूपमा राजा र जुत्ता सिलाउने सार्की रहेका छन् । यस्तै यस कथामा राजा र सिपाइको आमाबुवालाई गतिशील पात्र पनि भन्न सकिन्छ । यस कथामा जोगी र सिपाइ स्थिर वा गतिहीन पात्रको रूपमा देखिएका छन् । यस कथामा वर्गीय पात्रको रूपमा राजा, भाविनी र जुत्ता सिलाउने सार्की रहेका छन् भने व्यक्ति पात्रको रूपमा राजकुमारी, राजकुमार र जोगी रहेका छन् ।

यस कथामा नेपथ्य पात्रको रूपमा कथामा सहभागी सबै सिपाइ, राजा, राजकुमार, जोगी, राजकुमारी रहेका छन् भने मञ्च पात्रको रूपमा सिपाइका आमा, बुवा, भाविनी र जुत्ता सिलाउने सार्कीलाई लिन सकिन्छ ।

(१) **सिपाइ**

यस लोककथाको प्रमुख पात्र सिपाइ लोककथाको नायकको रूपमा रहेको पाइन्छ । सिपाइको माध्यमबाट कथा अगाडि बढेको र उसकै वरिपरि कथानक घुमेकाले ऊ लोककथाको प्रमुख पात्र हो । समाजमा जस्तो परिस्थिति र वातावरण छ त्यसैमा रमाउने भएकाले ऊ अनुकूल पात्रको रूपमा पनि देखापरेको छ । यस लोककथाको सुरुदेखि अन्त्यसम्म उसैको भूमिका मुख्य रहेकाले ऊ बद्ध पात्र पनि हो । यस लोककथाको सिपाइ पहिले राजाले जङ्गलमा छोड्दा एउटा जोगीले पालेको र त्यसै बातावरणमा रमाएको पछि दरवारमा जागिरे हुँदा दरवारमै रमाएको त्यसपछि आफू राजा भएको र त्यसैमा रमाएको देखिएकोले समाजमा रहेका जुनसुकै परिवेशमा पनि जीवनमा आएका अनेक उतारचढावलाई अगाल्न सक्ने कुशल पुरुष पात्र/सहभागीको रूपमा रहेको छ ।

(२) **राजा**

यस लोककथाको अर्को प्रमुख पात्र राजा हो । यो कथामा प्रतिकूल पात्रको रूपमा देखापरेको पात्र हो । सिपाइलाई मार्न अनेक जालझेल गर्ने विभिन्न समयअनुसार आफ्नो व्यवहार परिवर्तन गर्ने गतिशील पात्र पनि भन्न सकिन्छ । लोककथाको सुरुदेखि अन्त्यसम्म उपस्थिति रहेकोले वद्ध पात्रको रूपमा पनि हेरिन्छ । राजा जनताको अहित र आफ्नो मात्र भलो, राम्रो चिताउने पात्रको रूपमा रहेको छ ।

(३) **जोगी**

यस लोककथाको अर्को पात्र जोगी सिपाइको पालनपोषण गर्ने एक अनुकूल पात्रको रूपमा देखिएको छ । लोककथाको आदि भागमा मात्र देखिएको हुनाले यसलाई मुक्त पात्र पनि भनिन्छ ।

यसरी यस कथामा प्रमुख पात्रको रूपमा सिपाइ, राजा र जोगी रहेपनि सहायक पात्रको रूपमा सिपाइका आमाबुवा, राजाको छोरा, राजाकी छोरी, भाविनी, सार्की अन्य राजाका सेना आदिले कथानकलाई अगाडि बढाउन सहायक बनेर भूमिका निर्वाह गरेका छन् ।

### ३.४.३ परिवेश

डोटेली लोककथा भाविनीको होरो किंवदन्तीमूलक लोककथा भएकाले यसको कालिक परिवेश परापूर्वकालको डोटेली परिवेशदेखि अहिलेसम्मको लोकजीवन रहेको छ । यस कथामा सामान्य परिवेशको रूपमा वच्चा जन्मेको घर, उसलाई फालेको जङ्गल,

राजाले सिकार खेल्ने जङ्गल, गाउँघर, जोगीको कुटी, बाटोघाटो आदि रहेका छन् भने विशिष्ट स्थानको रूपमा राजदरवार, बच्चाको षष्ठीपूजा भएको कोठा र भाविनीले होरो हालेको अर्थात् विधाताले कर्म लेखेको ठाउँ रहेका छन् । यस्तै यस कथामा सामान्य समयको रूपमा बिहान, साँझ, राती, दिउँसो रहेका छन् भने विशिष्ट समयको रूपमा जोगीले बच्चा भेटेको समय मध्य दिन र भाविनीले होरो हालेको मध्यरात रहेका छन् । यस्तै यस कथाको वातावरण सुरुमा र मध्यमा दुखान्त भएपनि अन्त्यमा राज्यको राजा भएपछि जोगीलाई सँगै राखेर वस्नुले सुखद वातावरण सिर्जना गरेकोले यो कथा सुखान्त कथा हो भन्न सकिन्छ ।

### ३.४.४ उद्देश्य

यस भविनीको होरो कथामा विभिन्न उद्देश्य भेटाउन सकिन्छ । यो डोटेली समुदायमा भनिने किंवदन्तीमूलक लोककथा भएकाले यसमा समाजको जीवन पद्धति देखाउनु, साना र ठूला बिचको दुरी, राजा र जनता बिचको फरक देखाउनु, सेवा गर्नुपर्छ भन्ने नैतिक शिक्षा सिकाउनु, भाग्यमा लेखेको कुरा केही गरेनी टरेर जाँदैन भन्ने किंम्बदन्ती सार्थक देखाउनु हुनेहार दैब नटार भन्ने डोटेली किंम्बदन्ती पनि झल्किएको छ, हुने कुरा भएरै छोड्छ भन्ने सन्देशात्मक उद्देश्य यहाँ पाउन सकिन्छ ।

यस भाविनीको होरो कथामा सम्पूर्ण लोकजीवनका गरिब व्यक्ति  हरूले आफ्ना आवश्यकता पूरा गर्न आफ्नो सन्तानको पनि माया मार्ने प्रवृत्ति पहिले राजालाई चढाएर हुन्थ्यो भने अहिले ज्याला मजदुरीमा काम गर्न अर्काको घरमा पठाएको परम्परा देख्न सकिन्छ । भाविनीले राजालाई मैले यसको भाग्यमा पछि यो देसको राजा हुनु भनेर लेखिदिए भनेर प्रत्यक्ष रूपमा भन्नुलाई भगवान र भाग्यमा विश्बास के कति गरिँदो रहेछ भन्ने देखाउनु यस लोककथाको अर्को उद्देश्य हुन आउँछ ।

### ३.४.५ भाषाशैली

प्रस्तुत भाविनीको होरो कथाको भाषा डोटेली भाषा रहेको छ । अझ भन्दा यस कथामा ग्रामीण भाषाका प्रचलनमा रहिआएका ‘स्वाहानी,’ ‘होरो,’ ‘सोच,’ आउँनतक,’ ‘इजाबा,’ ‘थोक्काइ,’ ‘ब्या,’ ‘तुम,’ ‘मेट्टिनैन’ जस्ता शब्दको प्रोगले बोधगम्य बनेको छ । कथामा वर्णनात्मक शैलीलाई क्रमिक ढाँचामा अगाडि बढाइएकोले कथा श्रुतिमधुर रहेको छ । यस कथाको भाषाशैली समग्रमा स्थानीय लोकशैली रहेको छ जसले गर्दा डोटेली भाषाका जुनसुकै उमेर समूह र वर्गका व्यक्तिले सजिलै बुझ्न सकिने भाषाको प्रयोग भएको छ भन्न सकिन्छ । यस कथामा अनौपचारिक भाषा प्रयोग गरेर एकादेशबाट सुरु भएर भन्नेलाई फुलको माला .... को शैलीमा भनिएको छ ।

## ३.५ राजकुमारीकी बातको विश्लेषण

प्रस्तुत शोधप्रबन्ध तयार पार्नको लागि डोटी जिल्लाको विभिन्न ठाउँहरूमा भनिने लोककथाहरू सङ्कलन गरिएको छ । यस्तै लोककथाहरूमध्ये डोटी जिल्लामा भनिने एक प्रमुख किंवदन्तीमूलक लोककथा राजकुमारीको कथा पनि रहेको छ । डोटेली समुदायमा यस्ता लोककथाहरू विभिन्न उद्देश्यका साथै प्रचलित रहेका छन् । यस्तै विभिन्न उद्देश्य बोकेको राजकुमारीको लोककथाको तत्त्वगत अध्ययन प्रस्तुत शोधप्रबन्धमा गरिएको छ ।

### ३.५.१ कथानक

धेरै पहिले एउटा राज्यमा एक घमण्डी राजा बस्नु, राजाका दुई छोरा दुई छोरी र एक श्रीमती हुनु, राजाले सधैँ आफ्नो भाग्यमा घमण्ड गर्नु, एकदिन आफ्ना घरपरिवार सबैलाई एकै ठाउँमा जम्मा गरेर तिमीहरू कसको भाग्यमा कति विश्वास गर्छौ, कसको भाग्यले यहाँसम्म पुग्यौ भनेर एकएक गरेर सोध्नु, घरका सबैले म त तपाईकै भाग्यले आजसम्म खाइराछु अव पनि तपाइकै भाग्यले खान्छु भनेर भन्नु, अन्त्यमा कान्छी छोरीलाई सोध्नु कान्छी राजकुमारीले कोही कसैको भाग्यले खाँदैन । सबैले आफ्नो परिश्रम र भाग्यले खान्छ म त आजसम्म आफ्नै भाग्यले खाइरहेकी छु अब पनि आफ्नै कर्मले खान्छु भनेर भन्नु, त्यसपछि राजाले रिसले कान्छी राजकुमारीको बिहे एउटा जङ्गली काँडाको बोट ( ऐजेस) सँग गरिदिनु, राजकुमारीले पनि आफ्नो कर्ममा यस्तै थियो । म मेहेनत गरेर आफ्नै पौरखले खान्छु यसमा दुःखी छैन भनेर त्यसैको नजिक गएर बस्नु, त्यसै काँडाको बोटको स्याहार सुसार गरेर बस्नु र एकदिन त्यसै बोटलाई पनि आफ्ना सिपाइ लगाएर काटिदिनु, राजकुमारीले त्यसैलाई मलजल गरेर फेरी हराभरा बनाउँनु, एक दिन राती सपनीमा भगवान आएर म तिम्रो मिहेनत देखेर खुसी भए भन आज तिमी के माग्छौ भनेर सोध्नु, राजकुमारीले मेरो जोसँग विवाह गरिदिए त्यस काँडाको बोटलाई मान्छे बनाइदिन आग्रह गर्नु भगवानले पनि हुन्छ भन्दै त्यसको जराको माटोले मानिसको मूर्ति बनाएर भित्र राख्नु तेस्रो दिन मान्छे हुनेछ भन्नु र अन्तर्ध्यान हुनु, राजकुमारीले पनि त्यसै गर्नु र एउटा सुन्दर मान्छे प्रकट हुनु, त्यसपछि उनीहरू रमाएर बस्नु एकदिन राजकुमारीको बुवा विरामी पर्नु राज्य वरपरका राजाले मिच्न थाल्नु र लडाइ गर्नु लडाइमा बुढो राजा जानु त्यो सबै थाहा पाएर राजकुमारीले आफ्नो श्रीमान् पठाउनु र अरू राज्यका सेनालाई जित्नु र आफ्नो ससुराको राज्य फिर्ता ल्याउनु त्यसपछि त्यो आफ्नो ज्वाइँ भएको थाहा पाएर पश्चाताप मानेर त्यसैको हातमा राज्य सुम्पेर आफ्नो प्राणत्याग गर्नु, कान्छी राजकुमारी र ज्वाइँले राज्य चलाउनु जस्ता घटना यस कथाका कथानक हुन् । प्रस्तुत राजकुमारीको कथा डोटेली किंवदन्तीमूलक लोककथा हो । यस लोककथाको कथानक लमाइको हिसाबले मध्यम खालको रहेको छ । यस लोककथाको कथानक आदि मध्य र अन्त्यको ढाँचामा अगाडि बढेको छ । यस कथामा घटनाहरू एकपछि अर्को गर्दै शृङ्खलाबद्ध रूपमा आएको छ ।

(१) **आदिभाग**

कुनै देशका राजाले आफ्ना परिवारका सदस्यहरूलाई एकपछि अर्को गर्दै तिमीहरू कसको भाग्यले खान्छौ भनेर सोधेसँगै भएको छ । यस कथामा सबैले राजाकै भाग्यले खान्छौं तपाईकै भाग्यले सुखी छौ भन्नु र कान्छी राजकुमारीले म त आफ्नो कर्मले खान्छु र आफ्नो भाग्यमा नै खुसी हुन्छु भन्नु जस्ता घटना कथानकको आदि भागमा पर्दछन् । यस्तै आफ्नो भाग्यले खान्छु भनेर राजाको अपमान भएको भन्दै राजाले कान्छी छोरीको बिहे जङ्गली काँडा भएको बोटसँग गरिदिनु, कान्छी राजकुमारीले त्यसै काँडाको बोटको स्याहार सुसार गरेर बस्नु त्यो बोट राम्ररी पलाएर हरियाली हुनु त्यो थाहा पाएर आफ्ना सिपाइद्वारा काट्न पठाउनु र फेरी पनि त्यो बोट पलाउनु,कथानकको आदिभागका घटना हुन् ।

(२) **मध्यभाग**

एकरात सपनामा राजकुमारीले देउता देख्नु देउताले उसलाई वर माग भन्नु, राजकुमारीले आफ्नो बिहे भएको त्यस झारको मान्छे बनाइदिनु भन्नु र देवताले त्यसको जराको माटोबाट मान्छे बनाइदिनु र त्यो मान्छेसँग घरजम गर्नु आदि जस्ता घटना लोककथाको मध्य भागमा आएका छन् ।

(३) **अन्त्यभाग**

राजाको बुढेसकाल लाग्नु, छोराछोरीले मतलव नगर्नु वरपरका राज्यले मौका छोपेर लडाइ गर्नु, राजा लडाइ गर्न जानु, राजकुमारीले यो कुरा थाहा पाएर बुवाको राज्य बचाउन आफ्नो श्रीमानलाई पठाउनु राजाले त्यो मान्छे आफ्नो ज्वाइँ रहेको थाहा पाउनु पश्चाताप मान्दै त्यसै छोरी ज्वाइँको हातमा राज्य सुम्पिनु र आफ्नो प्राणत्याग गर्नु जस्ता घटनाहरू कथानकको अन्त्य भागमा रहेका छन् ।

यसरी कथाका घटनाहरू क्रमिक रूपले एकपछि अर्को गर्दै अगाडि बढेका छन् । यस कथामा विश्वास गर्ने भन्दा पनि पत्याउन नसकिने अवास्तविक कुराहरू बढी रहेका छन् । यस कथाका घटनाहरू रैखिक ढाँचामा अगाडि बढेका छन् । कथामा बोटविरुवाबाट मान्छे बन्नु, सपनामा भगवान प्रकट भएर वरदान दिनु, जङ्गली बोटविरुवासँग विवाह गरिदिनु, राजकुमारीले पनि त्यसैसँग जान्छु भन्नु आदि घटनाहरू विश्वास गर्न नसकिने भएकाले यो कथालाई किंवदन्तीमूलक भनिएको हो ।

### ३.५.२ सहभागी

प्रस्तुत लोककथा 'राजकुमारी' डोटेली किंवदन्तीमूलक कथा हो । डोटी जिल्लामा बढी प्रचलित यो कथामा मानव पात्र कम रहेका छन् तर पनि कथानक रोचक र कौतुहलपूर्ण बनेको देखिन्छ । यस कथामा बोटविरुवा भगवानलाई पनि सहभागी बनाइएको

छ, त्यसैले मानव र मानवेतर दुवैको सशक्त प्रस्तुति रहेको लोककथा मानिन्छ । यस कथाका केही प्रमुख पात्रहरूको चित्रण यस शोधप्रबन्धमा गरिएको छ ।

### (१) राजकुमारी

'राजकुमारीकी बात' की प्रमुख पात्र राजाकी कान्छी छोरी जङ्गली झारबाट मानव बनेको मान्छेकी श्रीमती तीन दाजुदिदीकी कान्छी बहिनी आफ्नो कर्ममा विश्वास गर्ने एक शाहसी नारी पात्र हो । राजकुमारी यस कथामा लोककथाको आदि भागबाट नै सङ्घर्षरत आफ्नो कर्ममा विश्वास गर्ने समय र परिस्थितिको जस्तोसुकै समस्याको पनि सामना गर्न तत्पर सहीलाई सही र गलतलाई गलत भनेर छुट्याउन सक्ने एक जङ्गली काँडाघारी बोटसँग विवाह हुँदा पनि कत्ति विचलित नभई समयअनुसार चल्न सक्ने गतिशील सहभागी हो । यस कथामा कसैको झुटो कुरालाई साथ नदिने आफ्नो मेहनत र परिश्रमले खानुपर्छ भन्दै घरबाट छुट्याइएकी भएपनि आफ्नो बुवालाई आपत पर्दा ज्यानकै बाजी राखेर आफ्नो श्रीमानलाई लडाइ गर्न पठाउने सहयोगी र दयालू मन भएकी अनुकूल पात्र हो । लोककथाको सुरुदेखि अन्त्यसम्म उपस्थित भई उसैको जीवन घटना वरपर नै कथानक घुमेकोले ऊ यस कथाकी बद्ध पात्र पनि हो । कथानकमा सत्य र परिश्रमलाई साथ दिनुपर्छ भन्ने आवाज उठाउने एक वर्गीय पात्रको रूपमा पनि देखापरेकी छ ।

### (२) बुवा/राजा

राजकुमारी कथामा प्रस्तुत त्यस देशको राजा चार छोराछोरीको बुवा, रानीको श्रीमान्, आफूलाई नै सबैभन्दा शक्तिशाली ठान्ने सबैले मलाई नै मान्नुपर्छ भन्ने अहम् बोकेको एक पुरुष पात्रको रूपमा देखापरेको छ । यस कथामा आफ्नै छोरीले म कसैको भाग्यमा विश्वास गर्दैन आफ्नै कर्ममा विश्वास गर्छु र आफ्नै परिश्रमले खान्छु भन्दा जङ्गलाको एकदमै खतरनाक काँडा भएको केही काम नलाग्ने झारसँग बिहे गरेर जङ्गल पठाउने, छोरीले त्यसैको स्याहार सुसार गरेर बस्दा पनि आफ्नो सिपाइ लगाएर त्यही झार पनि काट्न लगाउँने अरू कसैको भलो र राम्रो भएको देख्न नसक्ने प्रतिकूल पात्र हो । राजा यस कथामा आफ्नो सोच बदल्न नसक्ने सधैं एउटै कुरामा विश्वास गर्ने र आफ्नो भाग्य बलियो छ भन्ने घमण्ड कहिल्यै नछोड्ने एक स्थिर पात्रको रूपमा देखापरेको छ । यस कथामा राजाले पहिलेका राजा महाराजहरूको चरित्र देखाउनुका साथै मै हुँ भन्ने प्रवृत्ति देखाउने वर्गको प्रतिनिधित्व गरेकाले ऊ यस कथामा वर्गीय पात्रको रूपमा देखिएको छ । लोककथाको सुरुदेखि अन्त्यसम्म राजाको भूमिका सशक्त देखिएकाले कथामा वद्ध पात्रको रूपमा रहेको छ ।

### (३) ज्वाइँ/ऐजेरुको झार

कथामा राजकुमारीको श्रीमान् राजाको ज्वाइँ र पछि त्यस राज्यको राजाको रूपमा देखापरेको पुरुष पात्र हो । यस कथामा राजाले जस्तो सुकै व्यवहार गरेपनि दुःख पर्दा

आफन्त चाहिन्छन्, सहयोग गर्नुपर्छ राज्य खोसिनु भनेको राजाको अपमान, हार हुनु हो भनेर सबैको भलाइको लागि लडाइमा जाने एक अनुकूल पात्र हो । यस कथामा पहिले एउटा झार भएर बसेको र पछि देउताको वरदान स्वरूप मान्छे भएर मानवसँग रमाएको समयसँग आफ्नो जिम्मेवारी लिन सक्ने र व्यवहार पनि परिवर्तन गर्न सक्ने एक गतिशील पात्र हो ।लोककथाको अन्त्य भागमा प्रत्यक्ष/सक्रिय सहभागी भएकाले कथामा मुक्त पात्रको रूपमा आएको छ । यस कथामा ऊ एक व्यक्ति पात्रको रूपमा देखापरेको छ ।

यसरी यस कथामा मानव र मानवेतर पात्रहरूको सहयोगले कथा रोचक बनेको छ । यस्तै कथामा मुख्य पात्र तीन जना मात्र भएपनि कथामा सहयोगी भएर कथालाई पूर्ण बनाउन सहयोगी पात्रहरू राजकुमारीकी आमा, दाजुहरू दिदी, सपनामा देखापरेको भगवान, वनजङ्गलका राजकुमारीलाई सहयोग गर्ने जनावर बोटविरुवा, लडाइमा सहभागी सिपाइ आदिको भूमिका पनि एकदमै महत्त्वपूर्ण छ जसको उपस्थितिबिना कथा अगाडि बढ्न सक्दैन, त्यसैले यी पात्रहरू प्रस्तुत लोककथाका सहायक पात्रको रूपमा रहेका छन् ।

### ३.५.३ परिवेश

प्रस्तुत राजकुमारीकी बात डोटेली लोककथाहरू किंवदन्तीमूलक लोककथा हो । यस कथामा कालिक परिवेशको रूपमा पुरानो समयको जहाँ जादु, तुना, तन्त्रमन्त्र, आशर्विाद, श्राप, वरदान, भगवान, भुतप्रेत र भाग्यमा विश्वास गर्ने समाज रहेको छ । कथामा स्थानिक परिवेशको रूपमा राजकुमारी जन्मेको राजदरबार, त्यो गाउँघर, राजकुमारीको विवाह भएको वनजङ्गल, बाटोघाटो, राजाले लडाइ गर्ने अर्को राज्य, आदि जस्ता स्थानहरू आएका छन् । कथामा सामान्य स्थानको रूपमा गाउँघर बाटोघाटो, वनजङ्गल आएका छन् भने विशिष्ट स्थानको रूपमा राजदरबार र माटोको मूर्तिबाट मानिस बनेको राजकुमारीको घरको एउटा कोठा रहेका छन् । यस कथामा साझ, बिहान, दिउँसो, राती, मध्यराती जस्ता समयको प्रयोग भएको पाइन्छ । कथामा सामान्य समयको रूपमा साँझ, बिहान, दिउँसो रहेको छ भने मध्यराती सपनामा भगवान आएको र वरदान माग भनेको समयचाहिँ विशिष्ट समयको रूपमा आएको छ । यस कथामा सुरुमा सुखद वातावरणअलिकति आएपनि फेरी राजकुमारीको विवाह पछि सुखद वातावरण देखिन्छ भने राजकुमारीले आफ्नो श्रीमान् मानिसको रूपमा पाउँदा सुखद वातावरण रहेको पाइन्छ । कथाको अन्तमा बुवाले गल्ती स्वीकारेर राजकुमारीलाई राज्य सुम्पेपछि सुखद वातावरणसँगै कथा अन्त्य भएकाले यो कथा सुखान्त हो भन्न सकिन्छ ।

### ३.५.४ उद्देश्य

प्रस्तुत राजकुमारीकी बात डोटेली लोकजीवनमा प्रचलित एक किंवदन्तीमूलक लोककथा हो । हरेक कुराको केही न केही उद्देश्य रहेजस्तै डोटेली लोककथाको पनि विभिन्न उद्देश्य रहेको हुन्छ । यस्तै यो कथा पनि डोटेली किंवदन्तीमूलक कथा भएकाले यस

लोककथाको मुख्य उद्देश्य पुराना कुराहरूलाई नयाँ पुस्तासम्म पुऱ्याउनु, पुरानो समयको बारेमा नयाँ पिँढीलाई जानकारी गराउनु रहेको छ । यस्तै यस लोककथाको अर्को उद्देश्य सेवा गरे मेवा मिल्छ, भाग्य कसैको पनि कमजोर र बलियो हुँदैन भाग्य त आफैले निर्माण गर्नुपर्छ भन्ने नैतिक सन्देश दिनु पनि रहेको छ । यस कथाले मानिसले भाग्य छ भन्दैमा हात बाँधेर बसेर सफलता प्राप्त गर्न सक्दैन भन्ने कुरा देखाउनु पनि अर्को उद्देश्य हो । यस कथामा परिश्रम नै सबैभन्दा ठूलो भाग्य हो, कर्म नगरी कुनै सफलता मिल्दैन भन्ने कुरा पनि देखाएको छ । यस लोककथाको अर्को उद्देश्य साँझपखको समयमा दिनभरिको थकान मेटाउँदै मनोरञ्जन गर्नु पनि रहेको छ ।

### ३.५.५ भाषाशैली

राजकुमारीको कथा डोटेली समुदायमा प्रचलित भएकाले यस कथाको भाषा पूर्णत डोटेली भाषा रहेको छ । कथामा डोटी जिल्लामा बोलिने ग्रामीण डोटेली भाषाका रोचक शब्दहरूको प्रयोग अत्यधिक भएको पाइन्छ । यस कथामा डोटेली भाषाका 'पइली', 'भाग्यमी', 'स्वाहानीसु', 'कैका', 'सोद्योभण्यो', 'तुमराई', 'अर्खा', 'पछिल्तार', 'आफनाइ', 'एजेरुका', 'झुक्कासु', 'कुनाखी', 'झुपडो', 'सुइनामी', 'भगवान', 'माग्देहै', 'जडाको माटी', 'भितर', 'जस्सोइ', 'कुन्टाखी', 'दोसरा', 'तेसरा', 'खुबनिको', 'रुबस', 'कामनकाजका', 'विगण्या', 'अद्दलायो', 'खोजीअऱ्यो', 'रैछइ', 'तुमरो' जस्ता ठेट शब्दहरूको संयोजनले कथा रोचक बोधगम्य र श्रुतिमधुर बनेको छ । यस कथामा अब के हुन्छ , के गर्ला ? जस्तो कुतूहलपूर्ण शैलीको प्रयोग भएको र क्रमिक रूपमा अगाडि बढाइएको छ । यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ तर कहिकतै संवादात्मक शैलीको पनि प्रयोग भएको छ । कथामा राजकुमारी र भगवान, बुवा र घरका अरू सदस्य र राजकुमारीसँगको कुराकानीमा र ज्वाइँ र राजा बिचको कुराकानीमा पनि संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ । यस कथामा ग्रामीण मौलिक शैली एकादेशबाट सुरु भएर सुन्नेलाई सुनको माला जस्तो अनौपचारिक र मौलिक भाषा र लोक शैलीको प्रयोग गरिएको पाइन्छ ।

## ३.६ सतलसिंहे राजाकी बातको विश्लेषण

डोटेली समुदायमा लोककथा भन्ने र सुन्ने परम्परा धेरै पहिलेदेखि अर्थात् परापूर्वकालदेखि अझ भन्ने हो भने मानव उत्पत्तिबाट नै रहेको पाइन्छ । यी लोककथाहरू डोटेली समुदायमा कुनै विशेष अवसरमा होस् कि साँझपखको समय मनोरञ्जन प्राप्त गर्न विना अवसर नै सुन्ने र सुनाउने गर्दछन् । यस्तै लोककथाहरू मध्येको त्यसक्षेत्रमा प्रचलित 'सतलसिंहे राजाको' कथा पनि एक किम्वदन्तीमूलक लोककथा रहेको छ । यस कथालाई निम्नलिखित तत्त्वहरूका आधारमा अध्ययन गरिएको छ ।

### ३.६.१ कथानक

धेरै पहिले एउटा गाउँमा एक राजा हुनु राजाका सातओटी रानी हुँदा पनि सन्तान, नहुनु, सन्तान प्राप्तिका लागि आठौँ रानीको रूपमा एक लाटीसँग विवाह गर्नु, आठौ रानी गर्भवती हुनु, त्यसको गर्भको बच्चा जन्मिएपछि आफ्नो अस्तित्त्व कम हुने डरले अरू सात रानीले सल्लाह गरेर सुत्केरी हुँदा जन्मेको बच्चा कतै फालिदिने र त्यसको अगाडि मसला पिस्ने ढुङ्गा राख्ने सल्लाह गर्नु र त्यसै गर्नु, त्यो बालखलाई घरको तल्लो तलामा गोठमा फाल्नु, यसरी कहिले गोवरमा कहिले सिस्नो झाडी कहिले तरुल खनेको खाल्डो कहिले ठूलो जङ्गलमा फालिदिनु एक जोगीले लगेर फाल्नु एकदिन त्यो केटो ठूलो भएर आफ्नो घर परिवार खोज्न आउँनु आफ्नो बुवाको खेतमा रोपाइ भइरहँदा पानीको मुहान नजिक आफ्नो काठको घोडा उभ्याएर पानी बन्द गर्नु, खेतमा पानी नगएपछि त्यहाँ काम गर्ने लगायत सातवटै रानी पानी खोल्न आउँनु त्यस केटाले कसैलाई केही कसैलाई केही चोट घाउ गरेर पठाउनु, अन्त्यमा त्यसैकी आमा लाटी रानी आउँनु उसले पनि अरूजस्तै गरेर, हात्ती लास हात्ती जन्मन्छ, घोडीलास घोडी, मान्छेलास लोणो सिलौटो जन्मन कहीँ नदेखे भगवान काठकी कठघोडी पानी खान काइन देखे भगवान भनेर भनेपछि त्यो केटाले आफ्नो घोडाको लगाम तानेर पानी पठाउनु र त्यो रानी खेतमा जानु र सबैले अचम्म मार्ग्दै कसरी ल्याइस् भनेर सोध्नु उसले पनि त्यहाँ त्यो केटासँग भएको सबै कुरा भन्नु राजा को रहेछ भनेर त्यस केटाको नजिक जानु र सोध्नु, आफू यहाँका राजाको छोरो भएको मेरी आमासँग यस्तो जाल रचेर मलाइ जङ्गलमा फालेको हो र जोगीले पालनपोषण गरेर अहिले यहाँ आएको भनेर भन्नु, राजाले सबै कुरा बुझेपछि ती सातओटै रानीलाई मार्नु र त्यो छोरासहित दरवारमा बस्नु जस्ता घटना यस लोककथाको कथानक हुन् ।

सतलसिंहे राजाको लोककथा किंवदन्तीमूलक कथा हो । यो कथा आकारका हिसाबमा मध्यम खाले कथा हो । यस कथामा कथानक फराकिलो पाइन्छ । यस लोककथाको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा कसिलो बनेर रहेको पाइन्छ ।

#### (१) आदिभाग

यसको कथानकमा राजाको आठौँ रानीबाट छोराको जन्म हुँदा यसको त ढुङ्गो जन्म्यो भनेर बालखलाई गोठमा फाल्नु त्यसपछि गोवरको थुप्रोमा फाल्नु, त्यसपछि सिस्नो झाडी, त्यसपछि तरुल खनेको खाल्डोमा र अन्त्यमा ठूलो जङ्गलको बिचमा फाल्नु र एउटा जोगीले आफ्नो कुटीमा लैजानु जस्ता घटना कथानकको आदि भागमा आउँछन् । यसैबाट नै कथानक सुरु भएको छ ।

#### (२) मध्यभाग

यस्तै जोगीले आफ्नो क्षमताअनुसार हुर्काएर यो साँच्चिकै सतलसिंहे राजाको छोरो हो की होइन भनेर परीक्षा लिनुबाट कथानकको मध्य भाग सुरु हुन्छ । परीक्षामा पास हुनु,

आफ्नो बुवा घर परिवार, राज्यको खोजीमा आफ्नो बुवाको ठूलोखेतको रोपाइ भईरहेको दिन जोगीले काठको घोडामा पठाउनु र केटो जानु जस्ता घटना कथानकको मध्य भागमा पर्छन् त्यहाँ गएर पानी खेतमा जाने मुहानमै घोडालगेर उभ्याउनु पनि मध्य भागमा नै पर्छ ।

(३) **अन्त्यभाग**

खेतका सबै काम गर्ने मान्छेहरू पानी लगाउँन पालैपालो आउँनु र उनीहरूलाई त्यो राजकुमारले एकएक गर्दै गुलेलीले हानेर घाउ चोटपटक लागेर खेतमा फर्काउनु र अन्त्यमा उसैकी आमाले आउँदा पानी पठाउनु, र आफ्नो सबै घटना राजालाई सुनाउनु म यो देशको राजाको छोरा हु भनेर बाबु छोराले एक अर्कालाई चिन्नु आफ्नो सात रानीको कर्तुत थाहा पाउनु र सातैलाई काटेर मार्नु कथानकको अन्त्य भागका घटना हुन् । कुतुहलता सिर्जना गर्ने यसको कथानकले कथावस्तुलाई एक अर्कासँग राम्ररी उनेको छ । कथानक रोचक र आनन्द दिने र केही सन्देश दिने खालको रहेको छ ।

## ३.६.२ सहभागी

यस कथाको संरचना अलिठूलो भएकाले यसमा प्रयोग हुने पात्र पनि बढि नै रहेकाछन् । यसकथामा मानव र मानवेतर दुवै पात्रको प्रयोग सशक्त ढंगले भएको पाईन्छ । थुप्रै पात्रको प्रयोग भएपनि यस शोधप्रबन्धमा प्रमुख पात्रको मात्र विश्लेषण गरिएको छ ।

(१) **केटो/राजाको छोरा**

यस सतलसिंहे राजाको कथामा थुप्रै पात्रहरू रहेका छन् । यस लोककथाको मुख्य पात्र लोककथाको सुरुदेखि अन्त्यसम्म सहभागी रहेको राजाको छोरो अर्थात् केटो रहेको छ । कथामा सत्तलसिंह राजाको छोरो, जोगीले पालेको केटो र राजाकी आठौं श्रीमती बाट जन्मेको बालखको रूपमा देखापरेको एक पुरुष पात्र हो । यो पात्र घरमा आफ्नी सात आमाबाट तिरस्कृत भएपनि भाग्य बलियो भएकाले जोगीले पालनपोषण गरेको र पछि आफ्नो राज्यको राजा भएको छ । यस लोककथाको प्रायः सबै घटना र सन्दर्भसँग जोडिएको र उसैको वरिपरि कथानक घुमेकाले यस लोककथाको नायकको रूपमा आएको पात्र हो । दरबारमा जन्मे पनि गोठमा फालिँदा त्यहाँ बाह्र वर्षको थारो गाईको दुध खाएर, मलको खातमा फाल्दा त्यहाँ गोबर किराको दुध खाएर बाँच्नु, सिस्नुको झाडीमा सिस्ने किराको दुध खाएर बाँच्नु, तरुल खनेको खाल्डोमा तरुलका मसिना धर्साको दुध खाएर बाँच्नु अनि जङ्गलमा फाल्दा जोगीले भेटेर लैजानु त्यसपछि पनि जोगीको कुटीको बातावरणमा नै रमाउनु जस्ता घटनाबाट उ समय र परिस्थितिको जस्तो आयो त्यहीअनुसार सामना गर्न सक्ने एक गतिशील पात्र हो । यस कथामा त्यो एक अनुकूल पात्रको रूपमा रहेको छ । यस कथामा कुनै वर्ग विशेषको प्रतिनिधित्व नगरेर आफ्नो व्यक्तिको प्रतिभा झल्काउने काम भएकाले ऊ व्यक्ति पात्र हो । सतलसिंहे राजाको कथामा राजाको छोरो, केटोको वरिपरि नै

कथा घुमेको र लोककथाको सुरु भाग देखि अन्त्य भागसम्म केटोको भूमिका रहेकाले यो कथामा बद्ध पात्रको रूपमा रहेको छ ।

(२) **राजा**

सत्तलसिंहे राजा यस लोककथाको शीर्षकबाट नै चिनिने जङ्गलमा फालिएको केटोको बुवा, आठ रानीको श्रीमान एक राज्यको राजाको रूपमा देखापरेको पुरुष पात्र हो । यस कथामा सहायक पात्रको रूपमा देखापरेको छ । कथामा आफ्नो सात रानीको कुरा मात्र सुन्ने आफ्नो कुनै अस्तित्त्व नै छैन कि भन्ने जस्तो गरी दरबारको सबै जिम्मा रानीलाई दिएको समयअनुकूल चल्न नसक्ने स्थिर पात्रको रूपमा रहेको छ । लोककथाको अन्त्य भागमा मात्र देखापरेकोले राजा मुक्त पात्र हो । यसकथामा राजालाई व्यक्ति पात्रको भूमिकामा पाउन सकिन्छ । कथामा अनुकूल सहभागीको रूपमा पनि भेट्न सकिन्छ ।

(३) **सात रानीहरू**

'सतलसिंहे राजा' कथामा त्यस राज्यका रानी आठौँ रानीबाट जन्मिएको छोराकी सौतेली आमा आठौ रानी अथवा लाटी रानीकी सौताको रूपमा देखापरेकी नारी पात्रको रूपमा रहेकी छन् । आफ्नो सन्तान नभएपछि आठौं रानीको सन्तान हुने भयो हाम्रो अस्तित्त्व समाप्त हुने भयो भनी आठौं रानी र जन्मिएको बच्चाप्रति जालझेल गर्ने र बच्चाको सट्टा ढुङ्गा जन्म्यो भनेर झुटा बोल्ने र बच्चालाई मार्ने प्रयास गर्ने कथामा प्रतिकूल पात्रको रूपमा देखापरेकी छन् । यस कथामा सधैँ आफू मात्र राम्रो बन्नु राजा र राज्यका अरू जनताको प्यारो बन्नु आफुहरू बाहेक अरूलाई दरवारमा स्थान दिन नचाहने सधैँ एउटै अवस्थामा रहन खोज्ने स्थिर पात्रको रूपमा देखापरेकी पात्र हुन् । रातरानीले यस कथामा वर्गीय भूमिका निर्वाह गरेकी छन् । यस्तै लोककथाको सुरु भागदेखि अन्त्य भागसम्म उपस्थित हुने बद्ध पात्रको रूपमा पनि सातरानी देखापरेकी छन् । यिनीहरू यस कथाकी सहायक पात्र पनि हुन् ।

(४) **जोगी**

'सतलसिंहे राजा' कथामा जङ्गलमा फालेको राजाको छोरालाई आफ्नो कुटीमा लगेर पालनपोषण गर्ने कथामा जोगीको भूमिका निर्वाह गर्ने पुरुष पात्र हो । जङ्गलमा फालिएको अवस्थामा भेटिएको एक अपरिचित बालकलाई घरमा लगेर पालनपोषण गर्ने दयालु स्वभावको अनुकूल पात्रको रूपमा देखापरेको छ । ऊ समय, समस्या घटना परिस्थितिसँग चल्न सक्ने यिनीहरूको सामना गर्न सक्ने गतिशील पात्र हो । लोककथाको मध्य भागमा देखापरेको एक बद्ध पात्र र व्यक्तिपात्रको रूपमा रहेको छ ।

(५) अन्य पात्रहरू

यसरी यस कथामा अन्य सहभागीको रूपमा राजाका सिपाइ, खेतमा काम गर्ने, नाबालख बच्चालाई दुध खुवाएर बचाउने गोठको थारो गाई, गोवर मल खातका किरा, सिस्नो झारीका जरा, तरुल खनेका मसिना धर्सा, जङ्गलको बाघ, रोपाइमा प्रयोग भएका गोरु, जोगीले बनाइदिएको काठको घोडा आदि सहायक र गौण पात्रको रूपमा रहेका छन् । यी सबै पात्रले पनि कथालाई अगाडि बढाउन निकै सहयोग गरेको पाइन्छ । सहभागीको हिसाबले यो कथा निकै सशक्त रहेको छ ।

## ३.६.३ परिवेश

प्रस्तुत सत्तलसिंहे राजा डोटेली लोककथाहरूमध्ये एक प्रमुख किंवदन्तीमूलक लोककथा हो । यस कथामा कालिक परिवेशको रूपमा डोटी जिल्लाको जादु तुना, तन्त्रमन्त्र, देवी देवताप्रति आस्था राख्ने लोकजीवन/लोकसमाज रहेको छ । कथामा स्थानिक परिवेशको रूपमा सत्तलसिंहे राजाको दरबार बच्चा फालेको ठाउँहरू गाईको गोठ, गोबरमल थुपार्ने ठाउँ, सिस्नो झाडी, तरुल खनेको खाल्डो, वनजङ्गल, बाटोघाटो, जोगीको कुटी, राजाको खेत, गाउँघर, खोलानाला आदि रहेका छन् । यस कथामा सामान्य स्थानको रूपमा बाटोघाटो, वनजङ्गल, गाउँघर आदि रहेको छ भने विशिष्ट स्थानको रूपमा राजाको कुटी र राजाको दरवार आदि रहेका छन् । यस कथामा साँझ, बिहान, दिउँसो, रातीको समयको प्रयोग गरिएको छ । यस कथामा सामान्य समयको रूपमा राति दिउँसो, बिहान, साँझको समय रहेको छ भने विशिष्ट समयको रूपमा बच्चा जन्मेर लुकाइएको समय र बच्चा बिच जङ्गलमा जोगीले भेटेको मध्यदिनको समय रहेको छ । यस कथामा सुरुदेखि सुखद वातावरण आएको छ । यस कथामा सुरुमा राजपरिवारमा सन्तान नहुँदा दुःख लाग्नु, त्यसपछि, जन्मेको बच्चा जोगीको घरमा दुःख कटाउनु जस्ता दुःखद वातावरण आएका छन् । यसरी यस कथाको अन्त्यमा भने राजाले वास्तविकता थाहा पाएर छोरालाई आफूसँगै राखेर अपराधीलाई सजाय दिएर सुख शान्तिले दरवारमा बसेको बाट सुखद वातावरण रहेको देखिन्छ । यस कथामा सुख र दुःखको सम्मिश्रण पाइन्छ ।

## ३.६.४ उद्देश्य

हरेक लोककथा कुनै न कुनै उद्देश्यका लागि भनिएका हुन्छन् । डोटेली लोककथाहरूयस लोककथाले पनि विविध उद्देश्य बोकेको छ । यस लोककथाको मुख्य उद्देश्य सत्यको जहिले पनि जित हुन्छ असत्य कहिल्यै पनि टिक्दैन सत्य जति लुकाए पनि लुक्दैन । मानिसमा सहास, जोश, जाँगर, आँट र बुद्धि छ भने मानिस जस्तोसुकै काम पनि सम्भव हुन्छ । भाग्यमा लेखेको कुरा कहिले पनि टर्दैन मानिसलाई समय र परिस्थितिले जति

दुःख दिएपनि काम गऱ्यो भने जुनसुकै कुरा पनि प्राप्त गर्न सकिन्छ । कुनै पनि मानिसमा केही न केही स्वार्थ रहेको हुन्छ । समाज स्वार्थी छ तर संसारका सबै मान्छे स्वार्थी पनि हुँदैनन् सहयोगी पनि हुन्छन् भन्ने सन्देश दिनु यस लोककथाको उद्देश्य हो । यस्तै सौताले सौता माथि गर्ने व्यवहार र सौताका छोराछोरीप्रति गर्ने रिस, ईर्ष्या र दुर्व्यवहारलाई देखाउनु पनि यस लोककथाको अर्को उद्देश्य हो । राजाको छोराको जीवनमा आएका दुःख र उतार चढावका घटनाहरूलाई देखाएर सुखमा मात्तिने र दुःखमा आत्तिने गर्नु हुँदैन भन्ने सन्देश दिनु र नैतिकताको पाठ सिकाउनु पनि यस लोककथाको उद्देश्य रहेको छ ।

## ३.६.५ भाषाशैली

डोटेली समुदायबाट सङ्कलन गरिएका दुई प्रकारका लोककथामध्ये किंवदन्तीमूलक लोककथाहरूमधयेको सतलसिंहे राजाको कथा पनि प्रमुख रहेको छ । यो कथा डोटी जिल्लाबाट सङ्कलन गरिएकोले यसको भाषा डोटेली रहेको छ । कथामा डोटेली भाषाका व्यक्तिहरूले आफ्नो दैनिक व्यवहारमा प्रयोग गर्ने सामान्य बोलीचालीका सरल शब्दहरू 'गर्खामी', 'मुलेमुली', 'अैमुख', 'मरज्यात', 'जत्काली', 'कुन्टाइनी', 'थणो', 'बैलो', 'पर्साखात', 'किणा', 'सिसुनझाँड', 'तउणीखाता', 'जिली', 'धेक्यो', 'वस्थछु', 'आथिन', 'रूपाइ', 'हुन्नारै', 'भउत', 'हलवल्ल', 'ढोल', 'दुमाउ', 'रोप्दारी', 'वाउसे', 'कण्न', 'हनहन', 'रुवस', 'सन्तानखिलाइ', 'अऱ्यारैछ', 'लैजाइवर', 'वर्तिमन' आदि जस्ता ठेट डोटेली भाषाका शब्दहरूको प्रयोग गरेर कथालाई बोधगम्य र श्रुतिमधुर बनाएका छन् । यस कथामा स्थानीय लोकशैलीको प्रयोग भएको छ । कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको भएपनि राजा र राजकुमार, जोगी र राजकुमार, राजा र रानी, रानीहरू एक आपसमा कुराकानी गर्दा दोहरो संवादात्मक शैलीको पनि प्रयोग भएको छ । यस कथामा कुतूहलपूर्ण अब के होला ? अब के गर्ला ? जस्तो शैलीको प्रयोग गरिएको छ । यस कथामा डोटेली कथाहरू भन्दा अपनाइने एकादेशबाट सुरु भएर सुन्नेलाई सुनको माला .... को लोक शैलीको प्रयोग गरिएको छ । यस कथामा डोटेली अनौपचारिक र मौलिक भाषाशैलीलाई अपनाइएको छ ।

## ३.७ निष्कर्ष

प्रस्तुत तेस्रो परिच्छेदमा डोटेली किंवदन्तीमूलक लोककथाहरूको तत्त्वगत अध्ययन गरिएको छ । यी लोककथाहरूमा पाइने घटना र पात्रहरू विश्वास गर्न नसकिने र साधारण मानवले गर्न नसक्ने कार्य सम्पन्न गरेका, स्पष्ट प्रमाण नभएर पनि परम्परादेखि सुन्दै र पत्याउँदै आएका लोककथाहरू रहेकाछन् जुन अहिले पनि डोटेली समाजमा त्यस्तै विश्वासका साथ सुन्ने र सुनाउँने गरिन्छ ।  यस परिच्छेदका लोककथाहरूमा द्यौता, राजा,

भगवान, राक्षस, विधाता (भाविनी) जोगि, माता, राजकुमारी, रानी राजाको छोरा, सिपाइ जस्ता पात्रहरूको चमत्कारीयुक्त क्रियाकलापबाट डोटेली समाजको राजा, महाराजा, भगवान, भाग्य, कर्म, जादुतुना सम्वन्धिको विश्वासलाई देखाउन खोजिएको छ। यहाँ डोटेली भाषिकाको प्रयोग भएको र बनजङ्गल, मन्दिर, दरवार, गाउँघर जस्ता स्थानिय काल्पनिक परिवेशलाई लोककथाको माध्यमबाट देखाइएको छ। यी लोककथाहरूको माध्यमबाट डोटेली जनताले जादुटुना, तन्त्रमन्त्र, राजा, कर्म, भाग्य, देवीदेवताप्रति गरेको विश्वास, सामाजिक कुरिती, अन्याय, अत्याचार देखाउनुका साथै समाजका मानिसले आफ्नो धर्म संस्कार र संस्कृतिप्रति गरेको आस्थालाई देखाउन खोजिएको छ । माव जीवनमा धेरै उकाली ओरलीहरू आउँछन् दुःख भयो भन्दैका आत्तिनु हुदैन् र सुख भयो भन्दैमा मात्तिनु हुदैन् हरेकको जीवनमा सुखपछि दुःख र दुःखपछि सुख हुन्छ भन्ने भावविचार यहाँ पाइन्छ।

# चौथो परिच्छेद

# सारांश र निष्कर्ष

## ४.१ सारांश

प्रस्तुत “डोटेली लोककथाको विधातात्त्विक अध्ययन” शीर्षकको शोधप्रबन्ध चार परिच्छेद र परिशिष्ट खण्डमा संरचित छ । शोधप्रबन्धको पहिलो परिच्छेदमा शोधपरिचय प्रस्तुत गरिएको छ । यस क्रममा विषयपरिचय, समस्याकथन, अध्ययनका उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको सीमाङ्कन, सामग्री सङ्कलन विधिहरू र शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएका छन् । यस सन्दर्भमा शोध शीर्षकलाई विषयपरिचय शीर्षक र पूर्वकार्यको अध्ययनका आधारमा शोधसमस्याहरू उल्लेख गरिएको छ । त्यसपछि उल्लेखित शोधसमस्याका आधारमा उद्देश्यको निर्माण भएको छ । त्यसपछि शोधप्रबन्धको सीमाङ्कन र शोधविधिको छनोट गरिएको छ । पूर्वकार्यको अध्ययनबाट प्रमाणित शोध समस्याको महत्त्वलाई प्रस्तुत गरी शोधकार्यको औचित्य स्थापित गरिएको छ ।

शोधप्रबन्धको दोस्रो परिच्छेदमा लोककथाको परिचय, लोककथाका तत्त्वहरू र विषयवस्तुका आधारमा लोककथाको वर्गीकरण गरिएको छ । जसअन्तर्गत लोककथाका तत्त्वहरूलाई विभिन्न विद्वान्हरूका अनुसार परिभाषित गरिएको छ र लोककथाका निम्नलिखित तत्त्वहरूको सामान्य परिभाषा पनि दिइएको छ । तत्त्वहरू: कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीको परिचयका साथै विषयवस्तुको आधारमा गरिएको लोककथाको वर्गीकरणका प्रकारहरू पौराणिक लोककथा, सामाजिक लोककथा, अलौकिक लोककथा किंवदन्तीमूलक लोककथा र पशुपक्षीका लोककथाको बारेमा सामान्य जानकारी परिभाषा पनि उल्लेख गरिएको छ । यस दोस्रो परिच्छेदमा विषयवस्तुका आधारमा डोटेली लोककथाहरूलाई दुई प्रकारमा विभाजित गरेर सामाजिक लोककथाहरूलाई शीर्षकको वर्णानुक्रमअनुसार राखेर विधातात्त्विक रूपमा अध्ययन गरिएको छ ।

लोककथाको विषयवस्तुको आधारमा गरिएको वर्गीकरणलाई मुख्य स्रोत बनाएर डोटेली लोककथालाई सामाजिक र किंवदन्तीमूलक लोककथाको तत्त्वगत अध्ययन गरिएको यस शोधप्रबन्धको दोस्रो परिच्छेदमा नौओटा डोटेली सामाजिक लोककथालाई विधातत्त्वका आधारमा अध्ययन गरिएको छ । यस परिच्छेदमा विश्लेषण गरिएका कथाहरू (१) केशलणीकी बात (२) ढुट्यामुलेकी बात (३) दिदीभाइकी बात (४) देवाया जशाया रानीकी बात (५) प्याउली फूलकी बात (६) भट्टेमुलेकी बात (७) लाटामुलेकी बात (८) सात भाइकी एकै वैनाकी बात (९) सातलाटाकी बात आदि रहेका छन् ।

लोककथा लोकसाहित्यको एक प्रमुख विधा हो । यसले वर्णनात्मक कथ्य भाषाद्वारा लोक समुदायलाई मनोरञ्जन प्रदान गर्दछ । लोककथामा लोक समुदायका सुखदु:ख, वैराग्य, चलाखी, वहादुरी, बुद्धिमानी, सोझोपन आदि विभिन्न अनुभूति र अनुभवको जीवन्त चित्रण

गरिएको पाइन्छ । यो मौखिक परम्परामा जीवित रहने हुनाले स्थान, समय र वातावरणअनुसार गतिशील र परिवर्तनशील हुन्छ । लोक कथामा कल्पनामय अद्भुत अलौकिक, अविश्वासिलो, घटनाहरूको संयोजन भएको हुन्छ ।

लोकसाहित्य अन्तर्गत पर्ने एक महत्त्वपूर्ण र प्रमुख विधा लोककथा आख्यानको श्रव्य र कथ्य विधा हो । लोककथा लोकले परापूर्वकालदेखि अझ भन्नुपर्दा मानिसको उत्पत्तिसँगै विकास भएको विधाको रूपमा भन्न सकिन्छ । लोककथा विशेष गरेर ग्रामीण समुदायमा, अपठित समुदायले विभिन्न प्रयोजनका लागि प्रयोग गर्दै आएका हुन्छन् ।

शोधप्रबन्धको दोस्रो परिच्छेदमा विषयवस्तुको आधारमा लोककथालाई पाँच प्रकारमा वर्गीकरण गर्न सकिन्छ भन्दै ती पाँच प्रकारहरूको परिचय दिँदै जसअन्तर्गत यस्ता यस्ता लोककथाहरू पर्दछन् भन्दै केही नमुनाहरूको नाम पनि उल्लेख गरिएको छ । यसैगरी यस परिच्छेदमा लोककथाका तत्त्वहरूलाई पनि उल्लेख गरेको छ र विषयवस्तुको आधारमा सामाजिक लोककथालाई विश्लेषण पनि यसै परिच्छेदमा गरिएको छ ।

शोधप्रबन्धको तेस्रो परिच्छेदमा डोटेली किंवदन्तीमूलक लोककथाको विधातात्त्विक अध्ययन गरिएको छ । यस परिच्छेदमा डोटेली लोककथालाई विषयवस्तुको आधारमा वर्गीकरण गरेर त्यसमध्येको किंवदन्तीमूलक पाँचओटा कथाको विधातात्त्विक अध्ययन गरिएको छ । जसमा सतलसिंहे राजाकी बात, भाविनीको होरो, इजाचेलाकी व्याकी बात, तीनचिण्डे भुतकी बात, राजकुमारीकी बात शीर्षकका कथाहरू रहेका छन् । यस परिच्छेदमा डोटेली लोककथाहरू असत्य अथवा अर्धसत्य कथाहरू, यसमा व्यक्तिको विरता साहशीपना, सहनशीलता, धैर्यता, देवी देवता, धर्म कर्म, भाग्य, छलकपट, आस्था, विश्वास, जादुटुना, आदिसँग सम्बन्धित विषयवस्तु भएका कथाहरू पाइन्छन् । यस परिच्छेदमा यस्तै माथि उल्लेखित पाँच कथाहरूको विश्लेषण रहेको छ ।

चौथो परिच्छेदमा समग्र सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । जसअन्तर्गत परिच्छेदगत निष्कर्षमा प्रत्येक परिच्छेदको छुट्टाछुट्टै रूपमा छोटकरीमा निष्कर्ष दिइएको छ । यसमा शोधप्रबन्धको कति परिच्छेद छन् र कुन परिच्छेदमा के उल्लेख भएको छ भन्ने कुराहरूको सङ्क्षिप्त बेग्लाबेग्लै निष्कर्ष रहेको छ भने समग्र निष्कर्षमा पुरै शोधकार्यभरि के उल्लेख भएको छ । शोधप्रबन्ध कुन विषयवस्तुमा लेखिएको छ भन्ने कुराको अथवा शोधकार्यको समष्टि सारलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

## ४.२ निष्कर्ष

डोटी जिल्ला सुदूरपश्चिम प्रदेशअन्तर्गतको पहाडी जिल्ला हो । २०२९ सालमा डोटी राज्यले अहिलेको डोटी जिल्लाको रूप धारण गरेको हो । हालको डोटी जिल्लाको सिमाना पूर्वमा एकडीगाड, बुढीगंगा र सेतीनदी पश्चिममा सेती गंगा घनघोर डाँडा, पुजारी खोला, उत्तरमा साकार ताम्वेश्वरलेक र खप्तडको लेक तथा दक्षिणमा कर्णाली नदी ठूली गाड, चुरे

पर्वतमालाको ठूलावन डाँडा र चिरकिट्टे आदि पर्दछन् । यिनै साँध सीमानमा अवस्थित २०२५ वर्ग किलोमिटर क्षेत्रफल ओगट्न सफल पहाडी र केही फराकिला फाँट मिलेर बनेको जिल्ला हालको डोटी हो ।

नेपाली लोकसंस्कृतिको उदगम्स्थल भनेर चिनिने डोटी जिल्लामा बोलिने भाषा अथवा डोटीका स्थानीय बासिन्दाले बोल्ने भाषा डोटेली भाषिका हो । त्यहाँ बसोबास गर्ने लोक समुदाय डोटेली समुदाय हुन् र यिनीहरूको मौखिक परम्परामा रहेको साहित्य नै डोटेली लोकसाहित्य हो । डोटेली लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा पनि महत्त्वपूर्ण विधा हो ।

डोटेली लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा पनि महत्त्वपूर्ण विधा हो । अन्य लोककथाहरू जस्तै डोटेली लोकजीवनमा मौखिक परम्परामा जीवित रहँदै आएका कथाहरू नै डोटेली लोककथा हुन् । नेपालीमा लोककथा, कथाकुथुङ्ग्री, दन्त्यकथा भन्ने कथा आदि नामले चिनिने यी लोककथाहरूलाई डोटेली भाषामा अर्थात् डोटेली स्थानीय शब्दमा 'बात' अथवा बातै भन्ने गरिन्छ । डोटेली लोककथाहरू दुई प्रकारका रहेका छन् : गाउँन्यै बात (गाएर सुनाइने) राउन्यै बात (गाउँखाने कथा) । पौराणिक प्रसङ्गसँग सम्बन्धित, प्राचीन डोटेली परम्परासँग सम्बन्धित, वीरचरित्रसँग सम्बन्धित, असाधारण शक्ति भएका देवी देवता, राजा, वीरपुरुष, राक्षस, भूत, पिशाच, पशुपक्षी आदिका प्रसङ्गसँग कथावस्तु भएका गाउँने मौखिक कथाहरू गाउँने कथा, गाउँन्यै बात हुन् जसमा कथावस्तुका धेरै घटनाहरूलाई गाएर सुनाइन्छ ।

डोटी जिल्लामा यस्ता कथाहरू प्रायः गरेर पुस पन्ध्रको दिनमा सुनाइन्छन् भने जाडो महिना अथवा पुसदेखि माघ महिनाभरि यस्ता कथाहरू रातीको समयमा अगेनाको छेउमा बसेर, आगनको डिलमा धेरै मान्छेहरू भेला भएर, आगो ताप्दै सुन्ने र सुनाउने गरिन्छ । एउटा टोलका अथवा गाउँका मानिसहरू रातीको खाना खाएर ठूलो आगन हुने मानिसको घरमा आएर आगो ताप्दै, तरुल, फर्सी, सखरखण्ड, पिडालु पकाएर खादै आफूभन्दा ठूला मान्छे अथवा लोककथा भन्न जान्ने मान्छेबाट कथा/बात सुन्ने र सुनाउने गर्दछन् । यो प्रचलन डोटी जिल्लामा कहिलेबाट र कसले चलायो भन्ने कुराको एकिन गर्न सकिँदैन । यस्तो प्रक्रिया डोटी जिल्लामा मानिसहरू निश्चित स्थानमा बसोबास गरेसँगै चलेको हुनसक्छ । त्यसैले लोककथाको रचनाकाल र रचनाकार अज्ञात हुन्छ । प्रस्तुत शोधप्रबन्धमा यिनै डोटेली लोककथाको सङ्कलन गरेर विषयवस्तुलाई आधार बनाएर यसलाई दुई प्रकारमा वर्गीकरण गरी विधातत्त्वका आधारमा अध्ययन गरिएको छ ।

कुनै पनि एउटा विधा वा संरचना तयार हुनका लागि आवश्यक पर्ने विभिन्न अवयव वा संरचक घटकहरू यसका तत्त्व हुन् । लोककथा निर्माण हुन अथवा लोककथा पूरा हुनको लागि पनि आधुनिक कथाको जस्तै विभिन्न संरचक घटकहरूको आवश्यकता पर्दछ । लोककथा निर्माण हुन आवश्यक सामग्रीलाई लोककथाका तत्त्व भनिन्छ । तत्त्वलाई उपकरण,

अवयव, संरचक, घटक, आदि पनि भनिन्छ । यिनको आवश्यक संयोजन र व्यवस्थापन गरेपछि मात्र लोककथाको निर्माण हुन्छ । लोककथाको निर्माणमा आवश्यक हुने र यिनको अभावमा लोककथाको संरचना निर्मित नहुने हुँदा यस्ता तत्त्वहरू अनिवार्य तत्त्व मानिन्छन् । आधुनिक कथा र लोककथा दुवैका अनिवार्य तत्त्वहरू समान रहेका हुन्छन् । डोटेली लोककथा पनि लोकसाहित्यको लोककथा अन्तर्गतको विधा भएकाले डोटेली लोककथाको निर्माण हुनका लागि पनि आवश्यक संरचक घटकहरू रहेका छन् । आधुनिक लोककथा, लोककथाका तत्त्वहरू नै डोटेली लोककथाको तत्त्व हुने भएकाले यस शोधप्रबन्धमा लोककथाका तत्त्वका आधारमा नै डोटेली लोककथाको अध्ययन गरिएको छ ।

लोककथाको वर्गीकरण गर्ने विभिन्न आधार रहेका छन् । विशेष गरेर लोककथालाई आकार, शिल्पविधान, भाव, उद्देश्य, विषयवस्तुको आधारमा छुट्याउन सकिन्छ । लोककथाको कथानक बृहत् नभएर अधिकांशतः लघु आकारका हुने भएकाले यसको आकारगत वर्गीकरण गर्नु त्यति आवश्यक छैन । वर्गीकरणका शिल्पविधान भाव उद्देश्य आधार भएपनि महत्त्वपूर्ण आधार विषयवस्तु हो । लोककथालाई विभिन्न आधारमा वर्गीकरण गरेपनि विषयवस्तु अथवा लोककथाको कथ्यको आधारमा पनि छुट्याइएको पाइन्छ । लोककथाले ज्यादै व्यापक क्षेत्र ओगटेकाले यसको विषयवस्तु जे पनि हुन सक्छ । विषयवसतुको विस्तार एवम् व्यापकताका कारण यसको वर्गीकरण पनि धेरै प्रकारबाट गर्न सकिन्छ । विषयगत आधारमा मुख्यतः पाँच प्रकारको वर्गीकरण रहेको भएपनि प्रस्तुत शोधप्रबन्धमा दुई प्रकारका लोककथाहरूको मात्र अध्ययन गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धमा विषयवस्तुको आधारमा गरिएको वर्गीकरणमध्येको सामाजिक लोककथा पनि एक हो । सामाजिक लोककथा भन्नाले समाजमा घटेका घटना र समाजमा रहेका व्यक्तिहरूलाई सहभागी गराएर वर्णन गरिने लोककथा हो । यस प्रकारका लोककथामा समाजको भोगाइ र समस्याहरू प्रतिविम्बित भएको हुन्छ । यस्ता कथामा धुर्त्याइँ, चलाखी, डाहा, विश्वासघात, न्याय, प्रतिशोध, अन्याय, बहुविवाह, अनमोल विवाह, पारिवारिक झैँझगडा अन्धविश्वास, रीतिथिति, मूल्यमान्यता, आचार व्यवहार आदि पर्दछन् । यस शोधप्रबन्धमा डोटेली लोककथाहरूनिम्नलिखित लोककथालाई आधार बनाएर तिनैको विधातात्त्विक अध्ययन गरिएको छ : (१) केशलणीकी बात (२) ढुट्यामुलेकी बात (३) दिदीभाइकी बात (४) देवाया जशाया रानीकी बात (५) प्याउली फूलकी बात (६) भट्टेमुलेकी बात (७) सातभाइकी एकै वैनाकी बात (८) सातलाटाकी बात (९) लाटामुलेकी बात रहेका छन् ।

डोटेली समुदायमा प्रचलित लोककथाहरू सङ्कलन गर्ने क्रममा विषयवस्तुलाई आधार मानेर दुई प्रकारका कथाहरू बढी मात्रामा रहेका हुनाले एउटा परिच्छेदमा सामाजिक लोककथा र अर्को परिच्छेदमा किंवदन्तीमूलक लोककथाको विधातात्त्विक अध्ययन गरिएको यस शोधप्रबन्धमा माथि उल्लेखित नौ ओटा सामाजिक लोककथाको शीर्षक फरक छ

विषयवस्तु फरकफरक  छ तर पनि यी सबै लोककथाको उद्देश्य डोटेली समाजमा समान रहेको छ । विशेष गरेर दिनभरिको थकान मेटाउन एक अर्कासँग भेटघाट गर्न, बसिवियालो गर्न, मनोरञ्जन गर्न, बुढापाकाका कुरा युवा केटाकेटीलाई सुनाउन अथवा मौखिक रूपमा एकपुस्ताबाट अर्को पुस्तामा चालचलन, रीतिरिवाज, संस्कार र संस्कृतिको हस्तान्तरण गर्नु रहेको छ । यस्ता कथामा नैतिक चेतना पनि पाइन्छ । यहाँ विश्लेषण गरिएका सामाजिक लोककथामा प्रायः गरेर समाजमा रहेका परम्परा, संस्कार, रीतिरिवाज, चालचलन, मूल्यमान्यता, नाता सम्बन्ध, एक अर्को जाति, वर्ग, धर्म, लिङ्ग आदि बिचको सम्बन्ध र उनीहरू बिचको विभेद देखाउनु, एक अर्काप्रतिको माया प्रेम, आस्था, विश्वास, आशा भरोसा देखाउँदै समाजको वास्तविकतालाई चित्रण गर्न खोजिएको छ । यी सामाजिक लोककथामा ग्रामीण परिवेशका सोझा मानिसहरूको यथार्थता र उनीहरूको दिमाग के केति र कसरी चल्दोरैछ आफ्नो आवश्यकता परिपूर्ति गर्न उनीहरूले के कस्तो कदमसम्म चाल्न सक्दारैछन् र त्यसको परिणामको बारेमा कत्ति पनि नसोची हतारमा अपरिपक्व निर्णयले गर्दा कति पछुताउनुपर्छ भन्ने देखाउन खोजिएको छ । समग्रमा भन्नुपर्दा समाजको यथार्थलाई विभिन्न विषयवस्तु र पात्रको व्यवहारमा उतारिएको छ ।

किंवदन्तीमूलक लोककथाहरूको विधातात्त्विक अध्ययन गर्ने क्रममा डोटेली पाँचओटा लोककथाको तत्त्वका आधारमा अध्ययन गरिएको छ । लोकजीवनमा प्रचलित असत्य वा अर्धसत्य पूरा कथालाई किंवदन्ती भनिन्छ । पुराकथा, दन्त्यकथा, जनश्रुति आदि विषयवस्तुमा आधारित लोककथालाई किंवदन्तीमूलक लोककथा भनिन्छ । यस्ता कथाहरूमा स्थानीय, वीर, पराक्रमी, राजा, महापुरुष, सिद्ध, महात्मा आदिको वर्णन गरिएको हुन्छ । यस्ता कथामा देवीदेवताको नभएर मानवीय विशिष्ट व्यक्तित्त्व वा नायकको कथा हुन्छ । यस्तै यहाँ उल्लेखित पाँच डोटेली किंवदन्तीमूलक लोककथा (१) इजा चेलाकी व्याकी बात (२) तीनचिन्डे भुतकी बात (३) भाविनीको होरोकी बात (४)राजकुमारीकी बात (५) सतलसिंहे राजाकी बात आदि शीर्षकका लोककथामा पनि समाजमा घटेका घटनाहरूमा सामाजिक कुरीति, अन्याय, अत्याचार, समाजका मानिसले गरेको देवी देवता, जादुटुना, धर्म, संस्कार संस्कृतिप्रतिको आस्था र विश्वासलाई देखाउनुका साथै कर्म गरे फल पाइन्छ । "भाग्य छ भणिवर चाल्लोमी पानी भरिनैन्" भन्ने डोटेली उखानलाई पनि सार्थक तुल्याइएको छ । व्यक्तिको साहस र आँटले जे जस्तो सुकै असम्भव कुरालाई पनि सम्भव बनाउन सकिन्छ भन्ने कुरालाई पनि कथाका पात्र र कथानकबाट देखाइएको छ ।

डोटी जिल्लामा प्रचलित यी दुई प्रकारका लोककथाहरूमा डोटेली गरिब, निमुखा, निम्नवर्गका मानिसहरूको वास्तविक जीवन कथामा आएका पात्रहरूको व्यवहार र कार्यबाट झल्किन्छ । अरू ठाउँका कथामा भन्दा यस क्षेत्रका कथामा परापूर्वकालदेखि चलिआएको राजा महाराजा, जोगी, सन्यासी, महात्मा, विधाता (भाविनी), जादुटुना, धर्मकर्म, तीर्थवर्त, दानप्रतिको विश्वास अझ पनि उस्तै रहेको समाजमा गर्ने गाइगोठालो, साना र ठूला

बिचको भेदभाव, धनी र गरिबबिचको फरक, दिदी र भाइबिचको माया, पैसा कमाउन परदेश जाने प्रवृत्ति, आमाबुवाप्रतिको सम्मान, समाजका सोझा मानिसले बुद्धिभन्दा बललाई बढी प्राथमिकता दिने प्रवृत्ति आदि जस्ता विशेषताहरू कथाको माध्यमबाट समाजको र व्यक्तिविशेषको यथार्थता झल्काउन खोजिएको छ । यस क्षेत्रका कथामा वास्तविकताभन्दा कल्पनालाई बढी प्राथमिकता दिएको पाइन्छ । लोककथामा उच्च वर्गका भन्दा निम्न वर्ग, धनीभन्दा गरिब सहरियाभन्दा ग्रामीण परिवेश, अशिक्षित वर्ग, उद्योगपतिभन्दा किसान मजदुर वर्ग बढी सहभागी देखिन्छन् । यी र यस्तै पात्र, परिवेशबाट प्रयोग गरेर समाजको वास्तविकता देखाइएको हुन्छ । डोटेली लोककथामा स्थानीय भाषाको मात्र प्रयोग हुने मनोरञ्जन दिने र लिने नैतिक चेतना जगाउने अर्ति उपदेश दिने उद्देश्य बढी मात्रामा पाइन्छ ।

प्रस्तुत शोधप्रबन्ध डोटेली लोककथाहरूको सङ्कलन र तिनको विधातात्त्विक अध्ययनमा केन्द्रित भएकाले यस शोधप्रबन्धले डोटी जिल्लामा मौखिक रूपमा रहेका ग्रामीण परिवेशभन्दा बाहिर आउनु नसकेका लोपोन्मुख लोककथाहरूको केही हदसम्म भएपनि संरक्षण भएको छ साथै नेपाली लोककथाहरूको विधातात्त्विक अध्ययनमा जस्तै अन्य भाषा र क्षेत्र विशेषका लोककथाहरूको लागि पनि आधार तयार भएको छ । अन्य भाषाका लोककथा जस्तै डोटेली लोककथालाई पनि विभिन्न कोणबाट विश्लेषण गर्न सकिन्छ भन्ने आधार तयार हुनु, सबै प्रकारका अथवा जुनसुकै भाषा अन्य भाषाका लोककथा विश्लेषणका लागि सन्दर्भ सामग्री बन्न सक्नु जस्ता कुराहरू यस शोधप्रबन्धका उपलब्धि हुन् ।

## परिशिष्ट

# सङ्कलित डोटेली लोककथाको मूलपाठ

प्रस्तुत "डोटेली लोककथाको विधातात्त्विक अध्ययन" शीर्षकको शोधप्रबन्ध तयार पार्नको लागि आवश्यक सामग्री डोटी जिल्लाको हालको शिखर नगरपालिका, आदर्श गाउँपालिका, र जोरायल गाउँपालिकाबाट सङ्कलन गरिएको हो । प्रस्तुत लोककथाहरू पुस पन्ध्र र माघ तीन गते बढी मात्रामा सुन्ने र सुनाउने भएकाले त्यसै दिनमा उपस्थित भएर गरिएको हो । यी कथालाई सामाजिक र किंवदन्तीमूलक गरेर दुई भागमा वर्गीकरण गरेर यिनीहरूको मूलपाठलाई निम्नअनुसार उल्लेख गरिएको छ ।

## १. सामाजिक लोककथा

### (१) केशलणीकी बात

उइलै एक देशमी एक ठूलो गाउँथ्यो त्यै गाउँमी एक ठूली मौ बस्तथी तैका दुई चेला दुई चेली थे एक चेलो लाटो थ्यो भणे अर्को निको थ्यो एकचेलीको ब्या अऱ्याथ्यो एक ब्या नअरेइकी थी । एक दिन ब्या नअरेकी केशलणी रे त्यो लाटो भाइ आफनी ब्या अरेकी दिदीका घर गया रैछन् । दिदीका घर त्यो केशलणी गाडइनी हणधुनलागि भण्यो त्यो लाटो तल्तीर माछा माद्देरैछ, मुन्टो धुनेबेला तै केशलणीको एक रुँ झण्यारैछ रे बगिवर तै लाटाले माछा माद्दाऱ्या सम्म पुग्यो भण्यो । लाटाले रौ पायो भण्यो रे लाटो भण्न लाग्यारैछ रुँ त इति निको छ रे यो रुँवाली कति निकी होली म यसै रुँवालीसु ब्या अद्देहु भणिवर केसुलणीको वगेको रुँ लैवेर लाटो घर आयो भण्यो । घर आफना इजा बासु मेरो यै रुँवालीसु मेरो ब्या अरिदिय म इस्सैसु ब्या अद्देहु भणिवर ढिपी अद्दलाग्यो भण्यो । उइका इजावा दाइबौजु सबैले जति भणेलै तै लाटाले आफ्नी ठिपी छाडेइन भण्यो । कसैको भणेको केइ नलागे पछि केशलणी नजाणाइवर ब्याको तार अद्‌ललागे भण्यो । ब्याखिलाइ कोलु तेल पेल्ल केशलणी लै गएइरैछ भण्यो तेल पेल्ले वखत एक कौवो आयो भण्यो रे

का का .... के बात के बात

एक चोइलो पिना दिन्छेइ त

म क्या क्या की बात वता उ .......

भण्यो भण्यो रे बोल्ल लाग्यो भण्यो । के भण्नछ यो कौवो के बात रैछ भणिवर एक चोइलो पिदा दियो भण्यो रे लौ अब भण के बात हो भण्यो भण्यो

का का मेरो भण्या सुण का का

का का कसैकी जनभणेइ

तेरा लाटा दाइको रे तेरो ब्या .......

भण्यो भण्यो रे त्यो कौवो उड्यो भण्यो । केशलणी त अगास है झणेजसी भै भण्यो । अब क्यारु कसो अरू भणिवर रुन लागि भण्यो । तै कोलु लग्गै भया एक बोटले भण्यो भण्यो यो तेल एक रुखैनो पोख रे त्यो रुख एकैवेर वाड्डे हो पै पछि तु तै रुखा टुप्पामी वसली तै रुखकोइ उकली सक्दे होइन भण्यो भण्यो । पैपछा तै केशलणीले सबै तेल एक सिल्डा बोटइनो ढोल्यो भण्यो त्यो बोट एकै वेर वाडिवर सर्कपुग्दे भयो भण्यो । केशलणी तैका टुप्पामी बसिभण्यो सबैले खोज्यो भण्यो काँ गै काँ हराइ भणिवर खोज्यो भण्यो । कल्नेइ काइ धेकेइन भण्यो । पछा एकवेर तैकि इजा कोलु पेल्लगया ठौर गइ भण्यो रे ता एक सिल्डा रुखमी आफनी चेली धेक्यो भण्यो रे भण्न लागि भण्यो ।

ओल ब्वा केशुलणी ओल

ढोला दुमाउ बजिसक्या

लगनैको बेला चुक्यो ओल

भण्यो भण्यो रुखमी है केशलणीले लै थुइ ... उइलको इजाथी अवकी सासु हुन्लागि

थुइ तेरा मुख डिठ कइलै जन जनपडयौ । भण्यो । भण्यो रे त्यो फर्किवर घरगै भण्यो । अब उइको बा आयो भण्यो रे अज भण्न लाग्यो भण्यो

ओल ब्वा केशुलणी ओल

ढोला दुमाउ वाजिसक्या

लगनैको बेला चुक्यो ओल ।

भण्यो भण्यो इसरी रुखमी है अज भण्यो थुइ पापी उइलको बा थी अवको ससुरो हुन लागि तेरा मुख किणा पणुन, तेरा मुख डिठ कैलइ जनपडयौ जा भण्यो भण्यो रे उलै फर्किवर आयो भयो । इसरी उइको दाइ, गयो भण्यो उन्नेलै तसेरी भण्यो भण्यो

ओल ओल बैना केशुलणी ओल

ढोला दुमाउ बजिसके

लगनैको बेला चुक्यो ओल

भण्यो भण्यो केशलणी ले उइसुलै उइलको दाइथी अव जेठाजु हुन लागि थुइ तु खान जन पाएइ तेरी वैशकाटेली भण्यो भण्यो रे उलै तसोइ फर्किवर आयो भण्यो । इसरे उइकी बौजु गैभण्यो ।

उन्नेलै उसेरी भण्यो भण्यो

ओल ओल गोसी केशलणी ओल

ढोला दुमाउ बजिसके,

दुवोहल्दो कुटिसक्यो

लगनैको बेला चुक्यो

ओल गोसी केशुलणी ओल

भण्यो भण्यो । उइसुलै केशलणीले थुइ पापनी उइलकी बौजु थी अब जेठानी हुन लागि थुइ तेरा मुख डिठ कैलइ जनपडयौ भण्यो भण्यो रे गइ भण्यो । इसरी घरका सबै काका, काखी बजे वज्यै, ठूलावा ठूलीआमा, सबै गए भण्यो केशलणी तै रुखमी है ओलिन ओली भण्यो । अब लाटो गयो भण्यो हात वन्चरो लैजावर रिसले तिमुरिनो तिमुरिनो रे ता पुग्यो भण्यो रे रुखका जड है भण्यो भण्यो ओल्ले हैकी

ओकटुकी दोकटु,

ओल्लिछैकी ओकटुकी दोकटु

भण्यो भण्यो रे लाटासु केइन बोली भण्यो रे लाटो फर्किवर आयो भण्यो । अब पछिल्तार उइको नानो भाइ गयो भण्यो रे रुखका फेदखि बसिवर रुनोइबोल्लोइ अऱ्यो भण्यो रे भण्यो

किरे दिदी तुरे ओलिजा ।

किरे दिदी मरे लैजा,

भण्यो भण्यो रे त्यो विचारो रुन लाग्यो भण्यो रे उन्नेलै (केशलणीले) आफ्ना भाइको टिठ माण्यो भण्यो रे आफना रौ तलतिर अऱ्यो भण्यो लौ आ तु यम्मो है उकलीवर छिट्टाइ पछि कोइ अउरु आउँने हुन भण्यो भण्यो रे उइको भाइ रुम्मो है उकालो भण्यो तिन दुई भाइबैना रुखमी भउतसम्म बसे भण्यो एक दिन एक राज्यकी रानी मरेइरैछ रे राजाका सिपाइ चेलीटिप्पो गाउँ गाउँ जान लागे भण्यो जो निकी रुवस मुलाइ थेक्यो लेइवर आउँनाखी तिनलै हिट्टा हिट्टा रामणी मुलाइ काइन पायो पायो भण्यो रे जङ्गलमी आराम अद्द बस्या रैछन् । त्यसैबखत तिनले केशलणी घेक्यो भण्यो रे राजाले रामणी मुलाइ पाइवर लेया भण्या हो हिट तोलाइ हाम रानी बनाइवर राख्देउ भण्यो भण्यो केशलणीले म नैजानो मेरो भाइ नानो छ खान पकाइवर खान जान्नैन म नैजानो उ अइल घर अथिन भैसा हेद्द गया छ भण्यो भण्यो तिनले तुइले हामसु जानै पड्डे हो भणिवर भण्ण लाग्या रैछन् । राजाका सिपाइले गोठको किलो गल्याउ, भितरको लोणोसिलौटो मन्तर अरिबर गया रैछन् ।

वसाइतक भयो त्यो मुले घर आयो भैसा वाद्यो भण्यो रे दिदी भण्यो, भण्यो भितर है लोणे सिलौटो हउ भण्नेरैछन् । इसरी त्यो मुले रुन लाग्यो भण्यो भितर गैवर पोटली खिलाइ राख्या दुदभात खानखि समायो भण्यो र एक कौवो आइवर का का अद्द लाग्यो भण्यो के हो कौवो मेरी दिदी धेक्थी काइत भण्यो भण्यो, कौवोले तेरो त्यो दुदभात म खान दिने है म तेरि दिदी का छ भण्नछु भण्यो भण्यो । कौवोले दुदभात खायो भण्यो रे उइकी

दिदीले आफ्नो हातको कान्छी औंला काटिवर रगतको पाइलो लाइगैएइ रैछ, पै कौवाले तै मुलेसु भण्यो भण्यो तेरी दिदीले यो रगत च्वाइवर गएइ छ अगास अगास म जान्छु धर्ति धर्ति तु हिट जै घरका अैमुखका ठाँडरामी मु बसे उसैघरका भितर तेरी दिदी होली भण्यो भण्यो ।

इसेरी तिन दुएई गए भण्यो तिन दुएई रे राजाका दरवार अैमुख पुगे भण्यो रे तै मुलेले आफ्नी दिदी डाँको लायो भण्यो राजा सिकार अद्द गया रैछ उइखी दिदीले हउ बुदी भण्यो रे भितर लैगइ भण्यो बुदी तु भोकलागि हो भणिवर खानेकुरा दियो भण्यो आफु मुखम्मो कालो मुसो दलिवर कालीकाली भैवर बसिरै भण्यो । राजा सिकार है आयो भण्यो रे पानी दिना भण्यो भण्यो रे केशलणीले पानी लैजाइवर गै भण्यो पै राजाले मुख है पानी कुल्ला हाल्यो भण्यो रे केशलणी त धपधप अद्दी धेकिगै पै राजाले सोद्यो भण्यो तुइले केलाइ अरिइसो के भयो भरिवर सोध्यो तुइले मेरो भाइ छाडिदि मवटा है मेरो भाइ छुटाइदि मेरो भाइ खोजी दे नति त मु या वस्तैन भण्यो भण्यो । उन्ने आफनो भाइ भितर लुकाइवर राख्यो आफु राजासु केव भन्ने हो भण्यो रे मेरो भाइ खोजिदे भण्यो । राजाले लै लौ तु तेरो भाइ जसरी खोदिद्छै मान्छ लाइवर खोज रे ल्या या रे मु अङस दिउलो भण्यो रे राजा अज सिकार अद्द निसिगो पछि उन्ने आफ्नो भाइ खोजिवर विसाइराख्ये भण्यो रे राजाले आफ्ना राज्यको आधा अङस उइका भाइ दियो भण्यो इसरी इन दुई दिदी भाइ सुख अरिबर बसे भण्यो ।

सन्नेलाई सुनै माला

भण्नेलाई फुलै माला

यो कथा वैकुण्ठ जालो

भन्नेबेला तात्तातै मुख आलो

स्रोतव्यक्ति :-चम्फादेवी ओभ्का

उमेर : ५६ वर्ष

आर्दश गाउँपालिका, मौवा, डोटी

सङ्कलन मिति : २०७६/०९/१५

## शब्दार्थ

गाणइनी : खोलामा

ढोल्यो : खन्याउनु/पोख्नु

डिठ : नजर

तार : तयारी

वाड्डे : वढ्नु

गोसी : नन्द/देवर

दुमाउः दमाहा

टिठ : दया

लोणो : मसला पिस्ने सानो ढुङ्गा

हउ : हजुर

अगास : आकाश

वुदी : भाइ

जनपडयौ : नपरोस

किरे : कि त

जड : जराबाट

यम्भो : यसैबाट

मौ : परिवार

निको : राम्रो

हणधुनु : नुहाउनु

माद्देरैछ : मार्दैथ्यो

लैवर : ल्याएर

इस्सैसु : यसैसँग

बखत : बेला

चोइलो : चोक्टो/टुक्रो

ढोल् : पोख

धेकेइन : देखेन/नदेख्नु

ओल : ओर्ल

तस्सोइ : तेत्तिकै

गल्याउँ : दाम्लो

हामसु : हामीसँग

पोटली : नास्ता

अैमुख : अगाडि

निसिग्यो : गयो

उइलको : उहिलेको/पहिलेको

मरे : मलाइ पनि

तिमुरिनो : मुरमुरिनु

नानो : सानो

चेलो : छोरो

रुँ : रौं

तल्तिर : तलतिर

मुन्टो : कपाल/टाउको

ढिपी : जिद्दी

ब्याखिलाई : बिहेको लागि

कौवा : काग

लग्गै : नजिकै

कन्नेइ : कसैले

ढुमाउ : एक प्रकारको वाजा

डिठ : नजर

## (२) ढुटेमुलेकी बात

भउत पइली एक देशमी एक ठूलो गाउँ थ्यो गाउँमी एक बुढो एक बुढीलै वस्थथे तिनरा एक चेलो एक चेली थे चेलीको नानी छन्ज्या ब्या भयाथ्यो तैको ब्या भएका भउत पछा तैको भाइ जन्म्याथ्यो । ब्या भएपछि त्यो मुलाइ माइत नइआएइथी तैका बा आमा बुढा भएरे मऱ्यालै उन्ने जाणेको थेइन । तैको भाइ नानोइथ्यो बा आमा मरे रे गाउँका मान्छ कइलै कसैको कइलै कसैका घर काम अद्दे गोरु बाखरा हेद्दथ्यो रे उनराइ घर खाने बथ्थे अद्दथ्यो । एक दिन बा आमा मरेको भाइ मुले भइवर अर्खाका घर बसेको भाइले दुःख पाएको सबै कुरडी उइकी दिदीले जाण्यो रे आफना भाइ आफना घर बोलाउने सोच बनायो मान्छ लायो रे आफना भाइ आफना घर बोलायो । घर बोलाइवर त्यो मुलाइ आफ्ना भाइ गोरुभैसा हेराउनेइ आफना चेलाचेलीकी स्याहार अराउनेइ, सबैले खाइसकेपछि जुठो खान दिनेइ, बोरोलाइवर दारकुन्टा स्याउने अद्दथी । एकदिन दिनभरि भैसा चराइवर गलिवर आयारैछ त्यो मुले तैकी दिदी रोटा पकाउन्नारेइ रैछ । दिदी रोटा पकाउन्न छ भणिवर हौसाइवर गयारैछ रे दिदी भोक लागि रोटो खाउँ ? भण्यारैछ उइकी दिदीले भण्यो भण्यो । पख् पख् मुले अज त तेरा भिनाजुखिलान पाक्यो, यो तेरा भिनाजु खिलाइ हो भण्यो । अज तै मुलेले दिदी रोटो खाउँ भण्यो रे पख् पख् मुलेअज त तेरा सासु ससुराखि पाक्या आथिन् भण्यो यो तेरा सासु ससुरा खिलाइ भयो भण्यो । इसरे दिदी रोटो खाउँ भणेवर पख् पख् मुले यो तेरा साला सालीखि भयो दिदी रोटो खाउँ, भणिवर पख् पख् मुले यो तेरा भान्जखि, दिदी रोटो खाउँ भन्ने रैछ पख् पख् मुले यो तेरी भान्जीखि, दिदी भोकलागि रोटो खाउ भन्ने रैछ, पख् पख् मुले यो मुखिपाक्दा छ जा गाउँभरिका ओखल है कन बटोलिवर लेइवर आ छिटाइ भण्यो भण्यो रे एक कट्टा दिवर लायो भण्यो । त्यो मुले रुनोइ, भोकले पेट चेप्दोइ गाउँभरिका ओखल, ओखल गइवर कन बटोलिवर आयो भण्यो आए दिदी अव खाउँ रोटो भण्नेरैछ पख् पख् मुले कोइ आउँना पाउना आइवर उनैखि पाक्या आथिन, यो कन चाल रे त्यो मेच भण्यो भण्यो उन्नेलै जसो जसो दिदीले भण्यो उसोउसो अऱ्यो भण्यो । तै ढुटाको रोटो विना चिल्लाको बाकलो बाकलो अदपाको अदकाचो पकायो भण्यो रे ले मुले तेरो काट्टो भण्यो रे त्यो ढुटाको रोटो हापालिदियो भण्यो ।

त्यो ढुटाको रोटो घुर्किवर गयो भण्यो त्यो मुले रोटो छोप्द गयो भण्यो रोटो घुर्किने बखत आफै भन्ने रैछ । ढुटेरोटो लोटोइ ड्वाङड्वाङ, मुले छोरो छोप्दोइ ड्वाङड्वाङ, ढुटेरोटो लोटोइ ड्वाङड्वाङ मुलेछोरो छोप्पदोइ ड्वाङ्ड्वाङ भणिवर छोप्दालाइ जानेरैछ त्यो रोटो छोपिसकेइनछ, इसेरी घुर्किवर एक जङ्गलका विचमी ठूली दुदकी खाली रैछ त्यो ढुटाको रोटो तै दुदकी खालीमी पण्यारैछ त्यो मुले रोटो खोद्दा खोद्दा पाएइन भण्यो रे तन्ने एक जुक्ती लायो त्यो सबै दुद खाने उपरेको एइतिर उइतिर उजेलिवर त्यो खाली सुकाउने रे आफनो रोटो खोद्दे अऱ्यो भण्यो इसो अद्दा अद्दा तै मुले रात पणिग्यैरैछ रात काँ जान्थ्यो एक ठूला रुखमी बस्यो भण्यो तै खालीका वरपर भैसाकी बगाल आइभण्यो आफै

बादिने रैछन् पै आफै दोइने रै छन् रे त्यो खाली हुनेइ रैछ यो सब रुखमी बसेका तै ढुटेमुलेले धेक्यारैछ अब इति दुःख रे हेला सहिवर दिदीका घर जानुभन्ना म दिनभरि इन भैसाको स्याहार अद्दछु दुद खान्छु बसाइतक भैसा आउँनुभन्ना अगाडि यसै रुखमी इसेरी वस्तछु भण्यो भण्यो रे त्यो मुले तसोइ अद्द लाग्यो भण्यो ।

अब त त्यो दिनदिनै तसोइ अद्देरैछ बसाइतक भैसाकीबगाल आउँनेइ रैछ यो हामरो हिलो हालीवर स्याउला फिजिदिने यै वल्तिर पल्तिर सफा अरिदिने को रैछ अव आज पत्ता लाउन पण्यो तैका लागि एक नानो थोरा घरै छाडि जानुपण्यो उन्ने विचार अद्दुपण्यो को रैछ यो इसो अद्दे तै छोपिवर हामरा हात दिनुपण्यो भन्ने सल्लाह अऱ्यो भण्यो । सबै वन चद्द गए भण्यो एक नाना थोरा छाडि गया रैछन् त्यो थोरो दिनतक सिग्यारैछ तै सियाबखत आइवर अज तै ढुटेमुलेले सबै काम आरिबर दुद खाइवर गैग्यो भण्यो वसाइतक भैसाकी बगाल आउँनुज्या सबै काम अरेको, कन्ने अऱ्यो भणिवर नाना थोरा सोद्यो भण्यो रे उन्ने म सिया बखत कन्नेव अऱ्यो भण्यो भण्यो । अब दोसरा दिन एक अर्का अदवैसे भैसा राख्यो भण्यो दिनतक उ लै मान्नाइ परखी चद्द गयारैछ उसैवखत आइवर अज तै मुलेले सबै काम अऱ्यो रे दुद खाइवर गैग्या रैछ । बसाइतक भैसाकी वगाल आए भण्यो अज काम अरेको धेक्यो भण्यो रे सोदयो भण्यो के भयो कन्ने अऱ्यो भणिवर रे उन्ने म भउत भोकलागि एकैवेर मान्नाइ पल्तिर गयाथे रे कन्नेव अऱ्यो भण्यो भण्यो । अब तेसरा दिन एक बुढो भैसो बस्यो भण्यो आज त जसेरी लै तै छोप्दुइ पण्यो भणिवर आधादिन सम्म कोइनआयो भण्यो रे तै भैसाले एक मोटाइ रुखका पछावटा गैवर सिया भेस अऱ्यो भण्यो ता कोइ आथिन भैसो लै गइग्यो भणिवर ढुटेमुले आयो भण्यो पइल्ली स्याउला ल्याउन गयो भण्यो पै पर्सो हाल्यो भण्यो दुद खाइवर रुख उकल्लाथ्यो भण्यो रे तै भैसाले तै मुलेको हात समाइहाल्यो भण्यो ।

भैसाले सोध्यो भण्यो को है ? काहै आया है ? इसरी लुकिलुकी केलाइ हामरो स्याहार अद्द छै ? भणिवर सोध्यो रे तै मुलेले म एक मुले छोरो हुँ मेरा आमा, बा म नानो छन्ज्या मरे कति वर्ष अर्काका घर गाउँमी बसे पछि दिदीका घर आए रे दिदीले निको नै अद्दलागि भउत दुःख भए एक दिन दिदीले रोटो फाल्यो रे ढुटाको रोटो घुर्किवर यै खालीनो पण्यो मैले याको दुद खाय उइदिन वटाहै यही रुखमी वस्तलाग्या छु । यो कुरणी सुणिवर तै बुढा भैसाले अव वटाहै इसरी लुगिवर नैरे हाम सबै भैसा मिलिवर एक घर बनाइदिनाउ हामरो स्याहार अर दुद खा आफनी गुजरा अर हामरोलै कोइ रिथ्थे आथिन भण्यो रे एक घर बनाइदियो भण्यो । इसरी बथ्था बथ्था तै मुलेले भैसा थोरा तिनरो दुद घ्यू वेचिवर भउत धनि भयो भण्यो निका निका भैसाकी बगाल बडायो भण्यो उन्ने आफनी वुजारा चलाईवर वस्याथ्यो भण्यो रे एकदिन उइकी दिदीले यो कुरणी जाण्यो भण्यो । दिदी भाइ छुट्टिएका भउत वर्ष पछि एक दिन उ आफना भाइ खोद्दी खोद्दी आइभण्यो भाइले निक्कोइ घरवारी बनाएको निकानिका, भैसा पालेका धेकिवर, दिदी लोप अद्द लागि भण्यो भाइसु भण्यो

भण्यो मइले मागेको दिने है की नै भाइ भण्यो रे हुन्छ दी मसु भएको रे मैले दिन सक्दे केनइ दिउलो माग के माद्देहउ भण्यो भण्यो । दिदी लोभी रैछ उन्नेलै भण्यो भण्यो तेरा यै बकालको सव भन्ना दुद दिने भैसो म दे तेरा भान्जभान्जी दुद खान्ना भण्यो भण्यो रे ढुटेमुलेलै हुन्छ दिदी भणिवर भैसो दिन तयार भयो भण्यो ।

पैपछा त्यो दिदी भउत माइत बसिभण्यो पोइल जाने दिन प्रभातकै वटा है खुसी भइवर तै भैसा हेरेकी हेरेइ अद्दलागि भण्यो । उइको भाइ टमटाका घर भैसाको घाडो बनाउन गयो भण्यो । घाडो वनाइवर ल्यायो रे भैसाका घाटिनो वादयो भण्यो दिदी यो घाडो सात डाँडा पारी तेरा घर लगै पुग्दे पुग्दे वखत खोलेइ ओल्तिर जनखोलेइ भणिवर दिदी आफना घर लायो भण्यो । दिदीलै भउत हर्काइली भइवर आफ्ना घर गै भण्यो । सात डाँडा पारि पुगिवर घाणो खोल्यो भण्यो रे तै घाडामी दिदीरोटो पाक्यो, भन्नथे नइपाक्यो अज त तेरा भान्जखीन पाक्यो भन्नथी, दिदी, रोटो पाक्यो भन्नथे, अज त तेरा भिजााजुखीन पाक्यो भन्नथी डवाङडवाङ ढुटेरोटो लोटोइ ड्वाङड्वाङ मुलेछोरो छोप्दोइ ड्वाङड्वाङ, दारकुन्टा स्याउन्थी, ड्वाङड्वाङ, बोरानट्टो ओडाउन्थी ड्वाङड्वाङ भन्ने वाजो वज्यो भण्योरे इसोवाजो के वज्यो भणिवर निकेरी सुन्नथी भण्यो रे आफले अरेका सबै सम्भिन लागि भण्यो रे आफै धेकिवर आफै दिक्क लागि भण्यो रे पणइनी फट्टक हालिवर मरिभण्यो ।

सुन्नेलाई सुनइ माला
भण्नेलाई फुलइ माला
यो कथा वैकुण्ठ जालो
भण्ने बेला तात्तातै आलो ।

स्रोतव्यक्ति :-तारादेवी चोखाल
उमेर : ७८ वर्ष
जोरायल गाउँपालिका, गडसेरा, डोटी
सङ्कलन मिति : २०७६/१०/०३

## शब्दार्थ

पइली : पहिले
दार : ढोका
स्याउने : सुताउने
घुर्किवर : लडेर जानु/भिरालो ठाउँबाट खस्नु
थोरो : भैँसीको पाडो
बसाइतक : साँझ पख
जाणेको : जान्नु/थाह पाउनु
कुन्टा : किनार, अँध्यारो ठाउँ
हौसाइवर : रहर मानु/खुसी भएर
उजेलिवर : यताउता फाल्नु
सिग्यारैछ : सुतेको रहेछ
मान्नाइ : अलिकति

पछ्यावटा : पछाडी

भउत : धेरै

घाडो : भैँसीको घाटीमा झुण्ड्याइने घन्टी

फट्टक : हाम फाल्नु

कुरणी : कुरा

मुलाइ : केटी

अद्दथ्यो : गर्थ्यो

दारकुन्टा : ढोका पछाडीको कुनो

वटोलिवर : जम्मा गरेर

अद्काचो : आधाकाचै

हापलिदियो : फालिदिएछ

छोप्दोइ : समातिराछ

तसोइ : त्यस्तै

सियभेष : सुतेको नाटक

घाडो : भैसिको घाटीमा बाँध्ने घण्टी

लगै : नजिकै

रिथ्थे : मालिक

खालीनो : तलाउँमा/तालभित्र

वकालको : बथानको

हर्काइली : खुसी, हर्सित

भैसो : भैसी

वस्थथे : वस्थे

आएइथी : आएकी थिइनन्

गलिवर : थाकेर

रोटो : रोटी

मुखी : मेरा लागि

अद्दपाको : आधा पाकेको

लोटोइ : लडिराछ

छोपिसकेइनछ : समात्नसकेनछ

अद्दुपण्यो : गर्नपऱ्यो

मुलेछोरो : आमाबुवा नभएको टुहुरो

पोइल : श्रीमानको घर

निकेरी : राम्ररी

## (३) दिदी भाइकी बात

एक गाउँमी दुइ इजा चेला वस्तथे चेलो नानो थ्यो, तैका इजा चेला गरिव रैछन् । इजा अर्खाका घर काम अद्देइ रैछ चेलो आफना गाई बाखरा चराउने रैछ । सददाइ त्यो मुले प्रभातकै गाईवाखरा खोइवर गाउँका अउरु मुलेमुलीसु वन जाने रैछ । एकदिन जङ्गल बाखरा चराउने भउत मुलेमुली एकैठौर घोलबटोल भया रैछन् रे खेल्ल लाग्या रैछन् । खेल्ला खेल्लाइ एक मुलेले भण्यारैछ

विनान वैनाका भाइ निरधार

विनान भाइकी बैना निरधार

विनान वैनाका एकहण बस

विनान भाइकी बैना एकहण बस ।

भण्यो रे भाइ नहुने रे बैना नहुने मुले मुलाइ न्याराइ बनाइ दिया रैछ आफनी गोल बस्त दिया नैरैछ । दिनभरी एकलोइ खेल्यो बाखरा गाई चरायो रे बसाइतक निसुरो भइवर घर आयो भण्यो घर पुग्यो भण्यो रे उइकीमहातारीले सोद्यो भण्यो के भयो ब्वा केलाइ निसुरो भइ भणिवर । तै मुलेले दिनभरी आफ्ना सङ्गका ग्वालासु भएका सबै कुरणी आफ्नी महातारीसु भण्यारैछ । गाउँमी मेरा सङका सबैका दिदीवैनी छन् सब दिदी बैनी नभया एकलो भन्नाछन् म आफुसु खेल्ल नै दिना दिदी वैनी नहुने एकहण जा वस भन्नाछन् मेरा दिदी वैनी छन् की नै छन् भणे का छन् जा भएलै म जसेरीलै खोजीवर ल्याउलो भणिवर आफ्नी महातारीसु ढिपी अद्दलाग्यो भण्यो ।

आफ्ना चेलाकी कुरणी सुणीवर उइकी महातारी लै दुःख लाग्या रैछ रे आफना चेलासु लुकाएकी सबै कुरणी भण्या रैछ । तेरी वैनी त काली पारछ भण्यो भण्यो । सुण ब्वा तेरी लै एक दिदी त छ । तु जन्मिनुभन्ना बाह्र वर्ष अधा उइको ब्या आरिबर पारे सात गाउँ पल्तिर दिया छु उइलै था नैआथि मेरो भाइ छ भणिवर तु नानो छै तवै तोसु यो कुरणी लुकायाथे भण्यारैछ । त्यो मुले एक दिन अज दिदीका घर जान्छु रे जसरी लै म दिदी सु भेटिवर उन्ने आएपछा बोलाइवर लैआउछु भणिवर आफनी आमासु ढिपी अऱ्यो भण्यो रे उइकी आमाले लै चेली सु भिटहुने आशले जाल्लै भण्यारैछ । जान त जाने है रे न तुइले तेरी दिदी धेकेको नउन्ने तु धेकेको कसेरी पछयाण्ने हो एक अर्का भणीबर सोत्तलागि । पै उइकी आमाले भण्यारैछ उन्ने समाइवर खेल्ले एक भुजाको दाउकुती छ यो धेकीवर उ सम्झिजाने हो यै लैजावर जा भणिवर लायारैछ । त्यो मुले उइका गाउँ गएछ रे दाउँकुती दाउँ मेरी दिदी कै गाउँ । जाजा मुले तेरी दिदी तल्लाइ गाउँ भणिवर कालीपार पुग्यो भण्यो रे आफनी दिदीका घर खी पुग्यो भण्यो रे उन्ने त्यो दाउकुती घेकन्ज्या यो त मेरा माइतकी हो भणिवर पछ्यायो भण्यो रे को है के है काहै आया है भणिवर सोद्यो भण्यो म तेरो भाइ हु तेरा ब्या पछा जन्मेको मैले आमासु सोदिवर तो खोद्दु आया हु भणिवर दुएईले एक अर्खा

मुसाऱ्यो एक अर्का धेकिवर रोया भण्यो आमाले बनाइदिएकी कोसेली सबै आफनी दिदी दियो भण्यो ।

बसाइतक उइको भिनाजु घरियो भण्यो । तै मुलाइकी एक नन्दरैछ तै नन्दले दिनतक बौजुको भाइ आया धेकेइरैछ बसाइतक आफना दाइसु दाइ आज त दिनतक एकमुले आयो हामरा घर बैाजुसु वस्यो बौजु रे त्यो मुलेरोए एक अर्खा गलाइना, बौजुखि के के व लेयाथ्यो दुएईले खाए त्यो मुले त बौजु लैजानेइ कुरणी अद्दाथ्यो भणिवर आफना दाइसु चुस्की लायो भण्यो तै मुलेको भिनाजु घर गयो भण्यो रे केइनबोल्यो भण्यो पै खानुखानु खाइवर सबै सिग्यारैछन् । दोसरा दिन प्रभातकै उठेभण्यो रे उइका भिनाजुले हिटसाला सिकार खेल्लजाउँ भणिवर जङ्गल लैग्यारैछ । ठूलो जङ्गल तै जङ्गल सिकार खोददा खोद्दा काइन पाउन लागे भण्यो । उन्ने आफना भिनाजुसु भण्या रैछ भिना म त पानी तिसलागि पानी खान्छु भन्ने रैछ रे जाइखी जाइखी पानी घेक्यो ताइखी ताइखी सोद्देरैछ पानी खाउँ ? भणिवर उइको भिनाजु नइनइ अइल नै पल्तिर खाल्लैइ, नइनइ पल्तिर खाललैइ भन्नेरैछ । यसो अद्दा अद्दाइ भउत पल्तिर जङ्गल भितर एक ठूलो ओवी रैछ तै ओविनो पानी रैछ उइका भिनाजुले लै खा साला पानी भण्यो भण्यो रे तै ओविनो घोप्टो पणेका बखत सिकार खेल्ले खुकुरीले काट्यो भण्यो रे वटामथी मुन्टो वटातली हण हापालीवर आयो भण्यो ।

घर पुग्यो रे तैखी स्वाहनीले सोद्यो भण्यो मेरो भाइ का गयो भणिवर रे उ त घर निग्यो घर जानउ भणिवर गग्यौ भण्यो भण्यो तै दिन लै खानसान खाइवर तिन सिगे भण्यो रे रात उइखी दिदी सुइना भया भण्यो सुइन्यामी वटातली हण दिदी वटामथी मुन्टो, वटातली हण दिदी वटामथी मुन्टो भेटइन भइ दिदी भण्यो भण्यो रे पै ता जान्थी त तै ओवीका लग्गैखी बाटा तल्तिर हण बाटा मल्तिर मुन्टो घेक्यो भण्यो आफना भाइको रे पै उलइ तन्तजीव खायो भण्यो रे मरी भण्यो ।

सुन्नेलाई सुनको माला ।
भण्णेलाई फुललै माला ।
यो कथा वैकुण्ठ जाला ।
भण्याबेला खुरुखुरु आला

स्रोतव्यक्ति :- तारादेवी चोखाल
उमेर : ७८ वर्ष
जोरायल गाउँपालिका, गडसेरा डोटी
सङ्कलन मिति : २०७६/१० ०३

## शब्दार्थ

सददाइ : सधै
मुलेमुलीसु : केटाकेटीसँग
विनान : नभएका
एकहणः एकातिर
निसुरो : निन्याउँरो,
ढिपी : जिद्‌दी
तोसु : तसँग
मुले : केटो
घरियो : घर फर्कियो
सुइना : सपना
तिसलागि : तिर्खा लाग्यो
हण : शरीर, जीउ
प्रभातकै : बिहानै
मुलेले : केटाले
बसाइतक : साँझपख
चेलासु : छोरासँग
पछ्याण्ने : चिन्ने
मुन्टो : टाउको
लग्गैखी : नजिकै
घोप्टोपण्यो : निहुरियो
दोसरादिन : दोस्रोदिन/भोलिपल्ट

खोइवर : फुकालेर
घोलवटोल : एक ठाउँमा जम्मा भएर वस्नु
निरधार : निरास
न्याराइ : अलग्गै
ग्वालासु : गोठालासँग
महातारी : आमा
दाउँकुती : फर्सीको माथिको सारो काठ
धेकन्ज्या : देख्नेवित्तिकै
धेकेइरैछ : देखेको रैछ
हापालीवर : फालेर
ओवी : गहिरो पानीको खाल्डो
बस्तथे : वस्थे
एकठौर : एकैठाउँ
न्याराइ : अलग्गै/छुट्टै
जा भएलै : जहाँ भएपछि
सोत्तलागि : सोच्नथाली
दिनतक : दिउँसो
पल्तिर : पर/उता
वौजुसु : भाउजुसँग
निग्यो : गइसक्यो/गइहाल्यो/गयो

## (४) देवाया जशया रानीकी बात

उइलै एक गाउँमी एक बुढाबुढीका दुई चेलीथे बुढाले दुएई चेलीको भउत अगाइ ब्या अरिदिया रैछ । तिन दुई दिदीवैनी भउत दुर दुर पयल दिया हुनाले ब्या अरेपछि भिट नभएका भउत भयारैछन् । एकदिन दिदी माइत आएइ रैछ वैनीसु भिट होली मानिवर भउत दिन माइत वसेलै वैनीसु भिट नैभएइ रैछ । दिदी तसि रुनीरुनी घर गैवर दिदी गीत गाउँनेइ रैछ । तिन दुई दिदी बैनीमध्ये दिदीका जर्म्ये केइन रैछन् । वैनीका ५ चेला रैछन् । दिदी सदाइ रुनेइरैछ वैनीसु भिटभए त एक चेलो माग्देइथे एक चेलो दे भण्नेइथे मान्नेइ रैछ । एक दिन दिदीले भण्यो देवायाजशायाा रानी भेटन हुनी, देवायाजशायाा रानी कारे होली भिट, देवाया जशायाा रानी देइजात होली भिट, देइकी जाँत बैना भउतै लोगाली हुनी कैसी होली भिट । देवायाजशाया रानी काँरे होली भिट देवायाजशाया रानी दिदी, केदारकी जाँत होली भिट, केदारकी जाँत बैना भउतै लोकाली होली कसेरी होली भिट घाट । देवायाजशाया रानी भिटैन हुनि देवायाजशाया रानी काँरे होली भिट, देवायाजशाया रानी दिदी उग्रतारा जाँत होली भिट, उग्रतारा जाँत बैना भउतै लोगाली हुनी कसेरी होली बैना कुरणीकानी । देवायाजशाया रानी बैना भिट नै हुनी काँरे होली भिटघाट देवायाजशाया रानी दिदी शैलेश्वरी जाँत होली भिट, शैलेश्वरी जाँत बैना भउतै लोगाली होली कसेरी होली भिट । देवायाजशाया रानी भिटघाट नै हुनी काँरे होली भिट घाट देवायाजशाया रानी दिदी वणालकी जाँत होली भिट वणलकी जात बैना भउतै लोगाली होनी कसेरी होली भिटघाट । देवाया जशाया रानी काँरे होली भिट घाट, कित होली दिदी मेरी भिटघाट बाबाइका घरि, बाबाइका घरि बैना सौतिनेइमाइ होली तारे बैना कसेरी होली भिटघाट सैतिनेइ माइसङ कसेरी होली भिटघाट, काँ होली देवायाजशाया रानी भेटघाट, उनि गंगा उनि रैजाउँ, उवि गंगा उवि रैजाउँ पैरे होली देवायाजशाया रानी भेटघाट भण्यो भण्यो ।

भिट भएपछा एक चेलो म देली भणिवर आशराले भण्यो भण्यो वारिकी जमुना डाँली पारि निजाउँ, पारिकी जमुना डाँली वारि आइजाउँ देवायाजशाया रानी भिट होइजाउँ भण्यो भण्यो रे गंगासु खुसामत अऱ्यो भण्यो । वारिकी जमुना डाली पारि पुऱ्याइदे पारिकी जमुना डाँली वारि पुऱ्याइदे भण्यो भण्यो रे उविकी गंगा उवि रोकिगै उदिकी गंगा उदिरै रे वारिको जमुना डाँली पारि गऱ्यो पारिको जमुना डाँली वारि आयो रे दुई वैनी देवायाजशाया रानीकी भिटभइ । पैलारे दिदी मेरी देवाया रानी कति छन् पुत तेरा भण्यो भण्यो । वाँचिरेइ बैना मेरी जशाया रानी मेराइ त पुतन आथि भण्यो भण्यो, तेरा रे बैना मेरी जशाया रानी कति पुत भण्यो भण्यो । मेरा त दिदी मेरी पाँचै पुत भण्यो भण्यो । जशाया रानी बैना मेरी एकपुत मलइ दिय भण्यो भण्यो रे जशाया रानीले भण्यारैछ अन्न पैचो होलो दिदी धनपैचो होलो अन्न पैचो दिउलो दिदी धनपैचो दिउलो पुतपैचो कसेरी दिउलो भण्यो भण्यो रे पै दिदीले भण्यो भण्यो एकपुत तुइपाल भणल्लिरे धनसम्पत्ति तेराइ मुन्टाइनी हाललो सोच्याथे तुइलेन

दि अव ढोका भिट नै हुनी भण्यो भण्यो रे दुईवैनीको नाता सकियो भण्यो । पै पछा कइलै यिन दुईले एक अर्का भिटेइन भण्यो ।

सुन्नेलाई सुनै माला ।

भण्णेलाई फुलै माला ।

यो कथा वैकुण्ठ जाला ।

भण्याबेला खुरुखुरु आला

स्रोतव्यक्ति :- तारादेवी चोखाल

उमेर : ७८ वर्ष

जोरायल गाउँपालिका,गडशेरा, डोटी

सङ्कलन मिति : २०७६/१०/०३

## शब्दार्थ

उइलै : पहिले

पुत : पुत्र

जाँत : मेला

अगाई : अगाडि

मलई : मलाई

बाबाइका घर : बुवा,माईती घर

दुरदुर : टाढाटाढा

ढोकाभिट : ढोगभेट

उबि : माथि

गैबर : गएर

जर्म्ये :सन्तान

सदाई : सधै

माग्देइथे : माग्थे

भेटैनहुनी : भेटहुदैन

वैनीसु : वैनीसँग

खुसामत : आग्रह/अनुनय विनय

मुन्टाइनी : उसैलाई सुम्पिनु/उसैको बनाउ

लोगाली : मानिस, लोक

भउत : धेरै

पैचो : सापटी

कुरणीकानी : कुराकानी

पयल : लोग्नेको घर

भण्यो : भन्यो

माई : आमा

भिट : भेट

डाली : बोट, रुख

उनि : तल

निजाउँ : जाउँ

आइजाउँ : आउँ

पैलारे : ढोगगरे

आथिन् : छैन्

काँरे : कहाँ/कता

उबिखी : माथिको

## (५) प्याउली फूलकी बात

एक गाउँमी एकका मुले चेलाचेली थे दुई चेला रे एक चेली थी तिनरा इजा बा तिन तीनै मुलेमुली नानाछन्ज्या मऱ्यारैछन् रे तिन दुवै भाइले आफ्नी एकली मुलाइ बैना पालिबर वस्यारैछन् तिन विचारखी खानलाउनाखी भउत दुःख हुनेरैछन् कहिलै निकोनौलो खान नपाउने रैछन् । एक दिन गाउँमी एक मान्छ मऱ्यारैछ तै मुलाइका दाइलै मलाम गयारैछन । दुई भाइ तै लास पोल्ला तकिऱ्यारैछन् तिनले गाउँमी मासु खानालाइ पोलेको मासु सम्झ्यारैछन् सबै मलामी घाटको काम सकिवर घर आया रैछन् तै मुलाइका दाइ पछा बसिग्यारैछ तै मुलेले त्यो नपोलिएको बाँकी लास खाता है निकाल्या रैछ रे मासु खानाखी घर लैवर आयो भण्यो । घर लेयो रे कसै गाउँले नजाणाइवर आफनी वैनीसु यो पका भण्यो भण्यो तै मुलाइले त्यो मासु पकायो भण्यो तीनै भाइवैनाले मासु धो हुन्ज्या खायो भण्यो । एक दिन अज तै मुले मासु खाने मन लाग्यारैछ पै अव काहै मासु ल्याउँ दाइ मासु खाने मन लाग्दा छ भन्यारैछ । दाइलेलै काहै ल्याउँ हामसु रूप्पे नैआथि मान्छको मासु कति स्वादी हुन्छ मान्छको खान पाए त कति निको हुनेइथ्यो भणिवर सोत्त लाग्यारैछन् पै तिनले एक विचार अऱ्यो भण्यो । एकले भण्यारैछ अब मान्छको मासु खानाखी त हाम और कै पाउँ अव आफ्नी वैनी मारुरे इसैको मासु खाउ भण्यो भण्यो एकले, रे अर्खाले यै कसेरी मारु उसेरी माद्द त नै सकिने हो केही जुक्ति अद्द पण्यो भण्यो ।

दुएईले सल्लाह अऱ्यो भण्यो । पारे वा एक ताल छ तै बैना तै तालइनी लाउ रे ताइनो डुवाइवर मारु पै तैको मासु खाउला भण्यो भण्यो । आफ्नी वैनीसु भण्न गए भण्यो । बैना पारे वा एक तालइनी कति निको प्याउलीको फूल फुल्या छ हिटबैना टिप्द जाउँ पै त्यो फूल लाल्ली भण्यो भण्यो । गैलीताल तै मुलाइ लैजाइवर गया भयो । ताल घेक्यो भण्यो रे त्यो मुलाइ डर मान्न लागि भण्यो रे डरले भण्यारैछ, काँ छ दाइ याँ प्याउलीको फूल मैले त नैधेके भण्यो भण्यो रे धै तै तालइनी जानी त बैना ताइनीछ प्याउलीको फूल भण्यो भण्यो रे तालइनी लायो भण्यो । तालइनी गैवर तै मुलाइले भण्या रैछ ।

"पैतलासम्म पानी पुगीगयो नैपाए दाजु प्याउलीको फूल"

"उदी उदी जाली बैना हामरी पै पाली प्याउलीको फूल "

दाइ पैतला सम्म पानी पुगिग्यो रे पाउलीको फूल त नैधेके काँ छ भणिवर दाइसु सोद्यो भण्यो रे तैहै उदी जा भण्यो रे लायो भण्यो । अज उइहै लै तलतिर गएइरैछ रे उन्ने फूल नै धेक्यारैछ रे आफना दाइसु अज भण्नेइ रैछ ।"

"पिणरा सम्म पानी पुगिग्यो नैपाए दाजु प्याउली को फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको फूल ।"

"घुणा सम्म पानी पुगिग्यो नैपाए दाजु प्याउलीको फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली पाउलीको फूल ।"

"जाङणा सम्म पानी पुगिग्यो नैपाय दाजु प्याउली को फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको फूल ।"

"कण्न सम्म पानी पुगिग्यो नैपाए दाजु प्याउलीको फूल । "

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको फूल ।"

"लादासम्म पानी पुगिग्यो नैपाए दाजु प्याउलीको फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको फूल ।"

"नाउटासम्म पानी पुगिग्यो नैपाए दाजु प्याउलीको फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको फूल ।"

"नाउटामथी पानी पुगिग्यो नैपाए दाजु प्याउलीको फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको पुल ।"

"भाटासम्म पानी पुगिग्यो नैपाए दाजु प्याउली को फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको फूल

छाती सम्म पानी पुगिग्यो नैपाय दाजु प्याउलीको फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको फूल ।"

"नरसम्म पानी पुगिग्यो नैपाए दाजु प्याउलीको फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको फूल ।"

"घााटीसम्म पानी पुगिग्यो नैपाए दाजु प्याउलीको फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको फूल ।"

"चिउडीसम्म पानी पुगिग्यो नैपाए दाजु प्याउलीको फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको फूल ।"

"मुखसम्म पानी पुगिग्यो नैपाए दाजु प्याउलीको फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको फूल ।"

"नाकसम्म पानी पुगिग्यो नैपाए दाजु प्याउलीको फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको फूल ।"

"आँखीसम्म पानी पुगिग्यो नैपाए दाजु प्याउलीको फूल ।"

"उदी उदी जाली बैना हामरी पै पाली प्याउलीको फूल ।"

"चन्नीसम्म पानी पुगिग्यो नैपाए दाजु प्याउलीको फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको पुल ।"

"मुन्टासम्म पानी पुगिग्यो नैपाय दाजु प्याउलीको फूल ।"

"उदी उदी जाली बैना हामरी पैपाली प्याउलीको फूल ।"

यसरी त्यो मुलाइ खुट्टा, पिणरा जाङणा, कण्न, लादा, नाउटा, छाती घाटी, चिउणा, मुख, नाक, आँखाँ, चन्नी हुनाहुनाइ मुन्टासम्म पानी पुग्यो रे दाइ काँछ प्याउलीको फूल नै पाए भणिवर भन्नेइ रैछ तैइका दाइ उदीउदी जा रे पै पाउने है बैना प्याउलीको फूल भन्ने रैछन् इसेरी जति दाइले भण्यो उती उदी गै रे त्यो तसइ तालइनी डुवीवर मरी गै पै तै तालइनो है निकालु रे काटीवर मासु खाउला भणिवर तैका दाइलै तालइना पसे रे उनलै तसै तालइनाइ डुवीवर मरे ।

सुन्नेलाई सुनै माला ।

भण्णेलाई फुलै माला ।

यो कथा वैकुण्ठ जाला ।

भण्योबेला खुरुखुरु आला ।

स्रोतव्यक्ति :- लक्ष्मीदेवी अवस्थी

उमेर : ५२ वर्ष

शिखर नगरपालिका ९सुण्ड, डोटी

सङ्कलन मिति : २०७६/०९/१५

## शब्दार्थ

मुले : आमाबुवा नभएका टुहुरा

भउत : धेरै

धो : अघाउनु

पैतला : खुट्टाको पैतला

नैधेके : देखेन

धेक्यारैछ : देखेछ

पिणरा : खुट्टाको घुणाभन्दा तल र पैतलाभन्दा माथिको भाग

कण्न : कम्मर

नानाछन्ज्या : सानै हुने बेला

खाता : खाल्डो

ताल : तलाउ, पोखरी

पाली : भेट्टाउली/भेट्टाउनेछ

उइहैलै : त्यो भन्दा पनि बढी

हामरी : हाम्री

जाङणा : तिघ्रा

लादासम्म : पेटसम्म

उदीउदी : तलतल

मुन्टासम्म : टाउकोसम्म

तिनरा : तिनीहरूका

पोल्ला : जलाउँदा

पछ्या : पछ्याडी

खानखी : खानलाई

हामसु : हामीसँग

तालइनी : पोखरीमा/तलाउमा

नरसम्म : घाटिभन्दा तल हातको भाग

चज्नीसम्म : निधारसम्म

भणिवर : भनेर

ईजावा : आमाबुवा

तकिऱ्यारैछन् : हेरिरहेछन्

लैवर : ल्याएर

नैआथी : छैन

पारेवा : ऊत्यहाँ

पुगिग्यो : आइसक्यो

पैपाली : अनी भेटाउलोस् । त्यसपछि भेटाउलिस् ।

## (६) भट्टेमुलेकी बात

उइलै एक राज्यमी एक गाउँथ्यो । त्यो गाउँ एक ठूला, जङ्गलमा बिचमी थ्यो । तै गाउँमी एक बड्डो रे एक बड्डी बस्तथे । तिनरो एक चेलो थ्यो तैको नाउँ भट्टेमुले थ्यो । त्यो भट्टेमुले जा जान्थ्यो दरुङो खोजिवर ल्याउनै खात लाउनै अद्दे रैछ तै मुलेका घर लै दरुङोकी ठूली खात भएइथि । एकदिन भट्टेमुले बाखरा चराउन जानलाई बटियो बाखरा खोयो रे जङ्गलैतिर लैजान लाग्यो दिनतिक पोटली खानलाई कुट्रामी भट्टलै बादिवर लैग्यो । भट्टेमुले आफु एक दरुङाखात मथिमी बस्यो बाखरा डाँडाँम्मा लाइदियो, आफु त्यो मुले तै खात माथिमि बस्यो भट्टको कुटिरो खोयो रे भट्ट खानलाग्यो भण्यो तै भट्टेमुलेलाई बाखरा का पुगे केइ मतलब भएइन उ मसामस भट्ट खानापछि लाग्यो उन्ने एकएक गेणे भट्टको खुव स्वादी भणिवर खायो खानाखानै तै मुलेका हातवटौ एक गेणे भट्टको झणिग्यारैछ त्यो मुले तै भट्टागेणा खोद्दलाग्यो भण्यो उतना दरुङा खातैनो काहै पाउन्नथ्यो उत्तनै भट्टको गेणो नैपायो तै मुलेका मनमी एक उपद्दरकी बुद्धि आइरैछ । त्यो मुले विचल्लो विचल्लो घर गया रैछ घरहै आगो वाल्लेइ मार्चिस लेयोभण्यो रे उति ठूलो दरुङा खातम्मो आगो हालिदियो दियो भण्यो । सुकेका दरुङो धमधम आरिबर वल्ल लाग्या रैछन् तै आगाले डाँडाम्मीलै आगसल्कि भण्यो तै भुलेका एक बगाल बाखरा तसै डाँडाँम्मा वलिवर भुतासन भएभण्यो ।

बाखरा पोलिइ सकिबर लाटो घर गयो भण्यो रे घर भट्टेमुलेको बा गल्याउँ बाट्टाऱ्या रैछ भट्टेमुले घर गैवर पेटिनी वसिवर आफनाबा गल्याउँ बाट्टाऱ्या धेकिवर भण्नेरेछ ब्वो गल्याउँ बाट्टा मु सुच्याँपड्डो, ब्वो गल्याउ बाटा मु सुच्यापड्डो भण्नेरैछ मनमनै सुच्चे रैछ । भया वाखरा जति त बलिवर मरिगेरे बा गल्याउले कै वाददेरैछन् भणिमान्ने रैछ । उइखि इजाले के भणि मद्दाछै लाटा के भयो भन्नेरैछ रे अज लाटो त ब्वो गल्याउँ बाट्टा म सुच्यापड्डो भण्नेरैछ । के भयो मुले वाखरा का छन् भण्यारैछ रे भट्टेमुलेले छिट्टाइ भण्यो भण्यो बाखरा त डाँडामा चद्दाचद्दा अगाइवर जाइनापायो ओइना पणिवर ओगार काट्टा छन् भण्यारैछ । वन जान्थे त बाखरा पोलिवर सबै भुटिकुटि भयका रैछन् उइकी इजाले रुनी भन्नी अऱ्यो भण्यो इसोसाको त अरिहालि रे जा अब गाउँम्मो गइवर आस मेरा बाखरा भ्या लैजान भणिवर आ भण्योभण्यो रे भट्टेमुले गाउँम्मो लायो भण्यो । भट्टेमुले गयो भण्यो रे गाउँमी है डाँको लायो भण्यो, जो मेरा बाखरा भ्याखान आल्ला उ आफ्ना जर्म्या खन्टा खाल्ला भण्योभण्यो रे कोइन आयो भण्यो भ्या लैजान उइकी इजाले सोध्यो भण्यो के भयो लाटा केलाइ आएइ भ्या लैजाने मान्छ के भण्या है भणिवर सोध्यो भण्यो रे लाटाले त मैले त जो मेरा बाखरा भ्या लैजान आल्ला उ आफ्ना जर्म्या खन्टा खाल्ला भण्या हु भण्यो भयो ।

तु लाटो जालै इसोइ अद्दइ तसो केलाइ भणि इति बाखरा काँ हाल्लु हो के अद्दे है जा मर अजरे मेरा बाखरा भ्या लैजान आस भणिवर आ भणिवर दोसऱ्या लायो भण्यो रे सबै गाउँभरिका मान्छ आइवर बाखरा भ्या लैग्या भण्यो रे मासु त सकिग्यो दोसरा दिन त

लाटाले आफ्नी इजा घास गया बखत आफ्ना बा पोल्यो भण्यो रे काटकुट पाणिवर बाखरा जसा भाग लाइराख्यो भण्यो रे गाउँम्मो गइवर आय मेरा बाको भ्या खान भणिवर डाँको लायो भण्यो गाउँका हुने के भयो यै भट्टेमुलेले के उपददर अऱ्यो अज भणिवर उइका घर आए भण्यो ता त मान्छकी भिडलागि गै गण्यो सब अचम्म माणिवर यो के पस्यो इसो के अद्द लाग्यो भन्न लागे भण्यो । उसैतिक उइकी इजा लै वन है पुगी भण्यो आफ्ना घरखी इति मान्छ धेकिवर डराइगैछ । घर आइवरहेद्दथी त आफनो वैकान मारिबर भ्या लाएको धेक्यो यो भट्टेमुले इसो पस्यो अब म कसरी बाँचुलो भण्यो रे दन्तजीव खाइवर मरिभण्यो ।

सुन्नेलाई सुनइ माला ।
भण्णेलाई फुलै माला ।
यो कथा वैकुण्ठ जाला ।
भण्याबेला खुरुखुरु आला

स्रोतव्यक्ति :- जगत्रा जोशी
उमेर : ६२ वर्ष
शिखर नगरपालिका-१, कफल्लेकी, डोटी
सङ्कलन मिति : २०७६/०९/१५

## शब्दार्थ

खात : थुप्रो
गेणो : दानो
खोयो : फुकायो
स्वादी : मिठो
सुच्यापड्डो : सोचिरहनु
भ्रुटिकुटी : सवै सखाप हुनु
कुटुरो : पोको
उतना : त्यति ठूलो
इसोसाको : यस्तो अचम्म
इसोइ : यस्तै
अरिहाली : गरिहालिस्
पोटली : नास्ता
थ्यो : थियो
तैको : त्यसको
मार्चिस : सलाइ
उइकी : उसकी
खन्टा : टुक्रा/चोक्टा
बाट्टाऱ्यो : वनाउन लागेका, बुन्न थालेको
गल्याउँ : दाम्लो
उपद्दर : अचम्म
वैकान : पुरुष/लोग्ने
दन्तजीव : दाँतमा जिब्रो टोकेर मर्नु
भ्या : पोलेको मासु
भ्रणिग्यारैछ : खसेछ
भुतासन : जलेर खरानी हुनु
वटियो : तयार भयो
जर्म्या : केटाकेटीका
इति : यतिधेरै
दिनतिक : दिउँसो
मथिमी : माथि
वड्डावड्डी : बुढाबुढी
दरुङो : दाउरा
बाल्लेई : बाल्ने
पेटीनी : पिढीमा
इसो : यस्तो
ब्वो : बाबा

## (७) लाटामुलेकी बात

एक गाउँमी दुई बुढाबुढी बस्तथे । बुढाबुढीका दुई चेलालै थे चेला पढेलेखेका नै थे गोरुबाखरा हेद्दे वनजङ्गल जान्थे । तिनदुएई सङसङै ठूला भए यिन दुइमध्ये एक चेलो बाठो भयो भणे एक मान्नाइ सिको लाटो  अद्लाटो भयो । बाठा चेलाको ब्या अऱ्यो बाठो जेठो लै थ्यो देश परदेश अरि सक्दथ्यो ब्या अऱ्यो रे त्यो देश गैग्यो तै की स्वाहानी माइत गै माइत गएका भउत दिन भए उ माइत है नैआउँनुलागी घर बोलाउन जाने मान्छे अउरु कोइथ्यो बुढाबुढीले भण्यो हामहिटीसक्दाइन् आँखालै निक्केरी घेक्दाइन् जा लाटा तेरी बौजुबोलाइवर ल्या दाइका ससुराली गैवर भण्यो । लाटो खुसी भयो बौजु बोलाउन जानखि बटीयो रे लाटो मकमकानु भइवर बस्यो बुढाबुढी दुएईले भण्यो जानइन लाटा पछि रात पड्डेइ हो भण्यो रे लाटाले खाली हात जानइन के लैजाइवर जाउँ कोसेली केइनभएइ भण्यो । रे अब के दिउँ पै भण्यो रे बुढीले बावर पकाइ दियो एक छापरोभरि बावर दिवर लाटो बौजु बोलाउन गयो । दिनतकको बेला घामलै निकेरी लागेको लाटो बाटामी हिट्टेबेला आफनी छाइल घेल्देरैछ छाइलमी उन्ने जसो अऱ्यो उसोइ धेकिनेरैछ रे लाटाले मैसु बावर माग्द आउँन्नाछ यो मान्छ भणिमाण्यो रे बस्यो आफ्नो बावरको कुटुरो फुकायो रे एक बावर दियो । इसरी लाटो जति अगाडि जान्छ छाइल त उसैसँग जानेइ भै लाटो तै छाइल सङ कुरा अद्दोइ अब के खानी छाइल वाब्बु, अब के खानी छाइल बाब्बु भण्नोइ बावर बाटामी फाल्लोइ हिट्टोइ अद्दलाग्यो इसरी बावर सकिगे अज छाइल त नहट्टे भइ लाटाले अब के खानी छाइल बाबर वाद्या फाटो भण्यो रे बाबर वादेको फाटो लै फाल्यो अब के खानी छाइल बाबर ल्यायोको छापरो भण्यो रे छापरो लै दियो । इसरी अब के खानी छाइल लठ्ठी अब के खानी छाइल, टोपी, अब के खानी छाइल भोटो अब के खानी छाइल सुरुवाल, अब के खानी छाइल फेटा भण्यो रे आफ्ना हणइनाका जम्माइ लत्तालै दियो घामलै ओछायो लाटाका हणइनो एक अगौछा रे गञ्जी मात्र रह्यो ।

इसेरी हणइनाका लत्ता जम्माइ हापालिबर लाटो बौजुका माइत पुग्यो वौजुकी इजाले ज्वाइँको भाइ चेली बोलाउन आयो भण्यो रे माणा पकायो । बौजुकी इजाले च्वाँ, च्वाँ अरिवर घी लाइवर पकाउन्नाऱ्या लाटाले हेरिराख्यो लाटाले यो क्या को हो कसरी पकाया हो भणिवर केइन सोध्यो खुब स्वादी भणिवर खायो भोलिनवार लाटो बौजु बोलाइवर घर गयो घर गयो रे आफ्नी इजा सु बौजुकी इजाले पकाया जस्साइ पका भण्यो बुढी ले के हो ? कसो हो ? के पकाया हो ब्वाँरी तेरा माइत भणिवर ब्वारीसु सोदयो ब्वारीले माण पकाया हो भण्यो । भितर धुलो रे घि हुन्ज्या त तै लाटाखिलाइ माणा पकायो लाटो त दिनदिनै बैजुकी इजाका जसाइ पंका भन्न लाग्यो एक दिन तैकी बौजुले दिनदिनै म काँहै पकाउ तसोइ तुमखिलाइ अब मै काटरे खा भण्यो रिसाइवर रे लाटाले साँच्चि हो भणिमाण्यो रे आफ्ना घर कोइ नभएका वकत बौजु काटिवर मारिदियो । घरका अउरु मौजौ आउँनुज्या त लाटाले बौजु काटीवर अगेठाका मथिनी झुण्याइराख्यो रे अगेठामी जाँतिमी त्वाँ राखिराख्यो भण्यो,

अब रात पड्‌डलागि घर लाटाका इजावा घरिय रे ब्वारी धेकेइन वाइरमणी लाटालाइ सोद्‌यो तेरी बौजु का गै लाटा भण्यो लाटाले पानीखी गै भण्यो, पन्यारा है आउँनु बेला भैग्यो तेरी बौजु काँ गै लाटा भण्यो रे गोठगै भण्यो तेरी बौजु काँ गै लाटा भण्यो रे दरुडो गै भण्यो, अज भउत रात भै गयो रे लै ब्वारी नैआइ अज सोद्‌यो तेरी बौजु काँ गै लाटा भण्यो रे पछिल्तार बौजुत पुरे अगेठाका कुन्टाइनी वासिवर च्वाँच्वाँ अरिवर माणा पकाउन्नाछ। भण्यो उइकी इजा दरबरै भितर जान्थी त ब्वारी मारिबर अगेठाइनी टाँगेको थेक्यो ।

ब्वारी मारिबर अगेठाइनी टाडेकी धेक्यो रे लाटाखी गालि दियो रे भण्यो जे नहुनु त भैग्यो रे जा अब गाउँ जा, रे मेरी बौजु मरि गै रे हापल्लू आइदियो भणिवर आ सबैसु भणिवर लायो भण्यो रे लाटाले गाउँम्मो गैवर जो मेरा घर मेरी बौजुहापल्ल आल्ला उइका चेलाचेली काटी खाल्ला मेरी बौजु हाम आफैइ खानेउ हापाल्ले होइन भणिवर आयो भन्यो रे मान्छ त कोइन आया इसेरी के भयो कोइन आय अव घाटसम्म लै कसेरी लैजाउँ भणिवर सोच पणे लाटासु के भण्या है लाटा भणिवर सोद्‌यो रे लाटाले मैले त मेरी बौजु हामले खानालाई काट्‌या हु फाल्ले होइन कोइजन आया हामरा घर भणिवर आया हु भण्यो रे अब तु त इसो भणिमरी रे जा अब लैजारे घाट पुऱ्याइवर पोलिवर आएइ भणिवर लायो रे लाटाले घाट पुऱ्यायो दाउरा खोज्यो पोल्यो पालो भण्यो रे काटकुट पाणिवर डोकाइनो हालिवर घर लैवर आयो भण्यो घर पुग्यो रे आफ्नी इजा सु भण्यो भण्यो इजा म आए भण्यो उइकी इजाले तइ डोकाइनोको के हो लाटा केलाइ लेइ डोको भण्यो रे लाटाले मैले त बौजु पोले काटकुट पाणे रे भ्यालाउला बेचुला भणिवर घरै लेइवर आय । अब म मान्छ खोद्‌द जानउ भ्या लैजाने भण्यो रे गाउँम्मो गैवर आस मेरी बौजुकाट्‌या छु रे भ्या खाने भणिवर डाको लाउन लाग्यो भण्यो ।

सुन्नेलाई सुनै माला ।
भण्णेलाई फुललै माला ।
यो कथा वैकुण्ठ जाला ।
भण्याबेला खुरुखुरु आला

स्रोतव्यक्ति :- मधु अवस्थी
उमेर : ५० वर्ष
आदर्श गाउँपालिका, पिड, डोटी
सङ्कलन मिति : २०७६/०९/१५

## शब्दार्थ

| | |
|---|---|
| भउत : धेरै | बौजु : बौजु |
| बावर : सेलरोटी | छाइल : छाया |
| बटीयो : तयार भयो | मै सु : मसँग |
| छापरो : चोयाले बनाइएको टोकरी | हणइनाका : जीउका/शरीरका |
| ओछायो : अस्तायो | भोलिनवार : भोलिपल्ट |
| भ्या : पोलेको मासु | टाङेको : झुन्ड्याएको |
| हापल्लू : फाल्नु | मथिनी : माथिबाट |
| अगेठाइनी : अगेनामा | बाइरमणी : बाहिरतिर |
| कुन्टाइनी : किनार/कुनामा/छेउमा | वस्तथे : बस्थे |
| हेद्दे : हेर्ने | मान्नाइ : अलिकति |
| अद्लाटो : अलिकति लाटो | सक्दाइन् : सक्दैनौ |
| मकमकानु : रिसाएर बस्नु/नबोलेर बस्नु | जसो : जस्तो |
| उसोइ : उस्तै | लत्तालै : लुगा पनि |
| स्वादी : मिठो/स्वादिलो | इजासु : आमासँग |
| माणा : चामलको पिठोबाट बन्ने एक प्रकारको रोटी | धुलो : पिठो |
| हामरा : हाम्रा | भ्यालाउला : मासु पोलेर भाग लाउनु |
| आस : आउँनुस् | डाको लायो : बोलायो |

## (८) सात भाइकी एकै वैनीकी बात

एक गाउँमी दुई बुढाबुढी बस्तथे तिन गरिव थे एक दिन बुढो भउत विरामी भयो बुढाका सात चेला रे एक चेली लै थि । चेली खुब रामणी थि । तै वैनीलाई भाइ खुव निको मान्नथे खुव मायालै अद्दथे बुढोको विरामी जति देउघाम अरेलेलै निको भएइन बुढो बढ्ता बढ्ता थलिनै गयो । अन्तमी एकदिन बुढो मऱ्यो बुढो मरेपछि तै घर निक्केरी रोवासी हुन लागि सातै भाइ मिलिवर बुढाको क्रिया अऱ्यो पन्ध्र दिनको कामलै सकियो अब तिनरा घर खान लाउन दुःख भए १५/२० दिन पछा आमालै मरि तसैबेला तिन सात भाइलाई ऋण लाग्यो आमाको काजक्रिया सकिवर सातै भाइले कमाउन देश गए वैनी एकली घर छाड्यो तिन देश है आउँनुज्या, वैनीले घर कुरिवर बसिरै भउत वर्षपछि सातै भाइ घर आए सातैले ब्या अरे ब्या अरिसकेपछा आफ्नी बैनीको ब्या नअद्दे आफुसँगै राखेर निकेरी मायाले पाल्ले विचार अऱ्यो सातै भाइ तै वैनी भउत माया अद्दथे । एक दिन तिनसातै भाइले अब हामखि सबै थोक पुग्या छ तवैजार एववेर सातै भाइ तिर्थव्रत अद्दुपण्यो तुमरो भणाइ के छ यै कुरडीमा भणिवर आफ्ना भाइकी मौलाइ सोद्यो रे तिन सबैले दाइले भणिवर हाम नै केलाइ भणुला तिर्थ जाउँ भण्ने कुरणीमी सहमती जनायो एक निको दिनवार हेरिवर तिनसातै भाइ तिर्थ वटिए । जानेबखत सातै भाइले आफनी आफनी स्वाहानीखी भणिवर गए वैनीसु फुचेरो जनअऱ्या, जन बोल्या हामरी वैनीलाई केइ कुराको कमजन अऱ्या इसो अऱ्या था पाएपछि तुमलै यै घर वस्थ मिल्ले होइन भण्यो रे तिन सातै भाइ तिर्थ गए ।

याँ घर सात बौजु रे नन्द बसे सुरुसुरुमी त तिन सातै बौजुले आफनी नन्दखी निकोइ अऱ्यो पछा पछा तिन तै मुलाइखी फुचेरो अद्दलागिन खान पनि एक एक देलि अर्कि अर्कि देलि मणिमान्ने रैछन् तसो अद्दा अद्दाइ कभै त त्यो विचारी भोकी हुनेइरैछ । एकदिन प्रभातकै न्वाइँध्वाइ अरिवर बौजुसु बौजु मेरो मुन्टो कोरिदिना भण्यारैछ जेठीले माइलीलाई भण भण्यो, माइली बौजु मेरो मुन्टो कोरिदिना भण्यो रे माइलीले तेरी अर्कि बौजुसु भण म सक्दैन भण्यो, साइलीसु भण्यो बौजु मेरो मुन्टो कोरिदिना साइलीले अर्किलाई भण भण्यो इसेरी सबै सु मुन्टो कोरिदिय भण्यो कसैले लै म सक्दैन अर्किसु भण्यो भण्यो इसरी एक बौजुले तै माद्दे जाल रच्यो रे भण्यो म तेरो मुन्टो कोरिदिन्छु तु यै धाकाइनी पुएली खेल रे पैमान्तर भण्यो रे बाजि राख्यो एक मसिनो धागो दियो र एक मसिना हाङाइनो वादिवर पणका टुप्पाखि बिसाये रे उ पुएली खेल्लाथीरे त्यो धाँगो टुट्यो त्यो लोटिवर पणइनी पणीरे मरिगै घरगैवर उइकी बौजुले इसरी इसरी उत मरिगै भण्यो । तिन सातै देउरानी जेठानी भउत खुसी भइन् ।

इसरी तैका दाइकीमौको घर आउँने बखत भइ तीन,चार महिनापछा तिन सबै भाइ घर आए घर पुगिबर वाइरैहइ वैनी वैनी भणिवर बोलायो वैनी बोलिन भितर गैवर आफनी आफनी स्वाहानी सोध्यो हामरी बैना काँछ भण्यो कन्नेइ घाँस काट्ट गइ, कन्नेइ पानी भद्द गइ, कन्नेइ लुगा धुन गै, कन्नेइ खेत चडा हेद्द गइ भण्यो तै पछि तिनसबै भाइ कोइ खेत,

कोइ वन, कोइ गाड कोइ पन्योरा गए कन्नेइ काइ पाउन सकेइन वसाइतक सबै घर आए आफनी उति प्यारी वैनी घर नधेकिवर सबै भाइ रुनलागे दोसरा दिन सबै ठाउँ खोज्यो, गाडका ढुङ्गा, वनका रुख, पन्याराका धारा, खेतका वालि सोध्यो काइ त तुइले मेरी बैना धेकिथिइ भणिवर सबैले हामले त नैधेके कसिथिरे तेरी वैनी भण्यो जानाजान बाटामी चारो खोद्द लागेको एक चिल भेट्यो, तै चिलले पणइनी मेरेकी तै मुलाइका हाँडखोइ टिपिवर मान्छ वनाइवर आफ्ना घोलमी लैजाइवर आफ्ना चल्ला हेद्द राख्याथ्यो । उसै चिल सोध्यो काइत मेरी बैनी धेकिथी तुइले भण्यो उन्ने सोध्यो कसिथि तुमरी बैनी भण्यो रे तिन सबै भाइले हामरी वैनी गोरी लामा रौ भएकी खुव रुवसथी इसरी इसरी हाम तिर्थ गएर घर वटाहै कापगै घरकी हुनेइले कन्नेइ काइ कन्नेइ काइ गइ भयो सबै ठौर खोजी हाले काइन पाएरे तवै काइ तुइले थेकिथीकी भणिवर सोध्या हु भण्यो । चिललेलै मैले ल्याएछु नै भण्यो रे सिदा इसैबाट जा रे काइ केइ सुणिहालला भण्यो रे तिन सबैभाइ तसैबाटा गए । एक ठूला जङ्गलका विचमी एक ठूलो टुणीका रुखमीहै आवाज आयो

"सातै भाइ मेरा तिर्थ गए,

सातै बौजुले दुःख दिए हल्ल चिल छाउडी हल्ल

सातै भाइकी एकली बैना

सातै भाइको मुखै नधेके हल्ल चिल छाउडी हल्ल ।"

भणिवर गाउँन्ना थी रे तल्लतिर वटाहै आफ्नी वैनीको आवाज सुणिवर तिन सातै भाइ भण्ण लागे ।

सातै भाइ तेरा फर्कि आए

तेराइ मायाले तानिल्यायो

ओलिजा लणेली ओलिजा ।

भणिवर आफ्ना दाइको आवाज चिनिवर वैनी रुख वटा है ओलि तिन सातै भाइ वरिपरि बसे वैनीले बौजुले दुःख दिएको आफु इसेरी मरेकी रे चिलले लेइवर आफना घोलमी राखेकी सबै कहानी आफना दाइसु भण्यो दाइले घर गएरे आफनी आफनी स्वाहानी तसै पणइनी जाइनी उनरी बैना लोटेइथी ताइनी घोचायो रे मारिदियो आफु बैनीका वरिपरि बसे वैनी हेद्दाइ रुनाइन अऱ्यो बैनी ले लै दाइ धेकिवर खुव रोइ इनसबैले एकैवेर दन्तजीव खायो रे मरे ।

सुन्नेलाई सुनइ माला

भण्नेलाई फुलइ माला

यो कथा वैकुण्ठ जालो

भण्ने बेला तात्तातै आलो ।

स्रोतव्यक्ति :-   मधु अवस्थी

उमेर : ५० वर्ष

आर्दश गाउँपालिलका ६,पिड, डोटी

सङ्कलन मिति : २०७६/०९/१५

## शब्दार्थ

रामणी : सुन्दर/राम्री

बटिए : तयार भए

फुचेरो : नराम्रो

अर्किसु: अर्किसँग

मुन्टो : कपाल

पन्यारा : पधेरा

छाउडी : वच्चा

वस्तथे : वस्थे

देउधाम : धामी झाँक्री बसाल्नु

नधेकेइ : नदेखी

रुँ : कपाल

कभै : कहिले

वाइरैहइ : बाहिरबाटै

तुइले : तैले

ओली : आर्ली

जाईनी : जहाँ

ताईनी : त्यहाँ

दन्तजीव : दाँतले जिब्रो टोकेर मर्नु

पणइनी : भिरमा

हाँडखोड : हड्डी

लणेली : प्यारी

भउत : धेरै

अद्दुपण्यो : गर्न पर्‍यो

उइनी : उसै ठाउँमा

पैमान्तर : त्यसपछि मात्र

कन्नेइ : कसैले

तवै : त्यसैले

तुमरी : तिमीहरूकी

## (९) सातलाटाकी बात

एक गाउँमी एक बुढो एक बुढी वस्तथे भण्यो । तै बुढाका सात चेला थे भण्यो तिनसातै चेला अदलाटा अदलाटा थे । बुढाले तिन सातै पाल्यो ताल्यो भण्यो । ठूला बनायो भण्यो तिनलाटा जे काम अराएलै काम विगाणीवर आउँनु भण्यो । एकदिन बुढाले आफ्ना सातै चेला बोलायो भण्यो रे भण्यो भण्यो अब म लै बुढो भइगे तुमरी इजालै काम अरी नै सक्दी तुम सातैलै एक एक आरिबर ब्या अद्‌दा भइग्या अव इसरे घरमणा बसिवर को चेली देलो कसरी ब्या होलो तुमरो तुम कमाइ अद्द सक्देलै भइग्या जा अब तुम देश जा रे रूप्पे कमाइवर ल्यास भणिवर तिनसातै देश लायो भण्यो । तिनसातै भाइ देश जान बटिए भण्यो तिनरा हात बुढाले दस रूप्पे दियो भण्यो । दस रूप्पे लैजाइवर सातलाटा देस गए भण्यो । बाटामी बासवथ्थे ठौर सिनाखी वटिए भण्यो सबै सिए भण्यो रे सबभन्ना कुना सिएको हुने म कुना भए म बाग खाने हो म नैसिनो या भन्ने रैछ सबै छिङालीवर अघाणी जाने रैछ । अज अर्को कुना हुने भण्यो उ लै तसेरी अघाणी जाने रैछ इसो अद्‌दा अद्‌दाइ रातभरि कोइन सिए भण्यो उजालो भइग्यो भण्यो लाटा विउजाका विउजाइ रयारैछन् ।

अर्खा दिन पर्भातक अज आफना बाटा लागे भण्यो बाटामी एक ठौर विन वेत्त राखेको धेक्यो भण्यो रे 'रूप्पे तीन किनु विन' भण्यो भण्यो रे तीन रूप्पेकी विन किन्यो भण्यो इसरी गया भण्यो । अर्खा दिन अर्खा ठौर अज एक ठौर छार धेक्यो भण्यो रे अर्खा लाटाले रूप्पे चार किनु छार भण्या भण्यो रे छार किन्यो भण्यो । अव रूप्पे त सकिन लागे हामले कामलै केइन अरे घरहै लेया सामललै सकिन लाग्यो अब हामले के खानु हो अब घर जाउँ हिट भण्यो भण्यो रे सातै लाटा भाइ घर जानाखी बटिए भण्यो । एकले भण्यो भण्यो घर त जाउँरे हामले त कमाए केइनै के लैजाइवर जाने हो इसाइ खालिहात गएत बा मारिदिने हुन अव उपरेका तत्ती रूप्पेको इजाखिलाइ गावन लैजाइवर जानुपण्यो भण्यो भण्यो । एकले भण्यो भण्यो इजा खिलाइ गावन त लैजाउँलारे हामरी इजा त कतनीव छ कसेरी जाणुला हाम कसरी किन्ने गावन भण्यो भण्यो रे कन्नेइ केइ धेकाइवर इसिहोली हामरी इजा भण्यो, कन्नेइ केइ धेकाइवर इसि इतनी होली हामरी इजा भण्यो, तिन लाटा आफनी इजा कसी कतनी छ भणिवर नै जान्न लागे भण्यो । पछिल्तार एकले भण्यो भण्यो हामरी इजा त तिह यै सिमलका रुखजतनी तसी छ भण्यो भण्यो रे तै सिमला रुख जसोइ एक धडो कामनकाजको कपडा किन्यो भण्यो रे आफनी इजा खिलाइ गावन भणिवर लैजाइवर घर फर्किए भण्यो । घर आउँने वखत बाटमी एक ठूलो खोलो तद्‌दु पड्‌डेरैछ तै खोला धेकिवर लाटा डराए भण्यो रे एकले भण्यो भण्यो एकला एकलाइ तरेबर हाम यो खोलो बगाइहाल्ले हो अब त हाम सातभाइ एक अर्काको हात समाउनाउरे कोइ कसैको हात जनछाण्या पै तरिसकिहालुला भणिवर खोला पार अऱ्यो भण्यो खोला पारिका डाँडाँमी गएभण्यो रे सबै लम्मार लाइवर बसे भण्यो रे एकले भण्या रैछ हाम कोइ भाइ बगिगेकी सबै आइगे एकवेर गणिहालु भण्यो भण्यो रे गन्न लागे भण्यो ।

सातैले पालैपालो गण्योभण्यो रे जो गन्न पस्यो उ अफ गन्न विसरी जाने रैछ इसरी सबै एकएक आरिबर गन्ने रैछन् तिन जो गन्नपसे उ आफू गन्न विसरी जाने रैछन् । पै तिन त हामरो त एक भाइ खोलाले बगाइदियो हामरो भाइ हराइगो अब के अरू कसेरी खोजु भणिवर रुन पस्या रैछन् सबै डाँडामी बसिवर जोरजरले रुन्नाऱ्या रैछ रे उइतिर वटा है एक मान्छ आइछ तै मान्छले तिन रुना धेक्यो भण्यो रे केलाइ रुन्ना छो ? को हौ ? का है आया हो भणिवर सोदेछ । तिनललाटाले भण्यारैछ हाम इसरी इसेरी रूप्पे कमाउन आया हु रे काइन केइ काम पाए अब घर फर्किन्नाथे यो खोलो तद्देवखत हामरो त एक भाइ बगिग्यो अब क्या अरू भणिवर रुन्नाछु भण्यारैछ । तै मान्छले सोद्यो भण्यो तुम कतिभाइ थ्यारे जम्मा भणिवर सोद्यो तिनले हाम सात हुँ रे एक बगिग्यो भण्योभण्यो तसो भए म तुमरो भाइ खोजिदिन्छु मेरो भणेको काम अद्दे हो कि नै भणिवर वाचा अराया रैछ रे लाटाले लै हुन्छ अरूला हुनाभणे हामरो भाइ खोजिदिनु हो भण्यो भण्यो । त्यो मान्छ लठ्ठी काट्ट गयो भण्यो सात लठ्ठी काटीवर ल्यायोभण्यो रे सबैलाई गन्न लायो भण्यो इन कति लठ्ठी छन् भण, इन त सात छन् भण्यो भण्यो सबैले लौ पै अव सबै आफु आफु मैले जे भणेत्यो भण्या भण्यो भण्यो रे सबैका हात एक एक लठ्ठी दिनै पइल्लि समाउनेसु एक भण, दोसऱ्या समाउनेसु दुई भण, तेसऱ्या समाउनेसु तीन भण भणिवर भण्यो भण्यो रे सातलठ्ठी ठिक्क भइन की नै लौ तुमरो भाइ मैले खोजिदिए अब मैले भणेको काम अर भण्यो रे तिन सातै आफना घर लैग्यो भण्यो ।

घर लैजाइबर मेरा घरको वासो ल्याउन छ त्यो लेइवर आस भण्यो भण्यो तिन अल्छी लाटाले हाम कसेरी ल्याउँला उतनो बासो सक्दाइन हामत भण्यो भण्यो रे तै मान्छ ले के नइसकला हातवेत हातवेत अरिवर लेया पन भण्यो । तिनलाटा त गया भण्यो रे एकहात एकवेत आरिबर नाप्दाइ काट्टाइ अऱ्यो भण्यो रे तै वासाका खण्ड खण्ड वनाइवर कानमी राखिवर लेयाभण्यो पै त्यो मान्छ रिसले भुटिन लाग्यो भण्यो मेरो दुःखदुःख वनाया बासो काटिवर इसेरी खणाइदिया रे अब अर्को काम अर त्यो काम लै जनविगाड्या भण्यो भण्यो । तिन लाटा पात्थर गाणेका ठौर पुऱ्याइवर आयो भण्यो रे इन पात्थर वोकिवर राख्या राख्देवखत निकेरी राख्या बासो खण्याएइ जनअऱ्या भण्या रैछ । लाटाले पात्थर बोकिबर लैगे रे घर उइकी इजासु इन पात्थर काँ राख्दुहु भणिवर सोद्यो भण्यो रे उन्नेलै पारे ताइखी राख ब्वा भण्यारैछ । लाटा त जम्माइ बोल्ललागे भण्यो । उइदिन वासोसासो लेइदिएर तुमरा चोलाले विगाणी दिया भण्या हो आजलै हामैसु रिसाउने हुन भणभणका काँ राखु भणिवर ढिपी अददलागे भण्यो रे उइकी इजालै रिस लागेइ रैछ रे भण्या रैछ काँ राख्दा पै अव इह मेरा मुखम्मा राख भण्या रैछ । लाटाले त पात्थर ल्याउनाइ बुढीका मुखमी, हणमी, मुन्टामी राख्यो भण्यो रे बुढी त पात्थरले च्यापिवर मरिगैरैछ ।

अव बसाइतक उइको चेलो आउँने हो रे पात्थरले चेपिवर मरेकी घेक्दो हो रे हामखी गालि दिने हो भणिवर अब तै लैजाउँ रे पोलिवर आउँ घाट भणिवर वादिवर लैगे

भण्यो । लाटाकी बुद्धि नै पुगी भण्यो रे बुढी त वाद्या डाँणामी है झाणे गै भण्यो उसोइ लैजाइवर घाट पुगे भण्यो । घाटका पल्तिर एकअर्खि बुढी खेतमी सागटिप्दलागेइ धेकिवर गया भण्यो रे ओ बुढी हामरा मुखखी मरे भेस अरि अइल साग टिप्दाछ भणिवर उन्ने म नै हु भन्ना भन्नाइ लेइवर जीउनी पोलिदिया रैछ आफु आया रैछन् । आउँने बखत बाटाइनी अगिकी झणेइ बुढी छेक्यो भण्यो रे यो बुढी त कति बाहाना अदे्इरैछ अगि तोणो टिप्दा थी कति छिटाइ आइवर हाम गिज्याउनालाइ बाटाइनी बसिवर हात्ताछ भणिवर अज तै लै लैजाइवर घाट पोलिवर आए भण्यो । रे ताइवटा है घर गए भण्यो रे उइका वाले सोद्यो भण्यो केलाइ आया आजै भणिवर सोद्यो भण्यो रे हाम त इसो भयो इसिइसी बात भै रे आइगे भण्यारैछ पै तिनरा बाले सोद्यो भण्यो तसो भय के लेया मखि के लेया आफनी इजाखी के लेया भणिवर सोद्यो रे तुमखि त केइनलेये रे इजाखि त गामन लेइराइछु भण्यो भण्यो रे एक सिमला रुखइनो टाङदेजसो कपडा लेइवर एक रुखइनो टाङ्यो भण्यो रे उइका बाले इसो हुन्छ गामन के हो यो इसो भण्यो भण्यो रे हामले त एक सिमलो रुख धेकेरे हामरी इजा इसि होली भणिवर गामन तसोइ लेया छु भण्यो भण्यो ।

सुन्नेलाई सुनको माला ।
भण्णेलाई फुललै माला ।
यो कथा वैकुण्ठ जाला ।
भण्योबेला खुरुखुरु आला ।

स्रोतव्यक्ति :-लक्ष्मीदेवी अवस्थी
उमेर : ५२ वर्ष
शिखर नगरपालिका ९, सुण्ड, डोटी
सङ्कलन मिति : २०७६/०९/१५

## शब्दार्थ

अद्लाटा : लाटो व्यहोरा भएको/शुस्त
रूप्पे : रूपैया
छार : खरानी
गावन : महिलाले लगाउँने लुगा
रुन्नाऱ्या : रुदै गरेका
भुटिनु : रिसले मुरमुराउनु
हामैसु : हामीसँग
विगाणीवर : विगारेर
छिङ्गलीवर : पार गरेर
विन : तिखो वस्तु, पिन
लम्मार : लहरै, लाइनसँग
खण्डखण्ड : टुक्रा टुक्रा
विगाणी : खराब गर्नु, विगार्नु
ढिपी : जिद्दी

बसाइतक : साँझपख

घाट : मसानघाट

तोणो : तोरी

धेकिवर : देखेर

हराइग्यो : हरायो

वस्तथ्यो : बस्थ्यो

अराएलै : अह्राएपनि

बटियो : तयार भयो

प्रर्भातकै : बिहानै

जानाखी : जानलाई

हामरी : हाम्री

तत्ती : त्यति

इसीहोली : यस्तैहोला

इतनी : यत्री

तद्दु : पार गर्नु

खणाइदियो : बिगारिदिएछ

मखि : मलाई/मेरो लागि

झणिगै : खस्नु, झर्नु

पल्तिर : पारीपट्टी

टाङ्गेजसो : झुण्ड्याउने जस्तो

हामरो : हाम्रो

समाउनाउरे : समातेर

तुमरी : तिमीहरूकी

नैसिनो : सुत्दैन

अधाणि : अगाडि

उपरेका : बाँकी रहेका

इजाखी : आमालाई

अर्खाठौर : अर्काको ठाउँ

कन्नेइ : कसैले

पछिल्तार : अन्तिममा/पछाडि

जसोइ : जस्तो

पड्डेरैछ : पर्ने रहेछ

अगिखी : अगाडिको/अघिको

## २. किंवदन्तीमूलक लोककथा

### (१) इजा चेलाकी ब्या की बात

एकदेश एक राजा थे । राजा भउतै धनि थे उपैनी तिनरा चेलाचेली केइ नइथे भउत ठौर हेराउनी कुराउनी, व्रर्त, तिर्थ, दान, धर्म अरे पछा रानीको एक चेलो भयो चेलो भएपछि राजापरवारमी भउत खुसी भए तै वालखकी (राजकुमारकी) षष्ठी पूजा अऱ्यो भउत मान्छ बोलायो सबले रौतेलालाई दुवोहाले अव भाविनीको होराहाल्ने पालो आयो होरो हाल्ल भाविनी भितर गइ, अन्धेर निको वालख धेकीवर भाविनीले सोदी तेरा भाग्यमा के लोखिदिउ तोलाइ के इच्छा छ भण भण्यो बालखले म १६ वर्षको हुन्ज्या आफ्नी इजासु ब्या अददेहु मेरा भाग्यमा तेइ लेखिदे भण्यो भविनीले इसोपाप कसेरी अरू अउरू केइ माग भण्यो रे वाइर गै अज बाहिरहै भउत पछी आइवर सोद्यो केइ अरू सोची भण के लेखिदिउ भण्यो उन्ने अज भण्यो म १६ वर्षको हुन्ज्या इजासु ब्या अद्देहु अज भाविनीले यो त हुनैन यै है बाहेक अर्खो जे भाग्दछइ ऊ माग यो त हुनैन भणिवर बाहिर गइ अज थोक्काइ वेरपछि आइवर तै वालखलाई दोसऱ्या सोध्यो रे भण्यो तेरा भाग्यमी के लेखु अज तै वालखले तसै भण्यो रे भाविनीको केइ नलागेपछा तसोइ लेखिदियो दरवारम्मो खैलावैला भयो तै कुरणीले सबैतिर कचहरी हुन लागि राजाका कानलै पुगी त्यो कुरणी राजाले यो त पाप हो हाडनाता पड्डेहो भाविनीको लेखेको त टड्डेहोइन भणिवर भउतै सोच भयो ।

भउत सोचेपछा राजाले एक निर्णय अऱ्यो तै बालखलाई एक ठूलो जङ्गलमी लैगिवर छाड्डुपण्यो भणिबर दरवारमी तैखी तयारी हुन लागि मन्त्री रे दरवारका अउर सुसारे गैवर तै वालखलाई एक ठूलो जङ्गलमी छाडेर आए तसै दिन एकजोगी लै गाउँतिर भिक्षा माग्दाखि तै जङ्गलका बाटा हिट्टो हिट्टो आयारैछ तै जोगी हिटटाहिट्टा गलेइ भएइरैछ रे एक रुखका फेदम्मो अडेसलाइवर बस्यारैछ र त्यो जोगी तस्सोइ निनाइग्या रैछ तैसैवखत जङ्गलमी त्यो वच्चा रोएकोरैछ जोगीले सुन्यो रे जोगी त्यो वच्चा कारैछ भणिवर खोद्दगयो र एक रुवसको खात वालख धेकीवर जोगीले उइको अनार हेऱ्यो र यो बालख निक्कोइ भाग्यमानी हुनेजसो छ यै आफना कुटीमी लैगिवर पाल्लुपण्यो भणिबर लैगिवर गयो तै वालख आफ्नो कुटीमी जे छ तेइ ख्वाइवर हुर्कायो बढायो रे त्यो वालख ठूलो निक्कोइ भैवर आयो जोगीको स्याहार सुसार अद्दलाग्यो । उइतिर रानीलै तिर्थव्रत अद्दुपण्यो भणिवर भउत वर्षपछा घरबाट हिटेइरैछ भउत हिटीसकेपछि रानी एक गंगा कुनामीको मन्दिरमी पुगिन् त्यही मन्दिरको लगै अर्का गाउँका राजाको दरवार थियो राजाका दरवारमी जोगीले त्यो बालख लै दिएको रैछ । उइतिर रानी तै मन्दिर वस्ता वस्ता एकली दिक्क लागेर जोगिनी भइछ, जोगिनी भएपछा भिक्षा माग्छ जाने बखत त्यही राज्यको गाउँमा गएइरैछ ।

एकदिन राजाको दरवारमा पुगेइरैछ रे त्या लै तै राजाका चेलाले जोगेनीलाई धेकन्ज्या मेरो यै मातासु (जोगेनी) ब्या अरिदिय भणिवर भउत जिद्दी अद्दलाग्यो जोगेनीसु

ब्या नअरिदिने भए म पासो लाएर, विष खाइवर मद्दछु भन्न लाग्यो रे सबै ले मद्दुभन्ना ब्या अरिदिने भण्यो रे तिनरो ब्या भयो ब्या भएपछि लै उनलाई आमा चेला हु भण्णे जाणेइन रात दुएईले एक अर्खा सोदे इतिनिकी स्वाहानी यै भरकरका उमेरमी कसेरी केलाइ माता भई भणेर सोद्यो उन्नेलै आफू राजाकी श्रीमती मेरा कोखबाट जन्मेको सन्तानलाई इसरी भाविनीको होरो पण्यो रे होरो टाड्दा खिलाइ वालख जङ्गलमी छाडिदियो । राजाले तै बालखपछि अर्को सन्तान केइन भयो तिर्थ व्रत अरू भणिवर आए रे यै मन्दिरका माताले अब हामैसु वस माता हो भणे इसेरी यासम्म पुगो भण्यो उइतिर केटालाई लै सोध्यो तु इति कलिलो जात्क म इति बुढिसु ब्या अद्दु के आइलाग्या हो भणिवर सोद्दा उन्नेलै आफु जङ्गलमा एक जोगिले पाएको रे राजालाई चढाएको हु वणिवर भण्यो इसरी इन दुइ आमाचेला भया जाणियो रे यो त पाप हो एक कागजमी लेखिवर हाम दन्त्यजीव खाउ रे मरु हामरो चिहान खोला वल्तिर र पल्तिर राखिदिया भणेर दुवै मरे दोसरा दिन प्रभातक राजकुमारकी आमा तै दरवारकी रानी चेलाब्वारी अइलसम्म केलाइ उठेइन भणिवर जान्थी रे दुएई मरेका रे सिरानलाई एक चिठ्ठी पायो तै चिठीमा हाम दुई आमा चेला रै छु अब हामरो पाप कटाउनलाई खोला वारिपारी हालेर एकका खातामी तमाखु र एकाकाखातामी लिखु (उखु) लाइदिया यो तमाखु र लिखु जतिलाई खान दियो उति हामरो पाप नास छिट्टाइ हुनेहु भणिवर लेखेको पायो र उनले भण्या जसोइ अरिवर सबैलाई तमाखु रे लिखुको रस दिवर ती इजा चेलाको ब्याको पाप काटियारैछ ।

सुन्नेलाई सुनको माला ।<br>
भण्णेलाई फुललै माला ।<br>
यो कथा वैकुण्ठ जाला ।<br>
भण्याबेला खुरुखुरु आला

स्रोतव्यक्ति :- कलशी अवस्थी<br>
उमेर : ७२ वर्ष<br>
शिखर नगरपालिका ९,सुण्ड, डोटी<br>
सङ्कलन मिति : २०७०/०९/१५

## शब्दार्थ

रौतेलो : राजाको छोरो/राजकुमार

थोक्काइ : थोरै

निनाइग्या : निदाएको

जोगेनी : सन्यासी महिला

अन्धेर : निक्कै/धेरै

कचहरी : बैठक

रुवस : राम्रो/सुन्दर

जात्क : केटो

वल्तिर : वर/वारी

पल्तिर : पर/पारी

लिखु : उखु

इजा : आमा

भउतै : धेरै

ठौर : ठाउँ

धेकिवर : देखेर

हुन्ज्या : भएपछि/हुनेबेला

हेराउनी कुराउनी : चिना हेर्ने भाग्य हेर्ने

भउत : धेरै

कुरणी : कुरा

अनार : अनुहार

पाल्लुपण्यो : पाल्नुपऱ्यो

लग्गै : नजिकै

पासो : फासी

जात्क : केटो/किशोर

दन्त्यजीव : दाँतले जिब्रो टोक्नु

मद्दुभन्ना : मर्नुभन्दा

अरिदिने : गरिदिने

वल्तिर : वर

पल्तिर : पर

## (२) तीनचिन्डे भुतकी बात

भउत पइली एक देशमी एक स्वाहानी थी एक दिनको कुरणी त्यो स्वाहानी जत्काली हुने भइ त्यो पर्भातक पर्भातकै अनारामबी पानी ल्याउन फोलो लैजाइवर जान्थी एक दिन पर्भातकै पानी ल्याउन पन्यारा गै रे तै बाटामी एक काफलको रुखरैछ त्यो काफलको रुख भउत फल्या रे उसेरी कालै भइबर पाक्यारैछ तै स्वाहानी काफल खाने खुव मन लाग्यारैछ त्यो स्वाहानी तै काफलका फेदमुनी वसिवर अगास हेद्दी भन्नी अद्देरैछ यो काफल टिपिवर दिने मान्छे पाए त म यै पेटइनोको जर्म्या हुने उसै दिदिन्थे । त्यो कुरणी पल्तिरलाई जङ्गलइनो वस्या भुतले सुण्या रैछ रे भुतले भण्यो के भणी अझ भण, साँच्ची भण्या हैकी भण्यो रे तै स्वाहानीले अझ भण्यो कसो काफल खाने मन लाग्या छ म काफल टिपिदिने हुनेलाई जन्मेकाइ दिन त्यो बालख दिनेइथे भण्यो रे भुतले म टिपिवर दिन्छु तोलाइ काफल मु दिने है बालख भण्यो तै स्वाहानीले हुन्छ दिउलो भण्यो तसो भए मु धेकिवर डराएइजन पै मु वाइर आउँनुछु भण्यो रे वाइर आयो तै विरूप भुत धेकिवर त्यो स्वाहानी डरले बिहोस भइरे लोटिगै तैपनि तसै भुतले पन्यारा है पानी लेइवर छम्क्यो रे त्यो उठि उन्ने जति सक्दथ्यो काफल टिपिदियो उन्ने खायो सकेजति घर लैगइ आफले वच्चा पाएइका दिन तैबच्चा भुतलाई दिउलो भणिवर घर गइ दिन वित्ताइगए नौ मैना पूरा भए ।

एकदिन तै स्वाहानीले बच्चा पायो तन्ने वच्चा पाएको भुतले जाणिहाल्यो भुत उइका घर आयो रे भण्यो मलाइ दे तेरो बच्चा भण्यो तै स्वाहानीलाई आफनी चेलीको माया लागी रे दिन नसकिवर आज इतिनानी छ अब न्वाँरन भैवर आएइ भण्यो रे भुत हुन्छ भणिवर गयो । न्वाँरनका दिन अज भुत आयो रे तै स्वाहानीकी चेली माग्द लाग्यो अझ तै स्वाहानीले भण्यो यो इतिनानी छ भात खाने भएपछि आएइ रे लैजाल्लै आज जा भण्यो भुतलेले भणेको भणिवर हुन्छ भण्यो रे गयो छ मैना भएरे तै मुलाइकी भातचोखाइ लै भइ तसैदिन त्यो भुतलै पुग्यो रे भण्ण लाग्यो आजसम्म तुइले भणेको माणे आज त मु यै मुलाइ लैजाइवरै जाने उ भण्यो तै स्वाहानीलाई आफ्नी चेली जति ठूली हुने गै उति माया वर्ता लाग्दैगयो रे भण्यो मु इसी बालख कसेरी लाउँ अब सात वर्षकी हुन्दे यो आफ्नो स्याहार आफै अद्देइ हुन्छे रे पैलैजाल्लै भण्यो रे त्यो भुत रिसाउन लाग्यो मैले अनेक वाहाना सहिहाले अइल त मु लैजान्छु भण्यो । स्वाहानीले सात वर्ष पुगेपछि पक्का दिन्छु अइल विन्ती अद्दछु हात जोड्डछु पछि आएइ जा भण्यो रे त्यो भुत गयो पछि सात वर्षकी भएपछि अझ आयो अब कसेरी पठाउ मु सुत्केरी छु पानी दिनेइ लै कोइन आथि मु चोखिएपछि लैजानु भण्यो भुतले मानेइन जबरजस्ती तानिबर लैग्यो दुएई आमा चेलीलाई छुट्टिन भउतै आपत भइ दुएई एक अर्का हेरिवर सम्झिवर खुव रोए पै लै भुतको मन पग्लेइन उन्ने लैगिवर गयो । घर लैइवर तै केटिसु धुमधाम ब्या अऱ्यो एक ठूलो समुद्र बनायो तैका विचमी एक ठूलो महल बनायो तै महलमी आफ्ना अरू भुत सेना बनाएर बस्यो ।

यैतिर तै केटीको भाइ ठूलो भयो आमासँग भण्यो आमा सबैकी दिदीबैना आउँनछन् टिका लाउन्छन् मेरी दिदीबैना छन् की नइ भए का छन् भण्यो आमाले अगाडि केइन भण्याथ्यो पछि सबै भण्यो रे तै केटाले मामाघर जान्छु भणिवर गयो बाटोमी भउत जङ्गल, डाँडा, खोला पार अद्‌दाअद्‌दोइ भउत दुःख अऱ्यो रे एक जङ्गलका बिचमी एक ठूलो समुद्र धेक्यो तै वरिपरिका मान्छसु सोद्‌यो । त्यो के हो ? कैकोइ घर हो की ? सहर हो की के हो ? भण्यो रे त्याँका मान्छले त्यो एक भुतको घर हो भण्यो तै केटाले पक्का लै मेरी दिदीको घर यै हुनु पड्‌डछ भणिवर अनुमान लायो । तै समुद्रका कुनाखी गैवर आफ्ना कुलदेवता सम्झिवर समुद्रमी फट्‌टक हाल्यो तैका फट्‌टकले समुद्रमी ठुलो छाल आयो रे तै मुले बगाइबर महलका म्वालखी पुऱ्याइदियो उन्ने वाइरबाटै भण्यो । दिदी दिदी वाइर हेर मेरी दिदी । कति दुःख पाइवर तोइ खोद्‌द तेरो भाइ आया छ दिदी भण्यो तै घरकी मालिकीनीले आफनो भाइको आवाज चिन्यो रे भण्यो, केलाइ आइ मेरो भाइ यहाँ भउतै गाह्रो छ मेरो भाइ फर्किहाल जा भण्यो भाइले माणेइन दिदीले आफ्नो रौ तल फालि रे तसै रौम्मो है उइको भाइ उकल्यो दुइले एक अर्खालाई हेरिवर खुब रोए दिदीले अब भुत आउँने बखत भयो तु घर जा भाइ भण्यो भाइले माणेइन म तोलाइ नलगी जानेहोइन भण्यो । दिदी डराइ उन्ने एक वकसइनो भाइ हालो रे राख्यो सन्झेकाल भयो भुतैमौ सबै घरिय उन्ने घर आउँना आउँनाइ भण्यो, आज याँ को मान्छ आयाथ्यो मान्छको गन आउँनाछ भण्यो भुतकी स्वाहानी डराइ रे भण्यो म मान्छ भएपछि मान्छकी बास आउँनेइ हो के पै भण्यो भुतले विश्बास अरेइन र भण्यो याँ चोखाइ मान्छेइ बास आउँनुनाछ भण को आयाथ्यो भणिबर जिद्धि अऱ्यो रे एकसर्तमा मान्तर भण्णछु भण्यो हुन्छ लौ के हो सर्त भण्यो रे उन्ले तै केइ अद्‌दु पाइने होइन भण्णे वाचा अऱ्यो भुतले लै हुन्छ भुण्यो ।

भुतले केइअद्‌दे होइन् भनेपछि उन्ने वगस है आफनो भाइ निकाल्यो भाइलेलै भुतलाई ढोग समेत दियो सोधापुछी अऱ्यो अनेक परिकार खायो भुतको खुब तारिफ अऱ्यो । भिनाजु इति बलिया कसरी भया सबैको एक न एक सत्रु हुन्छ भण्यो तमरो त कोइनरैछ इसा समुद्रमी इसोघर बनाइवर राज्य चलायाछौ भण्यो । तैकी कुरणी सुणिवर भुत लै मख्ख पण्यो रे आफ्ना तीनचिन्डा देखाइवर भण्यो मेरा लै सत्रु त छन् तै पनि इन चिन्डा की डर मान्नाहन यिन चिन्डा एक, हावाले, एक पानीले, एक हिउले भरिया छन् म कसैले निउखोजे इनै चिन्डा खोलिवर सखाप पाड्‌डछु तवै मसु कोइलाग्दैन भण्यो दोसरा दिन भुत सिकार अद्‌दगया वखत तीनै चिन्डा आफ्ना कण्नमी बाद्‌यो रे दिदीलाई लैजाइवर घरवाइर आयो तैवेलाइ भुत पुग्यो भुतले खाउला भण्ने जसरी हेऱ्यो भाइले दिदी लैजाइवर, बिचल्यो भुतलै पछ्यापछ्या गयो भुतले तिन दुईलाई छोप्यो रे तै मुलेले पानीको चिन्डो खोल्यो यसितार ठूलो हुरीबतास आयो भुत उडाइवर लैग्यो तिन दुई दौडिवर घर जाने बाटा लागे भउत पल्तिरपुगे पछ्या अज त्यो भुत जिउनै भेटियो अझ हावाको चिन्डो खोलो रे ठूलो हुरीअसिना आयो भल बग्द लाग्यो । भुतलै तसै हुरीले उणायो तिन दुई भाइबैना खुसी भैवर आफ्ना घर जान लागे अज भउत डाँडा पल्तिर भुत जिउनै भेटियो तै मुलेले हिउँको चिन्डो खोल्यो र

उसितार हिउपऱ्यो भुत हिउँम्मो पुरियो तिनदुई अव त मऱ्यो होलो भणिवर घर गए । घर पुग्देबखत भुतलै पुग्यो चेलाचेली हराएबर सोचले विरामी पणेकी आमा उठी र चेलीसु कुरणी अद्दलागि तै मुलेले दुइ ठूला तौवा आगामी राख्यो लाल लाल हुन्ज्या तातायो भण्यो तै भुत भितर लैग्यो, रे भण्योभण्यो मलै हिउले ठन्निया छु यो रोटी म खान्छु भण्यो भुतले म खान्छु भण्यो एक ठूलो तौवा तल्तिर राख्यो हात अर्को तातो तैवा दियो भुत पोलिवर बोलाउनै हिण्यो इतितातो इसो पोल्ले रोटी खाइ सक्दे इन म के राखन्ना अब म तेरा चेलीका चेला, गाईका बाच्छा, काकडाका बेला नै तेरा अघि नपछि काइ लाग्नेछैन भणिवर भाग्यो भण्यो तसोइ पोलिएको कुइकुइवर भऱ्यो । आमा, चेली चेलो सुखसु बसे ।

सुन्नेलाई सुनको माला ।
भण्णेलाई फुललै माला ।
यो कथा वैकुण्ठ जाला ।
भण्याबेला खुरुखुरु आला ।

स्रोतव्यक्ति :-कलशी अवस्थी
उमेर : ७२ वर्ष
शिखर नगरपालिका ९ सुण्ड, डोटी
सङ्कलन मिति : २०७०/०९/१५

## शब्दार्थ

भउत : धेरै
जत्काली : गर्भवती
फेदमुनी : तलतिर
लोटिगै : लडि
धेक्यो : देख्यो
म्वालखी : घरको ढोका अगाडि
उसितार : तत्कालै
रौम्मो : रौंबाट
इति : यति/धेरै
छोप्यो : भेट्टायो
तौवा : तावा
मल्तिर : माथि
पइली : पहिले
अनाराम्वी : अँध्यारोमा
जर्म्या : जन्मेको
मुलाइकी : केटीकी
फट्टक : उफ्रिनु/हाम फाल्नु
सन्भ्केकाल : साँभ्कपखको समय
तौवा : तावा
तुलााई : तलाई
कण्नमी : कम्मरमा
जिउनै : जिउदै
तल्तिर : तल
स्वाहानी : महिला

पन्यारा : पधेरो

खुब : धेरै

पेटइनोको : गर्भमा भएको

इतिनानी : यतिसानी

माणेइन : मानेन

तैका : त्यसका

कैकोइ : कसैको

मान्नाहान : मान्छन्

फोलो : गाग्री

टिपिवर : टिपेर

बाइर : बाहिर

वर्ता : धेरै

दुएई : दुवै

अद्दाअद्दाइ : गर्दागर्दै

तमरो : तपाईको

पल्तिर : पर

## (३) भाविनीको होरोकी बात

उइलै एक गाउँका एक राजा थे । राजा भउतै सिकार खेल्न रे जङल घुम्द खुव निको मान्नथे एकदिन राजा जङल सिकार अद्दा अद्दैइ रात पडिगै तै पछी राजाले आफना सिपाइसु तुम पाल हालिबर बस मु या बाटा है लगैका घर वास माग्द जानउ भणेर तै जङल वटा है हिटे रे लगैका एकघर गइवर वासमाग्यो तै घरकी स्वाहानी जत्काली भएकी छ दिन भयारैछन् तै दिन तै वालखकी षष्ठीपुजा हुन्नारै रछै रे भाविनीले होरो हालिसकिवर वाइर आउँनतक राजाले सोदेछ तै वालखका होरानी के लेखी भनीबर भाविनीले लै यै देशको राजापछि तु राजा भएइ भणेर लेखेर आए भयो । राजालाई तै दिनवटा है सोच हुन लाग्यो भाविनीको लेखेको त होइजान्छ । यो मेरा राज्यको राजा हुने हो भणीबर राजाका मनम्भो तै वालख धेकीवर पाप आउँन लाग्यो र दोसरा दिन प्रभातकै उइका इजाबुवा भउत रूप्पे दिइवर तै बालख किनेर लैग्यो र जङलका विचमी फालिदियो तैसै दिन एक जोगी भिक्षा माग्दो माग्दो तसैबाट आयो र तै वालखलाई समाइवर आफ्ना कुटी लैग्यो ।

घर लैजाइबर तै जोगीले तै वच्चापाल्या रैछ रे एकदिन तसैका इजावाका घर दिइवर आयारैछ पैपछि त्यो वालख हुर्केर बढेर ठूलो भयो रे सिपाइमा जागिर अद्द लाग्यो भण्यो एकदिइ अझ राजाले तै सिपाइलाई पछ्याण्यो । राजाले आफ्नो भाइखि एक चिट्ठि लेखिवर दरवार पुऱ्याइवर आउँने हुकुम दियो त्यो सिपाइ हिट्टा हिट्टा गलिवर दरवार भन्ना यैतिरैका बाटाका कुनाखी सिग्यारैछ । थोक्काइ वेरपछि तसैबाटा राजाको नानी चेली आउँनारेइरैछ उन्ने तै सिपाइका हातमो त्यो चिठी लेइवर आउँने मान्छे गोलि हाणिबर छिट्टाइ मारिदिनु भणिवर लेखेको घेखिवर त्यो राजकुमारी अच्चम मान्नीछ उ मनमनै तै सिपाइ निको मान्न लागि उइसँग ब्या अद्दे सुइना घेक्दलागि उन्ने भउतवेर सम्म तै सिपाइको सिया अनार हेरिरइ उइलाई गालामी चुम्मा अऱ्यो रे अर्की चिठ्ठी लेखिवर तै सिपाइका हातमी राखीवर आफु दरवार गैगइ । थोक्काइ वेरपछि त्यो सिपाइ उठ्यो र दैडिवर दरवार पुग्यो र त्यो चिठी बुझायो । जैइमी लेखिया थ्यो की यो चिठ्ठी लेइवर दरवार आउँने केटासु रान्छी राजकुमारीको ब्या अरिदिनु भणिवर । पछी दरवारमा नानी राजकुमारीको रे तै सिपाइको ब्या भयो तै का थोकाइ दिनपछि राजा भ्रमणवटा है फर्किन्ज्या त त्यो सिपाइ आफ्नोइ कान्छोज्वाइँ भएको धेक्यो राजा मउत चिन्ताभयो अब त झिक त्यो भाविनीले लेखेको सबै पूरा हुने भयो भणिवर राजा रात दिन छट्पटाउन लागे रे तै केटा माद्देइ वुद्धि खोद्द लागे । यसै अरिवर एक दिन राजाले एक अर्को जाल रच्यो तै माद्देइ अर्का दिनका प्रभातकै राजाले आफ्ना कान्छा ज्वाइँ बोलायो आफ्ना जुत्ता एक झोलामी हालिवर यिन जुत्ता सार्कीका घर लैजाइवर सिलाइवर ल्याउनु भण्यो रे लायो ।

त्यो सिपाइ आफ्ना ससुरा (राजाका) जुत्ता लैजाइवर सार्किका घर गयो त्या राजाले तै सिपाइलाई मारिदिनु भण्या रैछ । सिपाइ जुत्ता लैजाइवर जान्तक राजाका चेलाले घोक्यो र उइका हातबाट जुत्ता केलाइ बोक्या हो ज्वाइँले जुत्ता समाये पाप लाग्दे हो तुम घर जा मु

यिनजुत्ता सिलाइवर ल्याउन्छु भणिवर सिपाइलाइ घर लाइदियो आफु सार्किका घर गयो सिपाइ घर आएको धेकिवर राजाले सोध्यो जुत्ता सिलाइवर ल्याउनुभयो भण्यो सिपाइले भण्यो मु जान्नाथे रे जेठानले मु जुत्ता सिलाइवर ल्याउछु तुम पाप लाग्देहो तुम धर जा भणिवर आधाबाटलाई है मु घर लाइदियो जेठान गयाछन् अब्बै आइजान्ना भण्यो । अब राजा निकी आपत भइ रे छिट्टाइ आफ्ना सेना सार्कीका घर पठायो रे त्यै जनमार भन्ने हुकुम दियो उतिवेलासम्म सार्किले राजाका चेला मारिसक्याथ्यो त्यो धेकिवर राजा रानी रे सबै दरवारका मान्छे रुनलागे राजाको भया एकै चेलो लै मऱ्यो राजालै चेलाकाइ सोचले मऱ्यो अन्तमी तै देशको राजा तेइ सिपाइ अर्थात् राजाको कान्छो ज्वाइँ भयो तवै भाविनीको हालेको होरो जति अरेलै मेट्टिनैन भण्या हो ।

सुन्नेलाई सुनको माला ।
भण्णेलाई फुललै माला ।
यो कथा वैकुण्ठ जाला ।
भण्याबेला खुरुखुरु आला

स्रोतव्यक्ति :- लक्ष्मीदेवी अवस्थी
उमेर : ५२ वर्ष
शिखर नगरपालिका ९
सुण्ड, डोटी
सङ्कलन मिति : २०७६/०९/१५

## शब्दार्थ

आउँनतक : आउँनु बेला
भउत :धैरै
लगैका :नजिकैका
प्रभातकै : बिहानै
गलिबर : थकाइ लागेर
जानाउ : जान्छौ
होइजान्छ : भइहाल्छ/हुन्छ
मनम्मो : मनमा
अरिबर : गरेर
मान्छ : मान्छे
धेक्यो : देख्यो
अब्बै : केहीबेरपछि
होरोहाल्लेइ : भाग्य लेख्ने
थोक्काइ : थोरै
जान्तक : जानेबेला
थोक्काइ : थोरै
पछ्याण्यो : चिन्यो
पणिगै : परेछ
हुन्नारै : हुदैथ्यो
दिनवटाहै : दिउसै देखि
कुनाखी : कुनातिर, किनारनेर, छेउनिर
सिग्यारैछ : सुतेको रहेछ
सुइना : सपना
खोद्द : खोज्नु
सोचले : चिन्ताले/पिरले
तुम : तिमी/तपाई

## (४) राजकुमारीकी बात

भउत पइली एक गाउँमी एक राजाथ्यो भण्यो । राजाका दुई चेला दुई चेलैलै रैछन् । राजा भउत घमण्डी मै हु भण्ने जसो रैछ । एकदिन सवै आफ्ना घरका मौ जम्मा अऱ्यो भण्यो रे सोद्यो भण्यो तुम सबै आजसम्म भाग्यमी रे कर्ममी कति विश्बास अद्‌दाछउ भणिवर आफनी स्वाँहानी सोदयो भण्यो तु रानी कसेरी भै भण्यो भण्यो उइकी स्वाँहानीले लै मु त हजुरका भाग्यले रानी भए अवलै हजुरकाइ भाग्यले खानेहु भण्यो भण्यो । तै पछा जेठा चेला सोद्यो भण्यो तु कैका भाग्यले राजकुमार भै कैका भाग्यले खाने है अब भण्यो भण्यो रे उन्नेलै मु त बा तुमराई भाग्यले इतिसम्म भय अवलै तुमराई भाग्यले खाने छु भण्यो भण्यो । पै अर्का चेला सोद्यो भण्यो रे उन्नेलै मु त तुमराई भाग्यका आश छु तुमराई भाग्यले खाने छु भण्यो भण्यो । जेठी चेली सोध्यो भण्यो रे उन्नेलै मु त तुमराई भाग्यले राजाका घरमी जेठी भैबर जन्मे अब लै तुमराई भाग्यले खाने छु भण्यो भण्यो । अव पछिल्तार कान्छी चेली सोद्यो भण्यो तु कै का भाग्यले भै भण्यो भण्यो रे उन्ने मु त आफनाई भाग्यले भए अवलै आफनाइ कर्मले लै भाग्यले लै खाने हु भण्यो भण्यो रे पै राजा कान्छी राजकुमारी सु भउत रिसायो भण्यो तुइले मेरो अपमान अरि मलाई माणिनै मेरा भाग्य भन्ना आफ्नो भाग्य ठूलो भणि भणिवर रिसाउन लाग्यो भण्यो ।

रिसले चुर भैबर राजाले तै राजकुमारीको ब्या एक ऐजेरुका भुक्कासु अरिदियो भण्यो । राजकुमारीले लै मेरो भाग्यमा इसैथ्यो मु केही दुःख आथिन सकेको कर्म अरिवर खाउलो भण्यो भण्यो रे खाली हात एक जङ्गलका कुनाखीका ऐजेरुका भुक्काखी गै भण्यो भउत पछि जङ्गलका जनावरसु लागिवर घर वनायो भण्यो नानो झुपडो तै ऐजेरुका भुक्का गोडमेल अऱ्यो पानी हाल्यो भण्यो रे त्यो भुक्को निको हरियो हरियो भैवर आयो भण्यो । भउत वर्षपछि अज तै राजाले आफ्ना सिपाइ लाइवर त्यो भुक्को काटिदियो भण्यो । इति अरिवरलै तै राजकुमारी रिस नैलागि भण्यो अज तै ऐजेरुका भुक्का गोडमेल अरिवर बसिरै भण्यो एकदिन रात सुइलामी भगवान धेक्यारैछ रे भगवानले मु तेरो काम धेकिवर भउत खुसी भए भण तु के माग्देहै भण्यो भण्यो रे तै राजकुमारीले मु अउरु केइन माग्दो यो ऐजेरुको भुक्को मान्छ बनाइदिय सकेपछि भण्यो भण्यो रे पै भगवानले ले भोल प्रभातकै तै का जडाको माटी लाइवर भितर मान्छेका जसोइ मूर्ति बनाएइ रे एक कुन्टाखी राखिदिएइ पोरिखी त्यो मान्छे हुने हो भण्यो भण्यो रे भगवान विलाइग्यो भण्यो । अव दोसरा दिन प्रभातकै ऐजेरुका भुक्काको जणाको माटिको मूर्ति वनायो भण्यो रे भितर राख्यो भण्यो पै तेसरा दिन त खुव निको रुवसको खात ज्यानलै राजाका जसो भएको मान्छे भण्यो भण्यो पै तिनले एक ठूलो घर वनायो भण्यो रे वसे भण्यो ।

राजाका घर रानी विरामीले मरिभण्यो राजा लै बुढो भैग्यो दुएई चेला कामनकाजका भइवर विगण्या भण्यो । राजा कमजोर लडाइझगडा केइ अद्द नसक्दे हुनाले ओल्तिर पल्तिरका राज्यका राजाले राज्य बढाउनाखि लडाइअद्दे मौका खोद्दलागे भण्यो । एक दिन

बुढो राजा लडाइअद्द गया खवर तै राजकुमारीले सुण्यो भण्यो रे आफ्ना लोग्ने बुवाको सट्टा अर्को राज्यमी लडाइ अद्द जा रे लुटिन लागेको बुवाको राज्य फिर्ता लेइवर आ भणिवर लायो भण्यो रे त्यो लै गथो भण्यो रे लडाइ अद्दलाग्यो भण्यो राजाले त्यो आया जाणेइन भण्यो पै लडाइ जितेपछा को होइ ? काहइ आया है ? भणिवर सोध्यो भण्यो रे पै उन्ने मलइ मेरी स्वाँहानीले मेरा बुवाको राज्य लुटिन्नाछरे तु गइवर लडाइ जितिवर राज्य फिर्ता अरिदे भण्यो रे आया हु भण्यो भण्यो । राज्य जितिवर सबै घर आया भण्यो रे कान्छै चेलीकी खोजी अऱ्यो भण्यो रे आफ्ना घर बोलायो भण्यो रे आजसम्म आफुले अऱ्या दुःख र मेहेनत सबै भण्यो भण्यो । पै सवैले उइसु माफ माग्यो भण्यो तु धन्ने रैइछैइ वहादुर रैछइ आफ्ना भाग्यले खानेहु भण्या साँच्ची रैछ अरूले मेरा भाग्यले खानेहु भण्यो मेरी कमाइ हुन्ज्या केइ काम अरेइन अइल यो हालत भण्यो तु नभया भए आज यो राज्य लै खोसिनेइथ्यो अब यो राज्यको राजा यसै ज्वाइँ बनाइदिन्छु आजबाट यो राज्य चलाउने र बचाउने जिम्मा तुमरो भण्यो भण्यो भण्यो रे राजाले दुएईका हातमा ढुकुटीको साँचो राख्यो रे आफू मऱ्यो भण्यो । इसेरी काम अरेपछि असम्भव लै सम्भव हुन्छ अउरुका भाग्यले कोइ खानइन आफ्ना भाग्या खानु हो भणिवर सबै तै घरका मरे भण्यो त्यो राज्य कान्छी राजकुमारीले पायो ।

सुन्नेलाई सुनै माला ।
भण्णेलाई फुलै माला ।
यो कथा वैकुण्ठ जाला ।
भण्याबेला खुरुखुरु आला

स्रोतव्यक्ति :-कलशी अवस्थी
उमेर : ७४ वर्ष
शिखर नगरपालिका ९ सुण्ड, डोटी
सङ्कलन मिति : २०७०/०९/१५

## शब्दार्थ

पइली : पहिले
सोद्यो : सोध्यो
अद्दाछउ : गर्छौ
स्वाँहानी : श्रीमती
अबलै : अझपनि
तुमराइ : तपाइकै
माणिनै : सम्मान गरिनस्  मानिनस्
भउत : धेरै
मौ : परिवार
भणिबर : भनेर
आफनी : आफ्नी
इतिसम्म : आजसम्म
पछिल्तार : सबभन्दा पछाडि
ऐजेरु : एकप्रकारको जङगलको काडेझार

भुक्को : ठूलोबोट   झार

अऱ्यो : गऱ्यो

भउत : धेरै

सुइनामी : सपनामा

भोल : भोली

माटी : माटो

जस्सोइ : जस्तै

पोरिखी : पर्सि

खात : थुप्रो

अद्‌दनसक्दे : गर्न नसक्ने

वल्तिरका : वरका

अद्‌दलागे : गर्नथाले

अरेइन् : गरेनन्

अउरुका : अरूका

उन्नेलै : उसले पनि

रुवसको खात : सुन्दर/धेरै राम्रो

इसेरी : यसरी/यसैगरी

मिलिवर : मिलेर

निको : राम्रो

लाइवर : लगाएर

माग्देहै : माग्छौ

जणाको : जराको

भितर : भित्र

कुन्टाखी : कुनामा

दोसरा : दोस्रो,भोलिपल्ट

बिगण्या : बिग्रनु

बिलाइग्यो : अर्न्तध्यान हुनु

पल्तिरका : परका

उइसु : उसँग

हुन्ज्या : छउन्जेल

नैलागि : लागेन

धेक्यारैछ : देखेछ

तुमरो : तिमीहरूको

## (५) सतलसिङे राजाकी बात

एक गर्खामी एक राजा रैछ तै राजाका सात ब्या रैछन् तै राजाका सात ब्या अद्दज्यालै मुलेमुली केइन भया हुनाले तन्ने एक लाटी आठौ रानी बनाइवर लैग्यो भण्यो लाटी जत्काली हुनेइ भै भण्यो रे तिन अैमुखै सात रानीले सल्लाह अऱ्यो भण्यो अब यै लाटीको चेलो भएपछि राजा हाम निको नैमान्ने हो हामरो मरज्यात रनेहोइन अब हामले केइनकेइ अद्दुपण्यो भण्यो भण्यो रे ठिक्क भैरैन भण्यो । अव लाटीको जत्काली हुने मैना आयो भण्यो तिनले तै लाटीका आखामी पट्टी बादिवर राख्यो भण्यो । अब जर्मिने बालख फालिदिने रे लाटीसु तेरा पेटवटा है त ढुङ्गो जन्म्यो भणिदिउला भणिवर बसिरैन भण्यो । एक दिन तै लाटी सुत्केरी अब्दा लागि भण्यो रे तिन सातैले आफले सल्लाह अऱ्या जसेरी लाटोका आखामी पट्टी बाद्यो भण्यो रे एक अनारा कुन्टाइनो राखिदियो भण्यो वच्चा हुन्जेइ लैजाइवर गैगइन भण्यो लाटीका अैमुख एक लोणो रे सिलौटो राखिदियो भण्यो ।

जन्मेको बालख घरको थडो खणिवर गोठ फालिदियो भण्यो लाटी रुनलागी भण्यो । त्यो बालख गोठ एक सात वर्षको वैलो गाई ब्ययो भण्यो रे तैको दुद खाइवर बाँच्यो भण्यो । त्यो बाँच्या धेकिवर अज तिन सातै गइन भण्यो रे पर्सा खात भितर चेपिदियो भण्यो । पर्सा खात चेपेको त्यो मुले पर्से किडा दुदफुट्यो भण्यो रे पर्से किडा दुद खाइवर बाँचिवर आयो भण्यो । अज एकदिन तिन सातैले छेक्यो भण्यो रे यो त अज बाँचिग्यो अब यै कसरी माद्दुपण्यो का फाल्लु हो भणिवर पर्सा डोकामी लैगन भण्यो रे सिसुन झाड हापलिवर आइन भण्यो । सिसुनझाड तै मुलेले सतलसिंह राजाइको चेलो हु त सिस्ने जडा दुद फुटउ भण्यो भण्यो रे सिस्ने किणाको दुद खाइवर बाँच्यो भण्यो अज भउत दिन पछि त्यो जिउनै भया था पायो भण्यो रे तिनसातै रानी गइवर तउणी खाता फालिगैन भण्यो ताँ लै तन्ने सतलसिंह राजाइको चेलो, हु त तउणीजिली दुद फुटउ भण्यो भण्यो रे तउणौ जिलीको दुद खाइवर बाँच्यो भण्यो ताँलै बाँचेको छेक्यो भण्यो रे एक ठूला जङ्गलका विचमी लैजाइवर फालिदियो भण्यो । तसै जङ्गलमी एक जोगी जान्नाथो भण्यो वालख रुन्नारेको घेक्यो भण्यो तै जोगीले आफ्ना कुटीमी लैजाइवर पाल्यो भण्यो तै आफुले जाणेइ विद्या सिकायो भण्यो ठूलो भयो भण्यो रे एकदिन जोगीले तै केटाकी परीक्षा लिने विचार अऱ्यो भण्यो रे भण्यारैछ मु तै रुखमी वस्थछु तु यै जङ्गल पूरै फेरिवर आ एक बाटो छोटो छ वाग, भालु भउत छन् अर्को बाटो लामो छ डर आथिन एक बाटो रोज रे जा भण्यो ।

सतलसिंह राजाका चेलाले छोटा बाटा जान्छु वाग, भालु त तुमैले सिकाया वाण हाणिवर मारिहालुलो डराउने आथिन भण्यो भण्यो रे बटियो भण्यो पै राजाले साँच्चि राजाको चेलो रैछ इति निडर छ वहादुर छ भणि सोच्यो भण्यो । भउत पछि असारका मैना जोगी भिक्षा मागिबर आयो भण्यो राजाका ठूला सेराकी रूपाइ हुन्नारै भण्यो कुटीमी गैवर राजाले भण्यो भण्यो इति सम्पत्तिको धनि इसा झुपडीमा कति दिन दुःख पाइवर बात्ते है । आफ्ना बाका घर जा रे आफ्नी सम्पत्ति माग मणिबर लाया रै छ । राजाको चेलो सरासर गयो

भण्यो राजाका सेराका खेत भउत मान्छ उति हल वल्ल उति ढोल, दुमाउ बाजागाजा बजाइवर रूपाइ हुन्नाथी भण्यो रे राजाको चेलो जोगीले बनाइदिएको कठघोडामी चढिवर कुलावानखि गैवर खेतैतिर घोडो फर्काइवर कुलोको पानी वन्द हुने अरिवर कल्लियो भण्यो ।

अव खेत रूपाइ रोकिन लागि पानी विजाइ खेत है पइली अउरु रोप्दारी वौसे एक एक आरिबर गए भण्यो काठघोडो रोकिएको छेकिवर अच्चम माडिवर फर्किन लागे भण्यो । अव सबै जान लागे पानी फर्काउन कोइन सक्द लागे भण्यो । राजाले अब रानी लायो भण्यो । पइल्ली एक लायो भण्यो जेठी रानी गै भण्यो रे काठको घोडो धेकिवर भण्यो भण्यो हात्तीलास हात्ती जन्मिन्छ, घोडी लास घोडी जन्मन्छ, मान्छको मान्छ जन्मन्छ, लोणो सिलौटो जन्मिना काइन धेके काठको कठघोडी पानी खाना काइन धेके भगमानउ भणिवर भण्यो रे तै गुलेलीले हाणिवर आँखो फुटाइवर लायो भण्यो । अब माइली रानी गै भण्यो उन्नेलै हात्ती लास हात्ती जन्मन्छ, घोडी लास घोडी जन्मन्छ, मान्छेको मान्छ जन्मन्छ लोणो सिलैटो जन्मिना काइन धेके काठको काठघोडी पानी खान काइन धेके भगवानउ भण्यो र उइलइ गुलेलीले हाणीवर हात टुटाइवर लायो भण्यो । इसरे सबै रानी पालैपालो पानी फर्काउन गैन भण्यो रे कसैको हात कसैको खुटो, कसैको आँखो, कसैको कान कसैको कण्न, टुटाइवर लायो भण्यो । अन्तिममी कान्छी रानी, लाटी तसै केटाकी आमा जानाखी बटिइ भण्यो रे राजाले इसावाठा इति मान्छ गैवर त सकेइन रे तुलाटी के सकली जापन भण्यो भण्यो रे लाटी गै भण्यो रे उन्नेलै तसोइ भण्यो भण्यो हात्तीलास हात्ती जन्मन्छ, घोडी लास घोडी जन्मन्छ, मान्छको मान्छ जन्मन्छ, लोणो सिलौटो जन्मीना काइन धेके, काठकी काठघोडी पानीखाना काइन धेके भगमानउ भण्यो भण्यो रे उन्ने आफना काठको घोडाको लगाम तान्यो रे पानी हनहन आरिबर आयो भण्यो रे ऊ फर्किवर खेत गै भण्यो ।

पानी आया धेकिबर सबै सोद्दलागे भण्यो के अरि कसेरी आयो पानी भणिवर सोदयो भण्यो रे लाटी रानीले सबै कुरणी इसो काठको घोडा छ मैले इसो भणेरे उन्ने आफ्ना घोडाकी लगाम तान्यो रे पानी आयो खुव रुवस राजाको रौतेलो जसो केटो छ भणिवर भण्यो भण्यो तिन सातै रानीले इसो छ इसो भयो भणिवर कन्नेइ लै नइ भणेको भण्यो लाटीले भण्यो रे राजा गयो भण्यो तै मुले सबै कुरणी सोध्यो भण्यो रे तै मान्छेले भण्यो भण्यो म इसरे इसरे जोगीले लायो रे आया हु । मेरा बा याँका राजा हुन् मेरा बा का सात ब्या आरिबर लै सन्तान भएइन भण्यो रे मेरी आमा मान्नाइ लाटी हुनाले आठौ ब्या सन्तान खिलाइ अऱ्यारैछ म जन्मने बकत अउरु बाठी हुनेइले यैको जर्मे जर्मिवर हामरो मानमर्ज्यात घट्टे हो भणिवर मु मारिदिने मेरी आमाका अगाडि लोणो सिलौटो राख्दे विचार अऱ्यो भण्यो रे मलाइ इसरे पइल्ली गोठ, पै पर्सिखात, सिस्नेभ्काण, तौडे खाता, ठूला जङ्गल फाल्यो यिसरी म गोठ बैलो गाई, पर्सि खात पर्से किणा, सिस्ने भ्काण सिस्नेजणा, तौडेखाता तैउडैजिली, वन वघेनीको दुद खाइवर वाचेरे जोगीले पाल्यो आज तु आफना बाकी खोजी जा भणिवर लाया हो भण्यो रे राजाले तिनसातै रानी काटिवर माऱ्यो तै रौतेला लैजाइवर

ब्या, वर्तिमन अऱ्यो राज्यको राजा बनाइवर राख्यो भण्यो तै दिनवटा है जोगीलै आफनाइ दरवार मी राख्यो राजा लाटीरानी उइकोचेलो निकेरी दरवारमी बसे भण्यो ।

सुन्नेलाई सुनै माला
भण्नेलाई फुलै माला
यो कथा वैकुण्ठ जालो
भन्ने बेला तात्तातै मुख आला

स्रोतव्यक्ति :- लक्ष्मीदेवी अवस्थी
उमेर : ५२ वर्ष
शिखर नगरपालिका ९,सुण्ड, डोटी
सङ्कलन मिति : २०७६/०९/१५

## शब्दार्थ

मुलेमुली : केटाकेटी
पर्सा : गोवर मल
मरज्यात : मानमर्यादा
तउणीखात : तरुल खनेको ठाउँ
रोप्दारी : धान रोप्ने महिला
गर्खामी : क्षेत्रमा
वनाइवर : वनाएर
जत्काली : सुत्केरी/गर्भवती
वादिवर : वादेर
आफले : आफूले
गैगइन : गइन
खात : थुप्रो
कठघोडी : काठको घोडा
इसेरी : यसरी
तुमैले : तपाईले
मुखखी : मुखनिर
वात्तेहै : बाच्नेहोस्
पइल्ली : सुरुमै/पहिले
गैनभण्यो : गएकीरहेछन्
इसो : यस्तो
हामरो : हाम्रो
निकेरी : राम्रोसँग

जर्मिबर : जन्मेर
उन्ने : उसले
वर्तिमन : ब्रतवन्ध
अैमुख : अगाडि
बौसे : रोपाइमा खन्ने पुरुष
अद्दज्यालै : गरेपनि
लैग्यो : लग्यो
भैरैन : तयार भएर वसिन्
जर्म्यो : जन्म्यो
हुन्जेइ : हुने बित्तिकै
बैलो : थारो
मुले : केटो/बच्चा
रुवस : राम्रो
आथिन : छैन
वटियो : तयार भयो
कुलाकोवान : कुलोको मुहान
कल्लियो : उभियो
उन्नेलै : उसले पनि
कण्न : कम्मर
मान्नाइ : अलिकति
रौतेलो : राजाको छोरो   राजकुमार

# सन्दर्भ सामग्रीसूची


अधिकारी, सूर्यमणि, **पश्चिम नेपालको ऐतिहासिक अन्वेषण**, कीर्तिपुर : नेपाल एशियाली अध्ययन संस्थान, त्रि.वि., २०४२

ओभ्ना, पूर्णानन्द, "डोटेली घरगीतको सङ्कलन र विश्लेषण," अप्रकाशित स्नातकोत्तर शोध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, २०६८ ।

. . . , 'डोटेली लोककथाकी चिनारी', **गोरखापत्र**, साउन १७, २०७४, पृ. १२ ।

. . . , "डोटेली लोककथाहरूको संरचना", अप्रकाशित दर्शनाचार्य शोधप्रवन्ध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, २०७४ ।

चालिसे, विजय, **डोटेली लोकसंस्कृति र साहित्य**, ललितपुर : साभ्ना प्रकाशन, २०३९ ।

जोशी, तीर्थराज, "डोटी जिल्लाका लोककथाको सङ्कलन" अप्रकाशित स्नातकोत्तर शोध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, २०६६ ।

जोशी, पद्मराज, **गौरापर्व एक परिचय**, धनगढी : सुदूरपश्चिमाञ्चल संस्कृति प्रवर्द्धन समिति, २०५७ ।

पन्त, देवकान्त, **डोटेली लोकसाहित्य**, काठमाडौँ : नेपाल एशियाली अध्ययन संस्थान, त्रि.वि., २०३२ ।

पन्त, जयराज, **अँजुलीभरि सगुन पोल्टाभरि फाग**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक**, काठमाडौँ : विणा प्रकाशन, २०५७

पराजुली, मोतीलाल, "नेपाली लोककथाको अभिप्रायको अध्ययन", अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, २०५४ ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौँ : एकता प्रकाशन, २०५८ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

. . . , **लोकसाहित्य परिचय**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६८ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **लोकवार्ताविज्ञान र लोकसाहित्य**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि** (पाँचौं.संस्क.), ललितपुर : साझा प्रकाशन, २०६८ ।

# डोटेली लोककथाको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय,
नेपाली केन्द्रीय विभागअन्तर्गत सञ्चालित दर्शनाचार्य तह
तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को
प्रयोजनका लागि
प्रस्तुत

## शोधप्रबन्ध


शोधार्थी

**कृष्णा अवस्थी**

क्रमाङ्क : १६

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर


२०७७


डोटेली लोककथाको विधातात्त्विक अध्ययन – कृष्णा अवस्थी २०७७

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली दर्शनाचार्य तहकी विद्यार्थी श्री कृष्णा अवस्थीले **डोटेली लोककथाको विधातात्विक अध्ययन** शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार पार्नुभएको हो । म यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७६/०५/३०

....................................

प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग दर्शनाचार्य तह (२०७५/०७६) का विद्यार्थी श्री कृष्णा अवस्थीले दर्शनाचार्य तह तेस्रो सत्रको लागि निर्धारित पाठ्यांश ६०९ र ६१० को परिपूर्तिको प्रयोजनका लागि तयार पार्नुभएको प्रस्तुत **डोटेली लोककथाको विधातात्विक अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

### मूल्याङ्कन समिति

१. प्रा.डा. कृष्णप्रसाद घिमिरे ................................

विभागीय प्रमुख

२. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल ................................

शोधनिर्देशक

३. प्रा.डा. महादेव अवस्थी ................................

आन्तरिक परीक्षक

४. प्रा.डा. ताराकान्त पाण्डेय ................................

बाह्य परीक्षक

मिति : २०७७/०६/२५

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत दर्शनाचार्य तह तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० पत्रको प्रयोजनका लागि तयार पारिएको यो शोधप्रबन्ध आदरणीय गुरु प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलको निर्देशनमा तयार पारिएको हो । यो शोधप्रबन्ध तयार गर्ने क्रममा आइपरेका विभिन्न प्रकारका कठिनाइहरूको यथोचित समाधानको लागि कठिन परिस्थितिको कति पनि पर्वाह नगरी आफ्नो अमूल्य समय र कुशल मार्गनिर्देशन गराएर मेरा हरेक गल्तीहरूलाई सच्याई मलाई बौद्धिक र अन्य क्षेत्रमा सहयोग गर्नुभएकोमा आदरणीय गुरूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस शोधप्रबन्धको तयारीको क्रममा सहयोग गर्नुहुने शोधविशेषज्ञ प्रा.डा. महादेव अवस्थीप्रति हार्दिक कृतज्ञ छु ।

एक छाक खाएर पनि पढाइ पूरा गर्नुपर्छ भन्ने उत्प्रेरणा दिदै इज्जत र प्रतिष्ठाका लागि सदा जीवनमा सङ्घर्ष गर्नुपर्छ भन्दै मेरा हरेक सुख दुःखमा साथ दिनुहुने र मलाई यहाँसम्म पुऱ्याउन मेरा हरेक आवश्यकता परिपूर्ति गर्नुहुने मेरा आदरणीय बुवा गिरीराज अवस्थी र आमा लक्ष्मीदेवी अवस्थीप्रति चिरऋणी छु ।

यस शोधप्रबन्धका लागि आवश्यक डोटेली लोककथाहरू वाचन गरिदिनुहुने सम्पूर्ण मान्यवर तथा कथावाचन गरेर ठूलो सहयोग गर्नुहुने सबै कथावाचकहरूलाई हार्दिक धन्यवादज्ञापन गर्दछु । यो शोधप्रबन्ध तयारीकै क्रममा आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने आदरणीय दिदी कविता बञ्जरा खत्री, बहिनी नन्दा, गीता अवस्थीलाई धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा यो शोधप्रबन्ध लेख्न बारम्वार घचघचाउने दिदी साबित्री अवस्थी, टाढैबाट आवश्यक सल्लाह सुझाव दिने साथिहरू कविता पौडेल, फुलमाया शाही साथै शोधप्रबन्ध टङ्कन र सेटिङमा सहयोग गर्नुहुने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति आभारी छु । यसै क्रममा अन्य हितैषीहरूलाई धन्यवाद दिँदै यस शोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७७/०५/३०

कृष्णा अवस्थी

क्रमाङ्क : १६

# विषयसूची

## पहिलो परिच्छेद

## शोधपरिचय


१.१ विषयपरिचय १
१.२ समस्याकथन २
१.३ शोधको उद्देश्य ३
१.४ पूर्वकार्यको समीक्षा ३
१.५ शोधको औचित्य र महत्त्व ५
१.६ शोधकार्यको सीमाङ्कन ५
१.७ शोधविधि ६
१.७.१ सामग्री सङ्कलनविधि ६
१.७.२ विश्लेषण विधि ६
१.८ शोधप्रबन्धको रूपरेखा ६


## दोस्रो परिच्छेद

## डोटेली सामाजिक लोककथाको विधातात्त्विक अध्ययन


२.१ विषयपरिचय ७
२.२ लोककथाको वर्गीकरण १०
२.२.१ पौराणिक लोककथा १०
२.२.२ सामाजिक लोककथा ११
२.२.३ किंवदन्तीमूलक लोककथा ११
२.२.४ अप्राकृतिक लोककथा ११
२.२.५ पशुपक्षीका लोककथा ११
२.३ लोककथाका तत्त्वहरूको परिचय १३
२.३.१ कथानक १३
२.३.२ सहभागी १४
२.३.३ परिवेश १५

२.३.४ उद्देश्य १६
२.३.५ भाषाशैली १७
२.४ डोटेली सामाजिक लोककथाको विश्लेषण १८
२.४.१ केशलणीकी बातको विश्लेषण १९
२.४.१.१ कथानक १९
२.४.१.२ सहभागी २१
२.४.१.३ परिवेश २२
२.४.१.४ उद्देश्य २३
२.४.१.५ भाषाशैली २३
२.४.२ ढुटेमुलेकी बातको विश्लेषण २४
२.४.२.१ कथानक २४
२.४.२.२ सहभागी २५
२.४.२.३ परिवेश २७
२.४.२.४ उद्देश्य २७
२.४.२.५ भाषाशैली २८
२.४.३ दिदी भाइकी बातको विश्लेषण २८
२.४.३.१ कथानक २८
२.४.३.२ सहभागी ३०
२.४.३.३ परिवेश ३२
२.४.३.४ उद्देश्य ३१
२.४.३.५ भाषाशैली ३३
२.४.४ देवाया जशाया रानीकी बातको विश्लेषण ३२
२.४.४.१ कथानक ३३
२.४.४.२ सहभागी ३५
२.४.४.३ परिवेश ३६
२.४.४.४ उद्देश्य ३६
२.४.४.५ भाषाशैली ३६
२.४.५ प्याउली फूलकी बातको विश्लेषण ३७

२.४.५.१ कथानक ३७
२.४.५.२ सहभागी ३८
२.४.५.३ परिवेश ३९
२.४.५.४ उद्देश्य ४०
२.४.५.५ भाषाशैली ४०
२.४.६ भट्टेमुलेकी बातको विश्लेषण ४१
२.४.६.१ कथानक ४१
२.४.६.२ सहभागी ४२
२.४.६.३ परिवेश ४३
२.४.६.४ उद्देश्य ४४
२.४.६.५ भाषाशैली ४४
२.४.७ लाटा मुलेकी बातको विश्लेषण ४५
२.४.७ १ कथानक ४५
२.४.७.२ सहभागी ४६
२.४.७.३ परिवेश ४७
२.४.७.४ उद्देश्य ४७
२.४.७.५ भाषाशैली ४७
२.४.८ सात भाइकी एकै बैना बातको विश्लेषण ४८
२.४.८.१ कथानक ४८
२.४.८.२ सहभागी ४९
२.४.८.३ परिवेश ५०
२.४.८.४ उद्देश्य ५१
२.४.८.५ भाषाशैली ५१
२.४.९ सातलाटाकी बातको विश्लेषण ५१
२.४.९.१ कथानक ५२
२.४.९.२ सहभागी ५३
२.४.९.३ परिवेश ५४
२.४.९.४ उद्देश्य ५५
२.४.९.५ भाषाशैली ५५
२.५ निष्कर्ष ५६

# तेस्रो परिच्छेद

## डोटेली किंवदन्तीमूलक लोककथाको विधातात्त्विक अध्ययन


३.१ विषयपरिचय ५७

३.२ इजा चेलाकी ब्याकी बातको विश्लेषण ५७

३.२.१ कथानक ५७

३.२.२ सहभागी ५८

३.२.३ परिवेश ५९

३.२.४ उद्देश्य ६०

३.२.५ भाषाशैली ६०

३.३ तीनचिन्डे भुतकी बातको विश्लेषण ६१

३.३.१ कथानक ६१

३.३.२ सहभागी ६२

३.३.३ परिवेश ६४

३.३.४ उद्देश्य ६४

३.३.५ भाषाशैली ६५

३.४ भाविनीको होरो बातको विश्लेषण ६५

३.४.१ कथानक ६५

३.४.२ सहभागी ६६

३.४.३ परिवेश ६७

३.४.४ उद्देश्य ६८

३.४.५ भाषाशैली ६८

३.५ राजकुमारीकी बातको विश्लेषण ६९

३.५.१ कथानक ६९

३.५.२ सहभागी ७०

३.५.३ परिवेश ७२

३.५.४ उद्देश्य ७२

३.५.५ भाषाशैली ७३

३.६ सतलसिंहे राजाकी बातको विश्लेषण ७३
३.६.१ कथानक ७४
३.६.२ सहभागी ७५
३.६.३ परिवेश ७७
३.६.४ उद्देश्य ७७
३.६.५ भाषाशैली ७८
३.७ निष्कर्ष ७८

## चौंथो परिच्छेद

## सारांश र निष्कर्ष

४.१ सारांश ८०
४.२ निष्कर्ष ८१
**परिशिष्ट : सङ्कलित डोटेली लोककथाको मूलपाठ** ८६-१३०
**सन्दर्भ सामग्रीसूची** १३१-१३२